**फिदिम नगरपालिका**
**फिदिम, पाँचथर, कोशी प्रदेश, नेपाल**

# (दोस्रो आवधिक योजना)

**(आ.व. २०८२/८३-२०८६/८७)**

## अन्तिम प्रतिवेदन



**तयार गर्ने:**
फिदिम नगरपालिका
फिदिम, पाँचथर
कोशी प्रदेश

**प्राविधिक सहयोग:**
भिजन डेभलपमेन्ट सोलुसन प्रा. लि.
सूर्यविनायक-५, भक्तपुर
बागमती प्रदेश



# मन्तव्य

कोशी प्रदेशअन्तर्गत पाँचथर जिल्लाको सदरमुकामका रूपमा रहेको फिदिम नगरपालिका ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा सामाजिक विविधताले सम्पन्न स्थानीय तह हो। साविक फिदिम, चोकमागु र सिवा गाविस समायोजन भई वि.सं. २०७१ वैशाख २५ गते नगरपालिका गठन भएको र स्थानीय तह पुनर्संरचनाका क्रममा विभिन्न क्षेत्रहरू समेटिएपछि वर्तमान स्वरूप प्राप्त गरेको फिदिम आज पाँचथर जिल्लाको प्रशासनिक, आर्थिक, शैक्षिक तथा सेवा प्रवाहको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको छ। नेपालको संविधानले प्रदान गरेको स्थानीय तहको अधिकार र जिम्मेवारीलाई प्रभावकारी रूपमा उपयोग गर्दै नगरवासीको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउनु हाम्रो प्रमुख दायित्व हो। यसै सन्दर्भमा नेपालको संविधान, विद्यमान कानुन, राष्ट्रिय तथा प्रादेशिक नीति, दिगो विकासका लक्ष्य तथा सोह्रौं योजनाका प्राथमिकतासँग तादात्म्य कायम गर्दै फिदिम नगरपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८२/८३—२०८६/८७) तर्जुमा गरिएको छ। यो योजना आगामी पाँच वर्षका कार्यक्रम तथा आयोजनाहरूको सूची मात्र नभई समृद्ध, सुशासित, आत्मनिर्भर, उत्पादनशील, समावेशी र दिगो फिदिम निर्माण गर्ने साझा मार्गचित्र हो। कृषि तथा पशुपालनको आधुनिकीकरण, पर्यटन, उद्यमशीलता र रोजगारी, पूर्वाधार, शिक्षा तथा स्वास्थ्य, खानेपानी तथा सरसफाइ, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक समावेशीकरण र सुशासनलाई योजनाका प्रमुख प्राथमिकताका रूपमा अघि बढाइएको छ। समयको मागअनुरूप 'डिजिटल फिदिम, हरित फिदिम र उत्पादनशील फिदिम÷ निर्माणको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्दै प्रविधिमैत्री सेवा प्रवाह, तथ्यमा आधारित योजना, GIS तथा डिजिटल प्रणाली, पारदर्शी प्रशासन र नागरिक सहभागितालाई संस्थागत गर्न आवश्यक छ। नगरका प्राकृतिक स्रोत, कृषि, पर्यटन, मौलिक संस्कृति, स्थानीय सीप तथा मानव पूँजीलाई आर्थिक समृद्धिको आधार बनाउँदै उत्पादन, मूल्य शृङ्खला, बजारीकरण र रोजगारीका अवसर विस्तार गर्न सकेमा फिदिमलाई आत्मनिर्भर तथा आर्थिक रूपमा गतिशील नगरका रूपमा विकास गर्न सकिनेछ। यसका लागि संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, सहकारी, नागरिक समाज तथा विकास साझेदारबीचको सहकार्यलाई थप सुदृढ गरिनेछ। यस आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, बजेट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनबीच स्पष्ट अन्तरसम्बन्ध कायम गर्दै उपलब्ध स्रोत—साधनको अधिकतम र न्यायोचित परिचालन गरिनेछ। 'बजेट खर्च भयो कि भएन÷ भन्दा 'बजेटबाट नागरिकको जीवनमा के परिवर्तन आयो?' भन्ने परिणाममुखी सोचलाई आत्मसात् गरिनेछ। योजना निर्माणदेखि कार्यान्वयनसम्म जनप्रतिनिधि, कर्मचारी, वडा, विषयगत शाखा, निजी तथा गैरसरकारी क्षेत्र, युवा, महिला, सीमान्तकृत समुदाय र सम्पूर्ण नगरवासीको अर्थपूर्ण सहभागिता र स्वामित्व सुनिश्चित गर्दै सुशासन, जवाफदेहिता र पारदर्शितालाई प्राथमिकता दिइनेछ। योजना तर्जुमामा सहयोग गर्नुहुने भिजन डेभलपमेन्ट सोलुसन प्रा.लि., भक्तपुर लगायत सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला, विज्ञ तथा नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, 'समृद्ध फिदिम : सुखी र आत्मनिर्भर नगरवासी÷ को साझा लक्ष्यलाई व्यवहारमा रूपान्तरण गर्न सबैको एकता, सहकार्य, प्रतिबद्धता र निरन्तर प्रयास आवश्यक छ। फिदिमको वर्तमान आवश्यकता, भविष्यको सम्भावना र नगरवासीको साझा सपनालाई समेटिएको यस आवधिक योजनाले आगामी पाँच वर्षमा फिदिमलाई थप व्यवस्थित, समुन्नत, समावेशी, उत्पादनशील, प्रविधिमैत्री तथा दिगो विकासको नमुना नगरका रूपमा अघि बढाउन महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु। यस योजना कार्यान्वयनमा सहयोग, सुझाव र सहकार्य गर्नुहुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा सञ्चारकर्मीहरूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

(मित्र प्रसाद काफ्ले)
नगर प्रमुख
फिदिम नगरपालिका



# मन्तव्य

नेपालको संविधानले स्थानीय नागरिकको सबैभन्दा निकटको सरकारका रुपमा स्थानीय तहलाई स्थानीय शासन सञ्चालन र व्यवस्थापनका लागि अधिकार दिएको छ। विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त साधन र स्रोतको सीमा भित्र रहेर शासन सञ्चालन र व्यवस्थापन चूनौतीपूर्ण कार्यका रुपमा देखिएको छ । स्थानीय सरकार नागरिकले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई सङ्घीय प्रणालीको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने दिशामा महत्वपूर्ण जिम्मेवारी नगरपालिकाको रहेको हुन्छ। स्थानीय तहमा अन्तर निहित अधिकार तथा अधिकारको बाँडफाँड र कार्यसम्पादन सम्बन्धी विषयलाई विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाले रेखाङ्कन गरेको छ।

नेपालको संविधान, कार्य विस्तृतिकरण प्रतिवेदन, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा अन्तर निहित अधिकारको बाँडफाँड र कार्यसम्पादन सम्बन्धी विषय प्रष्ट पार्दै आवधिक योजना तर्जुमा र अद्यावधिक गर्नुपर्ने कुरालाई प्रष्ट गरेको छ। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवधिक योजना तर्जुमा गर्न सचेत गराई यसको ढाँचा समेत उपलब्ध गराएको वर्तमान अवस्थामा समग्र नगरपालिकाको आर्थिक सामाजिक पूर्वाधार मानवीय तथा पर्यावरणीय विकासको वर्तमान अवस्था र वस्तुगत स्थिति झल्किने पाँच बर्षे आवधिक योजना आ.व. २०८२/८३-८६/८७ तयार भएको छ। यो महत्वपूर्ण दस्तावेज आवधिक योजनाले नगरपालिकाको विषयगत क्षेत्र, उप क्षेत्र, नगरपालिका स्तरीय योजना र सोको अनुगमन र कार्यान्वयन तथा विकासको प्रक्रियालाई मार्गदर्शन गरी जन आकांक्षा अनुरुप फिदिम नगरपालिकाको वार्षिक योजना निर्माण गर्न सहयोग हुने विश्वास लिएको छु।

यस आवधिक योजनाले नगरपालिकाको विकासमा समन्वय र सहकार्य गर्ने निकाय तथा विकास साझेदार गैसस, निजी क्षेत्रलाई समेत मार्गदर्शन प्रदान गर्ने अपेक्षा लिएको छु। समय, स्रोत र साधनको सीमितताका बाबजुद नगरपालिकाका शाखाहरु, सरोकारवालासँग छलफल गरी तयार गरिएको छ। समग्र नगरपालिकाको भावि योजना, वडावासीको चाहना बमोजिमको विकास र समृद्धि एवम् सुशासन कायम गराउन यसले मार्गदर्शन प्रदान गर्ने कुरामा विश्वस्त छु ।
अन्तमा, आवधिक योजना तर्जुमा कार्यमा नेतृत्वदायी भूमिका खेल्ने नगरपालिका प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सबै निर्वाचित पदाधिकारी, कर्मचारी र सबै सरोकारवाला तथा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता लगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा सबैको साथ र सहयोगले नगरपालिकाको विकास प्रक्रिया,सुशासन  र व्यवस्थापन सहज र उत्साहप्रदक हुनेछ भन्ने अपेक्षा गरेको छु ।

(राधाकृष्ण न्यौपाने)
उप-प्रमुख
फिदिम नगरपालिका



# शुभकामना

नेपालको संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँडको व्यवस्था भए अनुसार स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को निर्देशनमा रही आफ्नो क्षेत्राधिकार भित्र विकास योजना तथा विशिष्ट कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न, विकासको खाका तयार गरी कार्यान्वयन गर्न स्वतन्त्र एवम् जिम्मेवार निर्वाह गर्न सक्ने व्यवस्था रहेको छ ।

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि योजना महत्वपूर्ण साधन हो । नेपालको संविधानले स्थानीय तहलाई प्राप्त संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १२ मा क्रमश : कार्यपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएको छ भने दफा २४ को उपदफा (१) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरी लागू गर्ने व्यवस्था छ । त्यसैगरी, ऐ.ऐनको परिच्छेद ९ मा स्थानीय तहको वित्तीय अधिकार क्षेत्र समेत तोकिएको छ । फिदिम नगरपालिकाको दोस्रो आवधिक योजना दिगो विकास लक्ष्य र सोहौं आवधिक योजनाले मार्गदर्शन गरे अनुरुप तर्जुमा गरिएकोछ । "फिदिम नगरपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८२/८३-८६/८७)" ले वर्तमान समस्याहरूको पहिचान गर्दै सुधारका सम्भावित क्षेत्रहरुमा स्पष्ट रणनीति प्रस्तुत गरेको छ ।

कुमार प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
फिदिम नगरपालिका

# हार्दिक आभार

फिदिम नगरपालिकाको आगामी ५ वर्षको लागि यो दोस्रो आवधिक योजना (आ.व. २०८२/८३-२०८६/८७) तर्जुमा गरिएको छ ।

योजना तर्जुमाले मात्रै कुनै पनि नगरपालिकाको व्यवस्थित र योजनावद्ध विकास नहुने हुँदा योजना कार्यान्वयनको पक्ष महत्वपूर्ण हुन्छ । तसर्थ, नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा यस आवधिक योजनामा प्रस्ताव गरिएका क्षेत्रगत कार्यक्रम र योजनाहरुलाई समावेश गरी अगाडि बढ्ने र कार्यान्वयनमा विशेष महत्व दिनेछ भन्ने विश्वास लिइएको छ । योजनाले पहिचान र छनौट गरेका कतिपय कार्यक्रम तथा आयोजनाहरु स्थानीय र क्षेत्रीय रणनीतिक महत्वका भएको र नगरपालिकाबाट मात्रै कार्यान्वयन हुन सम्भव नहुने देखिएकोले यसको लागि प्रदेश र सङ्घीय सरकारको समेत सहकार्य अपरिहार्य हुन जान्छ भने नगरपालिकाले समेत योजनाहरु कार्यान्वयनको लागि प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्नु जरुरी देखिन्छ । साथै, नगरपालिकामा कार्यरत स्थानीय विकास निर्माणमा संलग्न संघ संस्थाबाट समेत यो योजना कार्यान्वयन गर्न आफ्नो तर्फबाट पहल हुनेछ भन्ने विश्वास लिइएको छ ।

अन्तमा, योजना तर्जुमाको क्रममा सक्रिय सहयोग पुऱ्याउनु हुने फिदिम नगरपालिकाका श्रद्धेय नगर प्रमुख श्री मित्र प्रसाद काफ्ले , उप-प्रमुख श्री राधाकृष्ण न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत श्री कुमार प्रसाद भट्टराई, नगरपालिकाका सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य, विषयगत समितिका अध्यक्ष र सदस्य, अन्य जनप्रतिनिधि, नगरपालिकाका शाखा प्रमुख, कर्मचारी लगायत स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवि, समाजसेवी सबै प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, योजना तर्जुमाको लागि अहोरात्र खटिनुहुने आवधिक योजना तर्जुमाको टोली प्रमुख, अन्य बिषय विज्ञ र प्राविधिक प्रति समेत हामी आभारी छौं । उहाँहरुको सक्रिय सहयोग र समन्वयले नै यो योजना प्रतिवेदन यस रुपमा तयार हुन सकेको हुँदा योजना तयारीमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु प्रति भिजन डेभलपमेन्ट सोलुसन प्रा.लि. हार्दिक आभार व्यक्त गर्न चाहन्छ ।

**योजना तयारी टोली**

विषय-सूची

तालिका सूची....................................................................................................क
चित्र सूची........................................................................................................ख
फोटो सूची........................................................................................................ख
नक्सा सूची.......................................................................................................ख

परिच्छेद १ : परिचय .......................................................................................... 1
१.१ पृष्ठभूमि ..................................................................................................१
१.२ आवधिक योजनाको उद्देश्य...........................................................................२
१.३ आवधिक योजना तर्जुमाका आधारहरु..............................................................३
१.४ आवधिक योजना तयारी प्रकृया.......................................................................४
*१योजना अभिमुखीकरण कार्यशाला गोष्ठी १.४.* .................................................४
*१वडागत छलफल तथा समस्या पहिचान अन्तरक्रिया २.४.*......................................४
*१दीर्घकालीन सोच तथा विषयगत योजना तयारी ३.४.* ........................................४
*१स्थलगत सर्भेक्षण तथा योजना प्रमाणीकरण ४.४.*..............................................४
*१क्षेत्रगत योजना तयारी ५.४.* ..........................................................................५
१.५ योजना तर्जुमाका सीमाहरु..............................................................................५

परिच्छेद २ नगरपालिकाको विद्यमान वस्तुगत स्थिति र :उपलब्धिको समीक्षा.......................5
२.१ नगरपालिकाको परिचय ....................................................................................६
*२भौगोलिक अवस्था १.१., राजनीतिक र प्रशासनिक संरचना* ....................................६
*२प्राकृतिक र सांस्कृतिक सम्पदा २.१.*....................................................................८
*२जनसाङ्ख्यिकीय अवस्था ३.१.* ...........................................................................९
२.२ आर्थिक विकास अवस्था .................................................................................१३
*२कृषि १.२., पशुपालन तथा खाद्य सुरक्षा* ...............................................................१३
*२पर्यटन तथा संस्कृति २.२.*..................................................................................१८
*२उद्योग ३.२., व्यापार, व्यवसाय र आपूर्ति*.................................................................२१
*२श्रम तथा रोजगारी ४.२.*.....................................................................................२४
*२बैंक ५.२., सहकारी तथा वित्तीय क्षेत्र*.......................................................................२६
२.३ सामाजिक विकास अवस्था...................................................................................२६
*२स्वास्थ्य तथा १.३. पोषण*......................................................................................२६
*२शैक्षिक विकास २.३.*.........................................................................................२८
*२खानेपानी तथा सरसफाइ ३.३.* ..............................................................................३२
*२लैङ्गिक समानता र सामाजिक समानीकरण ४.३.*.......................................................३२
*२युवा ५.३., खेलकुद तथा कला* ...............................................................................३३
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था........................................................................३४

*२बस्ती १.४., आवास, भवन तथा सार्वजनिक निर्माण* ........ ३४
*२सडक २.४., पुल तथा यातायात* ........ ३७
*२ढल सञ्जाल तथा नाली ३.४.* ........ ३७
*२विद्युत तथा वैकल्पिक उर्जा ४.४.* ........ ३७
*२सूचना ५.४., सञ्चार तथा प्रविधि* ........ ३८
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ ३९
*२वन तथा जैविक विविधता १.५.* ........ ३९
*२महामारी तथा विपद् व्यवस्थापन २.५.* ........ ३९
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ४१
*२स्थानीय नीति १.६., ऐन तथा सुशासन* ........ ४१
*२संगठनात्मक विकास २.६.* ........ ४५
*२स्रोत परिचालन ३.६.* ........ ५२
*२योजना व्यवस्थापन ४.६.* ........ ५६

परिच्छेद ३ सोच तथा विकास अवधारणा : ........ 59
३.१ पृष्ठभूमि ........ ५९
३.२ प्रमुख समस्या तथा चुनौती ........ ५९
३.३ प्रमुख सम्भावना तथा अवसर ........ ६१
३.४ समस्या सम्भावना (SWOT) विश्लेषण ........ ६४
३.५ निर्देशक सिद्धान्त ........ ६५
३.६ सोच, लक्ष्य र उद्देश्य ........ ६६
*३सोच १.६.* ........ ६६
*३लक्ष्य २.६.* ........ ६८
*३उद्देश्य ३.६.* ........ ६८
३.७ परिणात्मक लक्ष्य ........ ६९
३.८ रणनीति तथा प्राथमिकता ........ ७१
३.९ लगानी, स्रोत अनुमान र बाँडफाँड ........ ७२
*३आयको विश्लेषण र प्रक्षेपण १.९.* ........ ७२
*३व्ययको विश्लेषण र प्रक्षेपण २.९.* ........ ७३
*३लगानी र स्रोत व्यवस्था ३.९.* ........ ७४
*३ सार्वजनिक खर्च र ४.९.राजस्व परिचालन नीति* ........ ७९
४.१ कृषि तथा पशुपन्छी ........ ८२
*४पृष्ठभूमि १.१.* ........ ८२
*४समस्या तथा चुनौती २.१.* ........ ८२
*४सम्भावना र अवसर ३.१.* ........ ८३
४.२ सिंचाई ........ ८५

४पृष्ठभूमि १.२. ....................................................................................................८५
४समस्या र चुनौती २.२. ..........................................................................................८६
४सम्भावना र अवसर ३.२. ......................................................................................८६
४.३पर्यटन, संस्कृति तथा सम्पदा ..................................................................................८७
४पृष्ठभूम १.३.ि ....................................................................................................८७
४समस्या र चुनौती २.३. ..........................................................................................८८
४सम्भावना र अवसर ३.३. ......................................................................................८८
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ..........................................................................९०
४पृष्ठभूमि १.४. ....................................................................................................९०
४समस्या र चुनौती २.४. ..........................................................................................९०
४सम्भावना र अवसर ३.४. ......................................................................................९१
४.५ श्रम तथा रोजगारी र सामाजिक सुरक्षा ..........................................................................९२
४पृष्ठभूमि १.५. ....................................................................................................९२
४ समस्या र २.५.चुनौती ..........................................................................................९३
४सम्भावना र अवसर ३.५. ......................................................................................९३

परिच्छेद ५ सामाजिक क्षेत्र : ..........................................................................................98
५.१ स्वास्थ्य तथा पोषण ..............................................................................................९६
५पृष्ठभूमि १.१. ....................................................................................................९६
५समस्या र चुनौती २.१. ..........................................................................................९६
५सम्भावना र अवसर ३.१. ......................................................................................९७
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन ..................................................................................९९
५पृष्ठभूमि १.२. ....................................................................................................९९
५समस्या र चुनौती २.२. ..........................................................................................९९
५ ३.२.सम्भावना र अवसर ..........................................................................................१००
५.३ खानेपानी तथा सरसफाइ ......................................................................................१०२
५पृष्ठभूमि १.३. ....................................................................................................१०२
५समस्या र चुनौती २.३. ..........................................................................................१०३
५सम्भावना र अवसर ३.३. ......................................................................................१०३
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ..........................................................................१०५
५पृष्ठभूमि १.४. ....................................................................................................१०५
५समस्या र चुनौतीहरु २.४. ......................................................................................१०६
५सम्भावना र अवसर ३.४. ......................................................................................१०६
५.५ युवा तथा खेलकूद ..............................................................................................१०८
५पृष्ठभूमि १.५. ....................................................................................................१०८
५समस्या र चुनौती २.५. ..........................................................................................१०९

५सम्भावना र अवसर ३.५. ........ १०९

परिच्छेद ६ पूर्वाधार क्षेत्र : ........ ११७
६.१ बस्ती, आवास भवन तथा सार्वजनिक निर्माण ........ १११
६पृष्ठभूमि १.१. ........ १११
६समस्या र चुनौती २.१. ........ १११
६सम्भावना र अवसर ३.१. ........ ११२
६.२ सडक पूर्वाधार तथा यातायात ........ ११३
६पृष्ठभूमि १.२. ........ ११३
६ समस्या र २.२.चुनौती ........ ११४
६सम्भावना र अवसर ३.२. ........ ११४
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ११५
६पृष्ठभूमि १.३. ........ ११५
६समस्या र चुनौतीहरु २.३. ........ ११६
६सम्भावना र अवसर ३.३. ........ ११६
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ ११७
६.४.१ पृष्ठभूमि ........ ११७
६समस्या र चुनौती २.४. ........ ११८
६ ३.४.सम्भावना र अवसर ........ ११८

परिच्छेद ७ वन :, वातावरण तथा विपद् व्यवस्थापन ........ 127
७.१ वन तथा जैविक विविधता ........ १२०
७पृष्ठभूमि १.१. ........ १२०
७समस्या र चुनौती २.१. ........ १२०
७सम्भावना ३.१. र अवसर ........ १२१
७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ........ १२३
७पृष्ठभूमि १.२. ........ १२३
७समस्या र चुनौती २.२. ........ १२३
७सम्भावना र अवसर ३.२. ........ १२४
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ १२५
७पृष्ठभूमि १.३. ........ १२५
७समस्या र चुनौती २.३. ........ १२६
७सम्भावना र अवसर ३.३. ........ १२६
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता ........ १२८
७पृष्ठभूमि १.४. ........ १२८
७समस्या र चुनौती २.४. ........ १२८

*७सम्भावना र अवसर ३.४.* ................ १२९

परिच्छेद ८ संस्थागत विकास तथा सुशासन क्षेत्र : ................ १४१
८.१ संस्थागत विकास तथा सुशासन ................ १३१
*८पृष्ठभूमि १.१.* ................ १३१
*८समस्या र चुनौती २.१.* ................ १३१
*८सम्भावना र अवसर ३.१.* ................ १३२

परिच्छेद ९ योजना कार्यान्वयन व्यवस्था : ................ १४६
९.१ पृष्ठभूमि ................ १३५
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ................ १३५
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ................ १३६
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ................ १३८
९.५ स्रोत परिचालन रणनीति ................ १३९
९.६ आवधिक योजना कार्यान्वयन ................ १४०
*९कार्यान्वयन योजना १.६.* ................ १४०
*९योजना कार्यान्वयन विधि २.६.* ................ १४१
**९.७ अनुगमन तथा मुल्याङ्कन योजना** ................ १४२
*९अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १.७.* ................ १४३
*९अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी २.७.* ................ १४४
*९अनुगमन तथा मूल्याङ्कन प्रकृया ३.७.* ................ १४४

परिच्छेद १० नतिजा खाका : ................ १४६
१०.१ पृष्ठभूमि ................ १४६
१०.२ नतिजा खाका ................ १४६
१०.३ क्षेत्रगत विकास योजना, नतिजामूलक लक्ष्य तथा बजेट बाँडफाँड (०००) ................ १५७

## तालिका सूची


तालिका १ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व.......................................................६
तालिका २: फिदिम नगरपालिकाको वडागत जनसङ्ख्या वितरण.........................................९
तालिका ३ : फिदिम नगरपालिकाको जनसङ्ख्या वृद्धिदर ...................................................१०
तालिका ४ : उमेर समूह अनुसार जनसङ्ख्याको बनावट .......................................................१०
तालिका ५ : जातजातिको आधारमा जनसङ्ख्या वितरण.......................................................११
तालिका ७ : मातृभाषाको आधारमा जनसङ्ख्या वितरण .......................................................१२
तालिका ८ : फिदिम नगरपालिकामा अपाङ्गताको अवस्था ....................................................१३
तालिका ९ : फिदिम नगरपालिकाका शिक्षण संस्थाहरु ............................................................२९
तालिका १० : घरधुरी अनुसार खानेपानी स्रोतको अवस्था...........................................................३२
तालिका ११ : घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति ..........................................................३२
तालिका १२ : फिदिम नगरपालिकाको भू-उपयोग अवस्था ...........................................................३५
तालिका १३ : घरधुरी अनुसार खाना पकाउने ईन्धनको स्रोत .......................................................३८
तालिका १४ : बत्ती बाल्नको लागि प्रयोग हुने ईन्धनको स्रोत .......................................................३८
तालिका १५ : नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका ऐन, कानुनको सूची.................................४१
तालिका १६ : नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका नियमावली, निर्देशिका, कार्यविधिको सूची...४२
तालिका १७ : फिदिम नगरपालिकाको स्वीकृत दरबन्दी विवरण...........................................................४६
तालिका १८ : फिदिम नगरपालिकाको कार्यक्रमगत जनशक्ति...........................................................४८
तालिका १९ : फिदिम नगरपालिका कार्यालयमा रहेका भौतिक सम्पत्ति विवरण......................................५०
तालिका २० : फिदिम नगरपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा)...................५२
तालिका २१ : फिदिम नगरपालिकाको अन्तिम ३ आर्थिक वर्षको व्ययको अवस्था (हजारमा) ..................५४
तालिका २२ : स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अङ्कभार .......................................५७
तालिका २३ : फिदिम नगरपालिकाको SWOT विश्लेषण.....................................................................६४
तालिका २५ : दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु...............................................................................६७
तालिका २६ : परिणात्मक लक्ष्यहरु ....................................................................................................६९
तालिका २७ : फिदिम नगरपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था )हजारमा(....................७२
तालिका २८ : फिदिम नगरपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण (हजारमा) ................७३
तालिका २९ : फिदिम नगरपालिकाको आगामी ५ वर्षको व्ययको अनुमानित प्रक्षेपण (हजारमा).................७४
तालिका ३० : नगरपालिकामा विद्यमान प्राविधिक जनशक्ति तथा थप गर्नुपर्ने जनशक्ति......................... १३६
तालिका ३१ : विषय क्षेत्र अनुसार आवश्यक बजेट सारांश............................................................... १३७
तालिका ३२ : क्षेत्रगत विकास योजनाको लागि अनुमानित लागत रकम (लागत रु हजारमा)................... १३८
तालिका ३३ : नगरपालिका स्तरीय रणनीतिक आयोजनाहरुको लागत अनुमान ................................... १३८
तालिका ३४ : अनुगमन तथा मूल्याङ्कन प्रक्रिया .............................................................................. १४५

## चित्र सूची

चित्र १ : फिदिम नगरपालिकाको जनसङ्ख्या पिरामिड ........ ११
चित्र २ : फिदिम नगरपालिकाको सांगठनिक संरचना ........ ४९

## फोटो सूची

फोटो १ : फिदिम बजार स्थित शनिबारे हाटबजार ........ १८
फोटो ३ : फिदिम नगरपालिकाका पर्यटकीय क्षेत्रहरु ........ २०
फोटो ४ : फिदिम नगरपालिकाका मठ, मन्दिर तथा संस्कृतिक क्षेत्र ........ २०
फोटो ५ : लालिखर्क बतासे सामुदायिक होमस्टे (फिदिम २,३) ........ २०
फोटो ६ : फिदिम नगरपालिकाका साना उद्योग तथा व्यवसायहरु ........ २१
फोटो ७ : नगरपालिकामा वित्तीय सेवा प्रदान गरिरहेका वित्तीय संस्थाहरु ........ २६
फोटो ८ : फिदिम नगरपालिकाका स्वास्थ्य संस्थाहरु ........ २८
फोटो ९ : जिल्ला हुलाक कार्यालय, पाँचथर ........ ३८

## नक्सा सूची

नक्सा १ : फिदिम नगरपालिकाको अवस्थिति नक्सा ........ ७
नक्सा २ : फिदिम नगरपालिकाको वर्तमान भू-उपयोग नक्सा ........ ३५
नक्सा ३ : फिदिम नगरपालिकाको सडक सञ्जाल नक्सा ........ ३७

## परिच्छेद १ : परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ। संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन्। जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले राखेको छ। उक्त ऐनको दफा ११ र १२ मा क्रमश: कार्यपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दीर्घकालीन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छ।

संविधान र कानुन बमोजिम सङ्घ र प्रदेश सरकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र समेत तर्जुमा गरिसकेका छन्। संविधानमा व्यवस्था भए अनुसार सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी नागरिकको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित्र आवश्यक भएकोले फिदिम नगरपालिकाले दोस्रो आवधिक योजना (आ.व. २०८२/८३-८६/८७) तर्जुमा गर्ने प्रकृयालाई अगाडि बढाएको छ।

नगरपालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिई आगामी वर्षहरुमा विकास कार्यक्रमहरु सञ्चालन गर्नको लागि योजनावद्ध विकासको आवश्यकता हुन्छ। त्यसकारण आवधिक योजनाले नगरपालिकामा उपलब्ध स्रोत साधनको पहिचान गर्दै भविष्यमा फिदिम नगरपालिकालाई कस्तो किसिमको नगरपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निक्यौंल गर्न मद्दत गर्दछ। नेपालको संविधान र कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ। योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गरिएको छ।

यो आवधिक योजनाले फिदिम नगरपालिकाको समृद्धि र विकासको दीर्घकालीन सोच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ। आवधिक योजना पाँच वर्षका लागि निर्माण गरिएको भए पनि दीर्घकालीन सोच निर्धारण गर्दा "सुशासन, सामाजिक न्याय र समृद्धि" सोचसँग तादात्म्यता कायम हुने गरी नगरपालिकाको दीर्घकालीन सोच तयार गरिएको छ। योजनाको समष्टिगत सोचको परिकल्पना पाँच वर्षभन्दा बढी अवधिको परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्य तय गरिएको छ। स्थलगत कार्यशाला गोष्ठीहरुमा

गरिएको सामुहिक छलफलहरुको निचोडका आधारमा यस आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य निर्धारण गरिएको छ। रणनीतिको तर्जुमा पाँच वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भए पनि कार्यान्वन गर्ने नीतिहरु भने पाँच वर्षको अवधिका लागि निर्धारण गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि नगरपालिकालाई आफुले चाहेको गन्तव्यतर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनावद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । यस योजनाका उद्देश्य निम्नानुसार रहेका छन् ।

क) आर्थिक सामाजिक पूर्वाधारको दीगो विकास गर्ने ।
ख) शिक्षा, स्वास्थ्य, खेलकुद एवम् मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्ने ।
ग) नगरपालिका क्षेत्रभित्र कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, उर्जा र रोजगारी प्रवर्द्धन कार्यक्रमहरु मार्फत आर्थिक गतिविधिमा विस्तार गर्ने ।
घ) नगरपालिकामा सुशासन कायम गर्ने ।
ङ) नगरपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा सम्भावित विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
च) बहु क्षेत्रीय लगानी योजना तयार गर्ने ।
छ) अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।.

## १.३ आवधिक योजना तर्जुमाका आधारहरु

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, सोह्रौं योजनाको लक्ष्य तथा उद्देश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन, फिदिम नगरपालिकाका प्रमुख समस्या र सम्भावना, नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका घोषणा पत्रहरूलाई यस आवधिक योजना तर्जुमाको लागि महत्वपूर्ण आधारका रुपमा लिइएको छ। नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमा गर्दा संविधानमा रहेका प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्न निम्न आधारहरु लिईएको छ :

क) स्थानीय तहको संवैधानिक अधिकार
ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) अन्तर सरकारी वित्त ऐन, २०७४
घ) फिदिम नगरपालिकाको पहिलो आवधिक योजना, (२०७७/७८-२०८१/८२)
ङ) स्थलगत सर्वेक्षण, अन्तरक्रिया र छलफल।
च) राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन।
छ) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति।
ज) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच।
झ) राष्ट्रिय/प्रादेशिक आवधिक योजना।
ञ) दिगो विकास लक्ष्य।
ट) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन।
ठ) नगरपालिकाको प्रमुख समस्या र सम्भावना।
ड) स्थानीय राजनीतिक दल तथा सरोकारवालाहरुको विकास दृष्टिकोण।

## १.४ आवधिक योजना तयारी प्रकृया

फिदिम नगरपालिकाको दोस्रो आवधिक  योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ।

### १.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी

फिदिम नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमा कार्यको लागि मिति २०८१ फागुन २१ गते बुधबार पूर्व योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरी परामर्शदाताले आवधिक योजनाको उद्देश्य, प्रकृया, यसको सम्भावित नतिजाको बारेमा प्रकाश पारेको थियो। साथै सरोकारवालाहरुसँग सुझाव सङ्कलन तथा कार्ययोजना बारेमा छलफल गरिएको थियो।

### १.४.२ वडागत छलफल तथा समस्या पहिचान अन्तरक्रिया

फिदिम नगरपालिकाको वडागत समस्याहरु पहिचान गर्नको लागि तिन वटा समूह बनाई परामर्श तथा प्राविधिक टोलीको सहयोगमा २०८१ फागुन २३ गते बाट फागुन २७ गते सम्म वडागत छलफल सञ्चालन गरिएको थियो। वडागत छलफल तथा अन्तर्क्रियामा वडा पदाधिकारीहरु, वडा स्थित राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षक तथा बुद्धिजीबिहरु, संघ संस्था, दलित, महिला लगायतको उपस्थितिमा वडाका प्रमुख समस्याहरु, विकासको सम्भावनाहरु, क्षेत्रगत चुनौतीहरु, अपेक्षित आयोजनाहरुको बारेमा आवधिक योजना तयारीको लागि तयार गरिएको चेकलिस्टमा आधारित रहि छलफल गरिएको थियो। यसैगरी वडाको वार्षिक योजना तथा कार्यक्रम, वडाको समष्टिगत विकास अवधारणा र प्रगति बारे सूचना सङ्कलन गरिएको थियो। यस किसिमका सूचनाहरु वडाको समस्या सम्भावना पहिल्याई वडागत योजना तयारीको लागि उपयोग गर्नुका साथै वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरुको पहिचान र प्राथमिकीकरण गर्ने, समस्या न्यूनीकरणको

लागि सुझावहरु सङ्कलन गर्ने, अन्य आवश्यक सूचनाहरु सङ्कलन गर्ने तथा ती सूचनाहरु विश्लेषणको आधारमा आगामी पाँच वर्षको आवधिक योजनामा समावेश गरिएको छ।

### १.४.३ दीर्घकालीन सोच तथा विषयगत योजना तयारी

विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा दीर्घकालीन सोच निर्धारण गरिएको छ । नगरपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति, सम्भावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्देश्य एवम् भौतिक एवम् वार्षिक कार्यान्वयन तालिका निर्धारण गर्ने कार्य सम्पन्न गरिएको छ। साथै सबै विषय क्षेत्रगत विकास अवधारणा, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक स्रोतमा सहमति गरिएको छ। योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको छ।

### १.४.४ स्थलगत सर्भेक्षण तथा योजना प्रमाणीकरण

परामर्शदाता टोलीले नगरपालिकाको प्रत्येक वडा भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी सङ्कलन गरिएको छ। सबै १४ वटै वडाहरुमा वडा भेला गरी सङ्कलित तथ्याङ्कहरु सम्बन्धित वडा अध्यक्ष तथा सरोकारवालाहरुसँगको छलफलबाट पुनः अद्यावधिक गरिएको छ । वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ।

### १.४.५ क्षेत्रगत योजना तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निष्कर्षका आधारमा आवधिक योजना दस्तावेजको अन्तिम प्रतिवेदन तयार गरिएको छ। यस आवधिक योजनामा क्षेत्रगत योजनाहरु जस्तैः आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र, संस्थागत विकास तथा सुशासन क्षेत्र रहेका छन्। त्यसैगरी आवधिक योजना कार्यान्वयनको लागि कार्यान्वयन व्यवस्था समेत तयार गरिएको छ । क्षेत्रगत विकास योजना तयार गर्दा सम्बन्धित सरोकारवाला समितिहरुबाट छलफल गराई दोस्रो आवधिक योजनाको दस्तावेज तयार गरिएको छ।

### १.५ योजना तर्जुमाका सीमाहरु

क) योजना तर्जुमाका क्रममा उपयुक्त कतिपय तथ्याङ्कहरू सर्वेक्षणबाट प्राप्त हुन नसकेकोले गोष्ठीबाट प्राप्त सूचना र प्रमाणीकरण भए बमोजिमका तथ्याङ्कहरूलाई नै आधार मानिएको छ।

ख) विगत वर्षका तथ्याङ्कहरुको प्रवृत्ति विश्लेषण गरी सोको आधारमा आ.व. २०८१/८२ लाई आधार वर्षको रुपमा लिइएको छ।

ग) फिदिम नगरपालिकाबाट प्राप्त तथ्याङ्क, फिदिम नगरपालिकाको प्रथम आवधिक योजना (२०७७/७८-२०८१/८२), राष्ट्रिय जनगणना, २०७८ तथा अन्य स्रोतहरुबाट प्राप्त विवरण उपयोग गरिएको छ।

घ) वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश गरिएको छ।

## परिच्छेद २ : नगरपालिकाको विद्यमान वस्तुगत स्थिति र उपलब्धिको समीक्षा

### २.१ नगरपालिकाको परिचय

सङ्घीय गणतन्त्र नेपालको पूर्वी भागमा अवस्थित कोशी प्रदेशको पूर्व उत्तरमा रहेको पाँचथर जिल्लामा १ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरु गरी ८ वटा स्थानीय तह रहेका छन् जस मध्ये फिदिम नगरपालिका एक हो। फिदिम नगरपालिकाको कार्यालय जिल्ला सदरमुकाममा रहेको छ। नगरपालिकाको स्थापना वि.सं. २०७१ वैशाख २५ गते तत्कालिन फिदिम, चोकमागु र सिवा गा.वि.स.हरु मिलेर भएको थियो। स्थानीय तह पुनर्संरचनाका क्रममा वि.सं. २०७४ सालमा साविक फिदिम नगरपालिका एवम् साविक ५ वटा गाविसहरु लुङरुपा, नांगिन, याङनाम (१-५), लुम्फाबुङ र रानीटार समावेश गरिएको हो। फिदिम नगरपालिका मध्य पहाडी राजमार्ग र मेची राजमार्गसँग जोडिएको छ। यस नगरपालिकाको पूर्वमा फालेलुङ गाउँपालिका र इलाम जिल्ला, पश्चिममा कुम्मायक गाउँपालिका र तेह्रथुम जिल्ला, उत्तरमा हिलिहाङ र फालेलुङ गाउँपालिका र दक्षिणमा फाल्गुनन्द गाउँपालिका र इलाम जिल्ला पर्दछन्।

#### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

*तालिका १ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व*

| वडा | समावेश गाविस/नपा | जनसङ्ख्या | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|
| १ | फिदिम नगरपालिका (१) | ८,९४४ | १८.४४ | ७.४२ | १,२०५.३९ |
| २ | फिदिम नगरपालिका (२) | ४,११३ | ८.४८ | ६.४३ | ६३९.६६ |
| ३ | फिदिम नगरपालिका (३) | २,२४२ | ४.६२ | ९.३३ | २४०.३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | फिदिम नगरपालिका (४, ५) | ४,३८१ | ९.०३ | १४.१ | ३१०.७१ |
| ५ | फिदिम नगरपालिका (६-८) | ३,०६७ | ६.३२ | १४.४२ | २१२.६९ |
| ६ | फिदिम नगरपालिका (९-११) | ३,३३२ | ६.८७ | १४.३९ | २३१.५५ |
| ७ | रानीटार गाविस (१-४) | २,६५८ | ५.४८ | ११.४ | २३३.१६ |
| ८ | रानीटार गाविस (५-८) | ३,००२ | ६.१९ | १६.६९ | १७९.८७ |
| ९ | लुम्फाबुङ गाविस (१-९) | १,९९२ | ४.११ | १५.५१ | १२८.४३ |
| १० | याङनाम गाविस (१-५) | २,६३८ | ५.४४ | १०.८६ | २४२.९१ |
| ११ | नागिन गाविस (१-५) | २,९४३ | ६.०७ | १३.२९ | २२१.४४ |
| १२ | नागिन गाविस (६-९) | ३,१९९ | ६.६० | १२.७२ | २५१.४९ |
| १३ | लुङरुपा गाविस (१-३, ७-९) | ३,१२४ | ६.४४ | २५.८६ | १२०.८० |
| १४ | रानीटार गाविस (९), लुङरुपा गाविस (४-६) | २,८६० | ५.९० | १९.८८ | १४३.८६ |
| **जम्मा** | | **४८,४९५** | **१००.००** | **१९२.५०** | **२५१.९२** |

स्रोत: *सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय जनगणना, २०७८*

***वडा नं. १ मा सबैभन्दा बढी जनसङ्ख्या १८.४४ प्रतिशत र सबै भन्दा कम वडा नं. ९ मा ४.११ प्रतिशत रहेको छ।***




*नक्सा १ : फिदिम नगरपालिकाको अवस्थिति नक्सा*

मुख्य रुपमा पहाडी र केही उच्च पहाडी भू-भागमा फैलिएको यस नगरपालिका समुन्द्र सतहदेखि करीब १,३८० फिट (४२१ मिटर) फिदिम न.पा.-४ माझिटार तमोर बगर देखि १०,७३७ फिट (३२७३ मिटर) फिदिम न.पा -१३ लुङरुपाको छिन्तापुडाँडा सम्म फैलिएको छ। विश्व मानचित्रमा २७°०३'१८" देखि २७°११'०५" उत्तरी अक्षांश र ८७°४१'१५" देखि ८७°५५'११" पूर्वी देशान्तरमा अवस्थित छ । फिदिम नगरपालिकामा उष्ण मनसुनी हावापानी (६०० देखि १२०० मि.), न्यानो समशीतोष्ण हावापानी (मध्य पहाडी भेग १,२०० देखि २१०० मि.) र ठण्डा समशीतोष्ण हावापानी (लेकाली भेग, २१०० देखि ३३५० मि.) पाइन्छ। यस क्षेत्रको औषत अधिकतम तापक्रम ३७ डिग्री सेल्सियस तथा न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस रहेको छ। नगरपालिका क्षेत्रमा वार्षिक औषत वर्षा २,४०० मि.लि. हुने गर्छ। असार, श्रावण र भाद्र महिनामा बढी पानी पर्दछ भने मंसिर, पुष र माघ महिनामा कम पानी पर्दछ। *(स्रोत: फिदिम नगरपालिकाको पहिलो आवधिक योजना, २०७७/७८-२०८१/८२ र फिदिम नगरपालिका, २०८१)*

प्राचीन समयमा पल्लो किराँतको नामले चिनिएको पाँचथर जिल्ला लिम्बूवान क्षेत्रको केन्द्रका रुपमा रहेको थियो। जिल्लाको सदरमुकाम फिदिममा दश लिम्बूवान क्षेत्रका राजाहरुले संयुक्त सभा गरि सामुहिक रुपले महत्वपूर्ण विषयहरु यहाँ स्थित आम्बेपाँजो भन्ने तिर्थस्थलमा चुम्लुङ (सभा)द्वारा निर्णय गर्ने परम्परा रहेको देखिन्छ । "फिदिम" को नामकरण सम्बन्धमा लिम्बू भाषाको "फेदेन" शब्दबाट अपभ्रंश भई फिदिम भएको पाइन्छ। "फे" को अर्थ धनुवाण हान्ने र "देन" को अर्थ फराकिलो ठाउँ अर्थात् धनुवाण हान्ने फराकिलो ठाउँ भएकोले फेदेन भनिएको र पछि फिदिम नामले चर्चित भएको भन्ने विभिन्न प्रकाशन तथा भनाईहरुमा उल्लेख पाइन्छ। फेदेन नामबाट पुरानो संरचनामा गा.वि.स.को नाम राखियो र नयाँ संरचनामा नगरपालिका घोषणा हुँदा त्यही नामलाई निरन्तरता दिई फिदिम नगरपालिका भएको पाइन्छ।

### २.१.२ प्राकृतिक र सांस्कृतिक सम्पदा

फिदिम नगरपालिका प्राकृतिक स्रोत र साधनले धनी छ। यस क्षेत्रमा वन जङ्गल, नदी नाला, पहाडी भिरालो धरातल, ताल तलैया र सिमसार क्षेत्र नगरपालिकाको प्राकृतिक स्रोत हुन्। नगरपालिकाका प्राकृतिक स्रोतहरुमा सुकेपोखरी, छिन्तापु र मूख्य नदि तथा नालाहरुमा तमोर नदि, हेवा खोला, नाम्दु खोला, फेमे खोला, आंप्तावा खोला, लामाखोला, सिवा खोला, सिभूवा खोला रहेका छन् । नगरपालिका क्षेत्रमा रहेका नदि तथा खोला किनारामा ढुङ्गा, बालुवा, चुन ढुङ्गा, रातोमाटो लगायतका खनिजहरु पाईन्छ।

नगरपालिकाको कुल क्षेत्रफल मध्ये करीब ५०.६ प्रतिशत भाग वन तथा चरण क्षेत्रले ओगटेको छ। वन उपभोक्ता समूह गठन गरेर वनजङ्गल क्षेत्रको संरक्षण गर्ने काम स्थानीय समुदायले गरिरहेका छन्। नगरपालिका क्षेत्रमा ४७ वटा वन उपभोक्ता समिति परिचालन भइरहेका छन्। यहाँको प्रमुख वन तथा वनस्पति प्रजातिहरुमा पोटलिङ्गो,

गुराँस, ढ्याङग्रा, सल्ला, धुपी, ठिङगुरे सल्ला, गोब्रे सल्ला, फलाट, चिराईतो, केन्जो, साल, सिसौ, आरुपाते, आदि पाइन्छ ।

फिदिम नगरपालिकामा किराँत (५४.५१ प्रतिशत), हिन्दु (२८.१४ प्रतिशत), बौद्ध (१४.४५ प्रतिशत), क्रिश्चियन (२.६५ प्रतिशत), ईस्लाम (०.२४ प्रतिशत) र प्रकृति (०.०१ प्रतिशत) बसोबास गर्दै आएको र धार्मिक सहिष्णुता कायम रहेको छ । नगरपालिका क्षेत्रमा सांस्कृतिक विविधता रहेको छ भने याक्थुङ/लिम्बु, राई, पहाडी ब्राहमण, क्षेत्री, तामाङ, गुरुङ, मगर, विश्वकर्मा, सुनुवार, परियार, नेवार, शेर्पा, मिजार, नाछिरिङ, घर्ती/भुजेल, खालिङ, तेली, मुसलमान, राजवंशी, माझी, बाहिङ, वान्तवा, थुलुङ, चाम्लिङ, खवास, थारु, यादव, धानुक, तराई ब्राहमण, कोईरी/कुशवाहा र अन्य जातजातिको मिश्रित बसोबास रहेको पाईन्छ ।

नगरपालिका क्षेत्रमा मनाईने चाडपर्वहरुमा चण्डी पूर्णिमा/उभौली पर्व, असार पन्ध्र, जनै पूर्णिमा, हरितालिका तीज, कृष्ण जन्माष्टमी, दशैं, तिहार, धान्य पूर्णिमा/उधौली पर्व, तमु ल्होसार, क्रिसमस, माघे संक्रान्ति, सोनाम ल्होसार, महाशिवरात्री, फागू पूर्णिमा, रामनवमी आदि प्रमुख छन् । सांस्कृतिक पक्षमा विभिन्न जातजातिको केलाङ, साकेला, धान नाच, च्याब्रुङ नाच, लाखे नाच, डम्फु नाच, हाक्पारे, चण्डी नाच, हुरा कौरा नाच, पञ्चे बाजा, नौमति बाजा, डम्फु, संगीनि आदि यस क्षेत्रका मुख्य स्थानीय प्रचलन अन्तर्गत पर्दछन् । फिदिम नगरपालिकामा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ । भेषभुषाको रुपमा पुरुष तथा महिलाहरुले विभिन्न चाडपर्वहरुमा आ-आफ्नो जातजाति झल्काउने मौलिक भेषभुषा लगाउने गर्दछन् । *(स्रोत : राष्ट्रिय जनगणना, २०७८ तथा स्थलगत अवलोकन, २०८१)*

### २.१.३ जनसाङ्ख्यिकीय अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार फिदिम नगरपालिकाको जम्मा घरधुरी १२,३३६ र कुल जनसङ्ख्या ४८,४९५ रहेको छ जसमध्ये पुरुष २३,६७९ (४८.८३ प्रतिशत) र महिला २४,८१६ (५१.१७ प्रतिशत) रहेको छ । नगरपालिकाको सरदर घरधुरी आकार ३.९३, लैंगिक अनुपात १००.०२ र जनघनत्व २५१.९२ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । जनसङ्ख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नं १ मा ८,९४४ (१८.४४ प्रतिशत) र सबैभन्दा कम जनसङ्ख्या वडा नं ९ मा १,९९२ (४.११ प्रतिशत) रहेको छ । जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व वडा १ मा १,२०५.३९ व्यक्ति प्रति वर्ग कि.मि. तथा सबै भन्दा कम वडा नं. १३ मा १२०.८० व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ ।

*तालिका २: फिदिम नगरपालिकाको वडागत जनसङ्ख्या वितरण*

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | |
| १ | २,५५८ | ८,९४४ | ४,३४३ | ४,६०१ | ३.५० | ९८.७६ |
| २ | १,०८७ | ४,११३ | २,००२ | २,१११ | ३.७८ | ९७.१५ |
| ३ | ५३२ | २,२४२ | १,०६९ | १,१७३ | ४.२१ | १०३.२८ |
| ४ | १,१३९ | ४,३८१ | २,१४२ | २,२३९ | ३.८५ | १०४.३० |
| ५ | ७५१ | ३,०६७ | १,४८६ | १,५८१ | ४.०८ | १०१.११ |
| ६ | ८०५ | ३,३३२ | १,६०४ | १,७२८ | ४.१४ | १००.६१ |
| ७ | ६५४ | २,६५८ | १,२९८ | १,३६० | ४.०६ | १०३.८९ |
| ८ | ७४५ | ३,००२ | १,४३७ | १,५६५ | ४.०३ | १०६.१७ |
| ९ | ४९६ | १,९९२ | ९८० | १,०१२ | ४.०२ | ९७.८० |
| १० | ६१४ | २,६३८ | १,२८० | १,३५८ | ४.३० | १०७.३५ |
| ११ | ७२४ | २,९४३ | १,४४७ | १,४९६ | ४.०६ | ९०.६१ |
| १२ | ७६६ | ३,१९९ | १,५६६ | १,६३३ | ४.१८ | ९८.४२ |
| १३ | ७५४ | ३,१२४ | १,५६५ | १,५५९ | ४.१४ | ९२.६८ |
| १४ | ७११ | २,८६० | १,४६० | १,४०० | ४.०२ | ९८.२५ |
| **जम्मा** | **१२,३३६** | **४८,४९५** | **२३,६७९** | **२४,८१६** | **३.९३** | **१००.०२** |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा ८५ जना बसाई सरि आएको तथा २०१ जना बसाइँ सरि गएको देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार फिदिम नगरपालिकामा बसाइँसराइको कारणमा तलब/ज्यालाको कारण २,८०५, निर्भरतामा २१९, शिक्षा/तालिममा १६५, कामको खोजीमा ७२, व्यापार/व्यवसायमा १९ र अन्य अवसरहरुको लागि २१ तथा नखुलेको २३ जना रहेको छ । फिदिम नगरपालिकाको जनसङ्ख्या २०५८ देखि २०७८ सम्म २० वर्षको अन्तरालमा खासै घटेको देखिंदैन । नगरपालिकामा २०६८ सालमा ०.०६ प्रतिशतले घटेको देखिन्छ भने एक दशकको अन्तरालमा २०७८ सालमा ०.१६ प्रतिशतले घटेको देखिन्छ ।

| *तालिका ३ : फिदिम नगरपालिकाको जनसङ्ख्या वृद्धिदर* | | | |
|---|---|---|---|
| **फिदिम नगरपालिका** | **जनसङ्ख्या २०५८** | **जनसङ्ख्या २०६८** | **जनसङ्ख्या २०७८** |
| जनसङ्ख्या | ४९,४८१ | ४९,२०१ | ४८,४९५ |
| जनसङ्ख्या वृद्धिदर | | -०.०६ प्रतिशत | - ०.१६ प्रतिशत |
| *स्रोत: राष्ट्रिय जनगणना २०५८, २०६८ र २०७८* | | | |

| **उमेर समुह (वर्ष)** | **पुरुष** | **महिला** |
|---|---|---|
| ९५ भन्दा माथि | ४ | ६ |
| ९०-९४ | १७ | २४ |
| ८५-८९ | ६२ | ६२ |
| ८०-८४ | १५३ | १३४ |
| ७५-७९ | २७५ | २५७ |
| ७०-७४ | ४६२ | ४४६ |
| ६५-६९ | ६३९ | ६७५ |
| ६०-६४ | ८५२ | ८६८ |
| ५५-५९ | ९६३ | १०१९ |
| ५०-५४ | ११४८ | ११९५ |
| ४५-४९ | १०४१ | ११६४ |
| ४०-४४ | १३०३ | १४३९ |
| ३५-३९ | १५१५ | १७०९ |
| ३०-३४ | १९१३ | २०३९ |
| २५-२९ | २०८२ | २३४५ |
| २०-२४ | २१५१ | २४२३ |
| १५-१९ | २३६५ | २४२५ |
| १०-१४ | २२९२ | २२१० |
| ०५-०९ | २४८५ | २४११ |
| ००-०४ | १९५७ | १९६५ |
| **कुल जम्मा** | **२३,६७९** | **२४,८१६** |




*चित्र 1 : फिदिम नगरपालिकाको जनसङ्ख्या पिरामिड*

**जातजाति र मातृभाषा**

| क्र.सं. | जातजातिहरु | प्रतिशत |
|---|---|---|
| १ | याक्थुङ/लिम्बु | ३७.९२ |
| २ | राई | १६.८७ |
| ३ | पहाडी ब्राह्मण | १२.०२ |
| ४ | क्षेत्री | ५.५४ |
| ५ | तामाङ | ५.४९ |
| ६ | गुरुङ | ४.३७ |
| ७ | मगर | ४.२० |
| ८ | विश्वकर्मा | ३.५१ |
| ९ | सुनुवार | २.८३ |
| १० | परियार | १.९९ |
| ११ | नेवार | १.६७ |
| १२ | शेर्पा | ०.७४ |
| १३ | मिजार | ०.५७ |

| | | |
|---|---|---|
| १४ | नाछिरिङ | ०.३१ |
| १५ | घर्ती/भुजेल | ०.२५ |
| १६ | अन्य | ०.०१७ |
| **जम्मा** | | **१००.००** |

| *तालिका ६ : मातृभाषाको आधारमा जनसङ्ख्या वितरण* | | | |
|---|---|---|---|
| **क्र.सं.** | **मातृभाषा** | **जनसङ्ख्या** | **प्रतिशत** |
| १ | याक्थुङ/लिम्बू | १७,८४५ | ३६.८० |
| २ | नेपाली | १४,०४१ | २८.९५ |
| ३ | वान्तवा | ३,१९६ | ६.५९ |
| ४ | तामाङ | २,५६५ | ५.२९ |
| ५ | राई | २,४३३ | ५.०२ |
| ६ | मगर धुत | १,९५० | ४.०२ |
| ७ | गुरुङ | १,६५३ | ३.४१ |
| ८ | सुनुवार | १,२१५ | २.५१ |
| ९ | चाम्लिङ | १,१०१ | २.२७ |
| १० | थुलुङ | ४८५ | १.०० |
| ११ | नेवारी | ४६८ | ०.९७ |
| १२ | शेर्पा | ३१४ | ०.६५ |
| १३ | नाछिरिङ | २४८ | ०.५१ |
| १४ | खालिङ | १९५ | ०.४० |
| १५ | मैथिली | १४४ | ०.३० |
| १६ | साम्पाङ | १२५ | ०.२६ |
| १७ | अन्य | ५१७ | १.०७ |
| **जम्मा** | | **४८,४९५** | **१००.००** |
| *स्रोत: राष्ट्रिय जनगणना, २०७८* | | | |

**अपाङ्गता**

| *तालिका ७: अपाङ्गता विवरण* | | | | |
|---|---|---|---|---|
| क्र.स | अपाङगताको प्रकार | महिला | पुरुष | जम्मा |
| १ | शारिरीक अपाङगता | १६६ | २२७ | ३९३ |
| २ | दृष्टि सम्बन्धी | | | ० |
| ३ | दृष्टिविहिन | ३३ | २२ | ५५ |
| ४ | न्युन दृष्टि | ६६ | ९६ | १६२ |
| ५ | सुनाई सम्बन्धी | | | ० |
| ६ | बहिरा | ३५ | ४९ | ८४ |
| ७ | सुस्तश्रवण | ४१ | ५३ | ९४ |
| ८ | श्रवण दृष्टिविहिन | ५ | १४ | १९ |
| ९ | स्वर वोलाई सम्बन्धी | २७ | २६ | ५३ |
| १० | मानसिक वा मनोसामाजिक अपाङगता | १८ | २५ | ४३ |
| ११ | बौद्धिक अपाङगता | ७ | ८ | १५ |
| १२ | अटिज्म | १४ | २ | १६ |
| १३ | हेमोफेलिया अपाङगता | ४ | ३ | ७ |
| १४ | बहुअपाङगता | ३५ | ५४ | ८९ |
| | जम्मा | | | १०३० |

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि, पशुपालन तथा खाद्य सुरक्षा

फिदिम नगरपालिकामा धान (चैते धान र हिउँदे धान), मकै (वर्षे मकै र हिउँदे मकै), गहुँ, कोदो, जौ, फापर जस्ता अन्न बालीहरुका साथै व्यवसायिक तरकारी बालीहरुमा आलु (वर्षे आलु र हिउँदे आलु), सिमी, बोडी, करेला, भान्टा, फर्सी/इस्कुस, रायो, पालुङ्गो, चम्सुर, च्याउ, काउली, बन्दा, मुला, गाजर, गोलभेडा, लट्टे, आदि उत्पादन हुने गर्दछ । त्यसै गरी तेलहन बालीमा तोरी र भटमास बाली तथा दलहन बालीमा मास, मस्याङ, मुसुरो, रहर, सिमी, केराउ/मटर, अन्य दलहन र मसला बालीमा अलैंची, अदुवा, चिया, कफी, जडिबुटी, लसुन, प्याज, आदि उत्पादन हुने गरेको छ । साथै फलफूलमा सुन्तला, लिची, आँप, जुनार, कागती, स्याउ, मेवा, किवी, कटहर, नासपाती, ओखर, आरुबखडा, केरा, आदि उत्पादन हुन्छ ।

फिदिम नगरपालिकामा हेवा खोला, नाम्दु खोला, आंप्तावा खोला, सिवा खोला, फेमे खोला लगायतबाट सिंचाई सुविधा उपलब्ध भइरहेको छ। हेवा खोलाबाट वडा नं. ४ र १० का फिदिम, याङनाम र नांगिन क्षेत्र फेमेखोलाबाट वडा १३,१४,१२,७,११,१ र ४ खड्ङ्गखोलाबाट वडा १० र ११, नाम्दु खोलाबाट वडा नं. ७,८,१ र २ का रानीटार र फिदिम क्षेत्र तथा आंप्तावा खोलाबाट वडा नं. १३, ७ र ८ का लुङरुपा र रानीटार क्षेत्रमा सिंचाई सुविधा पुऱ्याई रहेको छ। सिवा खोलाबाट वडा नं. २, ४, ९, ६ र ५ का फिदिम, चोकमागु, सिवा र लुम्फाबुङ क्षेत्र, फेमे खोलाबाट वडा नं. ११, १२, १३ र १४ का नांगिन र लुङरुपा क्षेत्र तथा फेचुवा खोलाबाट वडा नं १, २, ३, ४ र १३ का फिदिम र लुङरुपा क्षेत्रमा सिंचाई सेवा पुऱ्याई रहेको छ।

*तालिका ९ : फिदिम नगरपालिकामा उत्पादन हुने वर्षेबालीको विवरण*

| सि.नं. | बालीको नाम | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | कैफियत |
|---|---|---|---|---|
| १ | चैते धान | १५० | ५७७.५ | |
| २ | हिउँदे धान | ५०० | १,७३५ | |
| ३ | वर्षे मकै | १,२२१ | २,८४६.१५ | |
| ४ | कोदो | २४९ | ३०६.०७ | |
| ५ | लट्टे | २ | ४ | |
| ६ | वर्षे आलु | ३८५ | ६,५४५ | |
| ७ | मास | ८६ | ७९.१२ | |
| ८ | भटमास | ४२ | ५८.८ | |
| ९ | बोडी | ५३ | ६२.५४ | |
| १० | सिमी | ७४ | ८७.३२ | |
| ११ | अन्य दलहन | ३५ | ४१.३ | |
| १२ | तोरी | २० | २४ | |
| १३ | फर्सी/इस्कुस | ८७ | १,३३८.९३ | |
| १४ | भान्टा | ११ | १६९.२९ | |
| १५ | गोलभेडा | ७२ | १,१०८.०८ | |
| १६ | अन्य तरकारी | ४८ | ८३८.७२ | |
| १७ | बेसार | ३४ | २२१ | |
| १८ | अदुवा | १९० | २,७८७.३ | |
| १९ | लसुन | ४५ | २४९.७५ | |
| २० | प्याज | ४७ | २५८.५ | |
| २१ | अलैंची | २०५ | १०८.६५ | |
| २२ | आँप | १४ | १४० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | लिची | १६ | १६० | |
| २४ | केरा | २० | २०० | |
| २५ | मेवा | ७ | ७० | |
| २६ | अन्य | १५ | १५० | |
| **जम्मा** | | **३,५८२.३** | | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | | |

*तालिका १० : फिदिम नगरपालिकामा उत्पादन हुने हिउँदेबालीको विवरण*

| सि.नं. | बालीको नाम | क्षेत्रफल (हेक्टर) | उत्पादन (टन.मे) | कैफियत |
|---|---|---|---|---|
| १ | हिउँदे मकै | २२ | ७९.३ | |
| २ | गहुँ | ५४ | १६२ | |
| ३ | जौ | १७ | २३.४६ | |
| ४ | फापर | १९ | २२.६१ | |
| ५ | जै | ४२ | ८४ | |
| ६ | हिउँदे आलु | २३७ | ३,६२३.७३ | |
| ७ | केराउ/मटर | ९१ | १०७.३८ | |
| ८ | मुसुरो | ४ | ५.०८ | |
| ९ | रहर | २ | २.०४ | |
| १० | मस्याङ | ९३ | १११.६ | |
| ११ | अन्य दलहन | ३ | ३.६ | |
| १२ | तोरी | ५० | ६० | |
| १३ | काउली | ६७ | १,०३१.१३ | |
| १४ | बन्दा | ८४ | १,२९२.७६ | |
| १५ | साग (आदि ,चम्सुर ,पालुङ्गो ,रायो) | १२५ | १,९२३.७५ | |
| १६ | मुला | २३४ | ३,६०१.२६ | |
| १७ | गाजर | २६ | ४००.१४ | |
| १८ | अन्य तरकारी | ६२ | ९५४.१८ | |
| १९ | स्याउ | ५ | ३४.६५ | |
| २० | नास्पाति | १८ | १७९.४६ | |
| २१ | किवी | १०४ | १,०३६.८८ | |
| २२ | ओखर | २.७ | २६.९ | |

| | | | | |
|---|---|---|---|---|
| २३ | आरुबखडा | ३५ | ३४८.९५ | |
| २४ | सुन्तला | ८४ | ५८९.६८ | |
| २५ | कागती | ३८ | २६६.७६ | |
| २६ | अन्य फलफूल | २० | २१८.३९ | |
| २७ | अन्य हिउँदे बाली | २३ | १५९.३९ | |
| २८ | चिया | ५४ | ७७.७६ | |
| २९ | कफी | १३ | १.३ | |
| **जम्मा** | | **१,५९२** | | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | | |

नगरपालिकामा कुल खेतीयोग्य जमिन ५,१७४.३ हेक्टर रहेको छ जुन नगरपालिकाको जम्मा क्षेत्रफल १९,२५० हेक्टरको २६.८८ प्रतिशत रहेको छ । जस मध्ये १,३९०.९ हेक्टर अर्थात खेतीयोग्य जमिनको २६.८८ प्रतिशत जमिनमा सिंचाई सुविधा पुगेको छ । वर्षैभरी सिंचित जमिन ९२७ हेक्टर रहेको छ । अर्ध सिंचित हुने जमिन ४६३ हेक्टर रहेको छ । त्यसै गरी असिंचित जमिन ३,७८३.४ हेक्टर रहेको छ । नापी विभागको डिजिटल नक्सा तथा तथ्याङ अनुसार फिदिम नगरपालिकामा कृषि क्षेत्र १५,४२३.६३ हेक्टर रहेको छ । मालपोत कार्यालय पाँचथरको भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त स्रेस्ता बमोजिम कित्ता सङ्ख्या ६७,९९६ मध्ये खेतको क्षेत्रफल २,३६,१८,७४९ वर्ग मि. र बारीको क्षेत्रफल ११,५६,२०,१६५ वर्ग मि. सहित जम्मा १३,९२,३८,९१४ वर्ग मि. कृषि जमिन रहेको छ । *(स्रोत: फिदिम नगरपालिका, २०८१ तथा फिदिम नगरपालिकाको वस्तुगत विवरण, २०७४)*

*तालिका ११ : फिदिम नगरपालिकामा सिंचाई सुविधा*

| क्र.सं. | सिंचाईको स्रोत | वडा नं. | सिंचित स्थान |
|---|---|---|---|
| १ | हेवा खोला | ४, १०, ११ | फिदिम, याङनाम, नांगिन |
| २ | नाम्दु खोला | ७, १, २ र ८ | नांगिन, रानीटार, फिदिम |
| ३ | आंप्तावा खोला | १३, ७, ८ | लुङरुपा, रानीटार |
| ४ | सिवा खोला | २, ४, ९, ६, ५ | फिदिम, चोकमागु, सिवा, लुम्फाबुङ |
| ५ | फेमे खोला | १,४,११, १२, १३, १४ | नांगिन, लुङरुपा |
| ६ | फेचुवा खोला | १, २, ३, ४, १३ | फिदिम, लुङरुपा |
| ७ | खङ्गखोला | १०,११ र १२ | साविक याङनाम र नाङगिन |
| ८ | होक्मा खोला | २,४,५ | |
| *स्रोत : फिदिम नगरपालिकाको वस्तुगत विवरण,२०७४* | | | |

| तालिका १२ :  फिदिम नगरपालिकामा पशुपन्छी पालनको अवस्था | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **पशुपन्छीको विवरण** | **कृषक सङ्ख्या** | **पशुपन्छी पालन सङ्ख्या** | **कैफियत** |
| १ | गाई/गोरु | ५,५८० | ११,७६० | गोरु ५८८, दुहुना ३,५२८ |
| २ | भैंसी/राँगा | २,२४६ | ३,४२० | राँगा २३, दुहुना १,५१६ |
| ३ | खसी/बाख्रा | ४,९०७ | २६,३८८ | बोका/खसी ५,६४२, बाख्रा ८,३१२ |
| ४ | भेडा/भेडी | १८९ | ४४८ | माउ भेडी १३२, थुमा/बोका ९० |
| ५ | सुंगुर/बंगुर | ५,०५६ | १७,०१३ | माउ बंगुर ५,१०४ |
| ६ | अन्य पशुपालन | ३४ | १,७२२ | कुकुर १,३२५, बिरालो ३९७ |
| ७ | कुखुरा | ६,६३१ | १,९६,८६५ | पोथि २९,५११, भाले ३,२००, चल्ला चल्ली ९५,२५२ |
| ८ | अन्य पन्छी | ७२१ | ८,४९७ | परेवा, हाँस, बटाइ, कालिज, टर्की |
| ९ | परेवा | | ७,८३३ | |
| १० | हाँस | | ५४२ | |
| ११ | बटाइ | | १०६ | |
| १२ | कालिज | | १६ | |
| १३ | टर्की | | ८,४९७ | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | | |

| तालिका १३ :  फिदिम नगरपालिकामा दुध उत्पादनको विवरण | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **सङ्ख्या** | **दुध उत्पादन (टन.मे)** | **कैफियत** |
| १ | दुधालु गाई | ३,५२८ | २,३२५ | |
| २ | दुधालु भैसी | १,५१६ | ८०९ | |
| **जम्मा** | | **५,०४४** | **३,१३४** | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | | |

| तालिका १४: फिदिम नगरपालिकामा मासु उत्पादनको विवरण | | | |
|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **मासु उत्पादन (मे.टन)** | **कैफियत** |
| १ | राँगा/भैंसी | ३४२ | |
| २ | बाख्रा | १५१ | |
| ३ | बंगुर | २३३.८ | |
| ४ | कुखुरा | २४७ | |

| | | | |
|---|---|---|---|
| ५ | भेंडा | ०.२ | |
| जम्मा | | **९७४.०** | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | |

| *तालिका १५ : फिदिम नगरपालिकामा अण्डा उत्पादनको विवरण* | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **सङ्ख्या** | **अण्डा उत्पादन (हजारमा)** | **कैफियत** |
| १ | कुखुरा | ८,९४६ | ८७५ | |
| २ | हाँस | ३२ | ०.८ | |
| **जम्मा** | | **८,९७८** | **८७५.८** | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | | |

| *तालिका १६ : फिदिम नगरपालिकामा माछा उत्पादनको विवरण* | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **जम्मा उत्पादन (केजी)** | **उत्पादन पोखरी (हेक्टरमा)** | **कैफियत** |
| १ | माछा | १० | ०.१ | |
| *स्रोत : फिदिम नगरपालिका कृषि तथा पशुपन्छी विकास शाखा, २०८१* | | | | |

**हाटबजार**

फिदिम नगरपालिकामा दैनिक उपभोग्य वस्तुहरुको खरिद विक्री गर्न शनिबारे हाटबजार (वडा नं. १), द्वितीया बजार (फिदिम ३), औंसी बजार (फिदिम १०) र आजभोली हाटबजार (फिदिम १२) रहेका छन्। यी हाटबजारहरुले स्थानीय उत्पादनहरुको बजारीकरण गर्न महत्वपूर्ण भूमिका खेलिराखेको छ । हाटबजारमा कुखुरा, बंगुर, खसी, कृषिजन्य उत्पादन तरकारी, फलफूल, कपडा, जुत्ता चप्पल, चिया नास्ता, हँसिया कोदालो, खुर्पा, खुकुरी, लेकाली जडिबुटी, आदि किनबेच हुने गरेको छ।



*फोटो १ : फिदिम बजार स्थित शनिबारे हाटबजार*

## २.२.२ पर्यटन तथा संस्कृति

नगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुमा शिवालय मन्दिर (फिदिम-१), सुम्हात्लुङ देवस्थल (गढी) (फिदिम-४), थाक्ले मन्दिर (फिदिम-४), गुम्बा (फिदिम-१२), जाल्पा देवी (फिदिम-१४), लब्रेकुटी

(फिदिम-५), फाल्गुनन्द सालिक (फिदिम १ र १०), माङ्गिम मन्दिर (फिदिम-९), रमिते भ्यु टावर, थाक्ले बुद्धपार्क र तमोर नदी (फिदिम-४), साधुटार (फिदिम-८), लोहाकिल (फिदिम-१४), रानीटार तमु संग्रहालय (फिदिम-७), गुप्तेश्वर महादेव धाम (फिदिम-१४) आदि रहेका छन् ।

*तालिका १७ : फिदिम नगरपालिकाका पर्यटकीय स्थलहरु*

| क्र.सं. | पर्यटकीय स्थल | वडा | स्थलको महत्व |
|---|---|---|---|
| १ | शिवालय मन्दिर | १ | हिन्दु धर्मावलम्बीहरुको पूजाआजा गर्ने स्थल |
| २ | कृष्ण मन्दिर | २ | धार्मिक एवम् पर्यटकीय स्थल |
| ३ | सिलौटी | ३ | महागुरु फाल्गुनन्दको तपोभूमि र समाधि स्थल/धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल |
| ४ | लब्रेकुटी | ३ | १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको कर्मभूमि/धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल |
| ५ | सुम्हात्लुङ देवस्थल | ४ | किराँत धर्मावलम्बीको आस्थाको केन्द्र ऐतिहासिक स्थल |
| ६ | थाक्ले मन्दिर | ४ | धार्मिक ऐतिहासिक स्थल सिंहदेवीको बास रहेको विश्वास, बाघ सुत्ने गुफा |
| ७ | तमु संग्राहलय रानीटार | ८ | गुरुङ जातिहरुको ऐतिहासिक तथा पौराणिक स्थल |
| ८ | शिव मन्दिर रानीटार | ८ | धार्मिक स्थल धार्मिक मेला |
| ९ | खलङ्गा याङनाम | १० | दृश्यावलोकन |
| १० | फुलबारी क्षेत्र नांगिन | १२ | स्वामी दिलदासको तपोंभूमि धार्मिक पर्यटकीय स्थल |
| ११ | बौद्ध गुम्बा नांगिन | १२ | बौद्ध धर्मावलम्बीहरुको धार्मिक स्थल तथा दृश्यावलोकन |
| १२ | भोटेगढी नांगिन | १२ | धार्मिक तथा ऐतिहासिक स्थल, पर्यटकीय क्षेत्र |
| १३ | छिन्तापु डाँडा, लुङरुपा | १३ | सूर्योदय दृश्यावलोकन, जैविक विविधता, अम्लो चुचुरो पाँच वटा पोखरी |
| १४ | सुके पोखरी | १४ | सूर्योदय दृश्यावलोकन, पर्यटकीय क्षेत्र |
| १५ | बौद्ध गुम्बा | १४ | बुद्ध धर्मावलम्बीहरुको धार्मिक स्थल तथा दृश्यावलोकन |
| १६ | गुप्तेश्वर धाम | १४ | धार्मिक स्थल पर्यटकीय क्षेत्र |
| १७ | पौवा भञ्ज्याङ | १४ | प्राकृतिक सौन्दर्यता, कञ्चनजङ्गा हिमालको मनोरम दृश्यावलोकन |
| १८ | रमिते भ्यु टावर | २ | फिदिम बजार तथा वरपरका दृश्यावलोकन |
| १९ | साधुटार | ८ | सुनार जातिहरुले होमादि गरेर आफ्ना इष्ट देवतालाई पुकार्ने थलो |
| २० | लोहाकिल | १४ | सूर्योदय तथा सुन्दर हिमाली श्रृङखलाहरुको दृश्यावलोकन |

*स्रोत : स्थलगत अवलोकन, २०८१ र फिदिम नगरपालिकाको वस्तुगत विवरण, २०७४*




*फोटो 2 : फिदिम नगरपालिकाका पर्यटकीय क्षेत्रहरु*



*फोटो ३: फिदिम नगरपालिकाका मठ मन्दिर तथा संस्कृतिक पक्ष*

**होमस्टे**

नेपालका विभिन्न पर्यटकीय क्षेत्रहरुमा होमस्टे निकै फस्टाउँदै गएको पाईन्छ। पर्यटकहरु स्थानीय समुदायको घरमा बसी स्थानीय स्वाद अनुसारको खानपान गर्नुका साथै स्थानीय संस्कार र सँस्कृतिमा रमाउने गर्दछन्। हाल वडा नं. २ र ३ मा लालिखर्क बतासे सामुदायिक होमस्टे सञ्चालनमा रहेको छ।



*फोटो ४ : लालिखर्क बतासे सामुदायिक होमस्टे (फिदिम २,३)*

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

फिदिम नगरपालिकामा लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा छन् । नगरपालिकामा सञ्चालित उद्योगहरुमा फर्निचर फिक्चर्स/गोलिया/स:मिल, डेरी, ढाका/पस्मिना, ग्रील, पाउरोटी, बेकरी, ईट्टा, राईस मिल, कुटानी पिसानी, प्लाईउड, गलैंचा, मुडा, दाना, चाउमिन तथा सस, च्याउ, दालमोट, आदि रहेका छन् । नगरपालिका क्षेत्रमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग एवम् व्यापार र व्यवसाय नविकरण तथा दर्ता नभएको हकमा दर्ता गराई ठुलो रकममा राजस्व सङ्कलन हुन सक्ने देखिन्छ । *(स्रोत: स्थलगत अवलोकन, २०८१ तथा फिदिम नगरपालिकाको वस्तुगत विवरण, २०७४)*



*फोटो ५ : फिदिम नगरपालिकाका विविध साना उद्योग तथा व्यवसाय*

### २.२.४ श्रम तथा रोजगारी

फिदिम रोजगार शाखामा नाम सूचि दर्ता अभिलेख, २०८०/८१ अनुसार नगरपालिकामा बेरोजगार दर्ता ४,०३१ जना (कुल जनसङ्ख्याको ८.३१ प्रतिशत) छन्। जस मध्ये पुरुष २,४८१ (कुल जनसङ्ख्याको ५.११ प्रतिशत) तथा महिला १,५५० (कुल जनसङ्ख्याको ३.२० प्रतिशत) रहेका छन् । कृषि बाहेकका घरपरिवारद्वारा सञ्चालित लघु उद्यमहरुको किसिम अन्तर्गत घरेलु उद्योगमा ५७ पुरुष र ७३ महिला, व्यापार व्यवसायमा २१० पुरुष तथा ३५६ महिलाद्वारा सञ्चालित छन्। त्यसै गरी यातायात व्यवसाय ४६ पुरुष र ६ महिला, सेवा क्षेत्र ९२ पुरुष र २३ महिलाद्वारा सञ्चालित छन् भने अन्य पेशा ३१ पुरुष र २४ महिलाबाट सञ्चालन गरिएको छ। १६ वटा उद्यमहरुको किसिम बारे उल्लेख गरिएको छैन।

नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसङ्ख्या १४,०२२ पुरुष र १३,०३४ महिला गरी कुल २७,०५६ जना रहेको छ।
*(स्रोत: राष्ट्रिय जनगनणा, २०७८)*

फिदिम नगरपालिका वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र, २०७९ अनुसार ३,१८९ जना वैदेशिक रोजगारमा गएका मध्ये १,५४५ जना वैदेशिक रोजगारबाट फर्केका छन् भने १,६३५ जना वैदेशिक रोजगारमा कार्यरत छन्। नगरपालिकाको क्रियाशिल उमेर समूह १८ देखि ५९ वर्षका २३,८४० जना मध्ये करिब १४ प्रतिशत मानिसहरु भारत बाहेक कुनै कुनै वैदेशिक रोजगारमा गएको देखिन्छ। नगरपालिकामा १७ प्रतिशत सीपमूलक दक्ष कामदार र

८३ प्रतिशत अदक्ष कामदारहरु वैदेशिक रोजगारमा गएका छन् । देशको अवस्थाको कारण विदेश जाने सङ्ख्यामा वृद्धि भइरहेको छ । नगरपालिकाको सामी शाखाबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा पुरुष १३१३ र महिला २३२ गरि विदेश जाने सङ्ख्या १५४५ रहेको छ ।

### २.२.५ बैंक, सहकारी तथा वित्तीय क्षेत्र

फिदिम नगरपालिकामा २६ वटा बैंक ( क,ख र ग वर्ग), १० वटा लघु वित्तीय संस्था र १७ वटा बीमा/ईन्सुरेन्स कम्पनी सञ्चालित छन् । यी संस्थाहरुबाट मुख्यतया कृषि र व्यापार तथा व्यवसाय क्षेत्रमा भईरहेको छ । यी बाहेक २९ वटा कृषि सहकारी, ८ वटा बचत तथा ऋण सहकारी संस्था, ६ वटा बहुउद्देशिय सहकारी, ४ वटा चिया उत्पादक प्रशोधन सहकारी, ३ वटा विद्युत सहकारी संस्था, १ वटा दुग्ध उत्पादक सहकारी, १ वटा कृषि तथा पशुपालन सहकारी, १ वटा वनस्पति जडिबुटी सहकारी र १ वटा स्वास्थ्य सहकारी गरी ५४ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । जसले गर्दा नगरपालिकाको वडा र टोलहरुसम्म वित्तीय पहुँच पुगेको छ । यसले गर्दा स्थानीय स्तरमै सरल र सुलभ दरमा ऋण प्रवाहको वातावरण बनेको छ । *(स्रोत : फिदिम नगरपालिका कार्यालय, २०८१ तथा स्थलगत अवलोकन, २०८१)*

 

फोटो ६ : *नगरपालिकामा वित्तीय सेवा प्रदान गरिरहेका वित्तीय संस्थाहरु*

## २.३ सामाजिक विकास अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

फिदिम नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा १ वटा जिल्ला अस्पताल, ८ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य इकाई, २ वटा शहरी स्वास्थ्य केन्द्र, ३ वटा निजी तथा गैर सरकारी अस्पताल आदि सञ्चालनमा रहेका छन् । यसका अलावा ४४ वटा खोप केन्द्र, ४५ वटा खोप सेसन, २३ वटा गाउँघर क्लिनिक र ८४ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुले थप सहयोग र समर्थन गरिरहेका छन् । यी स्वास्थ्य संस्थाहरुमा स्वीकृत दरबन्दी अनुसार १ जना जन स्वास्थ्य अधिकृत, ९ जना हे.अ./सि.अ.हे.ब.,

५ जना सि.अ.न.मि., ८ जना अ.न.मि., १२ जना अ.हे.ब. (५ जना करार), १ जना का.स. (थप १४ जना करार) लगायतका स्थायी जनशक्ति कार्यरत छन् ।

यहाँका स्वास्थ्य संस्थाहरुमा सरकारले लागू गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन, खोप अभियानहरु सञ्चालन र आधारभूत तहको स्वास्थ्य उपचार लगायत सेवा उपलब्ध छ । यस क्षेत्रमा दैनिक ओपिडी सेवा, सुरक्षित मातृत्व सेवा, खोप सेवा, परिवार नियोजन, पोषण सेवा, क्षयरोग, कुष्ठरोग तथा सरुवा रोग सम्बन्धी सेवा लगायतका सेवाहरु सञ्चालनमा छन् । फिदिम नगरपालिका क्षेत्र बाट स्वास्थ्य सेवा सुविधा लिन आउने गरिएकोमा विशिष्ट र गम्भीर प्रकृतिको रोगहरुको उपचारको लागि इलाम, बिर्तामोड, विराटनगर र काठमाडौं जाने गरेको छ ।

सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत पहिलो पटक गर्भ जाँच गराउने महिलाहरु ४२.६ प्रतिशत तथा कम्तिमा एक पटक गर्भ जाँच गराउने ६६.४ प्रतिशत रहेको छ । चार पटक भन्दा बढी गर्भ जाँच गराउने गर्भवती महिलाहरु ५३.२ प्रतिशत रहेको छ । अपेक्षित जीवित जन्महरु मध्ये दक्ष प्रसुतीकर्मीद्वारा प्रदान गरिएको सुत्केरी सेवा २२.५ प्रतिशत, दक्ष स्वास्थ्यकर्मीद्वारा प्रदान गरिएको सुत्केरी सेवा १०.६ प्रतिशत र संस्थागत सुत्केरी सेवा १०२ प्रतिशत रहेको छ । पाँच वर्षका बालबालिकाहरुले भिटामिन ए सेवन गरेका १०० प्रतिशत भन्दा बढी रहेको छ खोप सेवामा बिसिजी खोप ७४.६ प्रतिशत, डिपिटी (पहिलो) ८०.८ प्रतिशत, डिपिटी (तेस्रो) ८६.३ प्रतिशत, पिसिभी तेस्रो मात्रा ९३.८ प्रतिशत र टाइफाइड विरुद्धको खोप ८८.८ प्रतिशत रहेको छ । एक वर्ष मुनिका नयाँ बालबालिकाको वृद्धि अनुगमनको प्रगति १८० प्रतिशत, दुई वर्ष मुनिका बालबालिकाहरुमा वृद्धि अनुगमनका लागि गरिएको प्रगति ९०.५ प्रतिशत रहेको छ । नयाँ केसहरुमा कुपोषित बालबालिका ३.११ प्रतिशत रहेको छ । नगरपालिकामा गर्भपतनको सङ्ख्या ६४४ रहेको छ । जसमध्ये २० वर्ष मुनिको गर्भपतन ४६ प्रतिशत रहेको छ । *(स्रोत : फिदिम नगरपालिकाको वार्षिक स्वास्थ्य प्रतिवेदन, २०८०/२०८१)*






*फोटो ७: फिदिम नगरपालिकाका स्वास्थ्य संस्थाहरु*

## २.३.२ शैक्षिक विकास

फिदिम नगरपालिकामा सामुदायिक विद्यालय ७९ वटा (सञ्चालनमा ७७ वटा) र संस्थागत विद्यालय १८ वटा गरेर जम्मा ९७ वटा विद्यालय रहेका छन् । पाँचथर बहुमुखी क्याम्पसमा स्नातकोत्तर सम्म अध्यापन हुँदै आएको छ । सामुदायिक विद्यालयमा ९,६९६ जना तथा संस्थागत विद्यालयमा ४,११६ गरि यी सबै विद्यालयहरुमा जम्मा १३,८१२ जना विद्यार्थीहरुले अध्ययन गर्दै आएका छन् । नगरपालिका भित्र विद्यार्थी सङ्ख्या न्यून भई बालविकास शिक्षक तथा कार्यालय सहयोगीको सहयोगमा बालविकास सञ्चालन भएको विद्यालय सङ्ख्या ३ वटा रहेका छन् । दुईवटा विद्यालयमा विद्यार्थी नभएको कारण पठनपाठन स्थगित भएको छ । त्यसै गरि १-३ सम्म पठनपाठन हुने विद्यालय सङ्ख्या १६ वटा, १-५ सम्म २६ वटा, १-८ सम्म १२ वटा, १-१० सम्म १३ वटा, १-१२ सम्म ७ वटा र गुम्बा १ वटा रहेको छ ।

फिदिम नगरपालिका भित्रका सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दी, राहत दरबन्दी तथा अनुदान गरि कुल दरबन्दी प्रा.वि. तहमा २८४ जना, नि.मा.वि. तहमा ८२ जना, मा.वि. तहमा ४९ जना, उ.मा.वि. तहमा २२ गरि जम्मा दरबन्दी ४३७ जना रहेको छ। शिक्षा शाखामा कर्मचारी दरबन्दी उपसचिव १ जना, अधिकृत सातौं/आठौं १ जना र प्राविधिक सहायक १ जना गरी जम्मा ३ जनाको दरबन्दी रहेकोमा हाल शिक्षा अधिकृत स्तर आठौं १ जना र प्राविधिक सहायक १ जना मार्फत सञ्चालन भईरहेको छ। जस अनुसार उपसचिवको एक दरबन्दी रिक्त रहेको छ। *(स्रोत : फिदिम नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८०/८१)*

*तालिका 1 : फिदिम नगरपालिकाका शिक्षण संस्थाहरु*

| क्र. सं. | विद्यालयको नाम | भवन सङ्ख्या | जग्गाको क्षेत्रफल | कम्प्युटर | शौचालय पानी सहितका कोठा | विज्ञान प्रयोग शाला | पुस्तकालय | ICT Lab |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि. | ७ | 16-0-0-0 | १६ | ८ | | | |
| २ | श्री शिवधर आ.वि. | ३ | 3–1-1-1 | १ | १ | | | |
| ३ | श्री जोरकुलो आ.वि. | २ | 3-1-0-6 | १ | २ | | | |
| ४ | श्री महाकवि देवकोटा आ.वि. | ३ | 3 -0-0-0 | १ | ३ | | | |
| ५ | श्री पारूहाङमा आ.वि | ३ | 3- 0-0-4 | | २ | | | |
| ६ | श्री सिंहसिद्ध आ.वि. | १ | 2-0-0-4 | १ | १ | | | |
| ७ | श्री तीनमौले आ.वि. | ३ | 2-0-0-0 | १ | १ | | | |
| ८ | श्री बुद्ध आ.वि | २ | 2 -0-0-0 | १ | २ | | | |
| ९ | श्री महादेव गुप्तेश्वर मा.वि. | ४ | 7 -3- 1-0 | १० | ३ | १ | ० | ० |
| १० | श्री सिद्धेश्वर मा.वि. | ४ | 1-3-0-15 | ६ | ३ | ० | ० | १ |
| ११ | श्री सिंहसिद्ध मा.वि. | ४ | 20: 3 4 | ५ | १ | | | |
| १२ | श्री युवराज आ.वि. | ४ | 10-3-0-8 | २ | २ | | | |
| १३ | श्री सिंह सिद्ध आ.वि. | ४ | 7-3-0-3 | ३ | २ | | | |
| १४ | श्री महादेव आ.वि. | १ | 2- 0-1-0 | १ | १ | | | |
| १५ | श्री जालपादेवी आ.वि. | १ | 3- 0- 0-0 | २ | २ | | | |
| १६ | श्री गौमुखी आ.वि. | १ | 2-3-2-14 | | २ | | | |
| १७ | श्री जलकन्या आ.वि. | २ | 2-0-0-7 | ३ | २ | | | |
| १८ | श्री लुम्फाबुङ मा.वि. | ७ | 15-3-2-4 | २ | ४ | | | |
| १९ | श्री सिद्धकालिका आ.वि. | ४ | 2-0-0-0 | २ | २ | | | |
| २० | श्री फेमेसुवा आ.वि. | ३ | 7- 0-0-0 | २ | १ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | श्री सिद्धदेवी मा.वि. | ६ | 9-1 -1-0 | १३ | ४ | | | |
| २२ | श्री कालिका मा.वि, बाबुङ्गा | ७ | 18-0-0-8 | ३ | ५ | १ | | |
| २३ | श्री सक्रान्ती आ.वि. | ३ | 6-0-0-3 | १ | २ | | | |
| २४ | श्री नांगिन मा.वि. | ८ | 7-0-0-0 | २० | २ | | | |
| २५ | श्री बुधुक आ.वि. | ४ | 2-0-0-0 | | २ | | | |
| २६ | श्री कस्तुरी आ.वि. | २ | 3-0-0-0 | १ | | | | |
| २७ | श्री सेजेपा आ.वि. | २ | 2-0-0-0 | १ | २ | | | |
| २८ | श्री सिंहसिद्ध आ.वि. | २ | 5-0-0-0 | १ | १ | | | |
| २९ | श्री तृतीया आ.वि. | ४ | 3-0- 0-0 | ९ | १ | | | १ |
| ३० | श्री पाथिभरा आ.वि. | १ | 3-0-0-0 | १ | १ | | | |
| ३१ | श्री पञ्चकन्या आ.वि. | २ | 1-0-0-0 | | १ | | | |
| ३२ | श्री जनचेतना आ.वि. | | 8-0-0-5 | | | | | |
| ३३ | श्री पञ्चमी आ.वि. | १ | 1-0-0-0 | १ | २ | | | |
| ३४ | निग्मा छयाजोलुङ च्याङलुङ गुम्बा | २ | 6-0-0- 8 | १ | २ | | | |
| ३५ | श्री फिदिम मा.वि. | ८ | 58-0-3-8 | ५६ | ४ | | | |
| ३६ | श्री सुखबोध मा.वि. | १२ | 21-2-0-10 | १२ | ३ | | | |
| ३७ | श्री जनकल्याण मा.वि. | ६ | 11-3-4-3 | ३ | १ | | | |
| ३८ | श्री कालिका मा.वि, साम्दिन | ४ | 6-3-1- 3 | ८ | ५ | | | |
| ३९ | श्री गढी मा.वि. | ८ | 3-0-0-0 | १९ | ६ | | | |
| ४० | श्री कात्तिके आ.वि. | २ | 1-0-3-14 | १ | १ | | | |
| ४१ | श्री तिरतिरे आ.वि. | २ | 2-0-0-0 | १ | २ | | | |
| ४२ | श्री थाङसाङ आ.वि. | २ | 2-1-3-1 | १ | १ | | | |
| ४३ | श्री सूर्योदय आ.वि. | १ | 1-0-0- 2 | | १ | | | |
| ४४ | श्री बालमन्दिर आ.वि. | ३ | 1-0-3 -7 | १ | २ | | | |
| ४५ | श्री नागरिक मा.वि. | १ | 1-0-0-0 | १ | १ | | | |
| ४६ | श्री पिपलबोटे आ.वि. | ७ | 7- 0-0-0 | ७ | २ | | | |
| ४७ | श्री आदर्श आ.वि. | ३ | 0- 0-0-12 | १ | २ | | | |
| ४८ | श्री जागृती आ.वि. | २ | 1-0-0-0 | | १ | | | |
| ४९ | श्री दिप ज्योति आ.वि. | ५ | 3-0-0-0 | ५ | १ | | | |
| ५० | श्री सुम्निमा आ.वि. | २ | 2-4-1-5 | १ | २ | | | |
| ५१ | श्री रानीटार मा.वि. | ५ | 7 -0-0-4 | १४ | १ | | | |
| ५२ | श्री इथुङ मा.वि. | ६ | 17-0-0-4 | २ | ३ | १ | | |
| ५३ | श्री विद्या आर्जन मा.वि. | ६ | 7-4-2-11 | २ | २ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५४ | श्री महादेव आ.वि, मुलडाडा | ६ | 3-0-0-2 | ७ | २ | | | |
| ५५ | श्री सरस्वती आ.वि. | ५ | 3-6 -3 -9 | १० | १ | | | |
| ५६ | श्री कालिका आ.वि | १ | 1-3- 3-4 | | २ | | | १ |
| ५७ | श्री बुद्ध आ.वि | २ | 8-0- 0-8 | ७ | २ | | | |
| ५८ | श्री अरनिको आ.वि. | २ | 4-0-0-0 | १ | १ | | | |
| ५९ | श्री लक्ष्मी आ.वि. | २ | 3 -0-0-0 | १ | २ | | | |
| ६० | श्री सिद्धकालिका आ.वि. | १ | 1-0-0-8 | २ | | | | |
| ६१ | श्री पञ्चकन्या आ.वि. | ३ | 6-0-0-0 | १ | २ | | | |
| ६२ | श्री सगरमाथा आ.वि. | १ | 3-0- 0-3 | १ | १ | | | |
| ६३ | श्री सिद्ध आ.वि, घलेगाउँ | ३ | 2-0 -0-0 | ४ | २ | | | |
| ६४ | श्री प्रगतिशिल आ.वि. | ४ | 3-0-0-8 | ३ | ४ | | | |
| ६५ | श्री शिवशक्ति आ.वि. | १ | 8-0-0-0 | १ | | | | |
| ६६ | श्री भगवती मा.वि | १ | 1-3 -3 -6 | | १ | | | |
| ६७ | श्री काफलबोटे आ.वि. | ६ | 9- 3-1-14 | ६ | २ | | | |
| ६८ | श्री सिद्ध कालिका मा.वि. | २ | 2-0-0 -0 | १ | १ | | | |
| ६९ | श्री चोकमागु आ.वि. | ५ | 2-0- 0- 0 | २७ | ६ | | | |
| ७० | श्री सिंह कालिका आ.वि | २ | 2–14- | | २ | | | |
| ७१ | श्री सिंहदेवी आ.वि. | २ | 1–2- | | १ | | | |
| ७२ | श्री खलंगाटार मा.वि. | १ | 1-0-0-8 | | १ | | | |
| ७३ | श्री याङनाम आ.वि. | ५ | 3-0-0-0 | ८ | ४ | | | |
| ७४ | श्री पच्चिसे आ.वि. | ३ | 1- 1 -1 -0 | १ | २ | | | |
| ७५ | श्री सिद्धदेवी आ.वि. | १ | 13-0-0-0 | १ | १ | | | |
| ७६ | श्री कुम्बकर्ण आ.वि. | ८ | 1-0-2-0 | ४ | ४ | | | |
| ७७ | श्री प्रगती आ.वि. | १ | 1-0-2-0 | | २ | | | |
| ७८ | श्री चोक्लुङ आ.वि. | ३ | 3-0-1-8 | २ | १ | | | |
| ७९ | श्री जुनेली आ.वि. | ३ | 1-0-0-8 | १ | २ | | | |
| *स्रोत: फिदिम नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८०/८१* | | | | | | | | |

पाँचथर जिल्लालाई २०७२ सालमा साक्षर जिल्ला घोषणा गरिएको हो। यस नगरपालिकामा ५ वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ८३.७ प्रतिशत (पुरुष साक्षारता ८९.५ प्रतिशत र महिला साक्षारता ७८.२ प्रतिशत) रहेको छ जुन राष्ट्रिय साक्षरता दर (७६.२५ प्रतिशत) भन्दा बढी रहेको छ। नगरपालिकामा आधारभूत तह र माध्यमिक तहमा विद्यार्थी भर्ना दर क्रमश: ९५.७ प्रतिशत र ७४.१ प्रतिशत रहेको छ। विद्यालय छाड्ने दर १.९ प्रतिशत रहेको छ। जसमध्ये आधारभूत तह र माध्यमिक तहमा क्रमश: २.१६ प्रतिशत र २.२

प्रतिशत रहेको छ । विद्यालय भर्ना दर ९२.८ प्रतिशत रहेको छ । जसमध्ये कुल भर्ना दर १-५ कक्षा १०७.६ प्रतिशत, ६-८ कक्षा १३०.८ प्रतिशत, ९-१० कक्षा ९६.६ प्रतिशत तथा ११-१२ कक्षा ५८.५ प्रतिशत रहेको छ। त्यसै गरी खुद भर्ना दर ७३.९ प्रतिशत रहेको छ। जसमध्ये खुद भर्ना दर १-५ कक्षा ९५.६ प्रतिशत, ६-८ कक्षा ९५.३ प्रतिशत, ९-१० कक्षा ७४.१ प्रतिशत तथा ११-१२ कक्षा ३४.४ प्रतिशत रहेको छ। विद्यालयहरुमा कुल प्रवेश दर १०९.८ प्रतिशत तथा खुद प्रवेश दर ९६.२ प्रतिशत रहेको छ। *(स्रोत : फिदिम नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८०/८१)*

नगरपालिकाको शैक्षिक अवस्थामा शुरुआती बाल अध्ययन ३.९८ प्रतिशत, प्राथमिक तह २७.४५ प्रतिशत, निम्न माध्यमिक तह २०.८७ प्रतिशत र उच्च माध्यमिक तह १७.५४ प्रतिशत रहेको छ । नगरपालिकामा एस.एल.सी. वा सो सरह १२.३९ प्रतिशत, प्रविणता प्रमाणपत्र तह वा सो सरह ११.८० प्रतिशत, स्नातक तह वा सो सरह ३.३१ प्रतिशत, स्नातकोत्तर तह वा सो सरह १.२६ प्रतिशत, अन्य ०.०१ प्रतिशत, स्तर नभएको १.०१ प्रतिशत जनसङ्ख्या रहेका छन् भने ०.३७ प्रतिशत जनसङ्ख्याको शैक्षिक स्तर उल्लेख गरिएको छैन । अध्ययनको प्रमुख क्षेत्र अनुसार १५ वर्ष माथिका विद्यार्थीहरुले १०+२ वा सो भन्दा माथि शिक्षा हासिल गरेका मध्ये  मानविकी र सामाजिक विज्ञान १०.२७ प्रतिशत, व्यवस्थापन २६.५० प्रतिशत, शिक्षण ५०.५२ प्रतिशत, विज्ञान तथा प्रविधि ३.४८ प्रतिशत, स्वास्थ्य/मेडिकल विज्ञान २.४८ प्रतिशत, इन्जिनियरिङ १.३६ प्रतिशत, कानुन १.०३ प्रतिशत, कृषि ०.४४ प्रतिशत, वन ०.२३ प्रतिशत, पशु विज्ञान/पशु चिकित्सा/मत्स्यपालन ०.२१ प्रतिशत, कम्प्यूटर तथा सूचना प्रविधि ०.४४ प्रतिशत र अन्य ०.७७ प्रतिशत रहेका छन् भने २.२६ प्रतिशतको शिक्षाको क्षेत्र उल्लेख गरिएको छैन। *(स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

### २.३.३ खानेपानी तथा सरसफाइ

#### २.३.३.१ खानेपानी

*तालिका 2 : घरधुरी अनुसार खानेपानी स्रोतको अवस्था*

| खानेपानीको स्रोत | घरधुरी | प्रतिशत |
|---|---|---|
| पाईपधारा (घर भित्रै) | ७,४६३ | ६०.५० |
| पाईपधारा (घर बाहिर) | ४,४०९ | ३५.७४ |
| ढुङ्गे धारा | २०९ | १.६९ |
| ईनार/कुवा (नढाकिएको) | १०९ | ०.८८ |
| खोला वा नदि | ५९ | ०.४८ |
| ट्युबवेल/ह्याण्ड पम्प | २२ | ०.१८ |
| ईनार/कुवा (ढाकिएको) | ११ | ०.०९ |

| | | |
|---|---|---|
| जार/बोटल | ७ | ०.०६ |
| अन्य | ४७ | ०.३८ |
| **जम्मा** | **१२,३६६** | **१००.००** |
| *स्रोत : राष्ट्रिय जनगणना,२०७८* | | |

२.३.३.२ सरसफाइ

*तालिका 3 : घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति*

| **शौचालय प्रयोगको अवस्था** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| शौचालय नभएका घरधुरी | ८२ | ०.६६ |
| फ्लस शौचालय (सेप्टिक ट्याङ्क) | ८,७३७ | ७०.८३ |
| खाडल शौचालय | ३,०३५ | २४.६० |
| फ्लस शौचालय (सार्वजनिक निकास) | ४५८ | ३.७१ |
| सार्वजनिक शौचालय | २४ | ०.१९ |
| **कुल घरधुरी** | **१२,३६६** | **१००.००** |
| *स्रोत : राष्ट्रिय जनगणना, २०७८* | | |

## २.३.४ लैङ्गिक समानता र सामाजिक अवस्था

नगरपालिकाको कुल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४८.८३ प्रतिशत र महिलाको सङ्ख्या ५१.१७ प्रतिशत रहेको छ जस अनुसार लैङ्गिक अनुपात ९५.४२ पुरुष प्रति १०० जना महिला हुन आउँछ । यस नगरपालिकामा ५ वर्ष मुनिका बालबालिकामा ४.०४ प्रतिशत पुरुष र ४.०५ प्रतिशत महिला गरि कुल ९.०९ प्रतिशत रहेको छ भने १४-४५ वर्ष उमेर समूहका युवायुवतीहरुको सङ्ख्या कुल जनसङ्ख्याको ४८.८९ प्रतिशत रहेको छ । त्यसै गरी ६०-७० वर्ष उमेर समूहका मानिसहरुको सङ्ख्या कुल जनसङ्ख्याको ६.२६ प्रतिशत तथा ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको सङ्ख्या ३.९२ प्रतिशत रहेको छ । *(स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

आदिवासी तथा जनजातिहरु कुल जनसङ्ख्याको याक्थुङ/लिम्बु ३७.२० प्रतिशत, राई १६.८७ प्रतिशत, तामाङ ५.४९ प्रतिशत, गुरुङ ४.३७ प्रतिशत, मगर ४.२ प्रतिशत, सुनुवार २.८३ प्रतिशत, नेवार १.६७ प्रतिशत, शेर्पा ०.७४ प्रतिशत, घर्ती/भुजेल ०.२५ प्रतिशत, खालिङ ०.१५ प्रतिशत, राजवंशी ०.१३ प्रतिशत, वान्तवा ०.०९ प्रतिशत, थुलुङ ०.०८ प्रतिशत, चाम्लिङ ०.०७ प्रतिशत र थारु ०.०६ प्रतिशत छन् । त्यसै गरी सिमान्तकृत र पिछडिएका जातिहरुमा विश्वकर्मा ३.५१ प्रतिशत, परियार १.९९ प्रतिशत, मिझार ०.५७ प्रतिशत, तेली ०.१५ प्रतिशत, माझी ०.१ प्रतिशत, धानुक ०.०५ प्रतिशत, कोईरी/कुशवाहा ०.०३ प्रतिशत, बढई/बादी ०.०२ प्रतिशत,

आदि रहेका छन् । नगरपालिकामा बोलिने भाषाहरुमा याक्थुङ/लिम्बू, नेपाली, वान्तवा, तामाङ, राई, मगर धुत, गुरुङ, सुनुवार, चाम्लिङ, थुलुङ, नेवारी, शेर्पा, नाछिरिङ, खालिङ, मैथिली, साम्पाङ तथा अन्य भाषा रहेका छन् । नगरपालिकाको जनसङ्ख्यालाई अपाङ्गताका दृष्टिकोणले हेर्दा ९७.८७ प्रतिशत जनसङ्ख्या सपाङ्ग रहेका छन् । सपाङ्ग बाहेक भौतिक अपाङ्गता भएका ०.८१ प्रतिशत तथा सबभन्दा कम हेमोफिलिया ०.०१ प्रतिशत रहेका छन् । *(स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आ.व. २०८०/२०८१ मा फिदिम नगरपालिकाबाट ज्येष्ठ नागरिक भत्ता, ज्येष्ठ नागरिक भत्ता (दलित), ज्येष्ठ नागरिक एकल महिला, विधवा आर्थिक सहायता, पूर्ण अपाङ्गता "क" वर्ग र अति अशक्त अपाङ्गता "ख" वर्ग आर्थिक सहायता, दलित बालबालिकाको लागि भत्ता वितरण गरिएको छ । साथै नगरपालिकाले "ग" तथा "घ" वर्गको अपाङ्गलाई स्वास्थ्य उपचारको लागि सहायता प्रदान गरिएको छ । नगरपालिकामा ज्येष्ठ नागरिक भत्ता २,६९२ जना, ज्येष्ठ नागरिक दलित भत्ता १०८ जना, ज्येष्ठ नागरिक एकल महिला भत्ता ३६४ जना, विधवा आर्थिक सहायता ६३४ जना, क वर्ग आर्थिक सहायता ८२ जना, ख वर्ग आर्थिक सहायता २४४ जना, दलित बालबालिका भत्ता १५३ जना गरि कुल ४,२७७ जनाले सामाजिक सुरक्षा भत्ता लिएका छन् । *(स्रोत : फिदिम नगरपालिका, २०८१)*

### २.३.५ युवा, खेलकुद तथा कला

फिदिम नगरपालिकामा कुल जनसङ्ख्याको १५-३० वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या २८.४४ प्रतिशत र ३०-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या २०.४५ प्रतिशत गरी १५-४५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या ४८.८९ प्रतिशत छ । यी युवाहरु व्यवसायिक कृषि, स्थानीय उद्योग व्यवसाय, वैदेशिक रोजगार, ज्याला मजदुरी, नोकरी, आदिमा संलग्न रहेका छन् । यसरी जनसङ्ख्याको उमेरगत समूहलाई हेर्दा युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको हिस्सा निकै रहेकोले जनसाङ्ख्यिकीय लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्न सकिन्छ । *(स्रोत : राष्ट्रिय जनगणना, २०७८ तथा स्थलगत भ्रमण, २०८१)*

स्थानीय विद्यालयमा भएका खेलमैदान र नगरपालिकामा रहेका खुल्ला चौरहरु नै खेलकुदका मुख्य पूर्वाधारहरु हुन् । ती खेलमैदानहरुको स्तरोन्नति गर्न आवश्यक छ भने वडा तथा पालिका स्तरीय खेलमैदान निर्माण गर्नुपर्ने देखिन्छ । नगरपालिकाभित्र गठन गरिएका युवा क्लबहरुहरु खेलकुद, युवा सशक्तिकरण, सचेतना तथा सामाजिक गतिविधिहरुमा संलग्न रहेका छन् । पालिका क्षेत्रमा विशेष गरी फुटबल, भलिबल लगायत खेल खेलिने गरेको छ । नगरपालिकामा खेलाडीहरुको तथ्याङ्क अभिलेखको व्यवस्था गर्न बाँकी रहेको छ । *(स्रोत : फिदिम नगरपालिका, २०८१)*

विविध जातजातिका मानिसहरु बसोबास गर्ने यस फिदिम नगरपालिका कला तथा संस्कृतिमा समेत धनी रहेको छ। यस क्षेत्रमा स्थानीय चाडपर्वको रुपमा चासोक तङ्नाम, चण्डी पूर्णिमा/उभौली पर्व, असार पन्ध्र, जनै पूर्णिमा, हरितालिका तीज, कृष्ण जन्माष्टमी, राँके मेला, बडा दशैं, तिहार, धान्य पूर्णिमा/उधौली पर्व, तमु ल्होसार, क्रिसमस, माघे संक्रान्ति, सोनाम ल्होसार, महाशिवरात्री, फागू पूर्णिमा, रामनवमी, आदि रहेका छन्। चाडपर्व तथा विशेष दिनमा यस क्षेत्रका विभिन्न स्थानमा मेला लाग्ने गर्दछ। *(स्रोत : फिदिम नगरपालिकाको वस्तुगत विवरण, २०७४)*

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

फिदिम नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने ८१.१३ प्रतिशत जनसंख्याको आफ्नै स्वामित्वको घर रहेको छ। त्यसै गरी भाडाका घरमा १७.२८ प्रतिशत, संस्थागत भवनहरुमा ०.८५ प्रतिशत र अन्य स्वामित्वमा ०.७४ प्रतिशत जनसंख्या बसोवास गर्दछन्। पालिकामा ८०.९९ प्रतिशत घरधुरीहरुमा जग्गा तथा घर दुबैमा पुरुषहरुको स्वामित्व रहेको छ भने महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ७.०३ प्रतिशत, जग्गा मात्रमा १०.४७ प्रतिशत र घर मात्रमा ०.८५ प्रतिशत रहेको छ। त्यसै गरी ०.६६ प्रतिशत स्वामित्व बारे उल्लेख गरिएको छैन।

नगरपालिकामा जगको प्रकार अनुसार ६८.१३ प्रतिशत घरहरु ढुङ्गा/ईट्टामा माटो जोडाई मार्फत निर्माण भएको छ। ढुङ्गा/ईट्टामा सिमेन्ट जोडाई १२.७४ प्रतिशत, आर.सि.सि. पिलर १०.९४ प्रतिशत र काठको पिलर ७.९८ प्रतिशत रहेको छ भने जगको अन्य किसिममा ०.२० प्रतिशत रहेको छ। घरको बाहिरी गारोको किसिम अनुसार यस नगरपालिकामा घरहरुका प्रमुख प्रकारमा माटोको गारो सिमेन्ट जोडाई ६३.१८ प्रतिशत, ढुङ्गा र माटोको गारो माटो जोडाईमा २२.६७ प्रतिशत, बाँसको संरचना ६.८८ प्रतिशत, जस्तापाताले घेरिएको ३.९० प्रतिशत, काठको संरचना ३.११ प्रतिशत, काँचो ईट्टाको गारो ०.११ प्रतिशत, प्रिफ्याब सिटले निर्मित ०.०२ प्रतिशत र अन्य ०.१३ प्रतिशत रहेको छ। छानाको किसिम अनुसार कर्कट पाटा ८१.७९ प्रतिशत, आर.सि.सि. ढलान १४.२३ प्रतिशत, खर/परालको छाना ३.३२ प्रतिशत, टाईल ०.३२ प्रतिशत, काठको फलेक ०.१७ प्रतिशत, ढुङ्गा/स्लेट ०.११ प्रतिशत र अन्य ०.०७ प्रतिशत रहेको छ। त्यसै गरी भूईंको किसिम अनुसार माटोले लिपेको ६९.६४ प्रतिशत, सिमेन्ट गरिएको २५.८४ प्रतिशत, काठ तथा बाँसको २.७० प्रतिशत, सेरामिक टाईल ०.६६ प्रतिशत, ईट्टा वा ढुङ्गाको ०.३१ प्रतिशत र अन्य ०.८४ प्रतिशत रहेको छ। *(स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

| *तालिका ४ : फिदिम नगरपालिकाको भू-उपयोग अवस्था* | | | |
|---|---|---|---|
| **क्र.सं.** | **भू-उपयोगको प्रकार** | **क्षेत्रफल (हेक्टर)** | **प्रतिशत** |
| १. | कृषि क्षेत्र | १५,४२३.६३ | ८०.३९ |
| २. | वन तथा वनस्पति क्षेत्र | २,३११.६१ | १२.०५ |
| ३. | सार्वजनिक उपयोग क्षेत्र | ७६७.८३ | ४.०० |
| ४. | आवासीय क्षेत्र | ४८२.४१ | २.५१ |
| ५. | नदि, खोला, ताल तलैया, सिमसार क्षेत्र | १३३.२९ | ०.६९ |
| ६. | व्यवसायिक क्षेत्र | ३८.२५ | ०.२० |
| ७. | धार्मिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | १४.९७ | ०.०८ |
| ८. | खानी तथा खनिज क्षेत्र | ९.६१ | ०.०५ |
| ९. | औद्योगिक क्षेत्र | ३.४९ | ०.०२ |
| **जम्मा** | | **१९,१८५.१०** | **१००.००** |
| *स्रोत : फिदिम नगरपालिकाको भू-उपयोग योजना, २०७९* | | | |




*नक्सा १ : फिदिम नगरपालिकाको वर्तमान भू-उपयोग नक्सा*

फिदिम नगरपालिकाका मुख्य बजारहरु फिदिम बजार, जोरसाल, लालिखर्क, कान्छी दोकान, साम्दिन, पौवा भञ्ज्याङ, तृतीया बजार, डेरी बजार,जेभाले, खलङ्गा, पिपलबोटे आदि हुन् । साथै अन्य चौक तथा बजारहरुमा लुङरुपा, रानीटार, इथुङ, पात्ले भञ्ज्याङ, सुम्निमा, तमाखे, लुम्फाबुङ आदि रहेका छन् ।

फिदिम नगरपालिकामा रहेका संस्थागत कार्यालयहरुमा नगर कार्यपालिका कार्यालय, १ देखि १४ नं. वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समिति, पाँचथर जिल्ला अस्पताल, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला हुलाक कार्यालय, कृषि ज्ञान केन्द्र, पुर्वाधार विकास कार्यालय , खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला निर्वाचन कार्यालय,कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, नापी कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, कृषि सामग्री संस्थान, जिल्ला पशु सेवा कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, स्वास्थ्य कार्यालय पाँचथर, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र पाँचथर, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कारागार कार्यालय, नेपाल टेलिकम, उद्योग वाणिज्य संघ पाँचथर, यान्त्रिक कार्यालय, विद्युत प्राधिकरण, कञ्चनजङ्घा टि स्टेट, चिया तथा कफी विकास बोर्ड फिदिम-३, नेपाली सेनाको गण साम्दिन, सशस्त्र प्रहरी बल हिमशिखर गुल्म, गोर्खा वेलफेयर सेन्टर आदि रहेका छन् । नगरपालिका क्षेत्रमा विविध बैंक, फाईनान्स, लघुवित्त लगायतका वित्तीय संस्थाका शाखा कार्यालय रहेका छन् । *(स्रोत : फिदिम नगरपालिकाको वस्तुगत विवरण, २०७४)*

### २.४.२ सडक, पुल तथा यातायात

फिदिम नगरपालिकाको सबै क्षेत्रमा सडकको पहुँच पुगेको छ । नगरपालिकामा ग्रामीण सडकको सञ्जालसँगै राष्ट्रिय राजमार्गको सञ्जालसँग पनि जोडिएको छ । नगरपालिकामा मेची राजमार्ग र मध्य पहाडी लोकमार्ग अवस्थित छन् । मेची राजमार्गको ३३.७ कि.मि. सडक खण्डले फिदिम नगरपालिकाको वडा नं. १, २, ३, ४ र ८ वडा छोएको छ । त्यस्तै गरी मध्य पहाडी लोकमार्गको केही खण्ड नगरपालिकाको वडा नं. ४ मा अवस्थित छ । नगरपालिकामा पक्की कालोपत्रे सडक करिब १५० कि.मि., ग्राभेल सडक करिब १०० कि.मि., कच्ची धुले सडक १७० कि.मि. रहेको छ । नगरपालिकामा ५ वटा पक्की पुल तथा ३७ वटा झोलुङ्गे पुल निर्माण भएको छ । माग अनुसार नगरपालिकामा थप ३६ वटा झो.पु. निर्माण गर्नुपर्ने देखिन्छ ।

पक्की सडकले नछोएको वडाहरु २ वटा (वडा नं. १३ र १४) रहेका छन् । फिदिम नगरपालिका वडा नं. २ स्थित पल्लोटारमा बसपार्क रहेको छ । फिदिम बजार देखि देशको प्रमुख शहरहरुमा सवारी साधनमार्फत यातायातको सुविधा उपलब्ध रहेको छ । फिदिमबाट विर्तामोड, इलाम, झापा, काठमाडौं, आठराई संक्रान्ति बजार, म्याङलुङ लगायतका क्षेत्रमा बस, माईक्रो, जीप, लगायतका सवारी साधन रहेको छ । नगरपालिका क्षेत्रमा सञ्चालन हुने प्रमुख यातायातका साधनहरुमा मोटरसाइकल, जिप, बस, कार, अटो र ट्र्याक्टर रहेका छन् । *(स्रोत : फिदिम नगरपालिका, २०८१ र फिदिम नगरपालिकाको वस्तुगत विवरण, २०७४)*
नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खोला नालाहरुमा पक्की पुल, झोलुङ्गे पुल तथा काठेपुलहरु निर्माण गरिएको छ जसले नगरपालिकाका विभिन्न स्थानहरुलाई जोडेका छन् । पूर्वाधारको हकमा यस क्षेत्रभित्र सडक सञ्जालको परिमाण राम्रै भएपनि तिनको गुणस्तर वृद्धि गर्नुपर्ने देखिन्छ ।




*नक्सा 1 : फिदिम नगरपालिकाको सडक सञ्जाल नक्सा*

## २.४.३ ढल सञ्जाल तथा नाली

मेची राजमार्ग, मध्यपहाडी राजमार्ग तथा मुख्य बजार क्षेत्रहरुमा सतह ढल निर्माण गरिएको छ भने फोहोरपानी प्रशोधन केन्द्र सहितको फोहोरपानी बग्ने ढल सञ्जाल निर्माण गर्न बाँकी रहेको छ । अन्य सडकहरुमा ढल खोल्सीमा मिसाउने वा प्राकृतिक रुपले बगाउने गरिएको छ । नगरपालिकाको रणनीतिक सडक तथा फिदिम बजार लगायतका मुख्य बस्तीहरुमा वर्षे पानी तथा फोहोरपानी बग्ने ढल निकासको लागि विस्तृत ढल सञ्जाल निर्माण गर्न आवश्यक रहेको छ ।

## २.४.४ विद्युत तथा वैकल्पिक उर्जा

### २.४.४.१ विद्युत

फिदिम नगरपालिकाका १४ वटै वडामा विद्युतिकरण भइसकेको छ । सबै क्षेत्रमा केन्द्रिय प्रशारण लाइन अन्तर्गत बिजुली पुगेको हो । यस नगरपालिकामा केन्द्रिय प्रसारण लाईन मार्फत फिदिम सब स्टेशनबाट विद्युत लाईन विस्तार गरिएको छ ।

| *तालिका ५ : घरधुरी अनुसार खाना पकाउने ईन्धनको स्रोत* | | |
|---|---|---|
| **खाना पकाउन ईन्धनको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
| काठ/दाउरा | ८,५२५ | ६९.११ |
| तरलीकरण गरिएको पेट्रोलियम ग्यास | ३,७०५ | ३०.०३ |
| बायोग्यास | ६४ | ०.५२ |
| बिजुली | १८ | ०.१५ |
| मट्टितेल | १५ | ०.१२ |
| अन्य | ९ | ०.०७ |
| **जम्मा** | **१२,३६६** | **१००.००** |
| *स्रोत : राष्ट्रिय जनगणना, २०७८* | | |

| *तालिका १३ : बत्ती बाल्नको लागि प्रयोग हुने ईन्धनको स्रोत* | | |
|---|---|---|
| **बत्ती बाल्न ईन्धनको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
| बिजुली | १२,०५६ | ९७.७३ |
| सोलार | २१० | १.७० |
| मट्टितेल | ४२ | ०.३४ |
| बायो ग्यास | ६ | ०.०५ |
| अन्य | २२ | ०.१८ |
| **जम्मा** | **१२,३६६** | **१००.००** |
| *स्रोत : राष्ट्रिय जनगणना, २०७८* | | |

### २.४.५ सूचना, सञ्चार तथा प्रविधि

फिदिम नगरपालिकामा सञ्चार माध्यमको लागि मोबाईल फोन (साधारण) र मोबाईल फोन (स्मार्ट) प्रयोग गर्ने घरधुरी क्रमश: ७८.५३ प्रतिशत र ७२.३१ प्रतिशत रहेको छ। टेलिभिजन प्रयोग गर्ने परिवार ३९.६२ प्रतिशत र रेडियो प्रयोग गर्ने परिवार ४५.३१ प्रतिशत रहेको छ। त्यसै गरी इन्टरनेट सेवाको पहुँच ३०.७२ प्रतिशत घरधुरीमा रहेको छ । यसका साथै नगरपालिका क्षेत्रमा अन्य सञ्चार सुविधाहरु जस्तै मोटरसाईकल/ स्कुटर (१३.४१ प्रतिशत), ईलेक्ट्रिक फ्यान (१०.५४ प्रतिशत), कम्प्युटर/ल्यापटप (९.६८ प्रतिशत), रेफ्रिजेरेटर (७.४६ प्रतिशत), ल्याण्ड लाईन टेलिफोन (४.४४ प्रतिशत), कार/जीप/भ्यान (१.८५ प्रतिशत), साईकल (१.४५ प्रतिशत), वासिङ मेसिन (०.९८ प्रतिशत) र एयर कन्डिसनर (०.१९ प्रतिशत) आदि प्रयोग गर्ने गरेका छन् । *(स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

फिदिम नगरपालिकाको वडा नं. १ मा जिल्ला हुलाक कार्यालय रहेको छ । वडा नं. १० याङनाम क्षेत्रमा इलाका हुलाक कार्यालय रहेको छ । वडा नं. ३ लालिखर्क, वडा नं. ५ चोकमागु, वडा नं. ६ सिवा, वडा नं. ७ रानीटार, वडा नं. ९ लुम्फाबुङ, वडा नं. ११ तृतीया र वडा नं. १३ फेजुङमा गरि ७ वटा अतिरिक्त हुलाक कार्यालयहरु रहेका छन् । सुमहात्लुङ सामुदायिक एफ.एम., सिंहसिला एफ.एम., इगल एफ.एम., पाँचथर एफ.एम., रेडियो मितेरी, दिव्यवाणी एफ.एम. र विग सोसियल कम्युनिकेशन/वि.इस. एफ.एम. गरी ७ वटा एफ.एम. रेडियो स्टेशन सञ्चालनमा छन् । नगरपालिकामा ल्याण्ड लाईन टेलिफोन सेवा ३ वटा, जिएसएम पोष्टपेड मोबाइल सेवा ५ वटा र एडिएसएल सेवा १६ वटा रहेको छ । फिदिम टुडे दैनिक, मिक्लाजुङ आवाज (साप्ताहिक) र पब्लिक टाईम्स (साप्ताहिक) गरि ३ वटा पत्रपत्रिका प्रकाशित भईरहेको छ । *(स्रोत : फिदिम नगरपालिका, २०८१)*

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

प्रचलित कानून बमोजिम पूर्ण वा आंशिक रुपले रुख तथा वनस्पतिले ढाकिएका, सरकारी, सामुदायिक, कबुलियत, धार्मिक वन र वृक्षारोपण गरिएका सरकारी वा सार्वजनिक वन, प्राकृतिक चरन, राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्ष, शिकार आरक्ष, मध्यवर्ती तथा संरक्षित क्षेत्र, पानीको मुहान संरक्षण तथा वनस्पतिले ढाकेको, नदी उकासबाट प्राप्त वन क्षेत्रका जग्गाहरु वन तथा वनस्पति क्षेत्रमा पर्दछन् । फिदिम नगरपालिकाको भू-उपयोग योजना अनुसार वन तथा वनस्पति क्षेत्रले २,३११.६१ हेक्टर क्षेत्रफल ओगटेको छ जुन नगरपालिकाको कुल क्षेत्रफलको १२.०५ प्रतिशत हुन आउँछ । स्थानीय समुदायले वन उपभोक्ता समूह गठन गरेर वन जङ्गल क्षेत्रको संरक्षण गर्ने काम गरिरहेका छन् । यस क्षेत्रमा ४७ वटा सामुदायिक वन रहेका छन् । फिदिम नगरपालिकामा पाइने वनस्पतिहरुमा पोटलिङ्गो, गुराँस, ढ्याङग्रा, सल्ला, धुपी, ठिङगुरे सल्ला, गोब्रे सल्ला, फलाट, चिराईतो, केन्जो, साल, सिसौ, आरुपाते, उत्तिस, टिक, खयर, सखुवा, चिउरी, अर्गेली, धसिङगरे, लोक्ता आदि रहेका छन् ।

### २.५.२ महामारी तथा विपद् व्यवस्थापन

नगरपालिकाको विपद्हरुमा पहिरो, आगलागी तथा वन डढेलो, बाढी, जङ्गली जनावरको आक्रमण, सुख्खा खडेरी, सडक दुर्घटना, भूकम्प, महामारी, असिना, चट्याङ, आदि रहेका छन् । नगरपालिका क्षेत्रभित्र पहिरो, आगलागी र वन डढेलो, बाढी, वन्यजन्तु आतङ्क, सुख्खा खडेरीका साथै सडक दुर्घटना, महामारी, असिना तथा चट्याङ, आदिको जोखिम रहेको छ । २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाको कारण फिदिम नगरपालिकामा ठूलो क्षति पुगेको थियो । सो अविरल वर्षाको कारण ७ जनाले ज्यान गुमाएको भने २ जना वेपत्ता भए । त्यसै गरि ९ वटा विद्यालय तथा १ वटा स्वास्थ्य चौकीमा क्षति पुगेको थियो । साथै १२७ वटा घरमा पूर्ण रुपले तथा १८३ वटा घरमा आंशिक रुपले क्षति पुगेको थियो । नगरपालिकाको पहिरो जोखिम क्षेत्रहरुमा चौरारे डाँडा, खोपी खर्क, ढोडेनी गाउँ (वडा नं. १), भ्यू टावर, लाटिमरे र जामुने खोला क्षेत्र (वडा नं. २), गोलधारे, कनेटार, भुजेल डाँडा र थापाटार (वडा नं. ४), जोरुकुलो, भदौरे खोल्सी, ताङसाङजंग भीर (वडा नं. ५),

अंखिङदेन, खुर्सुने, याक्सेरुङ, घुप्पी डाँडा र मालुवा (वडा नं. ६), असिने, हाम्फाबुङ लप्सीबोटे, चिउरीबोटे, फ्याक्तिन, तुम्बुम्बा भिरगाउँ, सल्लेरी र खोलाघारी (वडा नं. ७), लुम्फाबुङ देउराली क्षेत्र (वडा नं. ९), पिलिङदिन, पच्चिसे र आसमाने टोल (वडा नं. १०), बुधुक र खुलिङबोटे, याक्सुम्बा, सेपेनी, भालवोसेम फुलबारी (वडा नं. १२), गुर्धुम (वडा नं. १३), अनौठे, ठोट्नेबारी, कागते, धर्मले, फुल्पा देव कुमारको घर, हलहले पाखागाउँ, ठुलो भालुखोप, सानो भालुखोप र महादेव आ.वि. छेउ (वडा नं. १४) रहेका छन्।

आगलागी तथा डढेलोको हिसाबले जोखिम क्षेत्रहरु धैरे वन क्षेत्र, सल्लेरी वन र बान्द्रे वन (वडा नं. २), कान्छी दोकान, सुम्निमा र लालिखर्क (वडा नं. ३), थाक्ले, सरखण्डे, सालघारी, माझिटार, सारन्था, भुजेलडाँडा, थापाटार, तिरतिरे, कनेटार, फलाँटे र कैदले (वडा नं. ४), कुकुरमारा सा.व. सरसिउला, मेन्दारी पाखा, चुलथुम्की र केराबारी (वडा नं. ५), अंखेन्देन (वडा नं. ६), गोरथुम्की वन, दशगते वन, चप्लेटी करविरे वन, तुम्मायक वन, लालविरे वन, हात्तिलुङ वन (वडा नं. ९), थाङनापा (वडा नं. १०), केवाङदिन आम्बोटे, फेवादिन र बाबुङमा, फलाँटे र भदौरे, धुसेनी र खमारे (वडा नं. ११), बुधुक, छापे, डेरी बजार र साँचाकाटा, खेवाङ्गे वन (वडा नं. १२) रहेका छन्। त्यसै गरी बाढीबाट जोखिम क्षेत्रहरु थाङसाङ खोला शिर देखि दोभान सम्म (वडा नं. २), वेलबोटे काभ्रे, थापाटार, माझिटार, सिवा दोभान, फेमे दोभान, निवु दोभान र हेवा खोला (वडा नं. ४), चक्रुम्बा (वडा नं. ७), देउराली हुँदै याङसिबुङ (वडा नं. ९), पानीघाट र हेवा खोला सिक्चिमे (वडा नं. १०), केवाङदिन, बुदिम्बा, फेगुम्बा साउने खोल्सी, दोभान (वडा नं. ११), सिबुवा खोला क्षेत्र र खुङ खोला (वडा नं. १२) रहेका छन्।

नगरपालिकामा सुख्खा खडेरी जोखिम क्षेत्रहरुमा वडा नं. १ का कृषियोग्य जमिन, ओडिन डाँडा (वडा नं. २), सरसिउला, पिछादिन, बालकर्णे, फलाँटे, जोरकुलो र कोल्बोटे (वडा नं. ५), वडा नं. ९ सबै, पिपलबोटे (वडा नं. ११), सिलौटी, नाम्दु खोला, मझुवा, सिम्ले, डाँडागाउँ (वडा नं. १३) रहेका छन्। वन्यजन्तु आतङ्क जोखिम सल्लरेरी गाउँ, दंगाल गाउँ, ठाडे मजिटे गाउँ, रमिते गाउँ र धैरे गाउँ (वडा नं.२), वडा नं. ४, सरसिउला, केराबारी, सिन्धुपौवा, मेन्दारी, तिलबारी, भदौरे र लागेरे (वडा नं. ५), रानीटार, असिने र भाझोगरा (वडा नं. ७), वडा नं. ९ सबै, सरसिउला, पच्चिसे, चिलिङदिन, आसमाने, पानीघाट, खोर्लुम्बा निगाली, सापगुवा र तिलिङ्गाबारा (वडा नं. १०), वडा नं. ११ का सबै क्षेत्र, बुधुक, फुलबारी, मालबासे, सेपेनी, याक्सुम्बा (वडा नं. १२), झोङझोङ (वडा नं. १३) रहेका छन्। सडक दुर्घटना जोखिम क्षेत्र लालिखर्कदेखि थाङसाङ खोला सम्मको मेची राजमार्ग सडक खण्ड (वडा नं. २), अम्बोटे गोलाई तोर्सेक (वडा नं. ११) र छापेगैरी जरिङ्गे क्षेत्र (वडा नं. १२) रहेका छन्। त्यसै गरी वडा नं. ११ को चुल्ठे चट्याङ जोखिम क्षेत्र, वडा नं. १२ को भोटेगाउँ असिना जोखिम क्षेत्र, भूकम्प जोखिम वडा नं. ११ को अम्बोटे र वडा नं. १२ का सबै क्षेत्र तथा महामारी जोखिम क्षेत्र वडा नं. २ का सबै क्षेत्र रहेका छन् । *(स्रोत : फिदिम नगरपालिका कार्यालय, २०८१)*

जलवायु परिवर्तनको जल्दोबल्दो समस्या र यसले पार्ने असर पनि नगरपालिका भित्र विद्यमान छन् । नगरपालिकाले विपद् व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन

कोषको गठन गरेको छ। त्यसैगरी विपद् व्यवस्थापन योजनाले जलवायू अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण, जोखिम सम्वेदनशील भूमि उपयोग योजना तयार गर्ने र कार्यान्वयन गर्ने, एकीकृत जलाधार व्यवस्थापन र कार्यान्वयन र जलस्रोत संरक्षण गर्न जरुरी छ। वन जङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता मार्फत सचेनतामुलक कार्यक्रम गर्ने, सबै वडामा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा विपद् न्यूनीकरण र व्यवस्थापनक लागि नेपाल रेडक्रस लगायत अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गर्न आवश्यक छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानुनले स्थानीय तहको कानुन निर्माण प्रक्रियालाई व्यवस्थित गरेको छ। यस नगरपालिकामा कानुन निर्माणका लागि नगर सभा तथा कार्यपालिका ज्यादै सक्रिय देखिएको हुँदा कानुन निर्माण उच्च प्राथमिकतामा परेको छ। फिदिम नगरपालिकाले सुशासन तथा संस्थागत व्यवस्थापनको लागि आवश्यक नीति, ऐन, कार्यविधि, निर्देशिकाहरु तर्जुमा गर्दै कार्यान्वयन गरिरहेको छ। यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेभसाईट phidimmun.gov.np/ne/act-law-directives खण्डबाट प्राप्त गर्न सकिन्छ। नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका ऐन, कानुनको सूची निम्न अनुसार रहेको छ।

*तालिका १४ : नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका ऐन, कानुनको सूची*

| क्र.सं. | ऐन, कानुनको नाम | कार्यपालिकाको बैठकबाट पारित मिति |
|---|---|---|
| १ | फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ | २०७४/१२/१६ |
| २ | न्यायिक समितिले उजुरीको किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ | २०७४/१२/१६ |
| ३ | सहकारी ऐन, २०७४ | २०७४/१२/१६ |
| ४ | शिक्षा ऐन, २०७४ र शिक्षा नियमावली, २०७४ | २०७४/१२/१६ |
| ५ | नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ | २०७४/१२/१६ |
| ६ | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | २०७४/१२/१६ |
| ७ | फिदिम नगरपालिकाको विनियोजन ऐन, २०७६ | |
| ८ | फिदिम नगरपालिकाको आर्थिक ऐन, २०७६ | |
| ९ | फिदिम नगरपालिकाको आर्थिक ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७६ | |
| १० | फिदिम नगरपालिकाको विनियोजन ऐन, २०७६ संशोधन गर्न बनेको ऐन, २०७६ | २०७६/११/०६ |
| ११ | फिदिम नगरपालिकाको आर्थिक ऐन, २०७६ मा दोस्रो संशोधन गर्न बनेको ऐन, | २०७६/११/०६ |

| | | |
|---|---|---|
| | २०७६ | |
| १२ | फिदिम नगरपालिकाको विनियोजन ऐन, २०७७ | २०७७/०३/१२ |
| १३ | फिदिम नगरपालिकाको आर्थिक ऐन, २०७७ | २०७७/०३/१२ |
| १४ | फिदिम नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ | |
| १५ | फिदिम नगरपालिकाको विनियोजन ऐन, २०७७ लाई संशोधन गर्न बनेको (प्रथम संशोधन) ऐन, २०७७ | |
| १६ | फिदिम नगरपालिका विनियोजन ऐन, २०७८ | २०७८/०३/१२ |
| १७ | फिदिम नगरपालिका आर्थिक ऐन, २०७८ | २०७८/०३/१२ |
| १८ | फिदिम नगरपालिका विनियोजन ऐन, २०७९ | |
| १९ | फिदिम नगरपालिका आर्थिक ऐन, २०७९ | |
| २० | फिदिम नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ | २०७८/१०/१२ |
| २१ | फिदिम नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९ | २०७९/०३/३१ |
| २२ | फिदिम नगरपालिका आर्थिक ऐन, २०८० | २०८०/०३/११ |
| २३ | फिदिम नगरपालिका विनियोजन ऐन, २०८० | २०८०/०३/११ |
| २४ | फिदिम नगरपालिका विनियोजन ऐन, २०८० लाई संशोधन गर्न बनेको ऐन, २०८० | २०८०/०९/१५ |
| २५ | फिदिम नगरपालिकाको वन ऐन, २०८० | २०८०/१२/१२ |
| २६ | फिदिम नगरपालिका आर्थिक ऐन, २०८१ | २०८१/०३/१० |
| २७ | फिदिम नगरपालिका विनियोजन ऐन, २०८० लाई संशोधन गर्न बनेको ऐन, २०८१ | २०८१/०३/१० |
| २८ | फिदिम नगरपालिका विनियोजन ऐन, २०८१ | २०८१/०३/१० |
| २९ | फिदिम नगरपालिका शिक्षा ऐन (पहिलो संशोधन), २०८१ | २०८१/११/११ |
| ३० | फिदिम नगरपालिका सहकारी ऐन (पहिलो संशोधन) ऐन, २०८१ | २०८१/११/११ |

नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका नियमावली, निर्देशिका, कार्यविधिको सूची निम्न अनुसार रहेको छ।

*तालिका १५ : नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका नियमावली, निर्देशिका, कार्यविधिको सूची*

| **क्र.सं.** | **नियमावली, निर्देशिका, कार्यविधिको नाम** | **कार्यपालिकाको बैठकबाट पारित मिति** |
|---|---|---|
| १ | फिदिम नगरपालिका नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ | २०७४/०४/१८ |
| २ | फिदिम नगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि, २०७४ | २०७४/०४/१८ |
| ३ | फिदिम नगरपालिका पदाधिकारीहरुको आचार संहिता, २०७४ | २०७४/०४/१८ |
| ४ | फिदिम नगरपालिका नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ | २०७४/०४/१८ |

| | | |
|---|---|---|
| ५ | नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/०४/१८ |
| ६ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/१६ |
| ७ | नगरपालिकाबाट गरिने बजार अनुगमन प्रस्तावना, २०७४ | २०७४/१२/१६ |
| ८ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/१६ |
| ९ | एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ | २०७४/१२/१६ |
| १० | होमस्टे सञ्चालन कार्यविधि, २०७५ | २०७५/०६/१५ |
| ११ | फिदिम नगरपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७५ | २०७५/०६/१५ |
| १२ | फिदिम नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०९/२८ |
| १३ | ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०९/२८ |
| १४ | फिदिम नगरपालिकाको जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०९/२८ |
| १५ | कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ | २०७५/०९/२८ |
| १६ | अपाङ्गता सम्बन्धी सूचना तथा सहयोगी कक्ष हेल्प डेस्क सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०९/२८ |
| १७ | फिदिम बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ | २०७५/११/३० |
| १८ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६ | २०७६/०१/२९ |
| १९ | स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०७६ | २०७६/०१/२९ |
| २० | फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ | २०७६/०१/२९ |
| २१ | फिदिम नगरपालिकाको प्रकोप व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७६ | २०७६/०१/२९ |
| २२ | फिदिम नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ | २०७६/०१/२९ |
| २३ | फिदिम नगरपालिकामा साना सवारी दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ | २०७६/०४/३२ |
| २४ | फिदिम नगरपालिकाको बजार क्षेत्र भित्रको यातायात व्यवस्थापन तथा पार्किङ कार्यविधि, २०७६ | २०७६/०४/३२ |
| २५ | खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि, २०७६ | २०७६/०४/३२ |
| २६ | भवन निर्माण सम्बन्धी ईजाजत कार्यविधि, २०७६ | २०७६/०४/३२ |
| २७ | फिदिम नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ | २०७६/०६/०८ |
| २८ | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ | २०७६/०६/०८ |
| २९ | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधि, २०७६ | २०७६/०९/२० |
| ३० | फिदिम नगरपालिका कृत्रिम गर्भाधान सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ | २०७६/०९/२० |
| ३१ | फिदिम नगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, | |

| | | |
|---|---|---|
| | २०७६ | |
| ३२ | रमिते भ्यू टावर सञ्चालन निर्देशिका, २०७६ | |
| ३३ | फिदिम नगरपालिकाको श्रमिक बीमा सम्बन्धी कार्यविधि, २०७६ | |
| ३४ | फिदिम नगरपालिका साना समूह परिचालन सम्बन्धी कार्यविधि, २०७६ | |
| ३५ | जलस्रोत कार्यविधि, २०७७ | २०७७/०१/१५ |
| ३६ | पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ | २०७७/०४/२६ |
| ३७ | कृषिजन्य व्यवसाय अनुमति, दर्ता र नविकरण तथा अभिलेख कार्यविधि, २०७७ | २०७७/०९/१६ |
| ३८ | जग्गा वर्गीकरण तथा खण्डीकरण कार्यविधि, २०७७ | २०७७/०९/१६ |
| ३९ | महिला हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ | २०७७/०९/१६ |
| ४० | मर्मत सम्भार कोष सञ्चालन निर्देशिका, २०७७ | २०७७/०९/१६ |
| ४१ | फिदिम नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७७ | २०७७/०९/१६ |
| ४२ | स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ | २०७७/११/१५ |
| ४३ | छात्रवृत्ति अनुदान सम्बन्धी कार्यविधि, २०७७ | २०७७/११/१५ |
| ४४ | फिदिम नगरपालिका अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण कार्यविधि, २०७८ | २०७७/१२/२० |
| ४५ | फिदिम नगरपालिका आन्तरीक आय सङ्कलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ | २०७७/१२/२० |
| ४६ | फिदिम नगरपालिका व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७८ | २०७७/१२/२० |
| ४७ | फिदिम नगरपालिका बाल कल्याण कोष सञ्चालन कार्यविधि, २०७९ | २०७९/०२/२९ |
| ४८ | फिदिम नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९ | २०७९/०३/३१ |
| ४९ | फिदिम नगरपालिका निर्माण व्यवसायी ईजाजत-पत्र व्यवस्थापन कार्यविधि, २०७९ | २०७९/१०/१५ |
| ५० | फिदिम नगरपालिका अर्थ तथा सार्वजनिक लेखा समिति (कार्य सञ्चालन) कार्यविधि, २०७९ | २०७९/१०/१५ |
| ५१ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ | २०७९/१०/०३ |
| ५२ | फिदिम नगरपालिका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७९ | |
| ५३ | फिदिम नगरपालिका टोल विकास संस्था गठन एवम् सञ्चालन कार्यविधि, २०७९ | २०७९/०९/०२ |
| ५४ | फिदिम नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८० | |
| ५५ | फिदिम नगरपालिकाको कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० | २०८०/०३/०६ |
| ५६ | फिदिम नगरपालिका आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० | २०८०/०३/०६ |
| ५७ | फिदिम नगरपालिका ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८० | २०८०/०४/२३ |
| ५८ | फिदिम नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन कार्यविधि), २०८० | २०८०/०५/१७ |
| ५९ | फिदिम नगरपालिका टोल विकास संस्था गठन एवम् सञ्चालन कार्यविधि, २०८० | २०८०/०७/१५ |

| | | |
|---|---|---|
| ६० | फिदिम नगरपालिका बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि, २०८० | २०८०/०७/१६ |
| ६१ | फिदिम नगरपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० | २०८०/०८/१६ |
| ६२ | फिदिम नगरपालिका कृषि पशुपन्छी विकास सम्बन्धी नीति, २०८० | २०८०/१२/०९ |
| ६३ | फिदिम नगरपालिका साना सिंचाई आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८० | २०८०/१२/०९ |
| ६४ | फिदिम नगरपालिका अपाङ्गता परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०८० | २०८०/१२/०९ |
| ६५ | फिदिम नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० | २०८०/१२/०९ |
| ६६ | फिदिम नगरपालिका कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१ | २०८१/०३/०९ |
| ६७ | फिदिम नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०८० संशोधन गर्न बनेको फिदिम नगरपालिकाको आर्थिक सहायता कार्यविधि (पहिलो संशोधन), २०८१ | २०८१/०४/२४ |
| ६८ | फिदिम नगरपालिका प्रकोप व्यवस्थापन कोष सञ्चालन तथा परिचालन कार्यविधि, २०८१ | २०८१/०६/१५ |
| ६९ | फिदिम नगरपालिका उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१ | २०८१/०७/२३ |
| ७० | फिदिम नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ | २०८१/०८/२८ |
| ७१ | फिदिम नगरपालिका अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण (प्रथम संशोधन) कार्यविधि, २०८१ | २०८१/०८/२८ |
| ७२ | फिदिम नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०८१ | २०८१/०८/२८ |
| ७३ | उन्नत कृषि पशुपन्छी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं. ५) सम्बन्धी मापदण्ड, २०८१ | २०८१/१०/१० |

फिदिम नगरपालिकाले हालसम्म निर्माण गरेका नियमावली, ऐन, नियमहरु नगरपालिकाले अभ्यास गरिरहेको भएतापनि आवश्यक थप अन्य नियम, नियमावली र ऐनहरु समेत बनाई नगरपालिकाले सुशासनको लागि थप कार्य गर्नु पर्दछ ।

### २.६.२ संगठनात्मक विकास

नेपालको संविधान बमोजिम स्थानीय तहहरुबाट सेवा प्रवाह जनस्तर सम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम राज्यबाट जारी विभिन्न ऐन कानुनको परिधिभित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु, प्रदेश लोक सेवा आयोगबाट स्थानीय सरकारी सेवामा नियुक्त भएका

कर्मचारी र विभिन्न सेवाहरु सञ्चालनार्थ नगरपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस नगरपालिकाको जनशक्तिको रुपमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्यवोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानूनले तोके बमोजिम हुने र कानुनले नियुक्ति नभए सम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ । यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ ।

फिदिम नगरपालिकामा कार्यरत कर्मचारी विवरण नगरपालिकाको वेभसाइट phidimmun.gov.np/ne/staff मा राखिएको छ । नगरपालिकाको स्वीकृत दरबन्दी विवरण तपसिल अनुसार रहेको छ ।

*तालिका ६ : फिदिम नगरपालिकाको स्वीकृत दरबन्दी विवरण*

| क्र.स. | पद | पदको श्रेणी/तह | सेवा/समूह/उपसमूह | स्थायी/अस्थायी | स्वीकृत दरबन्धी | पदपूर्तिको अवस्था | कैफितय |
|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र. अधिकृत | १० | प्रशासन/सा.प्र. | स्थायी | १ | १ | कामकाजमा |
| २ | अधिकृत | ९/१० | शिक्षा/शि.प्र | स्थायी | १ | ० | |
| ३ | सि.डि.इ | ९/१० | इन्जि/सिभिल | स्थायी | १ | ० | |
| ४ | अधिकृत | ९/१० | कृषि/ला.पो.डे.डे. | स्थायी | १ | १ | |
| ५ | अधिकृत | ७/८ | प्रशासन/सा.प्र. | स्थायी | १ | ० | |
| ६ | लेखा अधिकृत | ७/८ | प्रशासन/लेखा | स्थायी | १ | ० | |
| ७ | अधिकृत | ७/८ | शिक्षा/शि.प्र | स्थायी | १ | १ | |
| ८ | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य/ | स्थायी | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ज.स्वा | | | | |
| ९ | इन्जिनियर | ७/८ | इन्जि/ सिभिल/ सि.ए.आ. | स्थायी | १ | ० | |
| १० | इन्जिनियर | ७/८ | इन्जि/ सिभिल | स्थायी | १ | १ | |
| ११ | आ.ले.प. अधिकृत | ७/८ | प्रशासन/ लेखा | स्थायी | १ | १ | छैटौ तह |
| १२ | अधिकृत | ७/८ | कृषि | स्थायी | १ | ० | छैटौ तह |
| १३ | अधिकृत | ६ | प्रशासन /सा.प्र. | स्थायी | ३ | २ | |
| १४ | इन्जिनियर | ६ | इन्जि/ सिभिल | स्थायी | ० | १ | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को प्रावधान अनुरुप तहबृद्धि मार्फत छैटौ तहको पद सिर्जना भएको |
| १५ | प.हे.न. | ५/६ | स्वास्थ्य/ क.न | स्थायी | १ | १ | |
| १६ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य/ हे.इ | स्थायी | १ | १ | |
| १७ | सहायक | ५ | प्रशासन सा.प्र | स्थायी | ५ | २ | |
| १८ | लेखा सहायक | ५ | प्रशासन लेखा | स्थायी | १ | १ | |
| १९ | प्रा.स. | ५ | शिक्षा/ शि.प्र | स्थायी | १ | १ | |
| २० | सव इन्जिनियर | ५ | इन्जि/ सिभिल | स्थायी | २ | २ | |
| २१ | प.से.प्रा. | ५ | कृषि/भेट | स्थायी | २ | ० | |
| २२ | प.से.प्रा. | ५ | कृषि/ला. पो.डे.डे | स्थायी | १ | २ | |
| २३ | सहायक पाचौं | ५ | कृषि | स्थायी | २ | १ | |
| २४ | महिला विकास निरीक्षक | ५ | विविध | स्थायी | १ | १ | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ऐन २०८० को प्रावधान अनुरुप तहबृद्धि मार्फत छैटौ तहको पद सिर्जना भएको |
| २५ | कम्पुटर अपरेटर | ५ | विविध | स्थायी | १ | ० | |
| २६ | अ.मि.न | ४ | इन्जि/सर्भे | स्थायी | १ | १ | |
| २७ | स.ले.पा | ४ | प्रशासन/ लेखा | स्थायी | १ | ० | |
| २८ | सहायक | ४ | प्रशासन/ सा.प्र. | स्थायी | ३ | ० | |
| २९ | ना.प.स्वा.प्रा. | ४ | कृषि/ला. पो.डे.डे | स्थायी | १ | ४ | सेवा करार -४ |
| ३० | ना.प.स्वा.प्रा. | ४ | कृषि/भेट | स्थायी | २ | ० | |
| ३१ | ना.प्रा.स | ४ | कृषि | स्थायी | १ | ० | |
| ३२ | स.म.वि.नि | ४ | विविध | स्थायी | १ | १ | |
| ३३ | कार्यालय सहयोगी | | | स्थायी | ० | १ | |
| | | | | **जम्मा** | **४३** | | |
| **वडा तर्फको दरबन्दी विवरण** | | | | | | | |
| **क्र.स.** | **पद** | **पदको श्रेणी/तह** | **सेवा/समूह/ उपसमूह** | **स्थायी/ अस्थायी** | **स्वीकृत दरबन्धी** | **पदपूर्ति को अवस्था** | **कैफितय** |
| १ | सहायक | ५ | प्रशासन/ सा.प्र. | स्थायी | ६ | १ | स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन) ऐन २०८० को प्रावधान अनुरुप तहबृद्धि मार्फत छैटौ तहको पद सिर्जना भएको पद-१ |
| २ | सव इन्जिनियर | ५ | इन्जिनियर/ सिभिल | स्थायी | ६ | ५ | |
| ३ | सहायक | ५ | प्रशासन/ सा.प्र. | स्थायी | ८ | ८ | |
| ४ | असिस्टेन्ट सव इन्जिनियर | ४ | इन्जिनियर/ सिभिल | स्थायी | ८ | ४ | |
| ५ | कार्यालय सहयोगी | ४ | प्रशासन/ | स्थायी | ० | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सा.प्र. | | | | |
| | | | | **जम्मा** | **२८** | | |
| **आयर्वेद औषधालय अन्तर्गत** | | | | | | | |
| **क्र.स.** | **पद** | **पदको श्रेणी/तह** | **सेवा/समूह /उपसमूह** | **स्थायी/ अस्थायी** | **स्वीकृत दरबन्धी** | **पदपूर्तिको अवस्था** | **कैफितय** |
| १ | कविराज/कविराज निरिक्षक / बरिष्ठ कविराज निरिक्षक | ५/६/७ | | | २ | २ | |
| २ | बैद्य /बरिष्ठ बैद्य/बेद्य निरिक्षक | ४/५/६ | | | २ | १ | |
| ३ | का.स./औषधी कुटुवा | | | | ४ | २ | सेवा करार २ |
| | | | | **जम्मा** | **८** | | |
| **नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको दरबन्दी विवरण** | | | | | | | |
| **क्र.स.** | **पद** | **पदको श्रेणी/तह** | **सेवा/समूह /उपसमूह** | **स्थायी/ अस्थायी** | **स्वीकृत दरबन्धी** | **पदपूर्तिको अवस्था** | **कैफितय** |
| १ | हे.अ/स.अ.हे.व/ज.स्वा.नि | ५/६ | स्वा./हे.ई | स्थायी | ८ | ५ | |
| २ | अ.हे.व/सि.अ.हे.व | ४/५ | स्वा./हे.ई | स्थायी | १६ | ६ | |
| ३ | अ.न.मी/सि.अ.न.मी | ४/५ | स्वा./क.न | स्थायी | १६ | १० | |
| | | | | **जम्मा** | **४०** | | |

*तालिका 4 : फिदिम नगरपालिकाको कार्यक्रमगत जनशक्ति*

| क्र.स | पद को नाम | पद को तह/ श्रेणी | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | सुरक्षित आप्रवासन सामी कार्यक्रम | बहुक्षेत्रिय पोषण कार्यक्रम | गारिबसँग विश्वेश्वर कार्यक्रम | अपांगता रोकथाम तथा पुनःस्थापना कार्यक्रम पुनःस्थापना | नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रम | सामाजिक सुरक्षा व्यक्तिगत घट्ना दर्ता प्रणाली आयोजना | गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम | आमा सुरक्षा कार्यक्रम | क्षयरोग मुक्त स्थानीय तह अभियान | पहाडी क्षेत्र काष्ठफल विकास परियोजना | सार्थक बाल सिकाई | एक गाउँ एक उत्थान | एक गाउँ एक पशु प्राविधिक | |
| १ | अधिकृत | ६ | १ | १ | | | | | | | | १ | | १ | | | |
| २ | सहायक | ५ | २ | ४ | | | | १ | २ | १ | १ | | २ | | | | |
| ३ | सहायक | ४ | | | १ | १ | ३ | | १ | १ | | | | | २ | १ | |
| ४ | का.स | | | १ | | | | | | | | | | | | | |
| | **जम्मा** | | **३** | **६** | **१** | **१** | **३** | **१** | **३** | **२** | **१** | **१** | **२** | **१** | **२** | **१** | **२३** |

फिदिम नगरपालिकाको विद्यमान संगठनात्मक संरचना चार्ट तलको चित्रमा प्रस्तुत गरिएको छ।




*चित्र २ : फिदिम नगरपालिकाको सांगठनिक संरचना*

*(स्रोत : फिदिम नगरपालिकाको नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ को दफा ३ को उपदफा (२))*

फिदिम नगरपालिकामा भएका केही मुख्य सम्पत्तिहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ८ : फिदिम नगरपालिका कार्यालयमा रहेका भौतिक सम्पत्ति विवरण*

| सि.नं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | डबल क्याब पिकअप | २ | |
| २ | स्कोर्पियो गाडी | १ | |
| ३ | पिकअप (टाटा) | १ | |
| ४ | एम्बुलेन्स | १ | |
| ५ | मोटर साईकल/स्कुटर | ४४ | ४ वटा विग्रिएको |
| ६ | जि.पि.एस. | १२ | |
| ७ | ट्रिपर | १ | |
| ८ | व्याक हो लोडर | २ | |
| ९ | दमकल | २ | १ थान जि.प्र.का.मा ह.फा. भएको |
| १० | ट्र्याक्टर | १ | |

*स्रोत : फिदिम नगरपालिका, २०८१*

**नोट : यसका अलावा अन्य आवश्यक भौतिक सम्पत्ति रहेको छ।*

### २.६.३ स्रोत परिचालन

फिदिम नगरपालिकामा आम्दानीको आन्तरिक स्रोतहरुमा कर राजस्व अन्तर्गत सम्पत्ति कर, बहाल कर, भूमि कर/मालपोत तथा गैर कर राजस्व अन्तर्गत सिफारिस दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर, नक्सा पास दस्तुर, अन्य सेवा शुल्क तथा विक्री, व्यक्तिगत घटना दस्तुर, प्रशासनिक दण्ड जरिवाना, अन्य प्रसासनिक सेवा दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर, अन्य राजस्व, आदि रहेका छन्। यसै गरी वाह्य स्रोतमा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, समपुरक अनुदान, शसर्त अनुदान, विशेष अनुदान तथा तीन तहका सरकार बीच बाँडफाँड हुने राजस्व (बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, सवारी साधन कर, विद्युत रोयल्टी, घर जग्गा रजिष्ट्रेशन, दहत्तर बहत्तर विक्री) रहेका छन्।

नगरपालिकामा बाह्य अनुदान अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने अनुदान आ.व. २०७९/८० बाट २०८०/८१ मा थोरै घटेको छ भने चालु आ.व.मा बढ्ने अनुमान गरिएको छ। त्यसै गरी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान आ.व. २०७९/८० बाट २०८०/८१ मा निकै घटे पनि चालु आ.व.मा बढ्ने अनुमान गरिएको छ। फिदिम

नगरपालिकालाई राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम २०७९/८० बाट २०८०/८१ बढेको छ भने चालु आ.व.मा थोरै घट्ने अनुमान गरिएको छ।

नगरपालिकाले आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरेर क्रमश: कुल रु ७५,५७,७३,५१० र ६८,७३,९८,७२६ प्राप्त गरेको देखिन्छ। सो अनुदान चालु आ.व. २०८१/८२ मा ७२,११,६३,५०० प्राप्त हुने अनुमान गरिएको छ। साथै आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा प्रदेश सरकारबाट वित्तीय समानीकरण, शसर्त, विशेष र समपुरक अनुदान वापत क्रमश: रु. ६,०७,८०,४६५ र रु. २,७०,४४,४१६ प्राप्त गरेको देखिन्छ। चालु आ.व. २०८१/८२ मा ६,७५,७४,००० प्राप्त हुने अनुमान गरिएको छ। नगरपालिकाको आ.व. २०७९/८० को यथार्थ वार्षिक आय रु. १,०३,१७,०१,८२३, आ.व. २०८०/८१ को यथार्थ वार्षिक आय रु. ९२,७२,३६,५०६ र चालु आ.व. २०८१/८२ को वार्षिक आय रु. १,१४,६८,६६,३९७ प्रस्तावित गरिएको छ। आ.व. २०७९/८० बाट आ.व. २०८०/८१ मा कुल आय १२.२७७ प्रतिशतले घटेको देखिन्छ। आ.व. २०८०/८१ बाट आ.व. २०८१/८२ मा कुल आय ९.१२८ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। फिदिम नगरपालिकाबाट प्राप्त तथ्याङ्कको आधारमा नगरपालिकाको अन्तिम ३ आ.व. (२०७९/८०-२०८१/८२) को आयको अवस्था बारे तलको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ९ : फिदिम नगरपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा)*

| सि.नं. | शिर्षक | आ.व.२०७९/८० यथार्थ आय | आ.व.२०८०/८१ यथार्थ आय | आ.व.२०८१/८२ अनुमानित आय |
|---|---|---|---|---|
| **१** | **बाह्य अनुदान** | **८१६५५४** | **७१४४४३** | **७८८७३८** |
| **१.१** | **सङ्घीय सरकार** | **७५५७७४** | **६८७३९९** | **७२११६३.५००** |
| १.१.१ | समानीकरण अनुदान | १५६१४० | १३५८७३ | १४४३००.००० |
| १.१.२ | शसर्त अनुदान चालु | ४०५३०९ | ३८८३४२ | ४३४९१९.५०० |
| १.१.३ | शसर्त अनुदान पूँजीगत | १८८५९६ | १५८९०४ | १२६९४४.००० |
| १.१.४ | विशेष अनुदान पूँजीगत | ४०८७ | ०.००० | ०.००० |
| १.१.५ | समपुरक अनुदान पूँजीगत | १६४० | ४२७९ | १५०००.००० |
| **१.२** | **प्रदेश सरकार** | **६०७८०** | **२७०४४** | **६७५७४.०००** |
| १.२.१ | समानीकरण अनुदान | ८१३२ | ९३१५ | ९१६२.००० |
| १.२.२ | शसर्त अनुदान चालु | ५५१५ | ४४२१ | ४३७६.००० |
| १.२.३ | शसर्त अनुदान पूँजीगत | ३९२४६ | २६१० | ४१०३६.००० |
| १.२.४ | समपुरक अनुदान पूँजीगत | ७८८७ | १०६९८ | १३०००.००० |

| | | | | |
|---|---|---|---|---|
| **२** | **राजस्व बाँडफाँड** | **८९६२८** | **१०५१७५** | **८५३३२.४९४** |
| २.१ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५१८९ | १४५८० | ७७०० |
| २.२ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६८५९४ | ७३९२९ | ९९०१४ |
| २.३ | बाँडफाँड भई प्राप्त हुने अन्त: शुल्क | ०.००० | ०.००० | ३५९८६ |
| २.४ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ९९९७ | ११०४० | १०२९७ |
| २.५ | बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | ०.००० | ०.००० | १४६ |
| २.६ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ८.३९० | ७.२७० | ९.२ |
| २.७ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ४६१९ | ३६५२ | ४६६३ |
| २.८ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | १२२७ | १९६८ | ११९४ |
| **३** | **आन्तरिक राजस्व** | **१०८८३३** | **९५९६२** | **१६२९१६** |
| | **कर राजस्व** | **५६८५** | **१०४६८** | **१४३४१** |
| ३.१ | सम्पत्ति कर | १६१७ | ५४३८ | ७८१० |
| ३.२ | भूमि कर/मालपोत | ८९६ | २५०३ | ३२५६ |
| ३.३ | बहाल कर | ३१३५ | २५२७ | ३२५६ |
| ३.४ | मनोरञ्जन कर | ३७ | ०.००० | १९ |
| ३.५ | **गैर कर राजस्व** | **११५४९** | **१२२५१** | **४९५९.९** |
| ३.६ | बहाल विटौरी शुल्क | १७ | ६.१७० | १२१ |
| ३.७ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने शुल्क | ९.५ | ०.००० | ०.००० |
| ३.८ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | १८७ | ५७ | ७१ |
| ३.९ | अन्य सेवा शुल्क तथा बिक्री | ११६६ | ९२० | ६२ |
| ३.१० | न्यायिक दस्तुर | ०.००० | ०.००० | ०.००० |
| ३.११ | शिक्षा क्षेत्रको आम्दानी | ६४.८५ | ३० | ८६ |
| ३.१२ | नक्सा पास दस्तुर | १२७५ | १६५२ | १२४ |
| ३.१३ | सिफारिस दस्तुर | २८४३ | ५४३१ | १३५९ |
| ३.१४ | नाता प्रमाणित दस्तुर | ३८२ | २२५ | १५६ |
| ३.१५ | पार्किङ शुल्क | २८२ | ११४ | ३१६ |
| ३.१६ | परीक्षा शुल्क | ४२ | ६ | २ |
| ३.१७ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०६ | ३६६ | २६३ |
| ३.१८ | व्यक्तिगत घटना दस्तुर | ८१३ | ५०३ | २५५ |

| | | | | |
|---|---|---|---|---|
| ३.१९ | अन्य दस्तुर | २६६ | ५४ | २० |
| ३.२० | अन्य प्रशासनिक सेवा शुल्क | ४३५ | ५३५ | २५९ |
| ३.२१ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १९६८ | १७६४ | ८५ |
| ३.२२ | रेडियो/एफ.एम. सञ्चालन दस्तुर | ४.५ | २.२ | १.१ |
| ३.२३ | अन्य कर | ५८५ | ३५ | ६४७ |
| ३.२४ | बेरुजु | २५६ | १०२ | २७० |
| ३.२५ | अन्य राजस्व | ४४२ | ४४८ | ८६३ |
| **४** | **वित्तीय सम्पत्ति तथा दायित्व** | **९१६०४** | **७३२४२** | **५२५०१** |
| ४.१ | बैंक मौज्दात | ९१६०४ | ७३२४२ | ५२५०१ |
| ४.२ | अन्य संस्थाहरुबाट ऋण प्राप्ति | ०.००० | ०.००० | ०.००० |
| **५.** | **जनसहभागिता** | **१६६८७** | **११६५७** | **११४८३** |
| ५.१ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | १६६८७ | ११६५७ | ११४८३ |
| | **जम्मा** | **११२३३०६** | **१०००४७९** | **११००९७०** |
| | **वृद्धि दर** | | **-१२.२७७%** | **९.१२८%** |
| *स्रोत: फिदिम नगरपालिका, २०८१* | | | | |

फिदिम नगरपालिकालको आ.व. २०७९/८० मा कुल आयको रु. ९८,६६,८१,३१६.१५ (८५.३७ प्रतिशत) खर्च भएको देखिन्छ। त्यसैगरी आ.व. २०८०/८१ मा रु. ९०,८६,२३,९६२ (८०.२४ प्रतिशत) खर्च भएको छ। चालु आ.व. २०८१/८२ मा रु. १,१४,६८,६६,३९७ खर्च हुने अनुमान गरिएको छ। आ.व. २०७९/८० को व्ययलाई हेर्दा कुल व्ययको रु. ८१,६५,५३,९७५ (७९.१४६ प्रतिशत) बाह्य अनुदान रहेको देखिन्छ। कुल व्ययको रु. ९,१६,०४,१३६ (१४.६३ प्रतिशत) भने खर्च गर्न नसकेर बैंक मौज्दातको रुपमा रहेको छ। सोही गरि गत आ.व. २०८०/८१ मा कुल व्ययको बाह्य अनुदान ७७.०५१ प्रतिशत रहेको छ। खर्च नभएको बैंक मौज्दात रु. ७,३२,४२,०४१ (१९.७६ प्रतिशत) रहेको छ। चालु आ.व. २०८१/८२ मा बैंक मौज्दात १२,७१,३१,०४५ रहने अनुमान गरिएको छ। यसरी नगरपालिकाको ठूलो रकम खर्च हुन नसक्नु र बाह्य अनुदान बाहेकको व्यय न्यून देखिनाले नगरपालिका बजेट खर्च गर्ने क्षमता न्यून रहेको पुष्टि गर्दछ। त्यसैले वित्तीय प्रगति हासिल गर्न नगरपालिकाले संस्थागत क्षमता अभिवृद्धि गर्ने, नगरपालिकाका जनप्रतिनिधिका साथै कर्मचारीहरुलाई आवश्यक तालिम दिने र यस आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुलाई क्रमैसँग कार्यान्वयन गर्दै लानुपर्ने छ।

| तालिका १० : फिदिम नगरपालिकाको अन्तिम ३ आर्थिक वर्षको व्ययको अवस्था (हजारमा) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **शिर्षक** | **आ.व.२०७९/८० यथार्थ व्यय** | **आ.व.२०८०/८१ यथार्थ व्यय** | **आ.व.२०८१/८२ अनुमानित व्यय** |
| **१** | **चालु खर्च भुक्तानी** | **५८०१८३** | **६०१५४३** | **६६५५५६.१७६** |
| १.१ | पारिश्रमिक कर्मचारी | ३४५१६४ | ३८१०९५ | ४१५४८५.२०० |
| १.२ | पोशाक | ४९०.००० | ५५६ | ७८०.००० |
| १.३ | खाद्यान्न | ०.००० | ४२३ | ८००.००० |
| १.४ | औषधी उपचार खर्च | ९२५ | ३५ | १००.००० |
| १.५ | स्थानीय भत्ता | ४४२ | ५०६ | ७००.००० |
| १.६ | महंगी भत्ता | ९६५ | १०७८ | १३२०.००० |
| १.७ | कर्मचारीको बैठक भत्ता | ९३९ | १०६३ | ११६०.००० |
| १.८ | कर्माचारी प्रोत्साहन तथा पुरस्कार | ०.००० | १५८ | १९०.००० |
| १.९ | अन्य भत्ता | २४४ | ३०९ | ४५०.००० |
| १.१० | पदाधिकारी बैठक भत्ता | ७२९ | ८०३ | ९५०.००० |
| १.११ | पदाधिकारी अन्य सुविधा | १२५१८ | १२००१ | १३५००.००० |
| १.१२ | कर्मचारी कल्याण कोष | ०.००० | ५६५० | १७७८.००० |
| १.१३ | पानी तथा बिजुली | २८४ | ९७३ | १२००.००० |
| १.१४ | सञ्चार महसुल | ३८५ | ८९५ | १०००.००० |
| १.१५ | इन्धन (कार्यालय प्रयोजन) | ४७४६ | ३८८० | ४०००.००० |
| १.१६ | सवारी साधन मर्मत खर्च | १७९२ | ६१७४ | ३५००.००० |
| १.१७ | बीमा तथा नवीकरण खर्च | ४१८ | ५४६ | ७५०.००० |
| १.१८ | मेशिनरी, औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५१९ | १५७६ | १५००.००० |
| १.१९ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ०.००० | ७३३ | १६३२.३५० |
| १.२० | मसलन्द तथा कार्यालय सामाग्री | ०.००० | ४७०८ | ३१००.००० |
| १.२१ | पशुपन्छीहरुको आहार | ०.००० | २३० | ०.००० |
| १.२२ | इन्धन (अन्य प्रयोजन) | ४१ | ८७ | १५०.००० |

| | | | | |
|---|---|---|---|---|
| १.२३ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | २३३७ | ३१६७ | ३८००.००० |
| १.२४ | अन्य कार्यालय सञ्चालन खर्च | २५९ | ०.००० | ०.००० |
| १.२५ | सेवा र परामर्श खर्च | १४९२ | ८८६ | २३००.००० |
| १.२६ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ३६० | २०६ | ८००.००० |
| १.२७ | करार सेवा शुल्क | ३० | ०.००० | ०.००० |
| १.२८ | सरसफाइ सेवा शुल्क | १८५६ | २६४४ | ३०००.००० |
| १.२९ | अन्य सेवा शुल्क | १७०४२ | १६१८३ | २२५५०.००० |
| १.३० | कर्मचारी तालिम शुल्क | ०.००० | ३८ | १०५०.००० |
| १.३१ | सीप विकास, जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५०५१ | २५९२ | १०३४५.००० |
| १.३२ | उत्पादन सामग्री/सेवा खर्च | ९७ | ०.००० | ०.००० |
| १.३३ | कार्यक्रम खर्च | १५५५५४ | १२७७३० | १४४८३६.९२६ |
| १.३४ | विविध कार्यक्रम खर्च | ०.००० | १४९.६११ | ५३९.००० |
| १.३५ | अनुगमन, मूल्याङ्कन खर्च | ७३३ | १२३० | १७९८.००० |
| १.३६ | भ्रमण खर्च | १५४९ | १६२७ | १८००.००० |
| १.३७ | अन्य भ्रमण खर्च | ८९५ | ०.००० | ०.००० |
| १.३८ | विविध खर्च | २१३३ | ४५६८ | २५१६.००० |
| १.३९ | सभा सञ्चालन खर्च | ११४९ | ६९६ | १२००.००० |
| १.४० | अन्य संस्थाहरुलाई सहायता | ५ | ०.००० | ०.००० |
| १.४१ | अन्य सामाजिक सहायता | १९८५ | ०.००० | ०.००० |
| १.४२ | शैक्षिक संस्थाहरुलाई सहायता | १५०० | २२०० | ०.००० |
| १.४३ | छात्रवृत्ति | ३०७४ | ०.००० | ०.००० |
| १.४४ | अन्य सामाजिक सुरक्षा खर्च | ०.००० | ०.००० | १४१०.००० |
| १.४५ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | ०.००० | १२२०० | ७६६५.७०० |
| १.४६ | औषधी खरिद खर्च | ११३७ | ४९ | १०००.००० |
| १.४७ | जग्गाको भाडा | २६४ | २९० | ५००.००० |
| १.४८ | घर भाडा | ४२६ | ६९९ | १०००.००० |
| १.४९ | सवारी साधन तथा मेशिनरी | ४५३ | ८३८ | ७००.००० |

| | | | | |
|---|---|---|---|---|
| | औजार भाडा | | | |
| १.५० | राजस्व फिर्ता | १७२ | ७२ | ४००.००० |
| १.५१ | भैपरी आउने चालु खर्च | ०.००० | ०.००० | २३००.००० |
| **२** | **पूँजीगत खर्च भुक्तानी** | **४०६४९७** | **३०७०८१** | **४८१३१०.२२१** |
| २.१ | गैर आवासीय भवन निर्माण/खरिद | २६०७८ | ११८९१ | १३०४४.००० |
| २.२ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३९६७ | ०.००० | ०.००० |
| २.३ | सवारी साधन | ४७३८ | २००८ | १३८००.००० |
| २.४ | मेशिनरी तथा औजार | १३२०० | १०९३४ | ४००१०.००० |
| २.५ | फर्निचर तथा फिक्चर्स | ४६८६ | २००१ | ३२२०.००० |
| २.६ | पशुधन तथा बागवानी विकास खर्च | १३५८३ | ०.००० | ०.००० |
| २.७ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ०.००० | ४९७ | ०.००० |
| २.८ | पूँजीगत परामर्श खर्च | ०.००० | ०.००० | ०.००० |
| २.९ | सडक तथा पुल निर्माण | ७०७६९ | ४६९९२ | १०३२५४.८०० |
| २.१० | रेलमार्ग तथा हवाई मैदान निर्माण | १४०८ | ०.००० | ०.००० |
| २.११ | विद्युत संरचना निर्माण | ७६७३ | ८३२ | २५०.००० |
| २.१२ | तटबन्ध तथा बाँध निर्माण | ४८५ | ०.००० | ०.००० |
| २.१३ | सिंचाई संरचना निर्माण | २६६९३ | २७९७२ | ८६६८३ |
| २.१४ | खानेपानी संरचना निर्माण | ६८५० | ४७६१ | १४३६७ |
| २.१५ | वन तथा वातावरण संरचना | २०२९५ | ०.००० | ०.००० |
| २.१६ | सरसफाइ संरचना निर्माण | १४३३ | ३०२७ | ६०५० |
| २.१७ | अन्य सार्वजनिक निर्माण | २००७५२ | १९६१६६ | १८९८१५ |
| २.१८ | निर्मित भवनको संरचनात्मक सुधार | ३२६ | ०.००० | ०.००० |
| २.१९ | पूँजीगत अनुसन्धान तथा परामर्श | ३५६२ | ०.००० | ०.००० |
| २.२० | भैपरी आउने पूँजीगत खर्च | ०.००० | ०.००० | १०८१७ |

| | जम्मा | ९८६६८१ | ९०८६२४ | ११४६८६६ |
|---|---|---|---|---|
| *स्रोत : फिदिम नगरपालिका, २०८१* | | | | |

## २.६.४ योजना व्यवस्थापन

फिदिम नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुका आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिए अनुसारका योजनाको व्यवस्थापन र विषय क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ। यी प्राथमिकताका आधारमा नगरपालिकाले आयोजना छनौट, लगानी वृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ।

१. सडक तथा यातायात पूर्वाधार।
२. कृषि तथा पशुपन्छी विकास।
३. पर्यटन पूर्वाधार विकास।
४. शिक्षा पूर्वाधार विकास।
५. स्वास्थ्य पूर्वाधार विकास।
६. खानेपानी तथा सरसफाइ।
७. विद्युत तथा सञ्चार सेवा विस्तार।
८. स्थानीय सीप र साधन प्रयोग गरी उद्योग स्थापना।
९. हाटबजार व्यवस्थापन।
१०. विपद् व्यवस्थापन।
११. कला, संस्कृति संरक्षण।
१२. खेलकुद पूर्वाधार विकास।
१३. फोहोरमैला व्यवस्थापन।
१४. व्यवस्थित बस्ती विकास।
१५. लैङ्गिक समानता तथा समावेशीकरण।
१६. संस्थागत विकास तथा सुशासन।

*तालिका ११ : स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अङ्कभार*

| क्र.स. | प्राथमिकताका आधारहरु | अधिकतम प्राप्ताङ्क | न्यूनतम प्राप्ताङ्क |
|---|---|---|---|
| १ | राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान | १ | ० |

| *तालिका ११ : स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अङ्कभार* | | | |
|---|---|---|---|
| **क्र.स.** | **प्राथमिकताका आधारहरु** | **अधिकतम प्राप्ताङ्क** | **न्यूनतम प्राप्ताङ्क** |
| | नगर्ने भए ० अङ्क | | |
| २ | प्रदेश विकासको प्रमुख चालकसँग सम्बन्धित भए १ अङ्क र नभए १ अङ्क | १ | ० |
| ३ | दिगो विकास लक्ष्य प्राप्त गर्न योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| ४ | स्थानीय तहको दीर्घकालीन सोच प्राप्त गर्न योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए १ अङ्क | ३ | १ |
| ५ | स्थानीय तहको क्षेत्रगत उद्देश्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |
| ६ | रोजगार, आय वा उत्पादन वृद्धिमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |
| ७ | ५० प्रतिशत वा सोभन्दा बढी लाभग्राही समूदाय अपाङ्गता भएका व्यक्ति, दलित, महिला र सिमान्तकृत समुदाय भए ३ अङ्क र अन्य भए १ अङ्क | ३ | १ |
| ८ | कार्यपालिकाको बैठकले वडाहरूको समग्र विकासको दृष्टिले पदानुक्रम गरे अनुसार सबभन्दा कम विकसित वडा भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| ९ | वडा समितिले निर्धारित गरेको योजनाहरूको प्राथमिकता अनुसार वडाको लागि अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | वा | | |
| १० | निर्देशक समितिले निर्धारत गरेको पालिका स्तरीय योजनाहरूको पदानुक्रम अनुसार अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | **जम्मा** | **२१** | **४.२** |

*नोटः यो मापदण्डलाई नगर कार्यपालिकाको वैठकले वा कार्यपालिकाको वैठक तत्काल वस्न नसक्ने भएमा पछि अनुमोदन हुने गरी नगर प्रमुखबाट स्वीकृत गरेर लागू गर्न सकिने छ ।*

# परिच्छेद ३ : सोच तथा विकास अवधारणा

## ३.१ पृष्ठभूमि

यस आवधिक योजनाले सोह्रौ योजनाको दीर्घकालीन सोच "सुशासन, सामाजिक न्याय र समृद्धि" र कोशी प्रदेशको दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६) को दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरुसँग तादात्म्यता हुने गरी यस नगरपालिकाको आवश्यकता र प्राथमिकता अनुसार फिदिम नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमा गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

यस नगरपालिकाको विगतका प्रयास र उपलब्धिहरु एवम् वस्तुस्थिति तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका समस्या तथा चुनौतीहरुलाई बुँदागत रुपमा संक्षिप्तमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

### क) समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियमको अभाव तथा कार्यान्वयनमा कमजोरी

विकासको लागि अति आवश्यक भू-उपयोग लगायत दीर्घकालीन तथा रणनीतिक योजनाहरुलाई सफल कार्यान्वयन हुनुपर्दछ । नगरपालिकाको भौतिक, भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक विशेषता अनुकुल नीति, नियम र योजनाको अभाव हुनुका साथै भएका नीति, नियम, व्यवस्था र योजनाहरु पनि कम व्यवहारिक र समय सापेक्ष नभएको कारण सफल कार्यान्वयनमा समस्या रहेको छ ।

### ख) विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र स्रोत साधन उपलब्ध गराउन नसक्नु

न्यून आन्तरिक स्रोत लगायत स्रोत साधनको कमी भएका कारण विकासको प्राथमिकीकरण निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न चुनौती रहेको छ ।

### ग) बाह्य स्रोतमा अत्याधिक निर्भरता

नगरपालिकाको आन्तरिक आयका स्रोतहरु न्यून रहेको र सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान, अन्य अनुदान र बजेटबाट स्थानीय विकास निर्माणका कार्यहरु गर्नुपर्ने अवस्था रहेकोले यस नगरपालिका बाह्य स्रोतमा निर्भर रहेको छ । औधोगिकरण र व्यवसायिकरण नभएको कारण राजस्वको आन्तरिक स्रोतको प्रभावकारीरुपमा परिचालन गर्ने चुनौती रहेको छ ।

### घ) अपर्याप्त सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास

न्यून आन्तरिक स्रोतका कारण विद्यमान सडकहरुको स्तरोन्नति, स्वास्थ्य सेवाको व्यवस्थापन, गुणस्तरीय शिक्षाको व्यवस्थापन, खानेपानी तथा सरसफाइ, सिंचाई, हाटबजार व्यवस्थापन, कृषि उपज सङ्कलन केन्द्र, शीत भण्डार निर्माण, पर्यटकीय पूर्वाधारहरु र अन्य पूर्वाधारको व्यवस्थापन गर्न चुनौती रहेको छ।

### ङ) बेरोजगारी तथा युवा शक्ति पलायन

सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासको अपर्याप्तता, परिणाममुखी तथा प्रभावकारिताको कमीको कारण नगरपालिकामा आर्थिक तथा सामाजिक विकासको गति अपेक्षाकृत हुन सकेको छैन। नगरपालिकाको सम्भावनालाई रोजगारी सृजना गर्ने नीति नियम बन्न जरुरी छ। स्थानीय स्तरमा पर्याप्त रोजगारी सिर्जना गर्न नसकिएका कारण उत्पादनशिल श्रमशक्ति विशेष गरी युवाशक्ति विदेश तथा शहर पलायन भइरहेका छन्। साथै वैदेशिक रोजगारमा जाँदा भएका घाइते र मृतकको सङ्ख्या बढ्दो छ। यसैगरी लैङ्गिक, वर्गीय, जातीय तथा क्षेत्रीय असमानता पनि विद्यमान छ।

### च) पुरातनवादी संस्कृति/संस्कार कायम रहनु

समय र विकासको सोचमा तुलानात्मक रुपमा परिवर्तन आएको भएता पनि विकासका प्रमुख साझेदारहरुमा समयअनुसारको परिवर्तन भएको पाईदैन। प्राथमिकताको नीतिलाई अझै पनि अवलम्बन गर्न सकेको अवस्था छैन।

### छ) सेवा सुविधामा अपर्याप्त पहुँच र उपलब्धता

फिदिम नगरपालिकाको भौगोलिक अवस्थिति, सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुको अपर्याप्त उपलब्धता, संस्थागत विकास, स्रोत परिचालन र सुशासन अभिवृद्धिमा कमीका कारण विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन्। फलस्वरुप आधारभूत सेवा तथा सुविधाहरुमा लक्षित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको प्रभावकारी पहुँच पुग्न सकेको छैन।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

नगरपालिकाको सम्पूर्ण सरोकारवाला, निकाय तथा संघ संस्थाको सहभागितामा भएको छलफल, विगतका प्रयास र उपलब्धिहरुको समीक्षा तथा वस्तुस्थिति विवरणबाट पहिचान भएका विकासका अवसरहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### क) कृषिमा उन्नत प्रविधिको प्रयोग

फिदिम नगरपालिकामा धान, गहुँ, मकै, कोदो, फापर, आलु, तरकारी, स्याउ, सुन्तला, जुनार लगायत उत्पादन भईरहेका छन् । कृषि उत्पादनको व्यवसायिकरण तथा बजारीकरणबाट नगरपालिकाको विकासमा फड्को मार्न सम्भव छ । सूचना तथा सञ्चार प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि प्रविधि उपयोग गरी पालिकाको आर्थिक विकासको गतिलाई तिव्रता दिन सकिन्छ । खास गरी यस क्षेत्रमा बढी सम्भावनाको रुपमा देखिएको चिया, आलु, अलैंची, अम्रिसो, अदुवा, अकबरे खुर्सानी, जडिबुटी, तरकारी, लगायतको उत्पादनलाई जोड्न सकिन्छ ।

### ख) पर्यटन विकासको सम्भावना

फिदिम नगरपालिकामा धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्व बोकेका स्थलहरु देखि सुन्दर प्राकृतिक स्थलहरु छन् । यहाँको धार्मिक पर्यटकीय क्षेत्रहरुमा लब्रेकुटी, सिलौटी, सुके पोखरी, फाल्गुनन्द पदमार्ग, माझीटार, शिवालय मन्दिर, कृष्ण मन्दिर, सुम्हात्लुङ देवस्थल, थाक्ले मन्दिर, तमु संग्राहलय रानीटार, शिव मन्दिर रानीटार, खलङ्गा याङनाम, फुलबारी क्षेत्र नांगिन, बौद्ध गुम्बा नांगिन, भोटेगढी नांगिन, छिन्तापु डाँडा, लुङरुपा, बौद्ध गुम्बा, गुप्तेश्वर धाम, पौवा भञ्ज्याङ, आदि रहेको छ । नगरपालिका क्षेत्रमा रहेका मुख्य पर्यटकीय स्थलहरुको एकीकृत पर्यटन विकास तयार गर्न आवश्यक छ । पर्यटकीय स्थलहरुमा पहुँच सडकको स्तरोन्नति, पर्यटकीय पूर्वाधार निर्माण, पर्यटन क्षेत्रको प्रचार प्रसार गर्न पर्यटन सुचना केन्द्र स्थापना गर्न सकिन्छ । नेपालका १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको तपोभूमि लब्रेकुटी र समाधिस्थल सिलौटीको प्रचारपसार गर्न सकेमा यस क्षेत्रमा पर्यटकीय गतिविधिहरुको विस्तार गर्न सकिन्छ ।

### ग) प्राकृतिक स्रोत तथा साधन

नगरपालिकामा पाईने जैविक विविधता र हावापानीलाई यस क्षेत्रको सम्भावनाको रुपमा लिन सकिन्छ । प्राकृतिक स्रोतको रुपमा हेवा खोला, खुङ खोला, नाम्दु खोला, आप्तावा खोला, भऱ्याङ खोला, झोङझोङ खोला, सिवा खोला, फेमे खोला, सुबुवा खोला, फेचुवा खोला लगायतलाई सिंचाई तथा खानेपानीको लागि सदुपयोग गर्न सकिन्छ । उष्ण प्रदेशीय देखि समशितोष्ण प्रदेशीय हावापानी पाइने हुनाले खाद्यान्न, तरकारी, फलफूल र जडिबुटीको निर्यात गरि आर्थिक आम्दानी वृद्धि गर्न सकिन्छ । यस नगरपालिका भएर बग्ने खोलाहरुमा वातावरणीय अध्ययनका आधारमा गिटी, वालुवा आदि उत्खनन् गरी निर्यात मार्फत आम्दानी गर्न सकिन्छ ।

### घ) स्थानीय उद्योग स्थापना

स्थानीय सीपको प्रवर्द्धन गर्न नगरपालिकामा विभिन्न क्षेत्रमा स्थानीय सामग्रीहरुको सदुपयोग गरि घरेलु तथा साना उद्योग स्थापना गर्न सकिन्छ । गोलिया/फर्निचर फिक्सर्च उद्योग, डेरी उद्योग, ढाका पस्मिना उद्योग, ग्रील उद्योग, बेकरी उद्योग, राईस मिल, स:मिल र कुटानी पिसानी मिल मार्फत रोजगारी सृजना भइरहेकोमा यसलाई व्यवसायिक रुपमा अगाडी बढाउन आवश्यक देखिन्छ । किवीको जुस उद्योग, बाँसका सामग्री बनाउने उद्योग, आदि स्थापनाको सम्भावना रहेको छ । साथै नगरपालिकामा औद्योगिक क्षेत्र निर्माणको लागि सम्भाव्यता अध्ययन तथा डि.पि.आर. तयार गर्न सकिन्छ । त्यसै गरी स्थानीय कृषिजन्य उत्पादकहरु (उद्यमीहरु)लाई प्रोत्साहन र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी उत्पादित बस्तुहरु जस्तै अर्गानिक कृषिजन्य उत्पादन लगायतका बस्तुहरुलाई ब्राण्डिङ गर्न सकिन्छ ।

### ङ) दक्ष जनशक्ति उत्पादन र परिचालन

अल्पकालिन तथा मध्यकालीन तालिमका माध्यमबाट नगरपालिकाका युवा जनशक्तिलाई थप ज्ञान र सीप दिलाउन सकिएमा यस नगरपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई सो क्षेत्रको आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ । जसबाट नगरपालिका क्षेत्रमा हुने आर्थिक कारोबारमा वृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु बढ्ने सम्भावना देखिन्छ । नगरपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण नगरपालिकाका उत्पादनशिल जनशक्ति विशेष गरी युवाहरु विदेश तथा शहर पलायन भईरहेका छन् । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ । फलस्वरुप यस नगरपालिकामा कार्यरत सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी तथा साझेदारीमा पालिकाका मानवीय शक्तिलाई दक्ष र सीपयुक्त बनाउन सकिने अवसर रहेको छ ।

### च) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, स्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न सके विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारिता हासिल गर्न सम्भव छ ।

### छ) परम्परागत सीप र प्रविधिको विकास तथा विस्तार

स्थानीय सीप र प्रविधिको विकास तथा विस्तार गर्न सकेमा विकासमा योगदान हुने देखिन्छ । नगरपालिका क्षेत्रको जातजाति, भाषा, धर्म, संस्कृति र भौगोलिक क्षेत्र अनुसार स्थानीयवासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै आएका छन् । त्यसैगरी कृषि, व्यवसाय, वन, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ । नगरपालिका क्षेत्रमा सडक पूर्वाधार, यातायात, सूचना तथा सञ्चार प्रविधि विकास भएकोले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र वृद्धि हुने देखिन्छ ।

### ज) पशुपालन

नगरपालिकामा हाल दैनिक ३०००० लि दूध दैनिक उत्पादन भईरहेको छ । नगरपालिकाले दूध उत्पादन दैनिक ५०००० लि उत्पादन गर्ने लक्ष्य सहित , उन्नत नश्लका लैना गाई/भैंसी खरिद तथा वितरण मा सहयोग गर्दै निशुल्क कृत्रिम गर्भाधान,घाँसको बीउ वितरण, च्याफ कटहर वितरण,गोठ निर्माणमा सहयोग,पशु गोठमै पशु उपचार ,पशु विमा लगायत विभिन्न कृषकलाई क्षमता विकास तालिम संचालन गरिराखेको छ ।

### झ) जडिबुटी सङ्कलन

नगरपालिकामा जडिबुटीलाई व्यवसायिकरण गर्न सकिएमा स्थानीयवासीको आर्थिक विकासमा फाइदा लिन सकिन्छ । जडिबुटी उत्पादनको लागि हावापानी अनुकुल भएकोले नगरपालिकाका विभिन्न स्थानमा चिराइतो, अलैंची, सतुवा, बुढो ओखती, नागबेली लगायत जडिबुटी उत्पादनलाई अभियानको रुपमा लैजान सकेमा यसले स्थानीयवासीको आयआर्जनमा टेवा दिन सकिन्छ ।

### ञ) सहकारी विकास

फिदिम नगरपालिकामा २९ वटा कृषि सहकारी, ८ वटा बचत तथा ऋण सहकारी संस्था, ६ वटा बहुउद्देशीय सहकारी, ४ वटा चिया उत्पादक प्रशोधन सहकारी, ३ वटा विद्युत सहकारी संस्था, १ वटा दुग्ध उत्पादक सहकारी, १ वटा कृषि तथा पशुपालन सहकारी, १ वटा वनस्पति जडिबुटी सहकारी र १ वटा स्वास्थ्य सहकारी गरी ५४ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । यसबाट छरिएर रहेको पूँजिलाई सहकारीको माध्यमबाट एकीकृत गरी लघु तथा घरेलु उद्योगहरुमा परिचालन गर्न सकिन्छ । विभिन्न किसिमका आर्थिक, सामाजिक र पूर्वाधार विकास सम्बन्धी कार्यहरुको वृद्धि र विकासले सहकारी विकासको सम्भावना वृद्धि गरेको छ । नगरपालिकामा बढ्दै गएको यस्ता विकासको गतिविधिले सहकारी विकासमा अभिवृद्धि गर्न सकिन्छ ।

## ३.४ समस्या सम्भावना (SWOT) विश्लेषण

योजना तर्जुमाको क्रममा कुनै पनि स्थान र संघ/संगठनको सवल पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) र चुनौतीहरुको (Threat) विश्लेषण गर्नको लागि SWOT विश्लेषण एक महत्वपूर्ण विधि/प्रविधि हो। सामान्यतया सवल र कमजोर पक्षहरु आन्तरिक कारणहरुसँग सम्बन्धित हुन्छन् भने अवसर र चुनौतीहरु बाह्य कारणहरुसँग सम्बन्धित हुने गर्दछन्। नगरपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण, स्थलगत सर्वेक्षण, विभिन्न सूचना सम्बाहकहरुसँगको अन्तरक्रिया र सरोकारवालहरुसँगको छलफलहरुबाट यस नगरपालिकाको चुनौती र अवसरहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 5 : फिदिम नगरपालिकाको SWOT विश्लेषण*

| | सवल पक्ष (Strength) | कमजोर पक्ष (Weakness) |
|---|---|---|
| आन्तरिक कारणहरु | ▪ जिल्ला सदरमुकाममा रहेको<br>▪ नयाँ शहरको रुपमा विकसित<br>▪ मेची राजमार्गसँग जोडिएको<br>▪ मध्यपहाडी लोकमार्गसँग जोडिएको<br>▪ राष्ट्रिय विभूति फाल्गुनन्दको कर्मथलो तथा समाधिस्थल भएको<br>▪ प्रसिद्ध धार्मिक स्थल पाथिभरा र पर्यटकीय स्थल इलामको बीचमा अवस्थित<br>▪ पर्यटन विकासको प्रचुर सम्भावना<br>▪ बहु सांस्कृतिक र बहु भाषिक समुदाय रहेको<br>▪ क्रमवद्ध रुपमा भौतिक पूर्वाधारहरु निर्माण/विस्तार भईरहेको<br>▪ प्राकृतिक स्रोत साधन<br>▪ कृषि तथा पशुपालनको लागि सम्भाव्य स्थान<br>▪ जलविद्युत केन्द्र रहेको<br>▪ कोशी प्रदेशको मुख्य पहाडी नगरपालिका मध्ये एक नगरपालिका रहेको<br>▪ औषधिजन्य वनस्पति र स्तरीय हाते कागजको साना उद्यम गर्न सकिने<br>▪ नियमित हाटबजारको व्यवस्था<br>▪ साना घरेलु उद्योग मार्फत आयआर्जन<br>▪ नगरपालिकामा विद्यमान सडक सञ्जाल<br>▪ सामुदायिक होमस्टेको सञ्चालन भएको<br>▪ सहज वित्तीय सुविधा | ▪ फिदिम बजार र अन्य बस्ती बीच कच्ची तथा साँघुरो सडकका संरचना<br>▪ अव्यवस्थित बस्ती विस्तार<br>▪ आवश्यक भौतिक पूर्वाधारहरुको अपर्याप्तता<br>▪ परम्परागत र निर्वाहमुखी कृषि प्रणाली र कृषि क्षेत्रमा अपेक्षाकृत लाभ लिन नसक्नु<br>▪ अपेक्षित पर्यटन पूर्वाधार निर्माण नहुनु<br>▪ सडक अधिकार क्षेत्र पूर्ण रुपले कार्यान्वयन नहुनु<br>▪ खानेपानीको अपर्याप्तता<br>▪ सरसफाइ सम्बन्धी चेतनाको कमी<br>▪ सामुहिक खेती तथा पशुपालनको उपलब्धता नभएको<br>▪ व्यवस्थित ढल सञ्जालको कमी<br>▪ योजनावद्ध विकासको लागि आवश्यक अध्ययन प्रतिवेदनहरुको अभाव<br>▪ विभिन्न क्षेत्रमा लगानी आकर्षित गर्न नसक्नु<br>▪ आन्तरीक र बाह्य स्रोत र साधनको उचित व्यवस्थापन र परिचालनमा कमी<br>▪ दीर्घकालीन फोहोरमैला व्यवस्थापन हुन नसकेको |
| [illegible] | अवसरहरु (Opportunities) | चुनौतीहरु (Threats) |

| | | |
|---|---|---|
| | ▪ मेची राजमार्ग तथा मध्यपहाडी लोकमार्गबाट कृषि तथा पर्यटन क्षेत्रमा अवसर लिन सकिने<br>▪ ताप्लेजुङ र पाँचथर जिल्लाको लागि शैक्षिक तथा स्वास्थ्य केन्द्रको विकास गर्न सकिने<br>▪ उन्नत प्रविधिको प्रयोग गरी व्यवसायिक कृषिबाट लाभ गर्न सकिने<br>▪ व्यवसायिक पशुपालन मार्फत दुग्धजन्य पदार्थको निर्यात गरी आयआर्जनमा वृद्धी रोजगारी सिर्जना र दुग्धजन्य पदार्थको निर्यात गर्न सकिने<br>▪ पर्यटन क्षेत्रबाट रोजगार तथा आय गर्न सकिने<br>▪ स्थानीय प्राकृतिक स्रोतहरुको समुचित प्रयोग गरी आन्तरिक आम्दानी बढाउन सकिने<br>▪ स्थानीय घरेलु तथा साना उद्योग स्थापना मार्फत रोजगारी वृद्धि गर्न सकिने<br>▪ व्यापार, व्यवसाय मार्फत रोजगारी तथा आम्दानी बढाउन सकिने<br>▪ बहु सांस्कृतिक तथा बहु भाषिक समुदायको विकास गर्न सम्भाव्य रहेको<br>▪ पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्न सकिने<br>▪ हाटबजार व्यवस्थापन गरी स्थानीय उत्पादन विक्री वितरण गर्न सकिने<br>▪ सूचना प्रविधि प्रयोगद्वारा पारदर्शी, उत्तरदायी र प्रभावकारी सेवा प्रवाह गर्न सकिने | ▪ नदी कटान, बाढी र प्राकृतिक प्रकोपको न्यूनीकरण र रोकथाम<br>▪ कृषि क्षेत्रमा घट्दो संलग्नता<br>▪ विकासमा अपनत्वको कमी<br>▪ बाह्य स्रोतमा अत्यधिक निर्भरता<br>▪ वैदेशिक रोजगारी न्यूनीकरण र स्थानीयस्तरमा रोजगारी सिर्जना<br>▪ सुशासन<br>▪ सम्बन्धित निकाय, संस्थाहरुबाट अपेक्षाकृत पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग नहुनु<br>▪ भवन संहिता र विकास तथा निर्माण मापदण्डहरुको पूर्ण कार्यान्वयन<br>▪ पर्याप्त लगानीका लागि पूँजीको अभाव<br>▪ बढ्दो बसाइँसराई<br>▪ उपलब्ध स्रोत साधन र आवश्यकता बीच सन्तुलन कायम गर्नु<br>▪ न्यून आन्तरिक आय<br>▪ क्षमता अनुसार राजस्व परिचालन गर्न नसक्नु<br>▪ फोहोरमैलाको दिगो र वैज्ञानिक व्यवस्था गर्नु<br>▪ कृषि उपजको बजारीकरण र कृषिको व्यवसायिकरण<br>▪ घट्दो जनसंख्या वृद्धिदर |

## ३.५ निर्देशक सिद्धान्त

फिदिम नगरपालिकाको दीर्घकालीन सोचको आधारमा नगरपालिकाको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्ति तर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्वान्तहरु तय गरिएको छ । यस दोस्रो आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्यहरु प्राप्ति गर्नको लागि फिदिम नगरपालिकाले निम्न विकासका निर्देशक सिद्धान्तहरु अवलम्बन गर्नुपर्ने हुन्छ ।

- जन-सहभागितात्मक विकास अभियान
- उपभोक्ता समूहहरुको सुदृढीकरण र विकास
- स्थानीय समुदायमा आधारित संगठनहरुको विकास तथा परिचालन
- स्थानीय गैरसरकारी संस्थाहरुको परिचालन र सुदृढीकरण
- निजी-सार्वजनिक साझेदारिमा आधारित विकास अभियान
- सरकारी तथा निजी साझेदारीमा विशेष जोड
- जनसवलीकरण, समावेशी विकास र लक्षित समूहलाई विशेष जोड
- सेवा र सुविधामा सबै वर्ग समुदायको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाति उत्थान र विकास
- महिला सशक्तिकरण, सहभागिता र परिचालन
- प्राकृतिक स्रोत साधनको दिगो उपयोग
- वातावरण मैत्री विकास
- आर्थिक गतिविधिमा अभिवृद्धि
- समानुपातिक बजेट बाँडफाँड
- स्थानीय स्रोत, साधन र सीपको समुचित उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि तथा लक्षित वर्गलाई रोजगारीमा पहुँच
- गरिबी न्यूनीकरण

## ३.६ सोच, लक्ष्य र उद्देश्य

### ३.६.१ सोच

दीर्घकालीन सोच भन्नाले वर्तमानको अवस्थाबाट निश्चित भविष्यमा पुग्न सकिने एक ईच्छित अवस्था हो । यसको लागि नगरपालिकामा उपलब्ध स्रोत, साधन, सम्भाव्यतालाई सदुपयोग गर्दै नगरपालिकाको मुख्य समस्या

र चुनौतीलाई सामना गर्न तयार बनाउन सक्नु पर्दछ । दीर्घकालीन सोच एक आवधिक योजनामा मात्र प्राप्त गर्न सकिने सोच नभएता पनि आवधिक योजनाले यसलाई अगाडी बढाउन मद्दत गर्दछ ।

त्यसैले फिदिम नगरपालिकाको योजना तर्जुमा गर्दा केन्द्रिय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिईएको छ । त्यस्तै गरी कोशी प्रदेशको दीर्घकालीन सोच, अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मानिएको छ । त्यसैले नगर कार्यपालिकको सम्भावना तथा अग्रणी क्षेत्रको आधारमा दीर्घकालीन सोच तय गरिएको छ । आगामी १५-२० वर्षको अवधिको लागि फिदिम नगरपालिकाको समग्र दिगो आर्थिक विकास र समृद्ध नगरपालिका विकासको लागि निम्न दीर्घकालीन सोच निर्धारण गरिएको छ ।

**"कृषि, पर्यटन, उद्योग र पूर्वाधारः समृद्ध फिदिम नगरका चार आधार"**

फिदिम नगरपालिकाको अधिकांश लगानी कृषि क्षेत्रको विकास, पर्यटन प्रवर्द्धन, उद्योग स्थापना मार्फत रोजगार तथा विविध पूर्वाधार निर्माणमा नै केन्द्रित भईरहेको छ । व्यवसायिक कृषि प्रणालीको विकास, पर्यटन पूर्वाधार निर्माण, रोजगारी सृजना तथा उद्यमशिलता विकास, सामाजिक विकास, आवासको व्यवस्था, पर्यावरणीय विकास तथा भौतिक पूर्वाधार विकास गर्ने लक्ष्य नगरपालिकाले लिएको छ । विद्यालय तथा स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माण र मर्मत सम्भार, गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिन आवश्यक देखिन्छ । साथै, पूर्वाधार विकास अन्तर्गत सडक तथा पुल निर्माण, खानेपानी, सिंचाई, ढल सञ्जाल, विद्युत तथा सञ्चार, गरिबी न्यूनीकरण तथा स्थानीयवासीको रोजगारी बढाउने कार्यमा जोड दिन सकिन्छ ।

यस नगरपालिका कृषि उत्पादनमा अत्यन्तै सम्भावना रहेको छ । यहाँको उत्पादनलाई छिमेकी पालिका तथा इलाम, बिर्तामोड, विराटनगर, काठमाडौं, जस्ता शहरहरुमा निकासी गरी आर्थिक उपार्जन गर्न सकिन्छ । कृषिमा उद्यमशिलता र व्यवसायिकरण प्रमुख सम्भावना रहेको हुँदा कृषि क्षेत्र नगरपालिकाको पहिचान र सम्वृद्धिको आधार बन्न सक्दछ । यसको लागि व्यवसायिक कृषिलाई प्रवर्द्धन गरी सिंचाईको उचित व्यवस्था, उन्नत बीउ बिजन, मल, औजार तथा सामग्रीहरुको व्यवस्था गर्न सकिन्छ । त्यस्तै गरी यस नगरपालिका भित्र विभिन्न स्थानमा भएका पर्यटकीय क्षेत्रहरुको विकास गर्न सकिएमा पर्यटनबाट पनि रोजगारी वृद्धि गर्न सकिन्छ । नगरपालिकामा पर्यापर्यटन, कृषि पर्यटन, होमस्टे आदिको प्रशस्त सम्भावना रहेको छ । घरेलु तथा साना उद्योग स्थापना गरी रोजगार तथा आम्दानी गर्न सकिन्छ । सम्वृद्धिलाई डोऱ्याउने सबैभन्दा महत्वपूर्ण विषय भनेको पूर्वाधार नै हो । सडक यातायातले नगरपालिकाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा नगरपालिकाको दीर्घकालीन सोचमा पूर्वाधार विकासलाई जोड दिएको छ ।

विपद् जोखिम नक्साङ्कन कार्य, विपद् व्यवस्थापन कार्ययोजना, सिंचाई पूर्वाधार, खानेपानी तथा सरसफाइ अन्तर्गत १ घर १ धारा तथा १ घर १ शौचालयको व्यवस्था गराउनु जरुरी छ। नगरपालिकामा सुरक्षित भवन तथा आवास (एकीकृत बस्ती विकास योजना), पुलपुलेसा, आधुनिक सञ्चार (इन्टरनेट, टेलिफोन, मोबाईल) सुविधा उपलब्ध गर्नुपर्ने छ। यी सबै कार्य नगरपालिकामा उपलब्ध स्रोत साधनबाट मात्र सम्भव नहुने हुँदा नगरपालिकाको विकासमा कसरी सार्वजनिक तथा निजी लगानीलाई आकर्षण गर्ने सोको लागि ठोस पहल गरी पूर्वाधार निर्माण गर्नुपर्ने अर्को चुनौतीको रुपमा रहेको छ। नगरपालिकामा बसोवास गर्ने सामाजिक तथा आर्थिक रुपमा तुलनात्मक रुपमा पछि परेका जनजाति तथा अल्पसङ्ख्यक समुदायको समग्र विकासमा प्रभावकारी कार्यक्रम तथा योजनाहरु ल्याउन तथा नगरपालिकाका महिला तथा आश्रित समूहलाई विकासको मूलप्रवाहीकरण गरी समग्र सामाजिक, सांस्कृतिक र आर्थिक विकासको लक्ष्य प्राप्तीमा केन्द्रित हुनु नगरपालिकाको दीर्घकालीन सोच रहेको छ।

#### ३.६.१.१ दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु

दीर्घकालीन सोचले समेटेका क्षेत्रहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका १३ : दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु*

| कृषि | पर्यटन |
|---|---|
| ▪ व्यवसायिक कृषि तथा पशुपालन<br>▪ पकेट क्षेत्र विकास<br>▪ कृषि उपज सङ्कलन केन्द्र निर्माण<br>▪ शीत भण्डार निर्माण<br>▪ हाटबजार व्यवस्थापन<br>▪ सहज बजार पहुँच र उचित मूल्य<br>▪ भूमि बैंकको व्यवस्था<br>▪ कृषि सामग्री, मल, बीउ बिजन, प्रविधि, तालिम र सहज ऋणको व्यवस्था | ▪ पर्यटन गुरुयोजना<br>▪ पर्यापर्यटन<br>▪ पर्यटन पूर्वाधार विकास<br>▪ होमस्टे प्रवर्द्धन<br>▪ पर्यटकीय क्षेत्रको डिपिआर<br>▪ बहुजातीय संग्राहलय<br>▪ निजी क्षेत्रलाई लगानीको लागि आकर्षित गर्ने<br>▪ तालिम र क्षमता अभिवृद्धि<br>▪ पर्यटन सूचना केन्द्र |
| **उद्योग** | **पूर्वाधार** |
| ▪ घरेलु तथा साना उद्योग स्थापना<br>▪ उपलब्ध स्रोत साधनको अधिकतम परिचालन<br>▪ रोजगारको व्यवस्था<br>▪ स्थानीय उत्पादनलाई प्रोत्साहन | ▪ सडक स्तरोन्नति<br>▪ पुल कल्भर्ट निर्माण<br>▪ ढल सञ्जाल निर्माण<br>▪ सिंचाई कुलो<br>▪ सिसिटिभी, मोबाईल टावर |

| | |
|---|---|
| ▪ उद्योगग्राम स्थापना<br>▪ औद्योगिक मेला<br>▪ उद्यम विकास कोष | ▪ सरकारी जग्गा संरक्षण<br>▪ फोहोरमैला व्यवस्थापन<br>▪ खेलमैदान तथा रंगशाला |

### ३.६.२ लक्ष्य

पर्यटन, उद्योग, कृषि क्षेत्र एवम् दिगो पूर्वाधारहरुको विकासमार्फत नागरिकहरूको आर्थिक एवम् सामाजिक जीवनस्तरमा वृद्धि गरी सभ्य, सुसंस्कृत, सुशासनयुक्त समाजको निर्माण गर्ने मुख्य लक्ष्य निर्धारण गरिएको छ। साथै यस योजनाका निम्न लक्ष्य रहेका छन् :

१. कृषि र प्राकृतिक स्रोत साधन युक्त क्षेत्रको रुपमा विकास गर्ने।
२. पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रवर्द्धन गर्ने।
३. घरेलु तथा साना उद्योग स्थापना गरी रोजगारी सृजना गर्ने।
४. शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकास गर्ने।
५. सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास गर्ने।
६. गरिबी निवारण र रोजगारको व्यवस्था गर्ने।
७. विद्यमान स्रोत, साधन र सम्पदाको प्रयोग गरी समृद्ध बनाउने।

### ३.६.३ उद्देश्य

नगरपालिकाको सबै क्षेत्र र पक्षको यथार्थ वस्तुस्थिति विश्लेषण गरी दीर्घकालीन रुपमा नगरपालिकालाई कस्तो स्थानीय तहको रुपमा विकास गर्ने र आगामी पाँच वर्षको नगरपालिकाको विकास योजना तर्जुमा गर्ने मूल उद्देश्य रहेको यस दोस्रो आवधिक योजनाको अन्य विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन्:

१. व्यवसायिक कृषि तथा पशुपालन र सो सम्बन्धी उद्योग व्यवसायद्वारा रोजगारी र आयमा वृद्धि गर्ने।
२. पर्यटकीय क्षेत्र प्रवर्द्धन तथा गुरुयोजना वा डिपिआर तयार गरी पर्यटन पूर्वाधार निर्माण गर्ने।
३. शिक्षा गुरुयोजना निर्माण गरी शैक्षिक पूर्वाधार निर्माण तथा शिक्षा क्षेत्रको विकास गर्ने।
४. आधारभूत स्वास्थ्य र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्ने।
५. नगरपालिकालाई आर्थिक तथा सामाजिक विकास तर्फ अग्रसर गराउने।
६. शिपमूलक तालिम सञ्चालनमार्फत गरिबी निवारण तथा रोजगारीको व्यवस्था गर्ने।
७. वातावरण मैत्री दिगो भौतिक पूर्वाधारहरुको विकास गर्ने।
८. प्राकृतिक स्रोत र साधनहरुको दिगो उपयोग गर्ने।

९. संस्थागत सुशासन कायम गर्ने ।

१०. प्राथमिकताको आधारमा लागत योजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

११. प्रादेशिक योजना तर्जुमाको लागि सहयोग पुऱ्याउने ।

## ३.७ परिमाणात्मक लक्ष्य

नगरपालिकाको पञ्चवर्षीय आवधिक विकास योजनाका मुख्य आर्थिक, सामाजिक र भौतिक परिमाणात्मक लक्ष्यहरु निम्न बमोजिम रहेका छन् ।

*तालिका १४ : परिमाणात्मक लक्ष्यहरु*

| क्र.स. | सूचकहरु | इकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य |
|---|---|---|---|---|
| **सडक तथा यातायात पूर्वाधार** | | | | |
| १ | पक्की सडक (कालोपत्रे) | कि.मि. | ६१ | ८६ |
| २ | ग्राभेल सडक | कि.मि. | ६० | १८० |
| ३ | कच्ची सडक | कि.मि. | १७० | १०० |
| ४ | पक्की सडकले नछोएको वडा सङ्ख्या | वटा | ४ | ० |
| ५ | ग्राभेल सडकले नछोएको वडा सङ्ख्या | वटा | ५ | ० |
| ६ | बाहै महिना सडक चल्ने वडा सङ्ख्या | वटा | १० | १४ |
| ७ | पक्की पुल सङ्ख्या | सङ्ख्या | २ | १५ |
| ८ | झोलुङ्गे पुल सङ्ख्या | सङ्ख्या | ३७ | ५० |
| ९ | व्यवस्थित बसपार्क | सङ्ख्या | व्यवस्थित | थप व्यवस्थित |
| **विद्युत, सञ्चार, सिंचाई, खानेपानी तथा सरसफाइ** | | | | |
| १ | केन्द्रिय विद्युत प्रशारण लाईनमा पहुँच भएका परिवार | प्रतिशत | ९७.७३ | १०० |
| २ | सोलार लाईटमा पहुँच भएका परिवार | प्रतिशत | १.७ | ७ |
| ३ | सिञ्चित कृषि भूमि | प्रतिशत | २६.८८ | ७५ |
| ४ | सिंचाई, खानेपानी तथा सरसफाइ गुरुयोजना | सङ्ख्या | नभएको | भएको |
| ५ | आधारभुत खानेपानी पहुँच भएका परिवार | प्रतिशत | ९८.६७ | १०० |
| ६ | पाईप मार्फत घर भित्रै खानेपानी पुगेको घर परिवार | प्रतिशत | ६०.५ | ९५ |
| ७ | शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ९९.३४ | १०० |
| ८ | फ्लस शौचालय भएको घर परिवार | प्रतिशत | ७४.५४ | ९० |
| ९ | ढल सञ्जाल निर्माण विस्तृत प्रतिवेदन/डिपिआर निर्माण | अवस्था | नभएको | भएको |
| १० | ढल सञ्जालमा जोडिएको घरधुरी | प्रतिशत | - | बजार क्षेत्रको ५० प्रतिशत |
| **भवन, सार्वजनिक सेवामा पहुँच तथा पूर्वाधार** | | | | |
| १ | आफ्नै स्वामित्तको आवास भएका घरधुरीहरु | प्रतिशत | ८१.१३ | ९० |

| | | | | |
|---|---|---|---|---|
| २ | सुरक्षित (भवन संहिताको मापदण्ड बमोजिम निर्मित) आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | - | ५० |
| ३ | स्मार्ट मोबाईल प्रयोगकर्ता | प्रतिशत | ७२.३१ | ८५ |
| ४ | साधारण मोबाईल प्रयोगकर्ता | प्रतिशत | ७८.५३ | ९० |
| ५ | इन्टरनेट सेवामा पहुँच | प्रतिशत | ३०.७२ | ७५ |
| **आर्थिक विकास** | | | | |
| १ | बेरोजगारी दर (सक्रिय जनसङ्ख्या मध्ये) | प्रतिशत | ८.३१ | ३ |
| २ | प्रतिदिन १.२५ अमेरिकी डलर भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | २०.३ | १२ |
| ३ | आर्थिक रुपले सक्रिय जनशक्ति | प्रतिशत | ५५.७९ | ६० |
| ४ | कृषि तथा पशुपालन फार्म दर्ता | सङ्ख्या | ६७ | १०० |
| ५ | हाटबजार | सङ्ख्या | ५ | ७ |
| ६ | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | ९८ | १५० |
| ७ | कोसेली घर | सङ्ख्या | ३ | ५ |
| ८ | कोल्ड स्टोर तथा चिस्यान केन्द्र | सङ्ख्या | - | ५ |
| ९ | डेरी उद्योग | सङ्ख्या | २१ | ३० |
| १० | औद्योगिक ग्राम | सङ्ख्या | नभएको | भएको |
| ११ | कृषि सहकारी | सङ्ख्या | २९ | ३५ |
| १२ | आवासीय सुविधा रहेका होटलहरु | सङ्ख्या | १५३ | १७५ |
| १३ | व्यवस्थित होमस्टे सञ्चालन क्षेत्र | सङ्ख्या | १ | ३ |
| **शिक्षा तथा साक्षरता** | | | | |
| १ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८३.७ | ८८ |
| २ | कम्प्युटर सेवा भएका विद्यालय | सङ्ख्या | ६६ | ७९ |
| ३ | खानेपानी तथा शौचालय सुविधा भएका विद्यालय | सङ्ख्या | ७५ | ७९ |
| ४ | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ३ | २० |
| ५ | ICT ल्याब भएका विद्यालय | सङ्ख्या | ३ | १८ |
| ६ | कुल विद्यार्थी | सङ्ख्या | १३,८१८ | १५,००० |
| ७ | १-५ खुद भर्ना दर | प्रतिशत | ९५.६ | ९८ |
| ८ | ६-८ खुद भर्ना दर | प्रतिशत | ९५.३ | ९७ |
| ९ | ९-१० खुद भर्ना दर | प्रतिशत | ७४.१ | ८० |
| १० | ११-१२ खुद भर्ना दर | प्रतिशत | ३४ | ४० |
| **स्वास्थ्य सेवा तथा सुविधा** | | | | |
| १ | स्वास्थ्य चौकी | सङ्ख्या | ८ | १४ |
| २ | पूर्ण खोप लिने बालबालिका | प्रतिशत | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | कम तौल भएका नवजात शिशु | प्रतिशत | ३.१ | १.५ |
| ४ | भिटामिन ए सेवन गर्ने बालबालिका | प्रतिशत | ९८ | १०० |
| ५ | दक्ष स्वास्थ्यकर्मीद्वारा सुत्केरी सेवा | प्रतिशत | २२.५ | ५० |
| ६ | प्रोटोकल अनुसार कम्तीमा १ पटक सुत्केरी जाँच लिने | प्रतिशत | ६६.४ | ७५ |
| ७ | कम्तीमा ४ पटक भन्दा बढी सुत्केरी जाँच लिने | प्रतिशत | ५३.२ | ७० |
| ८ | संस्थागत सुत्केरी सेवा | प्रतिशत | १०० | १०० |
| ९ | सुरक्षित गर्भपतन गर्ने मध्ये २० वर्ष मुनिको गर्भपतन | प्रतिशत | ५० | १० |
| **विपद् व्यवस्थापन** | | | | |
| १ | विपद् व्यवस्थापन कार्ययोजना निर्माण | अवस्था | नभएको | निर्माण भएको |
| २ | विपद् जोखिम नक्साङ्कन कार्य | अवस्था | नभएको | तयार भएको |
| ३ | विपद् व्यवस्थापन सामग्री | अवस्था | सबै वडामा नपुगेको | सबै वडामा पुगेको |
| ४ | एकीकृत बस्ती विकास योजना (बस्ती स्थानान्तरण) | अवस्था | नभएको | निर्माण भएको |
| ५ | विपद् सम्बन्धी जनचेतना कार्यक्रम | सङ्ख्या | भएको | २५ |
| ६ | विपद् व्यवस्थापन कोष | अवस्था | स्थापना | व्यवस्थित |
| ७ | प्रकोप जोखिम व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | - | १०० |
| **सुशासन तथा सेवा पहुँच** | | | | |
| १ | नगरपालिकामा जनशक्ति व्यवस्थापन | अवस्था | पूर्ण नभएको | पूर्ण भएको |
| २ | तालिम प्राप्त जनशक्ति | प्रतिशत | - | ५० |
| ३ | वडामा विद्युतीय कारोबार | अवस्था | आंशिक | पूर्ण |
| ४ | नगरपालिकाको सेवा प्रवाहको एप निर्माण | अवस्था | भएको | भएको |
| ५ | जेसी अडिट तथा जेसी परीक्षण | अवस्था | नभएको | तयार भएको |
| ६ | राजस्व सुधार कार्ययोजना निर्माण | अवस्था | भएको | अद्यावधिक |
| ७ | डिजिटल प्रोफाइल निर्माण | अवस्था | नभएको | तयार भएको |
| ८ | क्षमता विकास योजना निर्माण | अवस्था | भएको | कार्यान्वयन |
| ९ | नागरिक सन्तुष्टि सर्वेक्षण | अवस्था | नभएको | तयार भएको |
| १० | वेरुजु नियन्त्रण | अवस्था | नियन्त्रण | नियन्त्रण |
| ११ | भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता | अवस्था | भएको | भएको |
| १२ | आयोजनाहरुको सार्वजनिक सुनवाई र सामाजिक लेखा परीक्षण | अवस्था | भएको | भएको |

*स्रोत: राष्ट्रिय जनगणना-२०७८, फिदिम नगरपालिकाको वस्तुगत विवरणको मस्यौदा प्रतिवेदन-२०७८, फिदिम नगरपालिकाको कार्यालय, सोह्रौ योजना (राष्ट्रिय योजना आयोग), नेपाल जनसाङ्खिकीय तथा स्वास्थ्य सर्भेक्षण २०७८, आर्थिक सर्वेक्षण २०८०-८१, दिगो विकासका लक्ष्यहरुः प्रदेशको अवस्था तथा मार्गचित्र २०१९-२०३० (प्रदेश नीति तथा योजना आयोग)*

## ३.८ रणनीति तथा प्राथमिकता

यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्नेको लागि निम्न बमोजिमका रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छ।

### विकास रणनीतिहरु

१) प्राकृतिक स्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरुको अत्यधिक उपयोग गर्ने।
२) आकर्षक पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने।
३) सामाजिक विकासका सूचकहरुमा सुधार गर्ने।
४) सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने।
५) वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनीकरणबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने।
६) यातायात, जलस्रोत, सञ्चार तथा बस्ती विकास लगायत पूर्वाधार विकास गर्ने।
७) विकास कार्यको प्रभावकारिता र सेवाप्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गर्ने।
८) मानवपूँजी निर्माण र सशक्तिकरण गर्न नगरपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने।
९) गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
१०) गरीब, द्वन्द्वबाट प्रभावित र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन विद्यालयहरुसँग सहकार्य गर्ने।
११) लक्षित कार्यक्रममा अनुदान बढाउँदै जाने।
१२) विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने।
१३) विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै दीर्घकालीषन योजनामा समावेश गर्ने।
१४) वातावरण संरक्षण सम्बन्धी नीति ल्याउने।
१५) निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारीको सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने।

## ३.९ लगानी, स्रोत अनुमान र बाँडफाँड

### ३.९.१ आयको विश्लेषण र प्रक्षेपण

आन्तरिक आयको तुलनामा बाह्य आयको हिस्सा बढी देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आयको हिस्सा ९.६९ प्रतिशत रहेको छ। बाह्य आयको हिस्सा ७२.६९ प्रतिशत रहेको छ भने राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम ७.९८ प्रतिशत रहेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक आयको

हिस्सा १.७३ प्रतिशत, बाह्य आय ७७.६२ प्रतिशत र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम ११.४३ प्रतिशत रहेको छ। तसर्थ फिदिम नगरपालिकाले विशेष ध्यान दिएर आन्तरिक आय बढाउने नयाँ नीति तथा कार्यक्रमहरु आवश्यक पर्दछ।

*तालिका १५ : फिदिम नगरपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा)*

| सि.नं. | विवरण | आ.व. २०७९/८० को यथार्थ (%) | आ.व. २०८०/८१ को यथार्थ (%) | आ.व. २०८१/८२ को अनुमानित (%) |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | ९.६९ | ९.५९ | १४.८० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | ७.९८ | १०.५१ | ७.७५ |
| ३ | बाह्य अनुदान | ७२.६९ | ७१.४१ | ७१.६४ |
| ४ | वित्तीय सम्पत्ति तथा दायित्व | ९.६४ | ८.४९ | ५.८१ |
| | **जम्मा** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत : फिदिम नगरपालिका, २०८१*

राजस्वका स्रोतहरु सिमित भएकोले आफ्नो आन्तरिक आय बढाई सङ्घ र प्रदेशको निर्भरता कम गर्न चुनौतीपूर्ण छ। तर नगरपालिकाले राजस्व अभिवृद्धि कार्ययोजना तर्जुमा, लगानी मैत्री वातावरण मार्फत बाहिरी लगानी आकर्षण, स्थानीय लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायहरुको प्रवर्द्धन मार्फत आफ्नो राजस्व बढाउन सकिने सम्भावनाहरु देखिन्छ। राजस्वको सम्भावनाहरु खोजी गरेर राजस्वको दायरा बढाउन सकिन्छ। नगरपालिकामा लघु जलविद्युत, फलफूल, तरकारी, आलु, पशुपालनको प्रशस्त सम्भावना रहेकोले यी उत्पादनहरुको निर्यात मार्फत आफ्नो आन्तरिक आय बढाउन सक्छ। नगरपालिकाको विगत ३ वर्षको आयको प्रवृतिलाई आधार मानी आगामी वर्षहरुमा १० प्रतिशतको दरले वार्षिक आय वृद्धि हुने अनुमान गरिएको छ र सोही वृद्धिदरको आधारमा आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण गरिएको छ। तर दोस्रो आवधिक योजनाको कार्यान्वयनसँगै आयको वार्षिक वृद्धिदर बढ्न सक्छ।

फिदिम नगरपालिकाको दोस्रो आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका १६ : फिदिम नगरपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण (हजारमा)*

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| आन्तरिक आय | १७९२०७८७० | १९७१२८६५६ | २१६८४१५२२ | २३८५२५६७४ | २६२३७८२४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| बाह्य आय | ८६७६११।२५० | ९५४३७२।३७५ | १०४९८०९।६१३ | ११५४७९०।५७४ | १२७०२६९।६३१ |
| राजस्व बाँडफाँड | ९३८६५।७४३ | १०३२५२।३१८ | ११३५७७।५५० | १२४९३५।३०४ | १३७४२८।८३५ |
| वित्तीय सम्पत्ति तथा दायित्व | ७०३८२।४०१ | ७७४२०।६४१ | ८५१६२।७०५ | ९३६७८।९७६ | १०३०४६।८७३ |
| **कुल आय** | **१२११०६७।२६४** | **१३३२१७३।९९०** | **१४६५३९१।३८९** | **१६११९३०।५२८** | **१७७३१२३।५८१** |

## ३.९.२ व्ययको विश्लेषण र प्रक्षेपण

नगरपालिकाको वार्षिक व्यय करिब १० प्रतिशतको वृद्धिदर अनुसार आगामी ५ वर्षको व्ययको प्रक्षेपण गरिएको छ । तर आवधिक योजनाको कार्यान्वयन पश्चात वार्षिक व्यय क्षमता र दर बढ्न सक्ने छ । नगरपालिकाको आगामी ५ आर्थिक वर्षको अनुमानित व्यय प्रक्षेपण तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका १७ : फिदिम नगरपालिकाको आगामी ५ वर्षको व्ययको अनुमानित प्रक्षेपण (हजारमा)*

| **विवरण** | **आर्थिक वर्ष** | | | | |
|---|---|---|---|---|---|
| | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** |
| चालु खर्च | ७३२१११।७९४ | ८०५३२२।९७३ | ८८५८५५।२७० | ९७४४४०।७९७ | १०७१८८४।८७७ |
| पुँजिगत खर्च | ५२९४४१।२४३ | ५८२३८५।३६७ | ६४०६२३।९०४ | ७०४६८६।२९५ | ७७५१५४।९२४ |
| **जम्मा खर्च** | **१२६१५५३।०३७** | **१३८७७०८।३४०** | **१५२६४७९।१७४** | **१६७९१२७।०९२** | **१८४७०३९।८०१** |

## ३.९.३ लगानी र स्रोत व्यवस्था

फिदिम नगरपालिकाको आवधिक योजना कार्यान्वयन गर्नका लागि बहुपक्षीय स्रोतहरू परिचालन गरी यसका लागि विद्यमान स्रोतहरूको आङ्कलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा उपयोग गर्न जरुरी छ । आवधिक योजनामा यस नगरपालिकाद्वारा निम्न विभिन्न वित्तीय स्रोतहरू परिचालन गर्नुपर्छ

### (क) वित्तीय हस्तान्तरण

१. प्रत्येक आर्थिक वर्ष यस नगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँडको रकम प्राप्त गर्नेछ । सङ्घ तथा

प्रदेशबाट प्राप्त हुने अनुदानको रकम औषतमा वार्षिक १० प्रतिशतको दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२. नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भए पछि परियोजना प्रस्तावको आधारमा अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान मात्र गरिएको छ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ५० प्रतिशतसम्म प्राप्त गर्न सञ्चालन हुँदा नगरपालिकाले परियोजना लागतको ५० प्रतिशत रकम लगानी गर्नुपर्ने हुन्छ ।

३. प्रदेश सरकारबाट समेत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँडको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०८१/०८२ का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १० प्रतिशत वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।

### (ख) नगरपालिकाको सञ्चित कोषमा जम्मा हुने अन्य रकमहरू

१. आन्तरिक राजस्व तर्फ हालको प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिने छ । नगरपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १० प्रतिशतको वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२. आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रहि नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक बजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

### (ग) नगरपालिकाको सञ्चित कोष बाहेक सङ्घ र प्रदेशबाट अख्तियारी प्राप्त हुने रकमहरू

१. सङ्घको वार्षिक कार्यक्रम तथा बजेटबाट नगरपालिकालाई अख्तियारी प्राप्त हुने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत तथा अन्य कार्यक्रमहरूलाई आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।

२. प्रदेशबाट अख्तियारी प्राप्त हुने क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।

## जनहसभागिता परिचालन

बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृति अनुसार नगरपालिकाको तर्फबाट हुने आयोजनाहरुमा न्यूनतम १० प्रतिशत देखि अधिकतम ५० प्रतिशतसम्म रकम जनसहभागिताबाट उठ्ने र बाँकी नगरपालिकाले व्यहोर्नु पर्ने गरी तर्जुमा गरिएको छ । विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी नागरिकमा विकास प्रति अपनत्व

प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा नागरिकको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ। विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा नागरिकलाई उत्तरदायित्व बहन गर्न सिकाउँछ ।

आर्थिक विकासमा स्थानीय समुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगार कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकीय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत सञ्चालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा नागरिकको रुचिलाई ध्यान दिई कार्यक्रमहरु सञ्चालन गर्ने, व्यवसायिक तरकारी खेती तथा नगदेबालीको लागि कृषकलाई प्रोत्साहित गर्दै आम्दानीको अवसर वृद्धि गर्ने जस्ता कार्यक्रम सञ्चालन गरी स्थानीयवासीहरुको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागी गराउँदै जानुपर्ने देखिन्छ।

## निजी क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । सडक स्तरोन्नति, पर्यटन व्यवसाय, विद्युतीकरण, कृषि तथा वन जन्य उपजहरू, जडिबुटीलाई उपयोग गर्दै स्थानीय स्रोतको सदुपयोग गरिनेछ। कृषि र पर्यटनमा आधारित घरेलु तथा साना उद्योग व्यवसायको विकास तथा विस्तार गरिने छ। लघु तथा घरेलु उद्योगहरूको स्थितिमा सुधार गरी स्थानीय कच्चा पदार्थहरूमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरूको सम्भाव्यता अध्ययन गरी विस्तार गरिने छ । औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पूँजी तथा उद्यमशिलताको विकास गरिने छ।

स्थानीय कृषि तथा वनजन्य उपजहरूको संरक्षण गर्न शीत गृह निर्माण गरिने छ। नगरपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुसरण गरी विभिन्न सुविधाहरू प्रदान गरिने छ। पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिने छ। नगरपालिकामा उपभोग्य बस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवम् स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानी वृद्धि गर्नमा सघाउ पुऱ्याइने छ।

## सहकारी क्षेत्रको स्रोत परिचालन

फिदिम नगरपालिकाको आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्ने अवस्था रहेको छ। दर्ता भई सञ्चालनमा रहेका कृषक सहकारी संस्थाहरुबाट नगरपालिकाको आर्थिक विकासमा अपेक्षाकृत योगदान हुन सकेको छैन।

## सङ्घ संस्थाको स्रोत परिचालन

फिदिम नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी सङ्घ संस्थाहरू क्रियाशिल छन् । गैर सरकारी संस्थाहरुको कार्यक्रम नगरपालिकाको वार्षिक कार्यक्रममा उल्लेख हुनुपर्ने हुन्छ । विपद्का घटनाहरूबाट प्रभावित हुने नागरिकहरूलाई राहत तथा पुनर्स्थापनाको लागि नेपाल रेडक्रस सोसाईटी, कारितास नेपाल जस्ता गैरसरकारी संस्थाहरूले सहयोग पुर्याउँदै आएका छन् । शैक्षिक गुणस्तर अभिवृद्धिको लागि ह्युमन प्राक्टिस फाउण्डेशनले पूर्वाधार विकासको क्षेत्रमा सहयोग गरेको देखिन्छ । फिदिम नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि गैर सरकारी संस्थाहरूबाट उल्लेख्य खर्च हुने अनुमान सहित कार्यक्रमहरू समाविष्ट गरिएको छ ।

## स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

नगरपालिकाले "स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि" अनुसार आवधिक योजनाको लागि परिचालन हुने स्रोतहरुको बाँडफाँड र व्यवस्थापन गर्नुपर्दछ ।

आवधिक योजनाले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन, औद्योगिक पूर्वाधार निर्माण, पर्यटन विकास, पूर्वाधार निर्माण जस्ता लगानीमा केन्द्रित गरिएको छ । निजी क्षेत्रको लगानी रोजगारी सिर्जना, औद्योगीकरण, उर्जा, पर्यटन, व्यापार, यातायात र सञ्चार क्षेत्रमा लक्षित हुने अनुमान गरिएको छ । मानवपूँजी निर्माण र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च आयको आधार निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ । साथै, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासन, लोकतन्त्र र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालनको अनुमान र सोको बाँडफाँड गरिएको छ ।

### ३.९.४ सार्वजनिक खर्च र राजस्व परिचालन नीति

सार्वजनिक खर्च र राजस्व परिचालन नीति बारे अलग अलग उप-शिर्षकमा निम्न बमोजिम व्याख्या गरिएको छ ।

## सार्वजनिक खर्च नीति

उपलब्ध स्रोत र साधनको कुशल तथा प्रभावकारी उपयोग गरी समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ । नागरिकका बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही सम्बोधन गर्नुपर्दछ । साथै संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनले सिर्जना गरेका आर्थिक दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने छ । सार्वजनिक खर्चको संरचना र खर्च गर्ने भूमिका एवम् जिम्मेवारी अनुरुप सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो खर्च जिम्मेवारी

बमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने छ । समग्र सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन तीन तहमा सार्वजनिक खर्चको उपयोग गर्ने क्षमता अभिवृद्धि गर्नु अपरिहार्य हुन्छ ।

## राजस्व नीति

नेपालको संविधानमा उल्लेख भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्न, मुलुकको विकास र समृद्धिको लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र वैदेशिक सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ । विगतका वर्षहरुमा राजस्वको औसत वृद्धिदर कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वृद्धि भइरहेको छ । प्राप्त प्रणाली अनुरुप सार्वजनिक वित्त संरचना सुदृढ गरी लगानी, व्यवसाय र करदातामैत्री कर प्रशासन मार्फत उत्पादन वृद्धिलाई सहयोग पुऱ्याउँदै अधिकतम राजस्व परिचालनतर्फ यो योजना निर्देशित छ ।

## निजी क्षेत्रको स्रोत परिचालन नीति

निजी क्षेत्रले नगरपालिकाको समग्र विकास प्रकृयामा अहम् भूमिका निर्वाह गर्दछन् । नेपालको संविधानले अङ्गिकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम निजी क्षेत्रले नगरपालिकामा आफ्नो भूमिका निर्वाह गर्ने छ । नगरपालिकाको विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकामा लगानीमैत्री वातावरण अभिवृद्धि गरी आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुने छ । निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप जोखिमको न्यायोचित बाँडफाँड गरी विकास निर्माण कार्य सञ्चालन गर्ने छ । कृषि, उद्योग, निर्माण र सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरी दिगो विकासका लक्ष्य हासिल गरिने छ ।

निजी क्षेत्रले नगरपालिकामा गुणस्तरीय बस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण, आयात व्यवस्थापन, निर्यात प्रवर्द्धन तथा उत्पादनशिल र मर्यादित रोजगारी सिर्जना गर्नमा सहयोग गर्ने छ । यस क्षेत्रले संस्थागत सुशासन, सुमधुर औधोगिक सम्बन्ध, बालश्रम निवारण, सामाजिक सुरक्षा तथा संरक्षणमा सहभागिता एवम् संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्दै यस क्षेत्रको प्रतिष्ठा अभिवृद्धि गर्ने छ । यस क्षेत्रले वित्तीय क्षेत्रमा स्थायित्व र सुशासन कायम गर्न सहयोग पुऱ्याउने छ । स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धि गर्दै द्विपक्षीय तथा बहुपक्षीय प्रतिवद्धता तथा सम्झौता बमोजिम अवसरको प्राप्ति तथा चुनौती सामना गर्न सहयोग गर्ने छ ।

## सहकारी क्षेत्रको स्रोत परिचालन नीति

नेपालको संविधानले अङ्गिकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य-मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै नगरपालिकाको समग्र विकास प्रकृयामा सहयोगी भूमिका निर्वाह गर्ने छ। विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकाको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने यस क्षेत्रको महत्वपूर्ण भूमिका हुने छ। यस क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पूँजीलाई व्यापक रुपमा परिचालन गरि स्थानीय स्तरमा रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहयोग पुऱ्याउने छ। साथै यस क्षेत्रले नगरपालिकामा मानवीय आवश्यकताका बस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक-आर्थिक र सांस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्ने छ।

## जनसहभागिता परिचालन नीति

विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा नागरिकको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ। विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा नागरिकहरुलाई उत्तरदायी बहन गर्न सिकाउँछ। यसले गर्दा नागरिकहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भइ विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ। नगरपालिकामा विशेषगरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार जस्ता विषयहरुमा नागरिकको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविष्यमा निर्माण/सञ्चालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यज क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तारर विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकीय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत सञ्चालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा नागरिकको रुचिलाई ध्यान दिई कार्यक्रमहरु सञ्चालन गर्ने, तरकारी खेती तथा नगदेबालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनिहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीयवासीको सहभागितालाई बढाउन सकिने देखिन्छ। यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागी गराउँदै जानुपर्ने देखिन्छ।

## संघ संस्थाको स्रोत परिचालन नीति

नगरपालिकामा रहेका विभिन्न संघ संस्था, गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले नगरपालिकाको समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्ने छ। यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी नगरपालिकाको विकास लक्ष्य तथा प्राथमिकता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तिकरण जस्ता कार्यहरुमा सहयोग पुर्‍याउने छ। साथै, नगरपालिकाको पछाडी परेको क्षेत्रको विकास, उत्पादन वृद्धि र सेवा प्रवाहमा सहयोग गर्ने छ। यस क्षेत्रले पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निर्वाह गर्ने छ।

## अतिरिक्त स्रोत परिचालन नीति

नगरपालिकाको स्रोत वृद्धि गर्न सकेमा विकासले गति लिने निश्चित छ। यसको लागि नगरपालिकाले राजस्व सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै जानुपर्ने देखिन्छ। राजस्व सुधारको लागि नगरपालिकाले सञ्चालन गर्नुपर्ने कार्यहरु निम्न बमोजिम रहेका छन् :

१) राजस्व सुधार कार्ययोजना तर्जुमा गरि कार्यान्वयन गर्ने।
२) व्यवसाय करलाई व्यवस्थित गरी लागू गर्ने।
३) ढुङ्गा, गिट्टी र वालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षणका आधारमा उत्खनन् तथा सङ्कलन गरी विक्री वितरण गर्ने।
४) नक्सा पासलाई व्यवस्थित गरी लागू गर्ने।
५) स्थानीय पार्क, बगैंचा, पर्यटकीय क्षेत्र, पोखरी, खुल्ला क्षेत्र तथा मठमन्दिरको व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता गराउने।
६) जनसहभागितामा आधारित योजनाहरु सञ्चालन गर्ने।
७) सरसफाइको कार्यलाई व्यवस्थित गर्ने।
८) जगेडा कोष अधिकतम परिचालन गरि योजनाहरु सञ्चालन गर्ने।
९) सडक बोर्ड लगायत लाईन एजेन्सीहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने।
१०) दातृ निकाय तथा संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने।

## परिच्छेद ४ : आर्थिक क्षेत्र

आर्थिक विकास बिना समृद्धि हासिल हुन सक्दैन। यस क्षेत्र अन्तर्गत कृषि तथा पशुपन्छी विकास, सिंचाई, पर्यटन, प्राकृतिक स्रोत व्यवस्थापन, उद्योग, वाणिज्य र सहकारी आदि उपक्षेत्रहरू पर्दछन् जसको व्याख्या तलको उपखण्डहरुमा गरिएको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले दिएका अधिकार सूची र कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले कृषि क्षेत्रको समग्र विकासका लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । कृषि तथा पशुपन्छीजन्य उत्पादनको विविधिकरण व्यवसायीकरण,औद्योगिकरण, बजारीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन आवश्यक छ। रोजगारी सिर्जना गरी आय-आर्जन, गरिबी निवारण तथा आयात प्रतिस्थापन गर्न संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गर्न आवश्यक छ । कृषि भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण तथा भू-उपयोग योजना कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

### ४.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- आधुनिक कृषि प्रणाली विकास नहुनु।
- सिंचाई सुविधा पर्याप्त नहुनु।
- कृषि मल, उपकरण र अन्य सामग्रीहरु समयमा उपलब्ध नहुनु।
- जैविक मल, उन्नत बीउ र आधुनिक प्रविधिको व्यवस्था नहुनु।
- उन्नत नश्लका पशुहरुको संख्या कम हुनु।
- कृषि तथा पशु बीमा सम्बन्धी जनचेतनाको कमी।
- युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालनमा कमी।
- रैथाने बालीलाई उचित व्यवस्थापन गर्न नसक्नु।
- कृषिवाली तथा पशुपालनको सम्बन्धमा वैज्ञानिक अनुसन्धान र तथ्याङ्कको कमी।
- कृषि उपजको बजारीकरणको अभाव।

**चुनौतीहरु**

- उन्नत मल, बीउ र प्रविधि कृषक सम्म सहज रुपमा पुऱ्याई व्यवसायिक तथा जैविक कृषि विकास गर्नु।
- कृषि र पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु।
- पकेट क्षेत्र विकास गरी कृषि विकास गर्नु।
- व्यवस्थित बजारीकरणको व्यवस्था गर्नु।
- बढ्दो आयातमुखी संस्कृतिको न्यूनीकरण गर्नु।
- कृषि भूमिको संरक्षण गर्नु।
- कृषि व्यवसायिकरण र औद्योगिकरण गर्नु।

- कृषि बालीमा जङ्गली जनावर नियन्त्रण गर्नु।
- पशुपन्छीमा लाग्ने महामारी तथा कृषि वालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गर्नु।

### ४.१.३ सम्भावना र अवसर

#### सम्भावनाहरु

- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने।
- कृषिलाई आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको विकास गर्न सकिने।
- कृषि पकेट क्षेत्रको विकास गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने।
- स्थानीय स्रोत र साधनको सदुपयोग गर्न सकिने।
- रोजगारको सृजना र आयआर्जनमा वृद्धि गर्न सकिने।
- मौसमी तथा बेमौसमी तरकारी खेती, आलु, जडिबुटी तथा नगदेबाली खेती विस्तार गरी कृषकहरुको जीवनस्तरमा सुधार गर्न सकिने।
- व्यवसायिक पशुपन्छी पालन मार्फत आयआर्जन गर्न सकिने।
- कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गर्न सकिने।

#### अवसरहरु

- कृषि तथा पशुपन्छी व्यवसायको विकास र विस्तार गर्न सकिने।
- कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन गरी रोजगारी सिर्जना गर्न सकिने।
- उन्नत जातका पशुपालनको व्यावसायीकरण गरी आम्दानी वृद्धि गर्न सकिने।
- फलफूल, तरकारी खेतीको विकास र विस्तार गरी कृषकको आय आर्जन बढाउन सकिने।
- व्यवसायिक पशुपालन, कुखुरा पालन तथा माछा पालन गरी आय आर्जन बढाउन सकिने।
- बेमौसमी तरकारी खेती गरी कृषकहरु लाभान्वित हुन सक्ने।
- युवाहरुलाई व्यवसायिक खेती, उच्च मूल्य उत्पादन तथा उन्नत जातका पशुपालनमा आकर्षित गरी स्वरोजगार प्रदान गर्न सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि कृषि तथा पशुपन्छी क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | कृषि रणनीतिक गुरुयोजना तयार गरि कार्यान्वियन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २ | कृषि तथा पशुपन्छी तथ्याङ्क अद्यावधिक गर्ने । | ✓ | ✓ | ✓ | | |
| ३ | कृषि तथा पशु सेवा केन्द्र स्थापना गर्ने । | ✓ | ✓ | ✓ | | |
| ४ | अलैंची र चियालाई ग्रेडिङ, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरण गर्ने । | | ✓ | ✓ | | ✓ |
| ५ | कृषि जैविक विविधता मेला आयोजना गर्ने । | | ✓ | ✓ | | ✓ |
| ६ | सुनौलो कृषक पुरस्कार कार्यक्रम आयोजना गर्ने । | | ✓ | ✓ | | ✓ |
| ७ | व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ८ | नमूना कृषि तथा पशु पकेट क्षेत्र विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| ९ | डिजिटल स्वायल म्यापिङको व्यवस्थापन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १० | बेमौसमी तरकारी बाली लगायत खाद्य सुरक्षाको महत्वका बालीहरुको लागि हाइब्रिड बीउहरुको व्यवस्था गर्ने । | | ✓ | ✓ | | |
| ११ | थोपा सिंचाई, प्लाष्टिक पोखरी हाईड्रपोनिक्स तथा एरोपोनिक्स जस्ता नवीनतम प्रविधिहरुको प्रवर्द्धन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १२ | निशुल्क कृतिम गर्भाधान सेवा निरन्तर गरि उत्पादन र उत्पादकत्वमा वृद्धि गराई कृषकहरुलाई व्यवसायिक पशु पालनमा आकर्षण र थप रोजगारीको अवसर प्रदान गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| १३ | रोग किराहरुको प्रकोप भएको स्थानमा आवश्यक एकीकृत शत्रु जीव व्यवस्थापन गर्ने । | | ✓ | ✓ | | |
| १४ | कृषि उपजको उत्पादनमा आधारित कृषकहरुलाई अनुदानको व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |
| १५ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| १६ | बाली संरक्षण कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १७ | कृषक समूह गठन तथा परिचालन गर्ने । | | | ✓ | | |
| १८ | उन्नत नश्ल पशु विकास कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | पशु स्वास्थ्य औषधी खरिद गर्ने । | ✓ | ✓ | ✓ | | |
| २० | कृत्रिम गर्भाधान सेवा सञ्चालन तथा व्यवस्थापन गर्न प्राविधिकहरुलाई तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| २१ | जैविक खेती र जैविक मल उत्पादन कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | ✓ | |
| २२ | कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| २३ | कृषक तालिम र भ्रमण कार्यक्रमहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| २४ | रासायनिक मल तथा विषादि न्युनिकरण गरि अर्गानिक उत्पादनमा जोड दिनुको साथै कृषिमा यान्त्रिकरणका लागि मिनि टिलर, टनेल, प्लास्टिक पोखरी, थ्रेसर, वाटर पम्प, साना सिंचाइ प्रविधि, थोपा सिंचाई, जैविक मल उत्पादन र गोठेमल व्यवस्थापनमा प्रविधिमा अनुदान सहयोगको दायरा वढाउने । | | ✓ | ✓ | | |
| २५ | ५०% अनुदानमा एक कृषक परिवार एक सुधारिएको गोठ, एक च्याफकटर मेसिन र एक टनेल सहितको आधुनिक करेसा वारी निर्माणका लागि प्रत्येक वर्ष २००० कृषक परिवारलाई प्रविधिमा अनुदान सहयोग गरिने छ । | ✓ | ✓ | ✓ | | ✓ |
| २६ | पशुपालनका चार पिलर मानिने पशु आहारा, नश्ल सुधार, पशुहरुको व्यवस्थापन र वजारको उचित व्यवस्थापन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २७ | कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २८ | पकेट क्षेत्र घोषणा भएका क्षेत्रहरुमा साना क्लस्टरबाट कृषक समुह/समिति तथा सहकारी वनाई उनिहरुको संस्थागत माध्यमबाट एक गाउँ एक उत्पादन हुने गरि उत्पादन देखि वजार सम्म वैज्ञानिक प्रविधि विकास र विस्तार गर्ने । | | ✓ | ✓ | | ✓ |
| २९ | कृषि उपज भण्डारण गर्न शीत भण्डार निर्माण गर्ने । | | | ✓ | ✓ | |
| ३० | एक परिवार आधारभूत पाँच तालिम (१. आधुनिक करेसावारी व्यवस्थापन मार्फत पारिवारिक पोषण सुरक्षा, २. पशुपन्छी पालनको व्यवहारीक ज्ञान र सीप विकास, ३. पारिवारिक स्वास्थ्यमा पोषण र सरसफाइ ४. महिला शसक्तिकरण र पारिवारिक समन्जस्यताका लागि सचेता अभियान, ५. सामाजिक सुधारमा शिक्षाको महत्व) को व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ३१ | व्यवसायिक कृषकहरुलाई थप व्यवस्थित गरि व्यवसाय सञ्चालन र प्रवर्द्धन गर्न प्रविधिमा सहयोगका साथै नियमन गर्ने । | | ✓ | ✓ | | ✓ |
| ३२ | कृषि र पशु प्राविधिकको मूल्याङ्कन र सिफारिसमा कृषक | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदानको व्यवस्था गर्ने । | | | | | |
| ३३ | दुग्ध चिस्यान केन्द्र निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| ३४ | सार्वजनिक वितरण प्रणाली अन्तर्गत गरीब तथा अति गरीब परिवारहरूलाई सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ३५ | विदेशबाट फर्किएका युवाहरुलाई आधुनिक कृषि तथा पशुपालन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन गर्न सक्छ ।  बाह्रै महिना सिंचाई सुविधा पुर्‍याई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्था गर्न आवश्यक छ ।

### ४.२.२ समस्या र चुनौती

#### समस्या

- सिंचाई क्षेत्र व्यवस्थित गर्न सिंचाई गुरुयोजना तयार नहुनु ।
- परम्परागत  स्थानीय कुलोहरुको आवश्यक मर्मत सम्भार नहुनु ।
- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको विस्तार नहुनु ।
- व्यवस्थित सिंचाई प्रणाली नहुनु ।

#### चुनौती

- उचित सिंचाईको व्यवस्थापन गरी कृषि प्रणालीलाई आधुनिकीकरण गर्नु ।
- सिंचाई पूर्वाधार विकासका लागि लगानीको प्राथमिकता निर्धारण गर्नु ।
- कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गराउने गरी निर्माणाधीन आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु ।
- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको विस्तार गर्नु ।
- परम्परागत एवम् स्थानीय कुलोहरुको नियमित मर्मत सम्भार गर्नु ।

### ४.२.३ सम्भावना र अवसर

#### सम्भावना

- उपलब्ध खोला तथा कुलो मार्फत सिंचाई सुविधा उपलब्ध गर्न सकिने।
- सिंचाई मार्फत स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने।
- कृषि उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरणका लागि पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउन सकिने।
- परम्परागत एवम् स्थानीय कुलोहरुको आवश्यक मर्मत सम्भार गरि सिंचाई सुविधा बढाउन सकिने।

#### अवसर

- सिंचाई विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच र सहभागिता वृद्धि गर्न सकिने।
- सिंचाई सम्बन्धी नयाँ प्रविधिको आविष्कार तथा विस्तार गर्न सकिने।
- स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने।
- कुलोहरुको आवश्यक मर्मत सम्भार गरी सिंचाई सुविधा बढाउन सकिने।
- कृषिमा बाह्य ज्ञान सीपको उपयोग तथा बाह्य लगानी भित्र्याउन सकिने।
- कृषि विविधिकरणद्वारा रोजगारीको सृजना गर्न सकिने।
- युवा पुस्तालाई कृषिमा आकर्षित गर्न सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि सिंचाई क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | सिंचाई गुरुयोजना निर्माण गर्ने। | | ✓ | ✓ | | |
| २ | सिंचाई सम्बन्धी नीति र ऐनहरु तर्जुमा गर्ने। | ✓ | ✓ | ✓ | | |
| ३ | नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | हाल सञ्चालनमा रहेका पुराना सिंचाई प्रणालीको मर्मत सम्भार गरी सिंचाई सुविधा विस्तार गर्ने। | ✓ | ✓ | ✓ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सिंचाई आयोजना निर्माणमा स्थानीय स्रोत, साधन र सीप प्रयोगलाई प्राथमिकता दिने । | | ✓ | ✓ | | |
| ६ | सिंचाई व्यवस्थापन सूचना प्रणाली तयार गर्ने । | | ✓ | ✓ | | |
| ७ | स्थानीय कृषकहरुको क्षमता विकास गर्ने । | | | ✓ | ✓ | |
| ८ | निर्माणाधीन तथा सम्पन्न भइसकेका सिंचाई आयोजनाहरुमा सोलार प्रणाली जडान गर्ने । | ✓ | ✓ | ✓ | | |
| ९ | सिंचाईका मुहानहरु संरक्षण गर्ने । | | | ✓ | ✓ | |
| १० | सिंचाई प्रणालीलाई क्रमिक रुपमा कृषक/कृषक समूहलाई हस्तान्तरण गर्ने । | | | ✓ | ✓ | ✓ |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन क्षेत्र अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । अद्बितीय प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ । हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका क्षेत्रहरु हुन् । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र नागरिकको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्वपूर्ण योगदान रहने भएकोले पर्यटन अर्थतन्त्रको प्रमुख सम्बाहक पनि हो । फिदिम नगरपालिकाको पर्यटन विकासको लागि मुख्य पर्यटकीय क्षेत्रहरुलाई पर्यटकीय सर्किटको रुपमा विकास गर्न सकिन्छ । सामुदायिक होमस्टेहरूलाई व्यवस्थित गरी पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ । साथै पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार तथा प्रवर्द्धनको लागि फिदिम बजार क्षेत्रमा पर्यटन सूचना केन्द्र निर्माण गर्न आवश्यक छ । नगरपालिकामा पर्यटनको प्रचुर सम्भावना भएतापनि पर्यटन विकास लक्षित पर्याप्त कार्य हुन सकेको छैन । नगरपालिकामा अझ बढी पर्यटक भित्र्याई बढीभन्दा बढी मानिसहरुलाई पर्यटन व्यवसायमा संलग्न गराई नगरपालिकाको आर्थिक उन्नति गर्न सकिने देखिन्छ ।

### ४.३.२ समस्या र चुनौती

**समस्या**

- पर्यटकीय क्रियाकलापहरुको विविधिकरण नहुनु ।
- पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारमा कमी हुनु ।
- पर्यटन क्षेत्र र उद्यमशिलता एकसाथ विकास गर्न नसकिनु ।

- पर्याप्त पर्यटन पूर्वाधारको विकासमा कमी हुनु ।
- पर्यटकीय पूर्वाधार निर्माणमा लगानी पर्याप्त नहुनु ।

### चुनौती

- स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु ।
- पर्यटकीय उपजहरूको विविधिकरण गर्नु र गन्तव्यहरूको विकास गर्नु ।
- पर्यटनमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- पर्यटकीय पूर्वाधारको विकास गर्नु ।
- पर्यटकीय सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु ।

## ४.३.३ सम्भावना र अवसर

### सम्भावना

- पर्यटन सम्बन्धी गुरुयोजना बनाई पूर्वाधार विकास गर्न सकिने ।
- पर्यटन सर्किट निर्माण गरी एकीकृत पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- होमस्टे तथा ग्रामीण पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहोरमैला व्यवस्थापनको लागि सरकारी, गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्य गर्न सकिने ।
- पर्यटन सम्भावना भएका क्षेत्रमा कृषि पर्यटनको सर्वेक्षण र सम्भाव्य अध्ययन गर्न सकिने ।

### अवसर

- पर्यटन सर्किट निर्माण तथा प्रवर्द्धन गरी आय आर्जन गर्न सकिने ।
- स्थानीय कला संस्कृति, रीतिरिवाजको प्रचार प्रसार गरी पर्यटक आवागमन बढाउन सकिने ।
- धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरुको उपयोग गरी पर्यटकीय गतिविधि बढाउन सकिने ।
- होमस्टे व्यवस्थापन मार्फत रोजगारी सिर्जना गरी लाभ लिन सकिने ।
- पर्यटन गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम पर्यटन पूर्वाधारहरु विकास गर्ने सकिने ।
- पर्यटकीय क्षेत्रमा बाह्य लगानी आकर्षित गर्न सकिने ।
- पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने ।
- पर्यटकको लागि सम्वद्ध संघ सस्थाहरूसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | पर्यटन एकीकृत गुरुयोजना तयार गर्ने । | | | ✓ | | |
| २ | रमिते भ्यु टावरको सुव्यवस्थित सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ३ | थाक्ले बुद्धपार्क र तमोर नदी, लब्रेकुटी र सिलौटी, जल्पापोखरी, सुकेपोखरी र लोहाकिललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने । | ✓ | ✓ | ✓ | | |
| ४ | पौवाभञ्ज्याङमा रहेको पर्यटन सुचना केन्द्रलाई प्रविधिमैत्री सूचना केन्द्रको रुपमा सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| ५ | पर्यटक सूचनाको लागि नगर पर्यटकीय प्रोफाईल प्रकाशन गरी पर्यटकलाई आकर्षित गर्ने । | | ✓ | ✓ | | |
| ६ | पर्यटकीय क्षेत्रहरुको डिपिआर तयार गरी पर्यटकीय पूर्वाधार तयार गर्ने । | ✓ | ✓ | ✓ | | |
| ७ | पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गर्ने । | | | ✓ | ✓ | |
| ८ | फिदिम बजार क्षेत्रमा पर्यटन सूचना केन्द्र स्थापना गरी पर्यटन सूचना बोर्ड सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ९ | ऐतिहासिक तथा पुरतात्विक महत्वका क्षेत्रको संरक्षण गर्ने । | | ✓ | ✓ | ✓ | |
| १० | स्थानीय धार्मिक, सांस्कृतिक, जातीय, ऐतिहासिक, मेला, उत्सव र पर्व मनाउन कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | | |
| ११ | बहुजातिय संग्रहालय निर्माण गर्ने । | ✓ | ✓ | ✓ | | |
| १२ | विविध धर्मावलम्बीहरुको धर्म, संस्कृति, परम्परा र रहनसहनलाई पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्ने । | | ✓ | ✓ | | |
| १३ | मौलिक कला तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने । | ✓ | ✓ | ✓ | | |
| १४ | स्थानीय स्तरमा मनाईने विशेष चाडपर्वहरु, संस्कृति, भेषभुषा, बाजागाजाको विकास, संरक्षण र सम्वर्द्धन मार्फत पर्यटन प्रर्वद्धनमा जोड दिने । | ✓ | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | स्थानीय भाषा, संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| १६ | पर्यटकीय स्थलहरुमा सरसफाइका कार्यक्रमहरु गर्ने । | | | ✓ | ✓ | |
| १७ | प्रत्येक वडामा पर्यटन होर्डिङ बोर्डको व्यवस्था गर्ने । | | | ✓ | | |
| १८ | सम्भाव्य स्थानहरुमा मनोरञ्जन पार्क, पिक्निक स्पट, विभिन्न धार्मिक तथा ऐतिहासिक प्रतिमाहरु निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |

## ४.४ उद्योग तथा वाणिज्य

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत-साधनको संरक्षण र प्रवर्द्धन गरी श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने नीति लिइएको छ । नगरपालिकाको समग्र उद्योग, व्यापार र व्यवसाय क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र नगरपालिकाले समेत प्रभावकारी उत्प्रेरक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गरिरहेको अवस्था छ । यसैगरी, उद्योगमा नयाँ प्रविधि प्रयोग गरी उत्पादन लागत कम गर्दै उत्पादन र उत्पादकत्व वृद्धि र रोजगारीका अबसर सिर्जना गर्नुपर्ने छ । कृषिबाट उद्योग र सेवा क्षेत्रमा बेरोजगार वा अर्ध वेरोजगार श्रमिकको स्थानान्तरणले मात्र बस्तु र सेवाको उत्पादन, मूल्य अभिवृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका साथै नगरपालिकाको गरिबी न्यूनीकरणमा टेवा पुग्दछ ।

### ४.४.२ समस्या र चुनौती

**समस्या**

- उद्योग र उद्यमशिलताको पर्याप्त विकास नहुनु ।
- उद्योग, व्यापार तथा व्यवसायको यथोचित तथ्याङ्क अद्यावधिक नहुनु ।
- औद्योगिक पूर्वाधारको पर्याप्त विकास नहुनु ।
- साना उद्यमी र व्यवसायीहरुको पेशा संरक्षण नहुनु ।
- उद्योगीहरुको बीमा नहुनु ।
- व्यवसायिक दक्षता नहुनु ।

**चुनौती**

- उद्यमशिलता विकास गर्नु ।

- स्थानीय उत्पादनको बजारीकरण गर्नु ।
- औद्योगिक कच्चा पदार्थ तथा कृषि, पशु विकास र जडीबुटीको व्यवसायिक उत्पादन गर्नु ।
- बाह्य लगानीको वातावरणको निर्माण गर्नु ।
- प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु ।
- युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गर्नु ।
- साना उद्यमी र व्यवसायीहरुको संरक्षण गर्नु ।

### ४.४.३ सम्भावना र अवसर

#### सम्भावना

- केही उद्योगहरु दर्ता/नीतिगत दायरामा ल्याउन सकिने ।
- स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न सकिने ।
- कृषि, वन र जडिबुटी जन्य उद्योगको विकास गर्न सकिने ।
- उद्योग, उर्जा, पर्यटन आदि क्षेत्रमा बाह्य लगानी आकर्षित गर्न सकिने ।
- उद्यमशिलतालाई प्रोत्साहन वा बढावा दिन सकिने ।
- उद्योग मार्फत रोजगारी सृजना गर्न सकिने ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग गर्न सकिने ।

#### अवसर

- औद्योगिक ग्राम स्थापना गर्न सकिने ।
- लघु तथा घरेलु उद्योग दर्ता र नियमन गर्न सकिने ।
- लघु तथा घरेलु उद्योग मार्फत स्थानीय रोजगारी सिर्जना गर्न सकिने ।
- साना व्यवसाय र उद्यमीहरुलाई सहज नवीकरण र कर छुटको व्यवस्था गरी करको दायरामा ल्याई राजस्व सङ्कलनमा वृद्धि गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | औधोगिक प्रवर्द्धन नीति एवम् कानून तर्जुमा गर्ने। | | | ✓ | | |
| २ | परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन गर्ने। | | | ✓ | ✓ | |
| ३ | उद्यमशिलता तथा सीप तथा क्षमता विकास गर्ने। | | | ✓ | ✓ | |
| ४ | औधोगिक ग्राम स्थापना सम्भाव्यता अध्ययन तथा पूर्वाधार निर्माण गर्ने। | ✓ | ✓ | ✓ | | ✓ |
| ५ | स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु उद्योग तथा साना उद्योग स्थापना र सञ्चालनमा गर्ने। | | | ✓ | ✓ | ✓ |
| ६ | सीपमुलक तथा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्ने। | | | ✓ | ✓ | ✓ |
| ७ | स्थानीय उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गर्ने। | | | ✓ | ✓ | |
| ८ | महिला उद्यम विकास गर्ने। | | | ✓ | ✓ | ✓ |
| ९ | प्रत्येक टोल बस्तीहरुमा घरेलु तथा साना उद्योग स्थापना गरी स्वरोजगार बनाउने। | ✓ | ✓ | ✓ | ✓ | |
| १० | औद्योगिक पूर्वाधारको विकास गर्ने। | | ✓ | ✓ | ✓ | |
| ११ | सानो स्केलमा हुने उत्पादनको एकीकृत बजार प्रवर्द्धन गर्ने। | | ✓ | ✓ | ✓ | |
| १२ | बजारको नियमित अनुगमन गर्ने। | | | ✓ | | ✓ |
| १३ | निजी क्षेत्रको लगानी आकर्षण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १४ | थप कोसेली घर सञ्चालनको व्यवस्था मिलाउने। | | | ✓ | ✓ | ✓ |
| १५ | हाट बजारमा पूर्वाधारको व्यवस्था गर्ने। | | | ✓ | ✓ | ✓ |
| १६ | साना व्यवसाय र उद्यमीहरुलाई सहज नवीकरण र कर छुटको व्यवस्था गरी करको दायरा फराकिलो बनाउने। | | | ✓ | | |

## ४.५ श्रम तथा रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ र ३४ मा रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। यहि हकलाई कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५; रोजगारीको हक सम्बन्धी नियमावली, २०७५; प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७५ तथा युवा रोजगारीका लागि रुपान्तरण पहल कार्यविधि, २०७६

तर्जुमा गरी स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना मार्फत बेरोजगार व्यक्तिको पहिचान गर्ने, सूचीकरण गर्ने र सूचिकृत व्यक्तिलाई रोजगारी प्रदान गर्ने गरिएको छ । गुणस्तरीय मानव संशाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन उत्पादनको क्रियाशिल साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका हुन्छ । अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि १६९ ले सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्यभूति गरेको छ भने राष्ट्रिय रोजगार नीति, २०७१ र वैदेशिक रोजगार नीति २०६८ कार्यन्वयनमा आएका छन् ।

स्वदेशमा सीमित रोजगारीको अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरुको घट्दो रूची लगायतका कारणले नेपाली युवाहरु वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रुपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवम् उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न आवश्यक देखिन्छ ।

### ४.५.२ समस्या र चुनौती

#### समस्या

- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन नहुनु ।
- प्राप्त सीप र पूँजिको पर्याप्त परिचालन नहुनु ।
- ठूला तथा मझौला उद्योगहरुको अभावमा पर्याप्त रोजगारी सिर्जना नहुनु ।
- दक्ष श्रम शक्ति पर्याप्त नहुनु ।
- सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्र बीच समन्वय नहुनु ।
- मर्यादित श्रम सहित रोजगार सुनिश्चित नहुनु ।
- सामाजिक सुरक्षा योजना सर्वब्यापी नहुनु ।
- अल्पसङ्ख्यक तथा पिछडिएका समुदायहरुको सामाजिक सुरक्षामा पर्याप्त पहुँच नहुनु ।

#### चुनौती

- बाह्य स्रोतलाई आकर्षित गरी आर्थिक गतिविधि वृद्धि गर्नु ।
- विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नु ।
- स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।

- वैदेशिक रोजगारको लागि अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति विकास गर्नु ।
- श्रम शक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु ।
- वैदेशिक रोजगारको दिगो विकल्प व्यवस्था गर्नु ।
- तालिम प्राप्त जनशक्तिको निम्ति सही कामको उपलब्ध गर्नु ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गर्नु ।
- सामाजिक सुरक्षा संरक्षण सम्बन्धी योजनालाई वित्तीय रुपमा दिगो व्यवस्थापन गर्नु ।

### ४.५.३ सम्भावना र अवसर

#### सम्भावना

- स्थानीय लघु, घरेलु तथा साना उद्योगहरु स्थापना गरी यथेष्ट रोजगार सिर्जना गर्न सकिने ।
- वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवालाई स्थानीय श्रम तथा रोजगारीको व्यवस्था गर्न सकिने ।
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धिमुलक एवम् शोषण रहित बनाउन सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिन सकिने ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सक्ने ।
- विप्रेषणको उत्पादनमुलक क्षेत्रमा लगानी गरी आय-आर्जन बढाउन सकिने ।

#### अवसर

- युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको परिचालन मार्फत विकासका कार्यलाई तीव्रतर रुपमा अगाडी बढाउन सकिने ।
- विप्रेषण र सिकेको सीप स्थानीयस्तरमा प्रयोग गरी आर्थिक विकासमा योगदान तथा उत्पादन एवम् रोजगारको अवसर विस्तार गर्न सकिने ।
- सीपयुक्त जनशक्तिको परिचालनद्वारा समृद्धि हासिल गर्न सकिने ।
- सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) लाई निरन्तरता गरी वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धिमुलक एवम् शोषण रहित बनाउन सकिने ।
- स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सृजना गर्न सकिने ।
- कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सक्ने ।
- नगरपालिकाको राजस्व अभिवृद्धि गर्न सकिने ।

- स्थानीय उत्पादनलाई ब्राण्डिङ गर्न सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेको छ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | रोजगारीका अवसर वृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| २ | रोजगारदाताहरुको अभिलेख अद्यावधिक गर्ने। | | | ✓ | ✓ | |
| ३ | राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक हित सम्बन्धी कानुन प्रभावकारी रुपमा कार्यन्वयन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४ | रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ५ | सचेतनामूलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमूलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | युवा लक्षित रोजगारीका अवसर वृद्धि गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | वैदेशिक रोजगारमा गएका नगरका युवाहरुको अभिलेख व्यवस्थित गर्ने। | ✓ | ✓ | ✓ | | |
| ८ | श्रमिकको कार्य क्षेत्रमा सुरक्षाको मापदण्ड लागू गर्न सहयोग गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ९ | न्यूनतम पारिश्रमिक पालनाको निरीक्षण गर्ने। | | | ✓ | | |
| १० | वित्तीय साक्षरता सचेतना कार्यक्रम आयोजना गर्ने। | | ✓ | ✓ | | |
| ११ | बीउ पूँजी उपलब्ध गराउने। | | ✓ | ✓ | | |
| १२ | व्यवसायिक सीप विकास एवम् तालिम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| १३ | वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरुलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने। | | ✓ | ✓ | ✓ | |
| १४ | विप्रेषणको उत्पादनमूलक (उद्यमशिलता) उपयोगको लागि कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| १५ | वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धीका सेवा प्रवाहमा सहजीकरण गर्ने। | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | कम्तीमा एउटा बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १७ | प्राविधिक सीप विकास केन्द्र सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| १८ | सामी परियोजनालाई निरन्तरता प्रदान गर्ने । | ✓ | ✓ | ✓ | | |
| १९ | रिटर्नी सञ्जालको क्षमता विकास कार्यक्रम आयोजना गर्ने । | | ✓ | ✓ | | |
| २० | ठगी लगायतका समस्याहरुमा न्यायमा पहुँचका लागि आवश्यक सहजीकरण गर्ने । | ✓ | ✓ | ✓ | | |
| २१ | वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई उद्यम विकास सहजीकरण तथा सहयोग कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २२ | सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २३ | सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी थप आवश्यक कार्यहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २४ | राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत भएका बेरोजगार सङ्ख्याको आधारमा श्रममा आधारित रोजगार कार्यक्रम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २५ | विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र संयन्त्र निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | |
| २६ | नगरपालिकाबाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको लागि उपयुक्त पूर्व तालिमको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |
| २७ | वैदेशिक रोजगारीलाई सुरक्षित, लाभप्रद र मर्यादित बनाउन नगरपालिकामा नियमित अनुगमनको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |

## परिच्छेद ५ : सामाजिक क्षेत्र

### ५.१ स्वास्थ्य तथा पोषण

#### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्त्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै सन्दर्भमा लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफामूलक बाट क्रमशः

सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानुपर्ने आवश्यक छ। संविधानको एकल तथा साझा अधिकार सूची अनुसार सङ्घ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी रहेको छ। नागरिकलाई स्वस्थ्य बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ। स्वास्थ्य क्षेत्रलाई प्रभाव पार्न अर्को महत्वपूर्ण सूचक खाद्य सुरक्षा हो। आफ्नो उत्पादनले बाह्र महिना खाद्यान्न पुग्ने  परिवार सङ्ख्या र बाह्र महिना भन्दा कम समयको लागि खाद्यान्न पुग्ने घरपरिवार सङ्ख्याले पनि व्यक्तिको स्वास्थ्यगत अवस्थालाई निर्धारण गर्दछ।

### ५.१.२ समस्या र चुनौती

#### समस्या

- आवश्यक उपकरण र विशेषज्ञ चिकित्सक पर्याप्त नहुनु।
- अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको वर्गहरूको स्वास्थ्य क्षेत्रमा पर्याप्त पहुँच नहुनु।
- नि:शुल्क तथा अत्यावश्यक औषधी पर्याप्त नहुनु।
- स्वास्थ्य बीमा प्रभावकारी नहुनु।
- स्वास्थ्य र पोषण सम्बन्धी चेतना वृद्धि नहुनु।
- सबै घरपरिवारमा पोषण र खाद्य सुरक्षाको पर्याप्त पहुँच नहुनु।

#### चुनौती

- आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्नु।
- संस्थागत सुत्केरी सेवालाई प्रोत्साहन गर्नु।
- आधारभूत तथा अत्यावश्यक औषधि नि:शुल्क र सर्वयाम उपलब्ध गर्नु।
- आधारभूत सुविधा, औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार व्यवस्थापन गर्नु।
- स्वास्थ्य बीमाको पहुँच वृद्धि गर्नु।
- स्वास्थ्य सेवा तथा पोषणबारे जनचेतना अभिवृद्धि गर्नु।
- खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु।

### ५.१.३ सम्भावना र अवसर

#### सम्भावना

- स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सकिने।
- स्वास्थ्य बीमा कार्यक्रम मार्फत स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न सकिने।
- स्वास्थ्य सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन सकिने।
- गर्भवती, नवजात शिशु तथा बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन गर्न सकिने।

### अवसर

- आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन गर्न सकिने।
- स्वास्थ्य बीमा कार्यक्रम थप व्यवस्थित गर्न सकिने।
- स्वास्थ्य सम्बन्धी काम गर्ने विभिन्न गैर सरकारी संस्थासँग सहकार्य गर्न सकिने।
- ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहलाई थप क्रियाशिल बनाउन सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि स्वास्थ्य तथा पोषण क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेको छ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | स्वास्थ्य गुरुयोजना तयार गर्ने। | | | ✓ | | |
| २ | नगरपालिकाको स्वास्थ्य नीति तर्जुमा गर्ने। | | | ✓ | | |
| ३ | स्वास्थ्य र पोषण सम्बन्धी सचेतना कार्यक्रम गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| ४ | आधारभूत औषधीहरु सर्वसुलभ रुपमा पालिकामा नै उपलब्ध हुने व्यवस्था मिलाउने। | | ✓ | ✓ | ✓ | ✓ |
| ५ | स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर (पोषण कुना) सञ्चालन तथा व्यवस्थापन गर्ने। | ✓ | ✓ | ✓ | | |
| ६ | डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ७ | सुत्केरी आमा र शिशुका लागि न्यानो कपडा वितरण तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको नि:शुल्क उपचारको व्यवस्था गर्ने। | ✓ | ✓ | ✓ | | |
| ९ | विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरुको स्वास्थ्य उपचारको लागि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| १० | स्वास्थ्य सेवा प्रवाहमा नविनता भित्र्याउन आवश्यक तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ११ | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आवश्यक तालिम र थप प्रोत्साहनको व्यवस्था गर्ने। | | ✓ | ✓ | | |
| १२ | बाह्य खोप कार्यक्रमको व्यवस्था गर्ने। | ✓ | ✓ | ✓ | | |
| १३ | गर्भवती तथा सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने। | ✓ | ✓ | ✓ | | |
| १४ | सबै स्वास्थ्य संस्थामा आधुनिक उपकरण तथा भौतिक पूर्वाधारयुक्त बनाई आवश्यक जनशक्तिको व्यवस्था गर्ने। | | ✓ | ✓ | ✓ | |
| १५ | खोप कार्यक्रम र स्वास्थ्य घुम्ती सेवा नियमित रुपमा सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| १६ | विद्यमान स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| १७ | विद्यमान स्वास्थ्य संस्थाहरुमा चिस्यान भण्डारको व्यवस्था गर्ने । | | | ✓ | ✓ | |
| १८ | रेफरल अस्पतालको लागि विशेषज्ञ अस्पतालसँग समन्वय गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| १९ | चिकित्सकहरुको पदपुर्ति गर्ने। | ✓ | ✓ | ✓ | | |
| २० | सबै स्वास्थ्य संस्थामा कम्प्युटर तथा इन्टरनेटको सुविधा उपलब्ध गराउने। | ✓ | ✓ | ✓ | ✓ | |
| २१ | खाद्यान्न संकटबाट मुक्ति पाउनका लागि किसानदेखि उपभोक्तासम्मको श्रृंखलामा कार्य गर्न सबैले विशेष भूमिका निर्वाह गर्ने। | | ✓ | ✓ | ✓ | |
| २२ | खाद्यान्न, दूध, मासु, फलफूल, तरकारी तथा खाद्य | | ✓ | ✓ | | ✓ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तेलको गुणस्तर कायम गर्न खाद्यान्न गुणस्तर कानुन बनाएर कडाइका साथ लागू गर्ने । | | | | | |
| २३ | लक्षित सार्वजनिक वितरण प्रणाली अन्तर्गत गरीब तथा अति गरीब परिवारहरूलाई सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराउने । | | ✓ | ✓ | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको आधार हो । साथै, परिष्कृत एवम् मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिंदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

विज्ञान प्रविधि राष्ट्रको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक शक्ति मानिन्छ । गुणस्तरीय जीवनस्तर र सुशासन कायम गर्न एवम् सुरक्षा सुदृढ बनाउन समेत विज्ञान प्रविधिको उपयोग प्रभावकारी देखिएको छ । कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको विज्ञान प्रविधि सम्बन्धी नीति, सोको  कार्यान्वयन, त्यसका लागि गरिएको राजनीतिक प्रतिबद्धता, अनुसन्धान तथा विकासमा गरिएको राज्यको लगानी र सो बाट प्राप्त सामाजिक आर्थिक प्रतिफलको आधारमा मापन गर्ने गरिएको तथ्य विकसित मुलुकको अनुभवले देखाएको छ । ऐतिहासिक परिवर्तन सँगै मुलुकको द्रुत एवम् दीगो आर्थिक विकास तथा समाजबाद उन्मुख राष्ट्र निर्माण, अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा, उत्पादनमुलक क्षेत्रमा नवप्रवर्तन सहितको प्रविधिको प्रयोग, वैज्ञानिक प्रतिभाहरुलाई अनुसन्धान गर्ने वातावरणको विकास, आविष्कार प्रदर्शन गर्ने अवसर, उद्यमशिलता अभिवृद्धिको सुनिश्चितता अनिवार्य हुन्छ ।

### ५.२.२ समस्या र चुनौती

#### समस्याहरु

- विद्यालयको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु।
- शिक्षक दरबन्दी पूर्ति सबै विद्यालयमा पूर्ण नहुनु।
- संस्थागत विद्यालयको उचित नियमन नहुनु।
- लक्षित समूहका बालबालिकाको विशेष शिक्षामा पहुँच नहुनु।
- भौतिक पूर्वाधार अपाङ्गमैत्री नहुनु।
- विज्ञान र प्रविधिको विकासमा निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी नहुनु।
- अभिभावकहरूको आफ्ना बालबालिकाहरूको सिकाइको अवस्थाको बारेमा रूची कमी हुनु।

#### चुनौतीहरु

- वैकल्पिक शिक्षण सिकाई कार्यक्रम सञ्चालन गर्नु।
- विषयगत शिक्षकको पूर्ण व्यवस्थापन गर्नु।
- विद्यालय प्रशासन चुस्त दुरुस्त अद्यावधिक गर्नु।
- संस्थागत विद्यालयहरुको नियमन गर्नु।
- समावेशी र गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु।
- शैक्षिक पूर्वाधारको विकास गर्नु।
- गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको अवसर वृद्धि गर्नु।
- दक्ष एवम् विज्ञ प्रतिभा पलायन न्यूनीकरण गर्नु।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा सूचना तथा प्रविधिको उपयोग गर्नु।

### ५.२.३ सम्भावना र अवसर

#### सम्भावना

- नगर शिक्षा ऐनको लागि आवश्यक, नियमावली, कार्यविधि निर्माण गर्न सकिने।
- अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम, विद्युतीय हाजिरी व्यवस्थापन, आईसिटी व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्न सकिने।

- सामुदायिक विद्यालय प्रति आकर्षण वृद्धिका लागि अंग्रेजी माध्यममा पठनपाठन गराउन सकिने।
- कृषि तथा भेटिरेनरी, सूचना प्रविधि र ईन्जिनियरिङ लगायत प्राविधिक शिक्षालय स्थापना गर्न सकिने।
- नियमित अनुगमनबाट विद्यालय शिक्षालाई समय सापेक्ष बनाउन सकिने।
- शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने।
- सामुदायिक सिकाई केन्द्रको सक्रियतामा साक्षरता वृद्धि गर्न सकिने।
- परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्न सकिने।
- स्वयंसेवक शिक्षक व्यवस्थापन गर्न सकिने।
- विभिन्न संस्थाहरुसंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने।

### अवसर

- आधारभूत शिक्षा मौलिक हकको रुपमा रहेको।
- माध्यमिक शिक्षासम्मको नीति तथा योजना निर्माण गर्न सकिने।
- शिक्षामा लगानी वृद्धि गर्न सकिने।
- शिक्षा प्रतिको समुदायको अभिरुचि वृद्धि गर्न सकिने।
- विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | नगर शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | | | ✓ | | |
| २ | सबै विद्यालयमा विषयगत शिक्षक दरबन्दी उपलब्ध गराउने। | ✓ | ✓ | ✓ | | |
| ३ | प्राविधिक शिक्षालयको व्यवस्था गर्ने। (कृषि तथा भेटेरिनरी, सूचना प्रविधि) | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | माध्यमिक तहको विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था गर्ने। | | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | एक विद्यालय एक नृत्य, संगीत र वाद्यवादक शिक्षकको व्यवस्था गर्ने। | ✓ | ✓ | ✓ | | |
| ६ | एस.ई.ई. पश्चात प्राविधिक विषय अध्ययन गर्ने १० जना विद्यार्थीका (प्रति वर्ष २ जना) लागि छात्रवृत्ति प्रदान गर्ने। | ✓ | ✓ | ✓ | | |
| ७ | बालविकास केन्द्रहरुमा शैक्षिक सामग्री वितरण तथा कर्मचारीको व्यवस्थापन गर्ने। | ✓ | ✓ | ✓ | | |
| ८ | शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयमा अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम, ई-हाजिरी, ICT व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| ९ | नगरपालिका भित्र उत्कृष्ट नतिजा प्राप्त गर्ने सफल विद्यालय र शिक्षकलाई सम्मान तथा प्रोत्साहन गर्ने। | | | ✓ | | |
| १० | शिक्षण सिकाई पद्धतिलाई प्रविधिमैत्री बनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित गर्ने। | ✓ | ✓ | ✓ | | |
| ११ | सामुदायिक विद्यालहरुको स्तरोन्नति गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | नगरपालिकाका सम्पूर्ण विद्यालयहरुमा सुलभ शौचालय र खानेपानीको व्यवस्था गर्ने। | | | ✓ | ✓ | |
| १३ | नगर शिक्षा पार्श्वचित्र, नगर शिक्षा योजनालाई अद्यावधिक गर्ने। | | | ✓ | | ✓ |
| १४ | जेहेनदार विद्यार्थीहरुलाई उच्च शिक्षामा प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गर्ने। | | ✓ | ✓ | | |
| १५ | सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरी व्यवहारिक शिक्षा प्रदान गर्ने। | | | ✓ | | |
| १६ | सबै सरोकारवालाहरुको सक्रियतामा विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| १७ | विद्यालय छाड्ने बालबालिका दरलाई घटाउन थप दिवा खाजा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | | |
| १८ | शिक्षक, शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने। | ✓ | ✓ | ✓ | | |
| १९ | लक्षित वर्गहरुका लागि अनौपचारिक कक्षाहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| २० | विद्यालयमा बालमैत्री एवम् अपाङ्गमैत्री संरचना विकास गर्ने। | | ✓ | ✓ | | |
| २१ | शैक्षिक प्रदर्शनी आयोजना गर्ने। | | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | विद्यालय शिक्षणलाई प्रभावकारी बनाउन विषयगत शिक्षक, कर्मचारीहरुलाई तालिम, गोष्ठी र प्रशिक्षणको माध्यमबाट क्षमता विकास गर्ने । | | ✓ | ✓ | | |
| २३ | सूचना प्रविधि तथा कम्प्युटर ल्याब स्थापना गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| २४ | सम्पूर्ण विद्यालयहरुको सामाजिक परीक्षण गर्ने । | | | ✓ | | ✓ |
| २५ | विज्ञान र नवप्रवर्तनका क्षेत्रमा नगरपालिकाले सहयोग गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| २६ | परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्ने । | ✓ | ✓ | ✓ | | |
| २७ | डिजिटल साक्षरता अभिवृद्धि गर्न कार्ययोजना निर्माण गर्ने । | ✓ | ✓ | ✓ | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ । खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकले समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकुल सुधार गर्न योगदान पुगेको छ ।

सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्न सन् २०३० सम्मको प्रस्तावित लक्ष्य अनुसार ९५ प्रतिशत घरधुरीमा पाइपद्वारा वितरित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधा पुऱ्याउने र सबै समुदाय खुला दिसामुक्त भएका हुने तथा शहरी क्षेत्रमा सबै घर ढल निकाससँग जोड्ने लक्ष्य लिएको छ । खानेपानी तथा सरसफाइको सुनिश्चितता फिदिम नगरपालिकाको उत्तरदायित्व भित्र पर्दछ । फिदिम नगरपालिकाले खानेपानी तथा सरसफाइको पहुँच एवम् सुधार कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नगरपालिकाले दिगो रुपले फोहोरमैला व्यवस्थापन गरेर तथा वातावरण संरक्षणका उपायहरु अपनाएर खानेपानीको गुणस्तर सुधार गर्न आवश्यक छ ।

### ५.३.२ समस्या र चुनौती

**समस्याहरु**

- खानेपानी स्रोत संरक्षण तथा सरसफाइमा जनचेतनाको पर्याप्त वृद्धि नहुनु।
- सरसफाइमा त्यति धैरै चासो वृद्धि नहुनु।
- पानीका स्रोत तथा मुहानहरूको उचित संरक्षण नहुनु।
- पानीको गुणस्तर मापन तथा परीक्षण नहुनु।
- खानेपानी वितरण मापदण्ड अनुसार नहुनु।

### चुनौतीहरु

- "एक घर एक धारा र एक घर एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु।
- स्वच्छ पानीको वितरण गर्नु।
- खानेपानीका मुहानहरुको संरक्षण गर्नु।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु।
- सरसफाइको अभ्यास वृद्धि गर्नु।

## ५.३.३ सम्भावना र अवसर

### सम्भावना

- "एक घर एक धारा र एक घर एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन भई सबै घरधुरीमा खानेपानीको पहुँच स्थापित गर्न सकिने।
- खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न सकिने।
- खानेपानीका मुहानहरुको संरक्षण गर्न सकिने।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्न सकिने।
- स्वच्छ पानी वितरण गर्न सकिने।
- सरसफाइको अभ्यास वृद्धि गर्न सकिने।

### अवसर

- प्रशस्त पानीका मुहान र खोलानालाहरु सदुपयोग गर्न सकिने।
- खानेपानीको पहुँच वृद्धि गर्न सकिने।

- खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गर्न सकिने ।
- खानेपानीको लागि विभिन्न सरकारी, निजी तथा गैससहरूको सहकार्य वृद्धि गर्न सकिने ।
- स्वच्छ खानेपानी तथा सरसफाइ मार्फत जनस्वास्थ सुधारमा वृद्धि गर्न सकिने ।
- स्वच्छ, सफा, हराभरा नगरपालिका स्थापित गर्न सकिने ।
- पानीको स्रोहरुको संरक्षण गरी प्राकृतिक स्रोतको सदुपयोग गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि खानेपानी तथा सरसफाइ क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| २ | खानेपानीका स्रोतहरुको संरक्षण गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ३ | एक घरएक धारा र एक शौचालयको व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ४ | खानेपानीका विद्यमान संरचनाहरु मर्मत गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | दक्ष जनशक्ति उत्पादन तथा सचेतना तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ६ | आर्थिक स्रोत व्यवस्थापन र नीति निर्माणको लागि अन्तर सरकार समन्वय गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ७ | खानेपानी अपुग भएका टोल र बस्तीहरुको लागि नयाँ खानेपानी आयोजना निर्माण गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ८ | खा.पा.उ.स.लाई प्राविधिक सहयोग गर्ने । | | | ✓ | ✓ | |
| ९ | फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १० | मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरु निर्माण गरी स्थानीय संघ संस्था तथा समुदायलाई व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ११ | बृहत खानेपानी आयोजनाबाट फिदिम बजारमा वितरित खानेपानी व्यवस्थापनलाई प्रभावकारी बनाउँदै नियमित आपूर्ति सुनिश्चित गर्ने । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | सम्पूर्ण १४ वटै वडाका उपभोक्ताहरुलाई स्थानीय आवश्यकताका आधारमा आयोजना सञ्चालन गरी स्वच्छ खानेपानी आपूर्ति सुनिश्चित गर्ने। | | | | | |
| १३ | पाँचथर उद्योग वाणिज्य संघको अगुवाईमा सञ्चालन भइरहेको स्वच्छ खानेपानी आयोजनालाई मर्मत सम्भार गरी आपूर्ति प्रभावकारी बनाउने। | | | | | |
| १४ | फिदिम बजार क्षेत्रमा सञ्चालित बृहत खानेपानी आयोजनालाई प्रभावकारी बनाउने। | | | | | |
| १५ | नगरपालिका क्षेत्रभित्र नियमित फोहोर सङ्कलन गर्ने। | | | ✓ | ✓ | ✓ |
| १६ | सरसफाइ अभियान सञ्चालन गर्ने। | | | ✓ | ✓ | ✓ |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

फिदिम नगरपालिकाले आफ्नो कार्य दायराका सबै क्षेत्रहरुमा महिला सशक्तिकरणका बहुआयामिक बाधा अडचनहरु हटाउँदै लैङ्गिक समानतालाई मूलप्रवाहीकरण गर्न सक्दछ। नगरपालिकाले भेदभाव रहित सेवा प्रवाह र निष्पक्ष रोजगारीको अवसर प्रदान गरेर लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि उदाहरणीय काम गरिराखेको छ। महिला विरुद्ध हुने हिंसा तथा अन्य घातक व्यवहारहरु पहिचान तथा सामना गरि रहेको छ। नगरपालिकाले हिंसाबाट पीडित महिलालाई सेवा पुऱ्याउने भूमिका खेलिराखेको छ। आफ्नो अधिकार प्राप्तिको लक्ष्य पूरा गर्न तथा स्थानीय राजनीतिबाटै प्रादेशिक तथा राष्ट्रिय तहको राजनीतिमा प्रवेश गर्न महिला सशक्तिकरण गर्दै बढी महिलालाई प्रतिनिधित्व गर्ने अवसर दिन जरुरी छ। महिला जनप्रतिनिधिहरुले लैङ्गिक जडवाद्लाई चुनौती दिई र युवा पुस्ताका लागि उदाहरण बन्न सक्छन्।

संविधानले महिलाको हकलाई मौलिक हकमा राख्नका साथै लैङ्गिक समानतालाई निर्देशक सिद्धान्तको रुपमा स्थापित गरेको छ। नागरिकको नजिकको सरकार भएकोले लैङ्गिक समानताको प्रवर्द्धन तथा महिला एवम् किशोरी सशक्तिकरण गर्न फिदिम नगरपालिकाको भूमिका अझ महत्वपूर्ण हुन्छ। दिगो विकास लक्ष्य ५ अघि बढाउन नगरपालिकाले तपसिल कार्य गर्न सक्दछन्।

- महिलाको हकको संरक्षण तथा प्रगति सम्बन्धी नीति, कानुन, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने।
- नगरपालिकाको नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सक्रियताका साथ प्रवर्द्धन गर्ने। नगरपालिकामा लैङ्गिकमैत्री कार्य वातावरणको निर्माण गर्ने।

- लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने । सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- नगरपालिकामा उपलब्ध गराइने सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ ईत्यादि सबै प्रकारका सेवाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने ।
- नगरपालिकामा समावेशी सशक्तिकरण तथा महिलाको क्षमता विकास सुनिश्चित गर्ने ।
- लैङ्गिक हिंसा हटाउन निरोधात्मक, प्रवर्द्धनात्मक साथसाथै सुरक्षात्मक उपायहरु अपनाउने ।

यस आवधिक योजनाले महिला, बालबालिका तथा लक्षित समूहलाई प्राथमकिताका साथ सम्बोधन गर्ने गरी कार्ययोजना प्रस्ताव गरेको छ । पिछडिएका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनु नै यस आवधिक योजनले परिलक्षित गरेको छ ।

### ५.४.२ समस्या र चुनौतीहरु

#### समस्याहरु

- महिला, अपाङ्गता तथा बालमैत्री पूर्वाधार पर्याप्त निर्माण नहुनु ।
- लक्षित वर्गमा सचेतनाको पर्याप्त वृद्धि नहुनु ।
- लक्षित वर्गहरु आर्थिक रुपमा अगाडी नहुनु ।
- शिक्षा, स्वास्थ्य लगायत सेवामा लक्षित वर्गको पहुँचमा वृद्धि नहुनु ।

#### चुनौतीहरु

- समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूल प्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु ।
- अन्तर निकाय समन्वय र सहकार्यको प्रभावकारी व्यवस्थापन गर्नु ।
- लक्षित वर्गको शिक्षा र स्वास्थ्य क्षेत्रमा पहुँच स्थापित गर्नु ।
- महिला तथा लक्षित वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु ।

### ५.४.३ सम्भावना र अवसर

#### सम्भावना

- महिला, बालबालिका तथा लक्षित वर्गहरु समेत प्राथमिकता दिन सकिने।
- लक्षित वर्ग र समुदायलाई परिचालित गर्न सकिने।
- लक्षित वर्गको सम्मानजनक उपस्थित तथा सहभागिता वृद्धि गर्न सकिने।
- बालमैत्री स्थानीय तह निर्माण गर्न सकिने।

### अवसर

- समावेशीकरणलाई प्राथमिकता दिई विभिन्न हक सुरक्षित गर्न सकिने।
- दलित तथा सीमान्तकृत समुदाय लक्षित विशेष कार्यक्रमलाई निरन्तरता दिन सकिने।
- निर्णय प्रक्रियामा महिला, दलित तथा अल्पसङ्ख्यकको प्रतिनिधित्वले गर्दा सम्बन्धित वर्ग र समुदायको मुद्दा समेटिन सकिने।
- जनजाति समुदायको घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका प्रभावकारी बनाउन सकिने।
- समावेशी र समानतामूलक समाज निर्माण गर्न सकिने।
- लक्षित वर्गको सामाजिक र आर्थिक उत्थान गर्न सकिने।
- विकास निर्माणमा महिला तथा लक्षित वर्गहरुको समावेशी सहभागिता सुनिश्चित गर्ने सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि महिला, बालबालिका तथा लक्षित क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने। | ✓ | ✓ | ✓ | | |
| २ | बालमैत्री स्थानीय तह घोषणा गरी बाल पार्श्वचित्र तयार गर्ने। | | | ✓ | | |
| ३ | बाल गृह निर्माण गर्ने। | ✓ | ✓ | ✓ | | |
| ४ | हिंसा पिडितहरुको लागि सेफ हाउस निर्माण गर्ने। | | ✓ | ✓ | ✓ | |
| ५ | ज्येष्ठ नागरिक सञ्जाल, अपाङ्ग सञ्जाल, बाल सञ्जाल र महिला सञ्जाल गठन गर्ने। | | | ✓ | | |
| ६ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण-जेसी अडिट तयार गर्ने। | | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | समानता र सामाजिक समावेशीकरण रणनीति तय गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | समानता र सामाजिक समावेशीकरण सम्बन्धी संस्थागत क्षमता विकास गर्ने। | | | ✓ | ✓ | |
| ९ | लैङ्गिक र घरेलु हिंसा तथा चेलिबेटी बेचबिखन निर्मूल गर्न सचेतना कार्यक्रम गर्ने । | | ✓ | ✓ | ✓ | |
| १० | महिला, दलित, जनजाति, विपन्न वर्ग र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरणर सहभागितामा सीपमूलक तालिम तथा क्षमता वृद्धि कार्यक्रम सञ्चालन गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ११ | सामाजिक सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| १२ | बालअधिकारको संरक्षण एवम् प्रवर्द्धन सम्बन्धी नीति, कानुन, योजना तथा मापदण्ड निर्माण र कार्यन्वयन गर्ने। | | ✓ | ✓ | | |
| १३ | महिला हिंसा, दलित, जनजाति, विपन्न वर्ग र सिमान्तकृत समुदायको विभेदको अन्त्यका लागि स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र लगायत अन्य क्षेत्रमा क्रियाशिल व्यक्ति, संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १४ | वृद्धवृद्धाको ज्ञान, सीप र अनुभवलाई स्थानीय तहको विकासमा उपयोग गर्ने। | | ✓ | ✓ | | |
| १५ | अपाङ्गता भएका व्यक्तिहरुलाई कृतिम अङ्ग र ह्विलचेयर लगायत सहायक सामाग्री प्रदान गर्ने। | | ✓ | ✓ | ✓ | |
| १६ | बालविवाह, बहुविवाह तथा लैङ्गिक विभेद सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| १७ | बाल श्रम मुक्त नगरपालिका निर्माण गर्ने। | | | ✓ | ✓ | ✓ |
| १८ | एक वडा एक बाल उद्यान निर्माण गर्ने। | | ✓ | ✓ | ✓ | |
| १९ | ज्येष्ठ नागरिकको स्वास्थ्य सुधारको लागि घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था गर्ने। | | | ✓ | | |
| २० | महिला आय आर्जन वृद्धि गर्न घरेलु उद्योगहरु स्थापना गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| २१ | दलित स्वास्थ्य बीमा कार्यक्रम आयोजना गर्ने। | | ✓ | ✓ | | |
| २२ | विपन्न दलित बालबालिकालाई विद्यालय पोशाक वितरण गर्ने। | | ✓ | ✓ | ✓ | |

## ५.५ युवा तथा खेलकूद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशिलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ। संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० ले दिगो विकास लक्ष्य र युथ भिजन-२०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ । उद्यमशील युवा मुलुकको विकासका संवाहक हुन । खेलकुद शारीरिक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम समेत हो।

विश्वविद्यालयबाट अध्ययन समाप्त गरी कामको खोजीमा रहेका तथा अध्ययनको अन्तिम वर्षमा रहेका, वैदेशिक अध्ययन समाप्त गरी फर्किएका युवा तथा विद्यार्थीहरुलाई विभिन्न विषय क्षेत्रमा स्वयंसेवी तथा इन्टर्नको रुपमा खटाउन सकिन्छ। युवा तथा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण तथा युवा जनशक्तिलाई स्वरोजगार व्यवसायमा संलग्न बनाउन जरुरी छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न प्रशिक्षण तथा प्रतियोगितामा नवीन सीप र प्रविधिको अवलम्वन गर्नु, प्रतिभावान जनशक्तिलाई देशभित्र टिकाउनु, अनुसन्धान, प्रविधि र नवप्रवर्तनमा आधारित मानव पुँजी निर्माण, विकास र उपयोग गर्नु उचित देखिन्छ।
सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउन तथा युवाको क्षमता विकासको अवसर सिर्जना गर्नुका साथै युवाको वित्तीय पहुँच विस्तार गरी उनीहरुलाई स्वरोजगार बनाउन सकिन्छ । खेलकुदलाई मानव पुँजीको निर्माणको अभिन्न अङ्गको रुपमा विकास गर्न, खेलकुद पूर्वाधारहरुको निर्माण र स्तरोन्नति सँगै प्रशिक्षकको व्यवस्था गर्न, स्थानीयस्तर र आधारभूत तहदेखि नै खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रतिभावान खेलाडीको पहिचान र विकास गर्नुका साथै प्रतिभावान तथा जिल्ला वा राष्ट्रिय पदक हासिल गरेका खेलाडीलाई खेल क्षेत्रमा निरन्तरता दिने वातावरणको सिर्जना गर्न, खेलकुदबाट आयआर्जन गर्न खेलकुद पर्यटनलाई प्रोत्साहन गर्न र यस क्षेत्रलाई व्यवसायिक बनाउन शारीरिक शिक्षालाई अनिवार्य पाठ्यक्रममा समावेश गर्ने र सो को लागि न्यूनतम जनशक्तिको व्यवस्था गर्न सकिन्छ।

### ५.५.२ समस्या र चुनौती

#### समस्याहरु

- युवा शक्ति उत्पादनशील क्षेत्रमा परिचालन नहुनु।
- युवामा दक्षता र क्षमताको कमी तथा उनीहरु उद्यमशील, रोजगारीमूलक र स्वरोजगार नहुनु।

- युवाहरुको  विदेश पलायन न्यूनीकरण नहुनु ।
- खेलकुदको विकासका लागि पर्याप्त पूर्वाधार नहुनु ।
- क्लब तथा खेलकुदसँग सम्बन्धित संस्थाको पर्याप्त आयस्रोत नहुनु ।

### चुनौतीहरु

- युवा क्षमताको विकास गर्नु ।
- युवा प्रतिभा पलायन न्यूनीकरण गर्नु ।
- युवामा सकारात्मक सोचको निर्माण गर्नु ।
- स्थानीयस्तरमा सिर्जना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूलाई आकर्षित गर्नु ।
- खेलकुद पूर्वाधार निर्माण गर्नु ।
- खेलकुद प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्नु ।

## ५.५.३ सम्भावना र अवसर

### सम्भावना

- खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने ।
- खेलकुदको नियमित कार्यक्रम आयोजना मार्फत स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने ।
- युवा लक्षित आय आर्जन कार्यक्रम सञ्चालन गरी युवाहरुलाई रोजगारीमा आवद्ध गराउन सकिने ।
- स्थानीय बेरोजगार युवाहरुलाई उद्यमशील रोजगारीको सुनिश्चितता गर्न सकिने ।
- स्थानीय स्तरमा खेलकुदलाई विकास र विस्तार गर्न सकिने ।
- खेलकुद एकेडेमी निर्माण गरी स्थानीय स्तरमा नै राष्ट्रिय खेलाडी उत्पादन गर्न सकिने ।

### अवसर

- खेलकुद पूर्वाधार विकास गर्न सकिने ।
- स्थानीय खेल प्रतिभाहरुको माध्यमबाट नगरपालिकाको योगदान थप गर्न सकिने ।
- दक्ष तथा तालिम प्राप्त युवाहरुलाई नगरपालिकाले खेलकुद विकासको क्षेत्रमा परिचालन गर्न सकिने ।

- रोजगार र स्वरोजगारका अवसर अभिवृद्धि गर्न सकिने ।
- एकीकृत विकास रणनीतिक योजना निर्माण गरी खेलकुद क्षेत्रको विकास गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि युवा तथा खेलकुद क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | खेलकुद क्षेत्रको एकीकृत विकास रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २ | सेमि कभर्ड हल सहित खेलमैदान निर्माण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | युवा उद्यमी, युवा कवि, कलाकार, मुर्तिकार, चित्रकार तथा अन्य प्रतिभाहरुको खोजी गरी प्रोत्साहित गर्ने । | | | ✓ | | |
| ४ | युवा उद्यमी कोष स्थापना गरी परिचालन गर्ने । | | ✓ | ✓ | | |
| ५ | एक वडा एक खेलमैदान नीति सहित प्रत्येक वडामा खेलमैदान निर्माण वा स्तरोन्नति गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | प्रत्येक वडामा खेलकुद प्रशिक्षणको नीति अवलम्बन गर्ने । | | ✓ | ✓ | | |
| ७ | युवाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु गर्ने । | | ✓ | ✓ | | |
| ८ | युवा तथा खेलकुदको संस्थागत विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| ९ | युवाहरुलाई रोजगार सृजना र उद्यमशिलताको लागि सहुलियत ऋण र तालिम प्रदान गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १० | खेलकुदमा पदक जित्ने स्थानीय खेलाडीहरुको उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था गर्ने । | | ✓ | ✓ | | |
| ११ | खेलकुद विकास तथा विस्तार गर्न खेलकुद एकेडेमी निर्माण सम्भाव्यता अध्ययन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १२ | वार्षिक रुपमा सञ्चालन हुने फुटबल, व्याडमिन्टन, बुद्धिचाल लगायतका खेल सञ्चालनको लागि नियमित सहयोग उपलब्ध गर्ने । | | ✓ | ✓ | ✓ | |
| १३ | विद्यालयहरुमा खेलकुद शिक्षक र सामग्रीहरू व्यवस्था गर्ने । | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | स्थानीय युवा क्लबहरुको क्षमता अभिवृद्धि गर्ने । | | ✓ | ✓ | ✓ | |
| १५ | खेलाडी तथा प्रशिक्षकको जीवन बीमा र स्वास्थ्य बीमाको व्यवस्था गर्ने । | | | ✓ | ✓ | |
| १६ | खेलाडी छात्रवृत्ति प्रदान गर्ने । | | ✓ | ✓ | | |

# परिच्छेद ६ : पूर्वाधार क्षेत्र

## ६.१ बस्ती, आवास भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

आवास मानव जीवनको आधारभूत आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐनले सङ्घ तथा प्रदेश कानूनको अधिनमा रही सुरक्षित बस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन गर्ने तथा सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ ।

सन् २०३० सम्ममा शहरी क्षेत्रमा बहुआयामिक गरिबीहरु घटाउने, सुरक्षित घरमा बस्ने घरधुरीको सङ्ख्या दोब्बर गर्ने, सडक घनत्व १.५ किमि प्रतिवर्ग किमि गर्ने, ५० प्रतिशत सडकलाई (गाडी हाँक्नका लागि) अन्तर्राष्ट्रिय स्तरको सुरक्षित बनाउने लक्ष्य राखेको छ । फिदिम नगरपालिकाले आफ्ना अति गरीब बासिन्दाहरुका लागि घरको अधिकार सुनिश्चित गर्न जमिन तथा घरबजार सम्बन्धमा नियमन गर्न सक्छ । नगरपालिकाले विभिन्न भागमा पहुँच सुनिश्चित गर्ने लगायत सार्वजनिक यातायातको व्यवस्थापनको उत्तरदायित्व पनि बहन गर्नुपर्दछ । आफ्ना नागरिकलाई सफा प्रदुषणरहित पार्क, चोक तथा बगैंचा जस्ता हरित सार्वजनिक स्थलहरुको सुविधा पुऱ्याउने काम नगरपालिकाले गरिराखेको छ । शहरी पूर्वाधार, शहरी सुविधा तथा शहरी सेवाहरु जस्तै सार्वजनिक पार्क, हरियाली स्थलहरु, सडक बत्ती, फोहोरमैला व्यवस्थापन एवम् यातायात सम्बन्धी पूर्वाधारहरुको व्यवस्थित विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् व्यवस्थापन सम्बन्धी कार्य गर्न आवश्यक छ ।

बस्ती, आवास भवन तथा सार्वजनिक निर्माणको लागि फिदिम नगरपालिकाको कार्यक्रममा निर्देशित मापदण्डको कार्यान्वयन प्रभावकारी बनाउन जरुरी छ । पूर्वाधार निर्माण गर्दा गुणस्तरीय, सुरक्षित, उत्थानशिल, समावेशी, समतामूलक, शहरी सुविधाको उपलब्धता सुनिश्चित गर्न बहुनिकायको संलग्नतालाई एकीकृत तथा अन्तर आवद्ध बनाउने दृष्टिकोणको अनुशरण गर्नु आवश्यक छ । व्यवस्थित तथा योजनावद्ध रुपमा शहरी पूर्वाधार निर्माण गर्नु, शहर तथा मानव बस्तीहरुको भौगोलिक, भौगर्भिक, जल प्रणालीको साथै ऐतिहासिक पृष्ठभूमि र विपद् जोखिम अध्ययन विश्लेषणमा आधारित भई शहर तथा बस्ती र आवासहरुको पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नुपर्दछ । चक्रिय अर्थतन्त्रमा आधारित आधुनिक शहरी र ग्रामीण क्षेत्रका बस्ती विकासका लागि आवश्यक पूर्वाधारहरु लैङ्गिक संवेदनशील, बालमैत्री, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुने गरी विकास गर्ने, शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रका पूर्वाधारहरु गुणस्तरीय तथा पहुँचयोग्य बनाउन जरुरी छ ।

### ६.१.२ समस्या र चुनौती

#### समस्या

- योजनावद्ध बस्ती विकास गर्न नहुनु ।
- जोखिम क्षेत्रमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण नहुनु ।
- अति गरीब परिवारहरुलाई एकीकृत बस्तीको व्यवस्था गर्न नहुनु ।
- भवन संहिता पूर्ण रुपले लागू हुन नहुनु ।

#### चुनौती

- योजना तथा निर्माण मापदण्ड कार्यान्वयन गरी सुरक्षित बस्ती विकास गर्नु ।
- नयाँ घरहरु निर्माण गर्दा मौलिकता संरक्षण गर्नु ।
- व्यवस्थित आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणमा जग्गा प्राप्त गर्नु ।
- जोखिम क्षेत्रमा निर्मित बस्तीहरुमा सुरक्षित स्थानमा स्थानान्तरण गर्नु ।

### ६.१.३ सम्भावना र अवसर

#### सम्भावना

- व्यवस्थित बस्ती विकास गरी शहरीकरणलाई व्यवस्थित गर्न सकिने ।
- सुरक्षित स्थानहरु पहिचान गरी सुरक्षित बस्ती तथा आवास निर्माण गर्न सकिने ।
- अति गरीब परिवारहरुलाई एकीकृत बस्तीको व्यवस्था गर्न सकिने ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन गर्न सकिने ।
- आवास तथा सार्वजनिक निर्माणमा स्थानीय सामाग्रीहरु प्रयोग गर्न सकिने ।

#### अवसर

- भूकम्प प्रतिरोधी घर निर्माण गर्न सचेतना कार्यक्रम सञ्चालन गरी व्यवस्थित र भूकम्प प्रतिरोधात्मक भवन निर्माण र बस्ती विकास गर्न सकिने ।
- बस्तीहरुलाई एकीकृत बस्तीको रुपमा विकास गर्न सकिने ।

- स्थानीय निर्माण व्यवसायी तथा कामदारहरुलाई दक्ष कालिगढको तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्न सकिने।
- भवन तथा संरचनाहरुको अभिलेखिकरण र नक्सा पास गरी आन्तरीक आय वृद्धि गर्न सकिने।
- नयाँ घरहरु निर्माण गर्दा स्थानीय मौलिकता कायम गर्न सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेको छ।

| **क्र स.** | **कार्यक्रमहरु** | **सहकार्य गर्ने निकाय** | | | | |
|---|---|---|---|---|---|---|
| | | **सङ्घ** | **प्रदेश** | **स्थानीय तह** | **निजी क्षेत्र** | **सहकारी र अन्य** |
| १ | एकीकृत बस्ती विकास सम्भाव्यता अध्ययन गरी एकीकृत बस्ती विकास गर्ने। | ✓ | ✓ | ✓ | | |
| २ | भू-उपयोग नीति अनुसार प्रदेश सरकार र निजी क्षेत्र समेतको सहकार्यमा आवास तथा बस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| ३ | आवास, बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गर्ने। | | ✓ | ✓ | | |
| ४ | निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाई नक्सा पास कार्यलाई थप व्यवस्थित गर्ने। | | ✓ | ✓ | | |
| ५ | सुरक्षित भवन निर्माणको लागि प्राविधिक जनशक्ति, कालिगढ र सेवाग्राहीलाई तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | ✓ | ✓ | ✓ | |
| ६ | तालिम प्राप्त कालिगढबाट मात्र घर बनाउन पाउने व्यवस्था लागू गर्ने। | | ✓ | ✓ | | |
| ७ | स्थानीय भवन निर्माण सम्बन्धी २०७७ भन्दा अघि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य थालनी गर्ने। | | | ✓ | | |
| ८ | सुरक्षित र व्यवस्थित बस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| ९ | भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सडकको मापदण्ड पूर्ण रुपले लागू गर्ने। | ✓ | ✓ | ✓ | | |
| १० | जोखिमयुक्त बस्तीहरुको सुरक्षित स्थानमा स्थानान्तरण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | निजी, सामुदायिक तथा सरकारी भवनहरु निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् वास्तुकलाको समेत जगेर्ना हुने गरी निर्माण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १३ | सार्वजनिक जग्गा र नदि किनार लगायत क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गर्ने । | ✓ | ✓ | ✓ | | |
| १४ | सभागृह र प्रदर्शनी स्थलको अध्ययन तथा विकास गर्ने । | ✓ | ✓ | ✓ | | |
| १५ | नगरपालिका भित्रका खाली जग्गाहरु पहिचान गरी हरियाली पार्क विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| १६ | व्यवस्थित शवदाह स्थल निर्माण गर्ने । | | ✓ | ✓ | | |

## ६.२ सडक पूर्वाधार तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सामाजिक, आर्थिक र भौतिक विकासमा सडक पूर्वाधार तथा यातायातको महत्वपूर्ण भूमिका हुने गर्दछ । सडक र यातायताको विकाससँगै स्थानीय उत्पादनहरुले बजारसम्मको सहज पहुँच पाउँछन् भने वरिपरिका अन्य बजारकेन्द्र, शहर र पालिकाहरुसँग समेत सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ । त्यसैले सडक र यातायात जस्ता भौतिक पूर्वाधारहरुलाई स्थानीय विकास प्रणालीबाट अलग्याएर हेर्न सकिंदैन । विकास प्रणालीलाई बेवास्था गरेर बनाईने पूर्वाधारको उपयोगिता रहँदैन भने गुणस्तरीय सडक र यातायात प्रणाली बिना स्थानीय विकास र जनजीवन पनि सहज र सबल हुँदैन । सडक तथा यातायात प्रणालीमा गरिने लगानीले आर्थिक विकासलाई समेत सहयोग पुऱ्याईरहेको हुन्छ । सडक पूर्वाधार विकाससँग आर्थिक लाभलाई वस्तुनिष्ठ रुपमा जोड्न सडक गुणस्तरमा प्राथमिकता दिंदै लागत, समय र दुरी घटाउन नीतिगत, कानुनी र संरचनागत सुधार गर्न, सडक पूर्वाधारहरुको मर्मत सम्भार कार्यलाई नियमित तथा व्यवस्थित गर्न तथा सडकलाई सुरक्षित र पहुँचयोग्य बनाउन जरुरी छ ।

फिदिम नगरपालिकामा सडक यातायात गुरुयोजना कार्यान्वयन गर्न नितान्त जरुरी देखिन्छ । जसले गर्दा सडकहरुको मापदण्ड, सडक तथा पुल पुलेसाहरुको इन्भेन्ट्री, सडकहरुको वर्गीकरण हुने छ भने सडक स्तरोन्नति वा पुनर्स्थापना गर्न प्राथमिकीकरण तथा लागत बारे जानकारी हुने छ ।

### ६.२.२ समस्या र चुनौती

#### समस्या

- सडक निर्माण गर्दा वातावरणलाई न्यून क्षति गरेर काम नहुनु ।
- अपेक्षित रुपमा सडक स्तरोन्नति नहुनु ।
- सडक निर्माणसँग नाली तथा ढल निर्माण नहुनु ।

#### चुनौती

- सडक निर्माण तथा स्तरोन्नतिको लागि पर्याप्त लगानी व्यवस्था गर्नु ।
- सडक निर्माणमा दिगोपना तथा उत्थानशीलता कायम गर्नु ।
- सडक सुरक्षाको लागि आवश्यक उपायहरुको अवलम्वन गरी सडक दुर्घटना न्यूनीकरण गर्नु ।
- अपाङ्गमैत्री सडक यातायात पूर्वाधारहरुको डिजाइन तथा निर्माण गर्नु ।

### ६.२.३ सम्भावना र अवसर

#### सम्भावना

- सडक गुरुयोजना अनुसार सडकको क्रमागत स्तरोन्नति गर्न सकिने ।
- डिजाईन अनुसार गुणस्तरीय सडक निर्माण गर्न सकिने ।
- स्थानीय बजार र बस्तीहरुलाई स्तरीय सडक सञ्जालसँग जोड्न सकिने ।
- सडक निर्माण र विस्तार गर्न स्थानीय सडक सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गर्न सकिने ।
- सडक निर्माण गर्दा वातावरणलाई न्यून क्षति गरेर काम गर्न सकिने ।

#### अवसर

- स्थानीय उत्पादनको बिक्री सहज रुपले गर्न सकिने ।
- सडक सञ्जालको विस्तार तथा स्तरोन्नति गरी पर्यटन तथा आर्थिक गतिविधि बढाउन सकिने ।
- पूर्वाधारमा लगानी केन्द्रित गरी स्तरीय सडकहरु निर्माण गर्न सकिने ।
- स्थानीय पुल र झोलुङ्गे पुल निर्माणमा विभिन्न संघसंस्थाहरुसँग समन्वय गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि सडक पूर्वाधार तथा यातायात क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | सडक तथा यातायात सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गर्ने। | | ✓ | ✓ | | |
| २ | नगर यातायात गुरुयोजना अनुसार सम्पूर्ण सडकहरुको अधिकार क्षेत्र निर्धारण तथा दीर्घकालीन रुपमा बस्तीहरुको विकास र सडक निर्माण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | नगरपालिकाका मुख्य सडकमा सौर्य बत्ती जडान गर्ने। | ✓ | ✓ | ✓ | | |
| ४ | सबै वडा केन्द्र, मुख्य बजार र बस्तीहरु जोडने सडक सञ्जाल निर्माण गर्ने। | | ✓ | ✓ | | |
| ५ | सडक, यातायात पूर्वाधार निर्माण गर्दा स्थानीय साधन, स्रोत र सीपको अत्यधिक उपयोग गर्ने। | | | ✓ | ✓ | |
| ६ | नगरपालिकाका सडक, पक्की पुल तथा झोलुङ्गे पुलहरुको सूची (ईन्भेन्ट्री) तयार गर्ने। | | | ✓ | | |
| ७ | सडक र पक्की पुल तथा झोलुङ्गे पुलहरुको आवश्यक मर्मत सम्भारका लागि पर्याप्त अध्ययन र अनुसन्धान गरी प्राथमिकता निर्धारण गर्ने। | | | ✓ | | |
| ८ | निर्माणधिन र ढिलासुस्ती भएका सडक आयोजनाहरुलाई समयमै निर्माण सम्पन्न गर्ने। | | ✓ | ✓ | | |
| ९ | नगरपालिका स्तरीय सडकको सडक अधिकार क्षेत्र उल्लेख्य गरी राजपत्रमा प्रकाशित गर्ने। | | ✓ | ✓ | | |
| १० | सडकहरूको नियमित स्तरोन्नति र मर्मत सम्भार गर्ने। | | ✓ | ✓ | ✓ | |
| ११ | सडक मर्मत सम्भार कोष खडा गर्ने। | ✓ | ✓ | ✓ | | |

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

आम नागरिकको जीवनलाई सरल र सहज बनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा उर्जाको महत्वपूर्ण स्थान छ । सन् २०३० सम्म ९९ प्रतिशत घरधुरीमा बिजुली पुऱ्याउने राष्ट्रिय लक्ष्य रहेको छ । दिगो विकास लक्ष्य नं. ७ लाई अघि बढाउन लघु जलविद्युत योजना तथा वैकल्पिक उर्जा सम्बन्धमा नीति निर्माण, कार्यान्वयन तथा नियमन गर्न सकिन्छ ।

विद्युतीय सामग्रीको प्रयोगमा अनुदान र सहुलियतको व्यवस्था गर्न, विद्युत प्रसारण र वितरण प्रणालीको स्तरोन्नति गर्न, सार्वजनिक र निजी लगानीको सुरक्षाको प्रत्याभूति गर्न, सौर्य र वायु उर्जा जस्ता नवीकरणीय उर्जा प्रोत्साहन गर्न, कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न आवश्यक साना सिंचाई प्रणालीको निर्माण, विस्तार र स्तरोन्नति तथा यसका लागि आवश्यक विद्युत प्रसारण लाइनको विस्तार गर्न जरुरी देखिन्छ ।

### ६.३.२ समस्या र चुनौतीहरु

#### समस्या

- जलस्रोतको अधिकतम उपयोग गर्न नसक्नु ।
- उर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन नहुनु ।
- कृषि विद्युतीकरणको सुविधा नहुनु ।

#### चुनौती

- स्थानीय घरधुरीहरुमा नवीकरणीय उर्जाको प्रयोगलाई बढावा गर्नु ।
- विद्युत्तीय सामग्रीहरूको उपयोगबाट हुन सक्ने दुर्घटनालाई न्यूनीकरण गर्नु ।
- विद्युत बचत एवम् विद्युतको सावधानीपूर्वक उपयोग गर्ने सम्बन्धमा जनचेतनाको अभिवृद्धि गर्नु ।

### ६.३.३ सम्भावना र अवसर

#### सम्भावना

- वैकल्पिक ऊर्जाको सम्भाव्यता अध्ययन गर्न सकिने ।
- सिंचाईमा विद्युतको प्रयोग गरी कृषि उत्पादन वृद्धि गर्न सकिने ।

### अवसर

- स्थानीय लघु उद्योग/उद्योगहरूको विकासमा विद्युतको प्रयोग गरी लागत न्यूनकरण र उत्पादन वृद्धि गर्न सकिने ।
- स्थानीयस्तरमा दैनिक जीवनको लागि प्रयोग गरिने दाउरालगायत परम्परागत उर्जामो सट्टामा विद्युत्तीय सामग्रीहरू जस्तै: ईन्डक्सन, ईन्फारेडजस्ता चुल्होहरूको प्रयोग गरी धुवाँबाट मानिसको स्वास्थ्यमा हुने प्रभावलाई कम गर्न सकिने ।
- कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने ।
- वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीतिहरु तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| २ | उर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ३ | विद्युत पोल तथा तार व्यवस्थित गर्ने । | | | ✓ | ✓ | |
| ४ | स्थानीय नागरिकहरुको जङ्गल माथिको दवाव (दाउरा) घटाउन विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगलाई जोड दिने । | | ✓ | ✓ | | |
| ५ | विद्युत सेवा तत्काल उपलब्ध नहुने स्थानहरुमा वैकल्पिक उर्जा सोलार बत्तीको सुविधा उपलब्ध गर्ने । | | | ✓ | | |
| ६ | नवीकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग गर्ने । | | ✓ | ✓ | ✓ | |
| ७ | आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, सिंचाई, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्ने । | | ✓ | ✓ | ✓ | |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

सूचना, सञ्चार तथा प्रविधि क्षेत्रको दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिहरुको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहदै आएको छ । सूचना तथा सञ्चार मानव जीवनको अभिन्न अङ्गको

रुपमा स्थापित भएको छ। संविधानले समेत सूचना सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ। यसको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट नगरपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै पारदर्शी एवम् प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ठ पूर्वाधार निर्माण गर्न सकिन्छ। सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवाहरु लगायत अन्य उद्योग एवम् सेवाजन्य व्यवसायको वृद्धिद्वारा नगरपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरु हासिल गर्नमा सहयोग पुग्ने देखिन्छ।

उत्पादनका साधनहरुको क्षमता तथा कुशलता अभिवृद्धिका लागि आधुनिक सूचना प्रविधिको प्रयोग बढाउन, क्षेत्रगत अग्र तथा पृष्ठ सम्बन्ध स्थापित गर्न र अर्थतन्त्रका क्षेत्रगत उत्पादन अभिवृद्धि गर्नका लागि सूचना सञ्चार तथा प्रविधिको प्रयोगमा जोड दिन सकिन्छ। सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग अभिवृद्धि गर्न सुरक्षित साइबर स्पेशको निर्माण गर्नुपर्दछ। दूरसञ्चार पूर्वाधारको विकास, विस्तार र सहप्रयोग गर्दै दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउन सकिन्छ। आमसञ्चार क्षेत्रलाई मर्यादित, व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाइ नागरिकमा सूचना पहुँच बढाउन तथा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्न आवश्यक छ। हुलाक सेवालाई आधुनिक, प्रतिस्पर्धी र व्यवसायिक बनाउन सकिन्छ। आमसञ्चार क्षेत्रलाई निष्पक्ष, तटस्थ, जिम्मेवार तथा व्यवसायिक बनाउन कानूनी र संरचनागत सुधार गर्न जरुरी छ।

### ६.४.२ समस्या र चुनौती

#### समस्या

- आवश्यक जनशक्ति पूर्ण रुपले व्यवस्थापन नहुनु।
- आवश्यक कानुन र नीतिगत व्यवस्था पर्याप्त नहुनु।
- नीति अनुरुप संस्थागत नहुनु।
- सूचना, सञ्चार तथा प्रविधिमा सबैको पहुँच नहुनु।
- प्रविधि साक्षरतामा कमी हुनु।

#### चुनौती

- इन्टरनेट र वाईफाईको गुणस्तर र पहुँच वृद्धि गर्नु।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञान वृद्धि गर्नु।
- आवश्यक कानुन र नीतिगत व्यवस्था गर्नु।
- सामाजिक सञ्जालको बढ्दो प्रयोगबाट आउने चुनौती र विकृतिहरु नियन्त्रण गर्नु।
- भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोग र बढ्दो सुरक्षा व्यवस्थापन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयन गर्नु।

### ६.४.३ सम्भावना र अवसर

#### सम्भावना

- सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गर्न सकिने।
- सूचना प्रविधि तथा सञ्जालीकरणले उपलब्ध गराएका अवसरहरुको सदुपयोग गरी आर्थिक वृद्धिलाई दिगो बनाउन सकिने।
- सूचना प्रविधिको प्रयोगले नगरपालिकाको सेवा प्रवाहलाई सरल, चुस्त गर्न सकिने।
- प्रेस गृह, मेडिया सेन्टर, टेलि सूचना केन्द्र, एफ.एम. रेडियो, अनलाईन मेडिया हाउस स्थापना गर्न सकिने।
- छिटो र सहज रुपमा सूचना नागरिकमा पुऱ्याउन सकिने।

#### अवसर

- नेपालको संविधानले प्रदान गरेको सूचना, सञ्चार, प्रकाशन र प्रसारण सम्बन्धी हकहरुको सुनिश्चितता गर्न सकिने।
- नगरपालिकाका सबै वडा, टोल र बस्तीहरुसम्म ल्याण्डलाईन, मोबाईल सेवा र इन्टरनेट सेवाको पहुँच स्थापित गर्न सकिने।
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरु सरल, सहज र पारदर्शी बनाउन सकिने।
- नगरपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी बनाउन सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि सूचना, सञ्चार तथा प्रविधि क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | इन्टरनेट सेवा नपुगेका वडा, टोल र बस्तीहरुमा सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरुलाई सहजीकरण गर्ने। | | | ✓ | ✓ | |
| २ | पालिकामा विद्युतीय साक्षरता अभियान सञ्चालन गर्ने। | | | ✓ | ✓ | ✓ |
| ३ | सामुदायिक सूचना केन्द्रको स्थापना गर्ने। | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नगरपालिकाको विद्युतिय शासन क्षमता विकास गर्ने । | | ✓ | ✓ | ✓ | |
| ५ | सञ्चारक्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ७ | स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ८ | सामुदायिक एफ. एम. स्थापना गर्ने । | | | ✓ | ✓ | |
| ९ | नगरपालिकामा ई-पुस्तकालय निर्माण गर्ने । | | | ✓ | ✓ | ✓ |
| १० | साइबर सुरक्षा र डाटा सुरक्षाको सबल व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |
| ११ | सूचना प्रविधि विषयका दक्ष जनशक्ति उत्पादन गर्न अध्ययन, तालिम र व्यवहारिक ज्ञानको व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |

## परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

वन क्षेत्र एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा कृषि, पशुपालन, पर्यापर्यटन, जलविद्युत, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् । स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन् । नगरपालिकामा उपलब्ध वनस्पतिका स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने सम्भावना रहेको छ ।

वन तथा जलसम्पदा जैविक विविधताको भण्डार मात्र होइनन्, यी सम्पदाहरु मानव लगायत समग्र पर्यावरणीय सन्तुलनको आधार हुन् । यी सम्पदाहरु कृषि, उर्जा, जल तथा उद्योगधन्दाको लागि कच्चा पदार्थको स्रोत र बहुसङ्ख्यक जनसङ्ख्याको जीविकाको आधार र पर्यटकीय हिसाबले मनोरञ्जनको माध्यम पनि हुन् । वन र जैविक विविधतालाई सन्तुलन राख्नको लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ कार्यान्वयनमा छन् । जस अनुसार फिदिम नगरपालिकाले स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत

संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसले नगरपालिकाको वन व्यवस्थापन, जलाधार संरक्षण तथा जैविक विविधता संरक्षणमा ठूलो टेवा पुगेको छ ।

अव्यवस्थित शहरीकरण, अनियन्त्रित पूर्वाधार निर्माण, बढ्दो रासायनिक मल तथा विषादीको प्रयोग, शहरी एवम् औद्योगिक फोहोरको खुलास्थानले वातावरण प्रदूषण भई जैविक विविधतामा असर परेको छ । वन्यजन्तु तथा वनस्पतिको संरक्षणलाई प्रभावकारी बनाउनु, जलाधार क्षेत्रको संरक्षण गरी पानीको स्रोत सुक्न नदिनु, भू-क्षय बाढी पहिरो जस्ता प्रकोपहरु न्यूनीकरण गर्नु र जैविक विविधताको संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाउन सकिन्छ ।

### ७.१.२ समस्या र चुनौती

#### समस्या

- वन पैदावार, वन्यजन्तु र जैविक विविधताको संरक्षणको कार्ययोजना निर्माण नहुनु ।
- वनमा रहेका जडिबुटीहरुको संरक्षण नहुनु ।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनाको कमी ।

#### चुनौती

- विकास र वातावरण बीच सन्तुलन कायम गर्नु ।
- वन तथा वातावरण संरक्षणलाई आर्थिक क्रियाकलापसँग आवद्ध गर्नु ।
- वन पैदावार र वन्यजन्तुहरुको संरक्षण गर्नु ।
- दाउरा, घर निर्माण र फर्निचरको लागि वन फडानी नियन्त्रण गर्नु ।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा वृद्धि गर्नु ।

### ७.१.३ सम्भावना र अवसर

#### सम्भावना

- विद्यमान प्राकृतिक स्रोतहरुको समुचित प्रयोग गरी आय-आर्जन बढाउन सकिने ।
- जैविक विविधता संरक्षण गरी पर्या-पर्यटनको विकास गर्न सकिने ।
- वातावरणीय सरसफाइ तथा हरियाली प्रवर्द्धन गर्न सकिने ।

- सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी आय स्रोत वृद्धि गर्न सकिने।
- वन संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन सकिने।
- सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुलाई वन संरक्षण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्न सकिने।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा वृद्धि गर्न सकिने।
- समुदायको संलग्नतामा वृद्धि भई वातावरण प्रति नागरिकलाई उत्तरदायी बनाउन सकिने ।

### अवसर

- वनको दिगो व्यवस्थापन भई स्थानीयवासीहरुको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न सकिने।
- स्थानीय तथा उन्नत जातका घाँसको बीउ उत्पादन गर्न समुदायिक वनसँग समन्वय गरी घाँसको बीउको स्रोत स्थापना गर्न सकिने।
- वन पैदावार,वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्न सकिने।
- प्रकोप न्यूनीकरण गर्न सकिने।
- जलाधार, सिमसार तथा पानीका स्रोत र मुहानहरुको संरक्षण गर्न सकिने।
- वनमा रहेका जडिबुटीहरुको संरक्षण गर्न सकिने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | वन तथा जैविक विविधता संरक्षण सम्बन्धी नीति र योजनाहरु तर्जुमा गर्ने। | | ✓ | ✓ | | |
| २ | एक व्यक्ति एक बिरुवा रोपन कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरी उजाड र खाली क्षेत्रहरुमा वृक्षारोपण गर्ने। | | ✓ | ✓ | ✓ | ✓ |
| ३ | सामुदायिक वनमा तुलनात्मक लाभ हुने र उच्च मूल्यका जडिबुटी र वन अनुकुल फलफूल खेती लगाउन प्रोत्साहन गर्ने। | | ✓ | ✓ | | |
| ४ | सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी स्थानीय आय स्रोत वृद्धि गर्ने। | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक वन उपभोक्ता समिति र कबुलियति वन उपभोक्ताहरुलाई वन संरक्षण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ६ | वनजङ्गल, जडिबुटी, जैविक विविधताको संरक्षण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | आयमूलक कार्यक्रममा वित्तीय पहुँच र प्राविधिक सहायता उपलब्ध गराउने । | ✓ | ✓ | ✓ | | |
| ८ | वन, वातावरण र जैविक विविधता सम्बन्धी अध्ययनहरु गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| ९ | लोपोन्मुख वनस्पति तथा जीवजन्तुको संरक्षण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १० | रैथाने वनस्पति, जडिबुटी, सुगन्धित फूलको संरक्षण, विस्तार र उपयोग गर्ने । | | ✓ | ✓ | | |
| ११ | सामुदायिक वनको उचित व्यवस्थापन गरि सबैको पहुँचमा विस्तार गर्ने । | ✓ | ✓ | ✓ | | |
| १२ | सार्वजनिक खाली जग्गाहरुमा अलैंची, अम्रिसो, जडिबुटी, र वन पैदावार उत्पादन गर्ने । | | ✓ | ✓ | | |
| १३ | सामुदायिक, साझेदारी वनलाई सङ्घीय, प्रादेशिक वन ऐनले दिएको व्यवस्था अनुसार नियमन गरी सामाजिक उत्तरदायित्वको कार्यक्रमहरुमा साझेदारी गर्ने । | ✓ | ✓ | ✓ | | |
| १४ | वन तथा वातावरण संरक्षण र जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १५ | वन, वातावरण र जैविक विविधता संरक्षणको लागि अन्तर सरकार र अन्य निकायहरुबीच समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १६ | कार्वन उत्सर्जन कटौती वापतका क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १७ | वन तथा संरक्षित क्षेत्रमा आधारित पर्यापर्यटनको दायरा विस्तार गर्दै वन संरक्षणमा स्थानीय समुदायको सहभागिता वृद्धि गर्ने । | ✓ | ✓ | ✓ | | |

## ७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपालको प्राकृतिक विपद्का घटना मध्ये पहिरो एउटा प्रमुख विपद् हो । वनजङ्गलको तीव्र विनास, अवैज्ञानिक खेती प्रणाली, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमानका कारणबाट पहिरो जाने

गरेको छ। यसका अतिरिक्त पूर्वाधारको रूपमा निर्माण गरिने सडक, अन्य भौतिक संरचना तथा सिंचाइ कुलोहरू सुरक्षाका मापदण्ड अवलम्बन नगरी निर्माण हुँदा पहाडी भू-भागमा बारम्बार पहिरो जाने गरेको देखिन्छ। यस नगरपालिकाले वर्षेनी प्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ। भू-क्षयको कारण हरेक वर्ष खेतीयोग्य माटोको ह्रास भएको पाइन्छ। नगरपालिका क्षेत्रमा नदी कटान र बाढीको समस्या वर्षैपिच्छे बढ्दै गएको छ।

दिगो प्राकृतिक स्रोत व्यवस्थापन र स्थानीय नागरिकको जिविकोपार्जनको लागि जलाधार व्यवस्थापन गरी वन, कृषि, चरन आदि क्षेत्रलाई व्यवस्थित गर्न सकिन्छ। यस पद्धतिले जलाधार क्षेत्रको माथिल्लो तटिय र तल्लो तटिय क्षेत्रमा रहेका बहुसरोकारवालाहरूको बीचमा अन्तरक्रिया र सहयोग गराउँदछ। स्थानीय नागरिकहरूको जीविकोपार्जनमा सुधार ल्याउन जलाधार क्षेत्रको उचित व्यवस्थापन गर्नु आजको आवश्यकता रहेको छ।

### ७.२.२ समस्या र चुनौती

#### समस्या

- बाढी, पहिरो, आगलागी र भू-क्षयको जोखिम न्यूनीकरण नहुनु।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनको लागि बजेट, प्रविधि र यन्त्र उपकरण पर्याप्त नहुनु।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी जनचेतना वृद्धि नहुनु।
- बाढी, पहिरो, आगलागी र भू-क्षयबाट हुने मानवीय जोखिम न्यूनीकरण नहुनु।
- वर्षेनि बाढी, पहिरो, आगलागी, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि जस्ता घटनाहरु बढ्दै जानु।

#### चुनौती

- विपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु।
- बर्षातको समयमा हुने बाढी, पहिरो, आगलागी र भू-क्षय नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु।
- जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित र व्यवस्थित गर्नु।

### ७.२.३ सम्भावना र अवसर

#### सम्भावना

- भू-क्षय नियन्त्रण गरी प्राकृतिक स्रोतको संरक्षण गर्न सकिने।
- जोखिम क्षेत्र पहिचान गरी बस्ती विकासलाई सुरक्षित र व्यवस्थित गर्न सकिने।
- वातावरणीय प्रभाव मुल्याङ्कनका आधारमा मात्र पुर्वाधार विकासका कार्य अघि बढाउने।

#### अवसर

- आधुनिक प्रविधि संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गरी सबै प्रकारका विपद्को सामना गर्ने।
- पहिरो, बाढी र भू-क्षय नियन्त्रणको लागि अन्तर सरकार र दातृ निकायहरुसँग समन्वय र सहकार्य गर्ने।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि भू-संरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन्।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | जोखिम संवेदनशिल भू-उपयोग योजना तर्जुमा गर्ने। | | | ✓ | | |
| २ | विपद् व्यवस्थापन कार्ययोजना तयार गर्ने। | | | ✓ | | |
| ३ | बाढी, पहिरो तथा भू-क्षय सम्भावित स्थानहरुको पहिचान र नक्साङ्कन गरी रोकथाम तथा नियन्त्रण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | बाढी, पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने। | | | ✓ | ✓ | ✓ |
| ५ | जोखिमयुक्त स्थानहरुको पहिचान गरी स्थायी तटबन्ध निर्माण र ग्याबिन वाल निर्माण गर्ने। | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | जोखिमयुक्त स्थानहरुमा वृक्षारोपण र बायो इन्जिनियरिङ गर्ने। | ✓ | ✓ | ✓ | | ✓ |
| ७ | जोखिम व्यवस्थापनको लागि आवश्यक यन्त्र उपकरणहरु खरिद गर्ने। | ✓ | ✓ | ✓ | | |
| ८ | जोखिमयुक्त स्थानहरुमा विपद् पूर्व सूचना प्रणाली जडान गर्ने। | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्वसूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनीकरण गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| १० | जोखिम न्यूनीकरण तथा व्यस्थापन कोष गठन गर्ने । | | | ✓ | ✓ | |
| ११ | नदी कटान, बाढी तथा भू-क्षय न्यूनीकरणका लागि निजी र अन्तर सरकारी समन्वय र सहकार्य गर्ने । | ✓ | ✓ | ✓ | | |
| १२ | सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १३ | क्षतिपूर्ति सम्बन्धी कार्यविधि तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| १४ | एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गर्ने । | | ✓ | ✓ | | |
| १५ | पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लगाउने । | | ✓ | ✓ | ✓ | |
| १६ | जलस्रोत क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखीकरण, नियमन तथा संरक्षणको लागि नगरपालिकाले व्यवस्थित गर्ने । | ✓ | ✓ | ✓ | | |
| १७ | जलस्रोतको व्यवसायिक उपयोग गरे बापत उपयोगकर्ताले तिर्नुपर्ने शुल्कलाई कानून मार्फत व्यवस्थित गर्ने । | ✓ | ✓ | ✓ | | |
| १८ | जलाधार, सिमसार तथा पानीका स्रोतहरुको संरक्षण गर्ने । | ✓ | ✓ | ✓ | | |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

मानवीय क्रियाकलाप र प्राकृतिक वातावरण बीचको अन्तरक्रिया र अन्तर सम्बन्धलाई सन्तुलित गर्ने कार्य नै वातावरण व्यवस्थापन हो । नेपालको संविधानले हरेक नागरिकले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । साथै प्रदूषणबाट पीडितले क्षतिपूर्ति पाउने हकको व्यवस्था गर्नुका साथै वातावरण व्यवस्थापनको कार्यक्षेत्र सङ्घ, प्रदेश र स्थानीय तीनै तहको जिम्मेवारी भित्र राखेको छ । फोहोरमैला व्यवस्थापन गर्ने कानुनी दायित्व र अधिकार स्थानीय सरकारलाई तोकेको छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को परिच्छेद २ को दफा ३ मा व्यवस्था भए बमोजिम फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था रहेको छ । यसैगरी प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्नुपर्ने व्यवस्था गरेको छ भने फोहोरलाई स्थायी विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन स्थल तोक्न सक्ने छ भनि उल्लेख गरेको छ ।

त्यसैले फोहोरमैला व्यवस्थापनको प्रबन्ध मिलाउने जिम्मेवारी स्थानीय तहको हुनेमा दुईमत छैन तसर्थ कानुनी आधारमा टेकेर फिदिम नगरपालिकाले फोहोरमैला व्यवस्थापन गर्न विविध योजना र कार्यक्रमहरू बनाई त्यसको प्रभावकारी कार्यान्वयन मार्फत नगारिकलाई सुसूचित गर्न जरुरी छ।

स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई साकार तुल्याउन वातावरण संरक्षण गरी जल, वायु तथा माटोमा भएको प्रदुषण घटाउन र फोहोर व्यवस्थापनलाई दिगो र वातावरणमैत्री बनाउन आवश्यक रहेको छ । वातावरण संरक्षणको लागि ग्रामीण बस्तीहरुमा पोखरी, कुलो निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न सकिन्छ । नगरपालिका क्षेत्रमा हुने सबै प्रकारका प्रदुषण नियन्त्रण तथा न्यूनीकरण गर्न आवश्यक छ । स्थानीयवासीको दैनिक जनजीवन र वातावरणलाई व्यवस्थित, स्वच्छ र सुन्दर बनाउन फोहोरमैला व्यवस्थापन तथा ढल निकासको मुख्य भूमिका रहने गर्दछ । नगरपालिकामा फोहोरलाई स्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, कुहिने र नकुहिने फोहोर अलग अलग गर्ने र प्रशोधन गरी फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गर्न सकिएको छैन । सम्भावित स्थानमा स्यानिटरी ल्याण्डफिल साईट निर्माण गर्न सम्भाव्यता अध्ययन गरी फोहोरमैला व्यवस्थापनको लागि पहल गर्न आवश्यक देखिन्छ ।

### ७.३.२ समस्या र चुनौती

#### समस्या

- वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन बारे जनचेतनाको कमि हुनु।
- फोहोरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साईटको उचित व्यवस्थापन नहुनु।
- प्लाष्टिक झोलाहरुको प्रयोगमा वृद्धि हुनु।
- वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था नहुनु।
- फोहोर व्यवस्थापन दिगो र वातावरणमैत्री नहुनु।
- प्रदुषणका कारण तथा असर प्रति नागरिक सचेत नहुनु।

#### चुनौती

- बस्ती विस्तारसँगै उत्सर्जन भएको फोहोरमैलाको उचित व्यवस्थापन गर्नु।
- फोहोरको स्रोतमै कुहिने र नकुहिने अनि पुन:प्रयोगमा ल्याउन सकिने गरि वर्गीकरण गरि उचित व्यवस्थापन गर्नु।
- प्लाष्टिकजन्य फोहोरको नियन्त्रण र व्यवस्थापन गर्नु।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना वृद्धि गर्नु।

- दिगो र वातावरणमैत्री फोहोर व्यवस्थापन गर्नु ।
- प्राकृतिक वातावरण र मानवीय वातावरण बीच सन्तुलन गर्नु ।
- फोहोरलाई मोहरमा परिणत गर्नु ।

### ७.३.३ सम्भावना र अवसर

#### सम्भावना

- फोहोरलाई ऊर्जाको रुपमा परिणत गर्न प्रविधिको प्रयोग गर्न सकिने ।
- वातावरण संरक्षणमा गैरसरकारी संस्थाहरुको परिचालन गर्न सकिने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि भई फोहोरलाई स्रोतमै व्यवस्थापन गर्न सकिने ।
- फोहोरमैलालाई स्रोतमै वर्गीकरण गरी पुनःप्रयोग गर्न सकिने।

#### अवसर

- वातावरण, फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रण क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/गैरसरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको चासो बढाउन सकिने ।
- वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने ।
- वृक्षरोपण, पानीका स्रोत संरक्षण र हरियाली प्रवर्द्धन गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणका लागि अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| २ | फोहोरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साइटको थप व्यवस्थापन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ३ | फोहोर व्यवस्थापनलाई दिगो र वातावरणमैत्री बनाउने । | ✓ | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | फोहोरमैलाको उपयुक्त व्यवस्थापन गर्न मुख्य बजार क्षेत्रबाट नियमित रुपमा फोहोरमैला सङ्कलन गर्ने । | | | ✓ | ✓ | |
| ५ | नगरपालिका क्षेत्रमा प्लाष्टिक झोला प्रयोगमा कम गर्दै स्थानीय सामग्रीबाट उत्पादित वातावरणमैत्री हरित झोला उपयोगमा प्रोत्साहन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ६ | घरको फोहोरलाई व्यवस्थापन गर्न तालिमको व्यवस्था गरिने कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै सङ्कलन गरी कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउन प्रयोग गर्ने । | | ✓ | ✓ | ✓ | |
| ७ | सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदाय बाटै सञ्चालन तथा व्यवस्थापन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ८ | फोहोरमैला व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | |
| ९ | वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र उद्योगहरुलाई प्रवर्द्धन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १० | वातावरणीय प्रभाव परीक्षणका आधारमा मात्र ढुङ्गा, गिटी र बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन् गर्ने | ✓ | ✓ | ✓ | | |
| ११ | प्रदुषणका कारण तथा असर प्रति नागरिकलाई सचेत र जिम्मेवार बनाउने । | | | ✓ | ✓ | |

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नगरपालिकामा सिर्जित हुने प्रमुख विपद्हरुमा बाढी, पहिरो, सुख्खा खडेरी, आगलागी, हावाहुरी, चट्याङ, वन्यजन्तु आतङ्क, नदी कटान, सडक दुर्घटना आदि रहेका छन् । जलवायु परिवर्तनको असर नगरपालिका क्षेत्र भित्र पनि बढ्दो रुपमा रहेको छ । नगरपालिकामा नगर स्तरीय र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापनका कार्यहरुलाई थप व्यवस्थित गरिएको छ । त्यसैगरी, विपद् व्यवस्थापन योजनाले जलवायु अनुकूलन र प्रकोप जोखिम न्यूनीकरणलाई सुदृढ बनाउन जोखिम–संवेदनशील भू–उपयोग योजना निर्माण तथा कार्यान्वयन, एकीकृत जलाधार व्यवस्थापनको प्रभावकारी कार्यान्वयन र जलस्रोत संरक्षणको आवश्यकतामाथि विशेष जोड दिएको छ । नगरपालिकाले विपद् न्यूनीकरणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई आधार मान्ने गरिएको छ । वन संरक्षण र दिगो व्यवस्थापनका लागि सामुदायिक वन उपभोक्ता समूहहरूमार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सबै वडामा प्राकृतिक

प्रकोपसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका क्षेत्रमा नेपाल रेडक्रस लगायत सम्बन्धित सरोकारवाला निकायहरूसँग प्रभावकारी सहकार्य र समन्वय कायम गर्न आवश्यक देखिन्छ ।

### ७.४.२ समस्या र चुनौती

#### समस्या

- विपद् व्यवस्थापन तथा न्यूनीकरणको लागि आधुनिक  उपकरणको अभाव ।
- जोखिमयुक्त क्षेत्रका नागरिकलाई सुरक्षित स्थानान्तरण गर्न नसक्नु ।
- विपद् न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनाको कमि ।

#### चुनौती

- बाढी, पहिरो र भू-क्षय प्रकोप व्यवस्थापन गर्नु ।
- जोखिमयुक्त बसोबास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु ।
- प्रकोप तथा महामारी बारे जनचेतना वृद्धि गर्नु ।

### ७.४.३ सम्भावना र अवसर

#### सम्भावना

- नगर तथा वडा स्तरीय विपद् प्रतिकार्य योजना निर्माण गरी सक्रिय बनाउन सकिने ।
- प्रत्येक वडाका खुल्ला स्थानमा स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्न सकिने ।
- जोखिम बारेमा स्थानीयवासीलाई सचेत गराई समयमै जोखिम व्यवस्थापन गर्न सकिने ।
- नगरपालिकामा संक्रमणजन्य रोगहरुको प्रकोपबाट बच्न नागरिकहरु अभ्यस्त हुँदै गएकोले सचेतना वृद्धि गर्न सकिने ।
- सुरक्षित आवासको विकास गरी व्यवस्थित गर्न सकिने ।

## अवसर

- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न सकिने ।
- नगर विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाउन सकिने ।
- जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाईटी,नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल लगायत अन्य सरोकारवाला निकायहरु सँग समन्वय गरी विपद् पूर्व तयारी र उद्धार सम्बन्धी तालिमको व्यवस्था गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | विपद् व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी नीति कानून र योजना तर्जुमा गर्ने । | ✓ | ✓ | ✓ | | |
| २ | विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| ३ | जलवायु जोखिम तथा प्रकोप न्यूनीकरण र अनुकुलनको लागि स्थानीय अनुकुलन कार्ययोजना निर्माण गर्ने । | ✓ | ✓ | ✓ | | |
| ४ | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | खोज तथा उद्धारमा प्रयोग हुने औजार, राहत सामग्रीहरुको खरिद तथा व्यवस्थापन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ६ | हरेक वडाहरुमा वडा स्तरीय वन, वातावरण तथा विपद् व्यवस्थापन समिति गठन गर्ने । | | | ✓ | | |
| ७ | उद्धार, राहत तथा पुन:स्थापनाका लागि विपद् व्यवस्थापन कोष निर्माण गर्ने । | ✓ | ✓ | ✓ | | |
| ८ | विपद् व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ९ | विपद् तथा महामारी प्रतिरोधी संरचनाहरु निर्माण गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १० | विपद् जोखिम नक्साङ्कन तयार गर्ने । | | ✓ | ✓ | ✓ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | जोखिमयुक्त बस्तीहरुको स्थानान्तरण गर्ने । | ✓ | ✓ | ✓ | | ✓ |
| १२ | विपद् न्यूनीकरणका लागि दमकलको व्यवस्थापन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| १३ | डढेलो तथा अग्नि नियन्त्रण सम्बन्धी तालिम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| १४ | बाढी, पहिरो तथा अधिक वर्षा बारे चेतनामूलक सूचना प्रसारण गर्ने । | ✓ | | ✓ | | |
| १५ | डढेलो तथा आगलागीबाट बच्ने र यस्ता घटना हुन नदिन चेतनामूलक सूचना प्रसारण गर्ने । | ✓ | | ✓ | | |
| १६ | मानिस, पशु तथा बालीमा हुन सक्ने महामारीहरु बारे चेतनामूलक सूचना प्रसारण गर्ने । | ✓ | | ✓ | | |
| १७ | विपद् भएको स्थानहरु तथा प्रभावितहरुको स्थलगत अनुगमन तथा अवलोकन गर्ने । | | | ✓ | | |
| १८ | विपद् तथा महामारी प्रतिरोधी संरचनाहरु निर्माण सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| १९ | जोखिम व्यवस्थापन गर्न संघ तथा प्रदेश सरकार, दातृ निकाय र निजी क्षेत्रसँग समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| २० | विपद् व्यवस्थापन कार्यको चौमासिक तथा वार्षिक समीक्षा गर्ने । | | | ✓ | | |
| २१ | मौसम पूर्व अनुमान प्रणाली र तथ्याङ्क सङ्कलन पद्धतिलाई सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्वचालित विपद् सूचना प्रणाली जडान गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |
| २२ | जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणको लागि स्थायी कोषको व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |
| २३ | जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधी र सोको नियन्त्रणको लागि सरोकारवालाहरुको अभिमुखिकरण एवम् क्षमता विकास गर्ने । | ✓ | ✓ | ✓ | ✓ | |

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नगरपालिकामा अध्ययन अनुसन्धान तथा तथ्याङ्क प्रणालीमा आधारित भएर विकास आयोजनाहरु कार्यान्वयन हुन आवश्यक छ । नगरपालिकाले "विकास तथा निर्माण मापदण्ड", "भवन संहिता" जस्ता महत्वपूर्ण योजनाहरूको तर्जु/अद्यावधिक एवम् कार्यान्वयन गर्न जरुरी छ । नगरपालिकाका विभिन्न शाखाहरूले आफ्नो शाखागत सूचना तथा तथ्याङ्कहरुको सङ्कलन र सुरक्षित अभिलेखिकरण गरी सूचना, रेकर्ड, दस्तावेज र तथ्याङ्कहरुको डाटावेस व्यवस्थित गर्न सार्वजनिक सेवाको डिजिटाईजेसन गर्नुपर्दछ । फिदिम नगरपालिकाको आवधिक योजनाले वडा तहसम्म पुगेर स्थानीयवासीको माग, प्राविधिक अध्ययन र सम्भाव्यताका आधारमा नगरपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रमहरुको आयोजना बैंक तयार गरिएकोले आयोजना बैंकमा भएका आयोजनाहरुलाई क्रमैसँग कार्यान्वयन गर्न सकिन्छ । साथै आवधिक योजनामा समावेश नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरणीय आदि विषयसँग सम्बन्धित तथ्याङ्कहरुलाई समेत विकास निर्माणको लागि उपयोग गर्न सकिन्छ । नगरपालिकामा विकास निर्माण र अन्य सामाजिक कार्यहरुमा जनसहभागिता उत्साहप्रद हुने गरेको छ ।

नागरिकको निकटतम  सरकार भएकोले दिगो विकास लक्ष्य हासिल गर्न फिदिम नगरपालिकाले निर्णायक भूमिका खेल्नुपर्दछ किनकि यसले गरिबी निवारण तथा दिगो विकास लक्ष्यका बहुआयामिक चुनौतीहरुलाई सम्बोधन गर्न उपयुक्त नीतिको विकास गर्दछ । यसकारण नगरपालिका, सामुदायिक संस्थाहरु, निजी क्षेत्र तथा नागरिक समाज बीच साझेदारी तथा सहजीकरण गर्न प्रोत्साहन गर्ने स्थानमा रहेको छ । सबैलाई समेटेर स्रोत परिचालन गर्न तथा नगरपालिकामा हुने प्रगतिको भिन्नता अनुगमन गर्न भरपर्दो तथ्याङ्कको आवश्यकता पर्दछ ।

सरोकारवालाहरूको क्षमता सुदृढीकरण गर्दै दक्ष र बौद्धिक संगठनात्मक संरचनाको स्थापना गरी विकास कार्यहरुलाई तीव्र र व्यवस्थित गर्ने तर्फ केन्द्रित छ । यस अन्तर्गत पूर्वाधार विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गरिएको छ । त्यस्तै वित्तीय विकास योजनाले राजस्व सुधार गर्ने योजनालाई समावेश गरी स्थानीय आम्दानीका स्रोत वृद्धि गर्ने, कर प्रशासन प्रणालीमा सुधार र निजी क्षेत्र तथा नागरिक समाजको प्रवर्द्धन लागि रणनीति एवम् कार्यक्रमहरु समावेश गरेको छ ।

### ८.१.२ समस्या र चुनौती

#### समस्या

- संस्थागत पूर्वाधार विकास पर्याप्त नहुनु ।
- अनुगमन मुल्याङ्कन पद्धति संस्थागत र समय सापेक्ष नहुनु ।
- प्राथमिकता र आवश्यक्ताको आधारमा योजना तर्जुमा नहुनु ।
- योजना तर्जुमा तथा कार्यान्वयनको लागि बजेटको पर्याप्त व्यवस्था नहुनु ।
- दक्ष जनशक्ति र प्राविधिकहरुको पर्याप्त व्यवस्था नहुनु ।

#### चुनौती

- आवधिक योजना र वार्षिक योजना बीच तादाम्यता कायम गर्नु ।
- सम्बन्धित संस्थाहरुबाट अपेक्षाकृत प्राविधिक र आर्थिक सहयोगमा वृद्धि गर्नु ।
- नतिजामुखी योजना तर्जुमा गर्नु ।
- योजनाको कार्यान्वयन क्षमता वृद्धि गर्नु ।
- नागरिकका बढ्दो आकांक्षा व्यवस्थापन गर्नु ।
- संस्थागत क्षमता विकास गर्नु ।
- दक्ष जनशक्तिको व्यवस्था गर्नु ।
- निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।

### ८.१.३ सम्भावना र अवसर

#### सम्भावना

- सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन सकिने ।
- न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गर्न सकिने ।
- विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न सकिने ।
- पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्चयन गर्न सकिने ।
- सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण तथा कार्यान्वयन गर्न सकिने ।
- नगरपालिकालाई थप उत्तरदायी, जनमैत्री, पारदर्शी बनाउन सकिने ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन वित्तीय सुशासन कायम गर्न सकिने ।

## अवसर

- आवधिक योजनाबाट योजना तर्जुमाको आधार प्राप्त गर्न सकिने ।
- सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार निकाय तथा आम नागरिकहरुको सहभागितामा विकासको गतिलाई बढाउन सकिने ।
- कर्माचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन सकिने ।
- जनचेतना जागरण र जनसहभागितालाई प्रोत्साहन गर्न सकिने ।
- नगरपालिकाका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र स्थापना गर्न सकिने ।
- प्राप्त योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्न सकिने ।

फिदिम नगरपालिकाको २०८२/८३-२०८६/८७ सम्मको लागि संस्थागत विकास तथा सुशासन क्षेत्र सम्बन्धी मुख्य कार्यक्रमहरु तपसिल बमोजिम रहेका छन् ।

| क्र.स. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र | सहकारी र अन्य |
| १ | नगरपालिकाको योजना तथा कार्यक्रम तर्जुमालाई सघाउ पुऱ्याउन डिजिटल पार्श्वचित्र निर्माण गर्ने । | | | ✓ | | |
| २ | सेवा प्रवाह, कार्यसम्पादन र काम कार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन तथा कार्यान्वयन गर्ने । | | ✓ | ✓ | | |
| ३ | पालिकाबाट प्रदान सेवा सुविधाको नागरीक सन्तुष्टि सर्वेक्षण गर्ने । | | | ✓ | | |
| ४ | नगरपालिका र वडाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई अभिमूखीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ५ | कर्मचारीहरुलाई सेवाग्राहीसँग शिष्ट व्यवहार गरी मुस्कान सहितको सेवा प्रवाह गर्न आवरण सम्बन्धी कानून निर्माण गर्ने । | | ✓ | ✓ | | |
| ६ | कर्मचारीलाई कार्यसम्पादन करार सम्झौता लागू गरी सो को मूल्याङ्कनको आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गर्ने । | ✓ | ✓ | ✓ | | |
| ७ | सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| ८ | सबै वडाहरुमा न्याय सम्पादन सम्बन्धी अभिमूखीकरण सहित मेलमिलाप केन्द्र स्थापना गर्ने । | | ✓ | ✓ | | |
| १० | नगरपालिकाका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा | | ✓ | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिलेख केन्द्र सञ्चालनमा ल्याउने । | | | | | |
| ११ | विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने । | | ✓ | ✓ | | |
| १२ | पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्वयन गर्न योजना, लेखा, सामाजिक सुरक्षा, कर्मचारी प्रशासन तथा राजस्व प्रशासन सम्बन्धी सफ्टवेयरको प्रभावकारी सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १३ | विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक विद्युतीय वडापत्र, सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | | |
| १४ | कार्यालयमा हटस्पटको व्यवस्था गर्ने । | | | ✓ | | |
| १५ | राजस्वको दायरा बढाउन व्यवसाय दर्ता अभियान लगायतका कार्यहरु सञ्चालन गर्ने । | | | ✓ | | |
| १६ | मेलमिलाप केन्द्र व्यवस्थापन, अन्तर पालिका मेलमिलाप समन्वय बैठक आयोजना गर्ने । | | ✓ | ✓ | | |
| १७ | वडा स्तरीय कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | | |
| १८ | सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन गर्ने । | | ✓ | ✓ | | ✓ |
| १९ | नगरपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण नियमित रुपले गर्ने । | ✓ | ✓ | ✓ | | |
| २० | विकासका नयाँ प्रविधि, उपागम, सम्भावना तथा विकल्पहरु बारेमा अध्ययन अनुसन्धानलाई अगाडी बढाउने । | ✓ | ✓ | ✓ | | |
| २१ | आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २२ | योजना तथा कार्यक्रमहरुको नियमित प्रगति समीक्षा गर्ने । | | ✓ | ✓ | ✓ | ✓ |
| २ | तथ्याङ्क सङ्कलन, प्रशोधन, आवधिक परिमार्जन र प्रकाशन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २४ | नगरपालिकाबाट हुने काम कारवाहीलाई प्रभावकारी बनाउन र आम नागरिकको गुनासो तत्काल सम्बोधन गर्न टोल फ्री कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | ✓ | | |
| २५ | आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने । | | ✓ | ✓ | ✓ | |
| २६ | राजस्व सङ्कलन कार्य चुस्त र दुरुस्त बनाउने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २७ | बेरुजु रकम न्यूनीकरण सम्बन्धी तालिम, गोष्ठीहरु सञ्चालन गर्ने । | ✓ | ✓ | ✓ | | |
| २८ | भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति थप प्रभावकारि बनाउने । | ✓ | ✓ | ✓ | ✓ | |
| २९ | निजी क्षेत्र र विभिन्न संघसंस्थाहरूलाई संस्थागत जनशक्ति विकास सम्बन्धी कार्यमा प्रोत्साहन गर्ने । | | | ✓ | ✓ | ✓ |

# परिच्छेद ९ : योजना कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

नगरपालिकाले तर्जुमा गर्ने वार्षिक बजेटको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा रहनु जरुरी छ। अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवम् बजेट खर्चसँगको तादात्म्यतासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा जनप्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवम् चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा गर्नुका साथै स्पष्ट ढङ्गले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन गरिनु पर्दछ।

नगरपालिकाले योजना अवधिमा आफ्नो वित्तीय तथा संस्थागत अवस्था सुदृढ हुनेछ भन्ने मान्यता लिएको छ। सङ्घ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र समुदायबाट यथेष्ट विश्वास, सहयोग र सहभागिता प्राप्त गर्नेछ भन्ने समेत विश्वास लिइएको छ। यिनै मान्यताका आधारमा प्रस्तावित विकास योजना र कार्यक्रमहरुका लागि बहुक्षेत्रगत लगानी कार्ययोजना प्रस्ताव गरिएको छ। यस परिच्छेदमा आवधिक योजना कार्यान्वयनको लागि सङ्घ र प्रदेशबाट सञ्चालन हुने आयोजनाहरु, नगरपालिकाले सञ्चालन गर्ने आयोजनाहरु र वडा स्तरका विकास कार्यक्रम तथा आयोजनाहरु छुट्टाछुट्टै शीर्षकमा क्षेत्रगत रुपमा उल्लेख गरिएको छ। त्यसै गरी योजना कार्यान्वयनको प्रकृया र योजना अनुगमन तथा मूल्याङ्कन पद्धति समेतको प्रस्ताव यसै परिच्छेदमा समेटिएको छ ।

यस आवधिक योजनाको प्रस्तावमा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी योजनाको कार्यान्वयन गरिनु पर्दछ। यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषय क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिइएको छ। आवधिक योजनाको स्वीकृति पछि नगर कार्यपालिकाले सबै विषयगत समिति एवम् शाखा र सबै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागि पठाईने छ । अनुमानित बजेट एवम् योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

नगरपालिकामा दक्ष जनशक्तिको अपर्याप्तता, भौतिक पूर्वाधार तथा प्रविधिको अपर्याप्तता, विषयगत समितिहरूको न्यून सक्रियता, अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधारको अपर्याप्तता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अभाव, जनप्रतिनिधिहरूसँग विषयगत ज्ञानको अपर्याप्तता यहाँको

प्रमुख चुनौतीहरु हुन् । संस्थागत सुधारको लागि नगरपालिका तथा वडा कार्यालयको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनाले प्रस्ताव गरेको क्षेत्रगत विकास (आर्थिक, सामाजिक, भौतिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासन) योजनाको लागि कूल रकम रु ७ अर्ब ३६ करोड ७४ लाख विनियोजन गर्नुपर्ने देखिन्छ । जसमध्ये पहिलो आ.व.मा रु. १ अर्ब २२ करोड ३९ लाख ३० हजार, दोस्रो आ.व. मा रु. १ अर्ब ३० करोड ४७ लाख ८० हजार, तेस्रो आ.व. मा रु. १ अर्ब ४४ करोड ०४ लाख ८० हजार, चौथो आ.व. मा रु. १ अर्ब ५९ करोड २५ लाख ३० हजार र पाँचौं आ.व. मा रु. १ अर्ब ६८ करोड १९ लाख ३० हजार बजेट आवश्यक देखिन्छ ।

आवधिक विकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य अर्थात् प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य अर्थात् असर तहको नतिजा र विषय क्षेत्र तथा उप-क्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मुख्य कार्यक्रमहरु अन्तर्गत आर्थिक क्षेत्र विकास तर्फ रु. २ अर्ब ८४ करोड ३५ लाख ७५ हजार, सामाजिक क्षेत्र विकास तर्फ रु. १ अर्ब १८ करोड ८८ लाख ७५ हजार, पूर्वाधार क्षेत्र विकास तर्फ रु. ३ अर्ब ९ करोड २५ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. २० करोड ४ लाख ५० हजार र सुशासन तथा संस्थागत विकास तर्फ रु. ४ करोड २० लाख खर्च आवश्यक हुने देखिएको छ । आवधिक विकासको लागि क्षेत्रगत विकासमा हुने खर्चको सारांश तलको तालिकामा देखाइएको छ । प्रस्तावित क्षेत्रगत विकास योजनाको अतिरिक्त नगरपालिकाको रणनीतिक योजना तथा वडागत योजनाहरु क्रमशः अनुसूची ३ र अनुसूची ४ मा प्रस्ताव गरिएको छ ।

*तालिका २६ : विषय क्षेत्र अनुसार आवश्यक बजेट सारांश*

| विषय क्षेत्र | आ.व. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | |
| **आर्थिक विकास** | | | | | | |
| कृषि | १५२०५० | १५१९२५ | १३४८०० | १४७१७५ | १३०२५० | **७१६२००** |
| पशु सेवा | १३९०० | १५०५० | २२२०० | १६६०० | १४००० | **८१७५०** |
| सिंचाई | ८१००० | १०५००० | १३०००० | १२०००० | १३२५०० | **५६८५००** |
| उद्योग व्यवसाय | ४४७०० | ४७२०० | २७२०० | २६२०० | २९७०० | **१२५०००** |
| पर्यटन | ११६००० | १५५००० | २४८५०० | ३४३५०० | ३९८५०० | **१२६१५००** |
| बैंक तथा वित्तीय संस्था | २४५० | २४७५ | २५०० | २५२५ | २५५० | **१२५००** |
| श्रम, रोजगार तथा गरीबी निवारण | १५६२५ | १५६२५ | १५६२५ | १५६२५ | १५६२५ | **७८१२५** |
| **जम्मा** | **४२५७२५** | **४९२२७५** | **५८०८२५** | **६७१६२५** | **७२३१२५** | **२८४३५७५** |
| **सामाजिक विकास** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य | ३५६०० | ५०१२५ | ४२६५० | २२६७५ | २२७०० | **१७३७५०** |
| शिक्षा | ९१८१० | ९१७१० | ८७४६० | ८२२६० | ८२२६० | **४३५५००** |
| खानेपानी तथा सरसफाइ | ३१५०० | ३०५०० | २९५०० | २९५०० | ३०५०० | **१५१५००** |
| सुरक्षा | १०२५० | १०३०० | १०३०० | १०३५० | १०३५० | **५१५५०** |
| महिला, बालबालिका, सामाजिक समावेशीकरण | ४३५६५ | ३१०१५ | ११५६५ | ११११५ | १२१६५ | **१०९४२५** |
| भाषा, कला, संस्कृति | २४९८० | २३७३० | २३७३० | २३७३० | २४९८० | **१२११५०** |
| युवा तथा खेलकुद | १९७०० | २४७०० | २७२०० | ३२२०० | ४२२०० | **१४६०००** |
| **जम्मा** | **२२१८०५** | **२११९५५** | **१८९७५५** | **१८९१५५** | **२०२४५५** | **११८८८७५** |
| **भौतिक विकास पूर्वाधार** | | | | | | |
| सडक तथा यातायात | ४९०००० | ५१२५०० | ५७२५०० | ६१२५०० | ६३०००० | **२८१७५००** |
| वस्ती विकास | ८००० | १५००० | २२५०० | ३२५०० | ४२५०० | **१२०५००** |
| विद्युत तथा उर्जा | ८१०० | ९१०० | ८१०० | ८१०० | ८१०० | **४१५००** |
| सञ्चार | २१५०० | १७५०० | २१००० | २६००० | २७००० | **११३०००** |
| **जम्मा** | **५२७६००** | **५५४१००** | **६२४१००** | **६७९१००** | **७०७६००** | **३०९२५००** |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ३३५०० | ३९८०० | ३९०५० | ४६३०० | ४१८०० | २००४५० |
| **जम्मा** | **३३५००** | **३९८००** | **३९०५०** | **४६३००** | **४१८००** | **२००४५०** |
| **संस्थागत विकास तथा सुशासन** | | | | | | |
| संस्थागत विकास तथा सुशासन | १५३०० | ६६५० | ६७५० | ६३५० | ६९५० | ४२००० |
| **जम्मा** | **१५३००** | **६६५०** | **६७५०** | **६३५०** | **६९५०** | **४२०००** |
| **कुल जम्मा** | **१२२३९३०** | **१३०४७८०** | **१४४०४८०** | **१५९२५३०** | **१६८१९३०** | **७३६७४००** |

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

फिदिम नगरपालिकाको आवधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न ठूलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ । लगानीको आवश्यकता निर्धारण गर्दा प्रचलित स्थापित विधि अवलम्बन गर्न तथ्याङ्कको अभावमा सम्भव भएन । त्यसैले यो दोस्रो आवधिक योजनामा समावेश कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको प्रक्षेपण सामान्य तथ्याङ्कीय विधि अवलम्बन गरिएको छ । खासगरी नगरपालिकाको विद्यमान आम्दानीको श्रोत अन्तर सरकारी वित्तीय हस्तान्तरणको अवस्था, थप राजस्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, निजी क्षेत्रको लगानीको सम्भावनाका क्षेत्रहरुको आँकलन, वैदेशिक सहायता परिचालनको सम्भावना, गैरसरकारी संस्थाहरुको सहभागिताको सम्भावना र

स्थानीय जनसहभागिता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण तलको तालिकामा उल्लेख गरिएको छ।

*तालिका २७ : क्षेत्रगत विकास योजनाको लागि अनुमानित लागत रकम (लागत रु हजारमा)*

| **विषय क्षेत्र** | **आ.व.** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | **०८२/०८३** | **०८३/०८४** | **०८४/०८५** | **०८५/०८६** | **०८६/०८७** | |
| आर्थिक विकास | ४२५७२५ | ४९२२७५ | ५८०८२५ | ६७१६२५ | ७२३१२५ | **२८४३५७५** |
| सामाजिक विकास | २२१८०५ | २११९५५ | १८९७५५ | १८९१५५ | २०२४५५ | **११८८८७५** |
| भौतिक विकास पूर्वाधार | ५२७६०० | ५५४१०० | ६२४१०० | ६७९१०० | ७०७६०० | **३०९२५००** |
| वन वातावरण तथा विपद् व्यवस्थापन | ३३५०० | ३९८०० | ३९०५० | ४६३०० | ४१८०० | **२००४५०** |
| संस्थागत विकास तथा सुशासन | १५३०० | ६६५० | ६७५० | ६३५० | ६९५० | **४२०००** |
| **जम्मा** | **१२२३९३०** | **१३०४७८०** | **१४४०४८०** | **१५९२५३०** | **१६८१९३०** | **७३६७४००** |

माथिको तालिका अनुसार नगरपालिकाको आवधिक योजना अवधिमा कूल रु ७ अर्व ३६ करोड ७४ लाख लगानी हुने प्रक्षेपित अनुमान गरिएको छ। उपरोक्त लगानी मध्ये योजनाको पहिलो वर्ष आ.व. २०८२/८३ मा कूल रु. १ अर्ब २२ करोड ३९ लाख ३० हजार लगानी हुने प्रक्षेपण गरिएको छ भने दोस्रो वर्ष आ.व. ०८३/८४ मा कूल रु. १ अर्ब ३० करोड ४७ लाख ८० हजार, तेस्रो वर्ष आ.व. ०८४/८५ मा कूल रु १ अर्व ४४ करोड ०४ लाख ८० हजार, चौथो वर्ष आ.व. ०८५/८६ मा कूल रु १ अर्व ५९ करोड २५ लाख ३० हजार र अन्तिम वर्ष आ.व. ०८६/८७ मा रु १ अर्व ६८ करोड १९ लाख ३० हजार रकम खर्च र लगानी हुने अनुमान गरिएको छ।

यस आवधिक योजनाले क्षेत्रगत विकासको लागि आयोजनाहरु (प्रोजेक्ट बैंक) तयार गरी नगरपालिकालाई लगानी केन्द्रित गर्न प्रेरित गर्ने उद्देश्यले सालवसाली लगानी गर्ने आयोजनाहरु समेत प्रस्ताव गरेको छ। रणनीतिक महत्वका यस्ता आयोजनाहरुमा लगानी गरी नगरपालिकाले विकास निर्माणका कार्यलाई क्रमिक रुपमा कार्यान्वयन गर्नुपर्दछ। रणनीतिक योजनाहरुमा गर्नुपर्ने बजेट विनियोजन देहाय बमोजिम हुने छ।

*तालिका 6 : नगरपालिका स्तरीय रणनीतिक आयोजनाहरुको लागत अनुमान*

| **विषय क्षेत्र** | **लागत अनुमान (हजारमा)** |
|---|---|
| आर्थिक विकास | ३२,९३,२२५ |
| सामाजिक विकास | ११,८७,८५० |
| भौतिक विकास पूर्वाधार | ४१,५८,००० |
| वन वातावरण तथा विपद् व्यवस्थापन | १,९६,२०० |
| संस्थागत विकास तथा सुशासन | ४६,३०० |
| **कूल लागत** | **८,८८,१५,७५** |

नगरपालिका भित्रका वडाहरुले समेत लगानी गर्नको लागि वडा गत आयोजनाहरु प्राथमिकता सहित यस आवधिक योजनामा सामावेश गरिएको छ (अनुसूची-४)।

## ९.५ स्रोत परिचालन रणनीति

आवधिक योजना अनुसार विषय क्षेत्रगत ५ वर्षको बजेट कुल बजेट अनुमान गरिएको छ। गत आ.व. २०८०/८१ को यथार्थ र चालू आ.व.२०८१/८२ को अनुमानित सहित आगामी ५ वर्षको आय अनुमान गरिएकोमा नपुग स्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति लिइनेछ ।

### आन्तरिक स्रोत (राजस्व) अभिवृद्धिका रणनीतिहरु

क) नगरपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गरिने छ।

ख) नगरपालिकामा सञ्चालित होटल, रेष्टुरेन्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा व्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेशन गर्ने र करको दायरामा ल्याइने छ।

ग) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतहरुको उपयोग बापत प्राप्त हुने रोयल्टीमा साझेदारी गरिने छ।

घ) वन पैदावार व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी वृद्धि गरिने छ।

ङ) सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ।

च) नगरपालिकाले सम्भाव्य ठूला परियोजनाहरु विद्युत, पर्यटन विकास, प्राकृतिक स्रोतमा आधारित उद्योग आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गरिने छ।

### सार्वजनिक खर्चमा वित्तीय अनुशासनका रणनीतिहरु

क) नगरपालिकाभित्र हुने सबै प्रकारका खर्च प्रचलित कानुन बमोजिम गरिने छ।

ख) संघ र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरुको खर्च प्रचलित कानुन बमोजिम कार्यान्वयन गरिनेछ।

ग) सार्वजनिक खर्चमा मितव्ययिता अपनाइनेछ।

घ) ठूला आयोजनाहरु ठेक्का र साना आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छ।

ङ) वार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिइने छ।

च) नगरपालिकाले खर्च व्यवस्थापन सम्बन्धी ऐन, नियम र कार्यविधिहरु बनाई कार्यान्वयन गरिनेछ।

छ) आवधिक/वार्षिक योजनाहरुको मध्यावधि मूल्याङ्कन गरी आवश्यकता अनुसार समिक्षा गरिने छ।

ज) आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्र मात्र गर्ने प्रकृयाको अवलम्बन गरिने छ।

झ) नगरपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुक्तानी गर्ने पद्धति कडाइका साथ लागू गरिने छ।

## ९.६ आवधिक योजना कार्यान्वयन

यस आवधिक योजना कार्यान्वयनमा सरकारी, निजी, सार्वजनिक सबै क्षेत्रको अहम् भूमिका हुन्छ। योजना बनाएर मात्र हुँदैन, त्यसको सफल कार्यान्वयन र कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्नुपर्दछ। योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी नगरपालिका कै हुन्छ। यसको लागि तल प्रस्ताव गरिए बमोजिमका निकायहरुको भूमिका देहाय बमोजिम हुने छ ;

### ९.६.१ कार्यान्वयन योजना

यस आवधिक योजनालाई कार्यान्वयनका लागि नगरपालिकाले देहाय बमोजिम गरिनेछ ;

#### क) प्रारम्भिक सम्भाव्यता अध्ययन

पहिचान भएका आयोजना र कार्यक्रम मध्ये उपयुक्त आयोजनाहरु छनौट गर्न आर्थिक, वातावरणीय, प्राविधिक र सामाजिक दृष्टिले सम्भाव्य छन् छैनन् भन्ने कार्यको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन विशेषज्ञहरुबाट गराउने। प्रारम्भिक सम्भाव्यताबाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने। विस्तृत सम्भाव्यता सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने।

#### ख) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने

दीर्घकालीन प्रकृतिका र सार्वजनिक खरिद ऐनले तय गरेको मापदण्डमा पर्ने ठूलो लगानीका परियोजनाहरुको विस्तृत परियोजना अध्ययन विशेषज्ञहरुबाट गराउने।

#### ग)वार्षिक कार्यक्रम तथा लगानी योजना तर्जुमा गर्ने

वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्दा प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा सङ्घ र प्रदेश तथा नगरपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने। प्राथमिकीकरण र योजना निर्माण जनसहभागिताको आधारमा गर्ने।

### घ) बजेट अनुमान (निर्माण)

विभिन्न स्तरका आयोजना तथा कार्यक्रमहरु मध्ये सङ्घ र प्रदेशमा समन्वय गर्नुपर्ने र विभिन्न अनुदानमा आधारित (ससर्त, समानीकरण, समपूरक एवम् विशेष) आयोजना वर्गीकरण गरी प्रदेश र सङ्घीय सरकारका बजेटहरु विनियोजन गर्न पहल गर्ने ।

### ङ) वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने

पालिका तथा वडा स्तरका कार्यक्रम र आयोजनाहरु प्रत्येक वर्षको बजेटमा क्रमशः प्राथमिकताका आधारमा विनियोजन गर्दा नगरपालिकाको आयस्रोत र जनसहभागितालाई उपयुक्त अनुपातमा व्यवस्थापन गर्ने ।

### च) मध्यमकालीन खर्च संरचना अवलम्बन गर्ने

यस आवधिक योजनाको कार्यान्वयनका क्रममा योजनाले निर्धारण गरेका कार्यक्रम कूल बजेटको आकार र सीमा समेतको पुनरावलोकन गरी मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

### छ) योजनाको अनुगमन तथा मूल्याङ्कन

प्रत्येक क्षेत्रगत योजनाहरुको कार्यान्वयनको अवस्थालाई निरन्तर अनुगमन र मूल्याङ्कनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

## ९.६.२ योजना कार्यान्वयन विधि

आवधिक योजनामा परेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले आवधिक योजना कार्यान्वयन कार्यविधि तयार गर्ने छ । यस्तो कार्यविधिले योजना कार्यान्वयनको प्रकृयाको स्पष्ट रुपरेखा मार्गदर्शन गर्ने छ । साथै कार्यविधिमा कार्यान्वयन संयन्त्र, समन्वय समिति, विशेषज्ञ समिति आदिको गठन, अधिकार र कर्तव्य स्पष्ट गर्नुपर्छ ।

### क) योजना कार्यान्वयन संयन्त्र

आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नगरपालिका प्रमुखको संयोजकत्वमा एक समावेशी तथा सहभागितामूलक योजना कार्यान्वयन संयन्त्र गठन गरिनेछ। उक्त संयन्त्रले योजना तथा कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन तथा आवश्यक सहजीकरणको समग्र जिम्मेवारी वहन गर्नेछ ।

### ख) वडा स्तरीय समन्वय समिति

वडा स्तरका विकास कार्यहरुको समन्वयका लागि वडा अध्यक्षको संयोजकत्वमा आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न समावेशी प्रकृतिको समन्वय समिति गठन गरिनेछ ।

### ग) विशेषज्ञ समिति

प्राविधिक प्रकृतिका विकास आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि नगरपालिकाले आवश्यकता अनुसारका विभिन्न विशेषज्ञ समितिहरु गठन गर्ने छ । योजना कार्यान्वयन संयन्त्रले यस्ता समितिहरुको प्राविधिक सुझाव आवश्यकता अनुसार लिनुपर्छ ।

## ९.७ अनुगमन तथा मुल्याङ्कन योजना

योजनाहरुको सफल कार्यान्वयनको लागि नीति, कार्यक्रम तथा आयोजनाहरु के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा केकस्ता उपलब्धि एवम् प्रभावहरु हासिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उदेश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य अनुगमन तथा मूल्याङ्कन हो । नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका, भईरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविष्यमा पार्न सक्ने असरका बारेमा लेखाजोखा गरी समयमा नै क्षति न्यूनीकरणमा पूर्व तयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । सँगसँगै यस आवधिक योजनाले पहिचान र प्राथिमिकीकरण गरेका आयोजनाहरुको कार्यान्वयनबाट लक्षित उदेश्य प्राप्त भयो भएन यकिन गर्न र आयोजनाको कार्यान्वयनबाट अपेक्षित वर्गले फाइदा पायो पाएन भनेर नियमित रुपमा अध्ययन तथा विश्लेषण गर्नुपर्छ ।

योजनाका उपलब्धि र प्रभाव तहका सूचकमा के कति परिणाममा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुने हुँदा नगरपालिकाले आवश्यकता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लेखित दुबै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु/गराउनुपर्छ । त्यसको लागि योजना तर्जुमासँग सम्बन्धित समितिहरू लगायत नगर कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिनका लागि स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित ऐनमा व्यवस्था भए बमोजिम गठन भएका पालिका तथा वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिहरु मार्फत आयोजनाको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

नगर सभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन योजना बनाई सकेपछि सञ्चालन गरिने क्रियाकलापहरूको आधारमा अनुगमन योजना समेत बनाई नगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा गठन

भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन नियमित रुपमा प्राप्त गरिने छ। उप-प्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवम् समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा गरिने छ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

नगरपालिकाले तर्जुमा गर्ने वार्षिक बजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ। अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवम् बजेट खर्चसँगको तादात्म्यतासँग जोडेर हेर्ने गरेको पाइन्छ। केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवम् चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। अनुगमन तथा मूल्याङ्कन कार्ययोजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन हुने गरेको परिस्थिति विद्यमान छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम उप-प्रमुखको संयोजकत्वमा अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। जस अनुसार यस नगरपालिकामा समेत उप-प्रमुखको अध्यक्षतामा अनुगमन समितिको गठन भएको देखिन्छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ।

नगरपालिकाको संस्थागत संरचना तथा मानव संसाधनको विकास पर्याप्त नभएमा नियमित अनुगमन प्रभावकारी नहुन सक्छ। नगरपालिकाका विभिन्न विषयगत कार्य जिम्मेवारीहरू अनुसारका अनुगमनका सूचकहरू निर्धारण नहुनु चुनौतीको रूपमा रहेको छ। कार्यक्रम अनुसार आयोजना चक्रको प्रत्येक चरणमा अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन प्रभावकारी अनुगमन प्रणाली स्थापित हुन आवश्यक देखिन्छ। आवधिक योजना अनुगमन र मूल्याङ्कनले आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत हुने छ। साथै यसको रणनीति देहाय बमोजिम हुने छ।

- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिने छ।

- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिने छ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी तद् अनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिने छ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने तथा नियमित बैठकमा छलफल गरी देखिएका समस्या समाधान गरिने छ।
- अनुगमनको प्रतिवेदन नगरपालिकाको वेभसाइटमा सार्वजनिक गरिने छ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक योजना कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कनको जिम्मेवारी देहाय बमोजिम हुने छ।

#### क) पालिका स्तरीय समिति

नगरपालिकाले नगर स्तरमा आवधिक योजना कार्यान्वयनको मूल्याङ्कनको लागि देहाय बमोजिमको सदस्य रहने गरी नगरपालिका स्तरीय समिति गठन गरिने छ।

- नगरपालिका प्रमुख — संयोजक
- नगर प्रमुखले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट २ जना -सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- पूर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर — सदस्य
- योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य सचिव

#### ख) वडास्तरीय समिति

नगरपालिकाले वडा स्तरमा आवधिक योजना कार्यान्वयनको मूल्याङ्कनको लागि देहाय बमोजिमको सदस्य रहने गरी नगरपालिका स्तरीय समिति गठन गर्ने छ;

- सम्बन्धित वडाका वडा अध्यक्ष — संयोजक
- वडा सदस्यहरु — सदस्य
- सम्बन्धित वडाका प्राविधिक वा कार्यक्रम सञ्चालन गर्ने कर्मचारी — सदस्य
- वडा सचिव — सदस्य सचिव

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रकृया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहाय अनुसार रहने छ ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना लक्ष्य र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा । (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुने छ :

*तालिका २१ : अनुगमन तथा मूल्याङ्कन प्रक्रिया*

| **के अनुगमन गर्ने?** | **कसले अनुगमन गर्ने?** | **कहिले अनुगमन गर्ने?** | **कसरी अनुगमन गर्ने?** |
|---|---|---|---|
| कार्यक्रम वा योजना कार्यान्वयन | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | नगर कार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| प्रभाव अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण गर्ने |

## परिच्छेद १० : नतिजा खाका

### १०.१ पृष्ठभूमि

आवधिक योजनाले परिकल्पना गरेको सोच, लक्ष्य र उदेश्यहरु कसरी प्राप्त गर्न सकिन्छ भन्ने तथ्यलाई तर्कसंगत ढङ्गबाट नतिजा खाकामा प्रस्तुत गरिएको छ । नेपालको विगतको अनुभव र राष्ट्रिय योजना आयोगले अभ्यासमा ल्याएको नतिजा खाकाको ढाँचालाई नै आधार मानी यस आवधिक योजनाको नतिजा खाका तर्जुमा गरिएको छ । नगरपालिकालाई वार्षिक र क्षेत्रगत गुरु योजनाहरु तर्जुमा गर्न, सञ्चालित परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न र स्वयम् आवधिक योजनाको मध्यावधि समीक्षा र मध्यकालीन खर्च संरचना तयार गर्न समेत यसले मद्दत गर्दछ ।

### १०.२ नतिजा खाका

विषयगत नतिजा खाका निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छः

| **१. आर्थिक क्षेत्र (२०८१/८२ को स्थिर मूल्यमा आधारित)** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा स्तर** | **नतिजा सूचक** | **इकाई** | **आधार वर्ष (२०८१/८२)** | **लक्ष्य** | | | | | **पुष्याईको आधार** | **अनुमान तथा जोखिम** |
| | | | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** | | |
| प्रभाव | कुल गार्हस्थ उत्पादन | अ. डलर | १४३४ | १६११ | १७८८ | १९६५ | २१४२ | २३१९ | बजेट बक्तव्य, आर्थिक | ▪ निजी क्षेत्रको सहयोग हुने छ ।<br>▪ बजार मूल्य स्थिर रहने छ ।<br>▪ जलवायु परिवर्तनको असर न्यू |
| | आर्थिक वृद्धिदर (कोशी प्रदेश) | प्रतिशत | २.३८ | ३.५ | ४.५ | ५.५ | ६.४ | ७.३ | | |
| | प्रति व्यक्ति आय | अ. डलर | १४५६ | १६३५ | १८१४ | १९९३ | २१७२ | २३५१ | | |
| असर | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ६ | ६.२५ | ६.५ | ६.७५ | ७ | ७.२५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.५ | ४.४ | ५.३ | ६.२ | ७.१ | ८ | सर्वेक्षण २०८०-८१, रा.यो.आ., प्रदेश आवधिक योजना . | हुने छ।<br>■ अन्तर सरकार समन्वय हुने छ।<br>■ सरकारी, गैर सरकारी र समुदायको संलग्नता वृद्धि हुने छ।<br>■ जनचेतना अभिवृद्धि हुने छ। |
| असर २ | सम्पतिमा आधारित सहमानत जनाउने | ०-१ | - | ०.३५ | ०.३४ | ०.३३ | ०.३२ | ०.३१ | | |
| | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको आम्दानीको अनुपात | अनुपात | - | १.३० | १.२६ | १.२२ | १.१८ | १.१४ | | |
| प्र. १ | आर्थिक विकास योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. २ | मुद्रा स्फिति | प्रतिशत | ६ | ५.८ | ५.६ | ५.४ | ५.२ | ५ | | |
| प्र. ३ | स्थानीय औधोगिक लगानी वार्षिक वृद्धि | प्रतिशत | ८.७ | ८.९ | ९.१ | ९.३ | ९.५ | ९.७ | | |
| प्र. ४ | औधोगिक उत्पादनको योगदान | प्रतिशत | ५.१ | ५.२ | ५.३ | ५.४ | ५.५ | ५.६ | | |
| प्र. ४ | बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १४.८ | १५.९ | १७ | १८ | १९ | २० | | |
| प्र. ५ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा आवद्ध जनसङ्ख्या | प्रतिशत | ८.८२ | ९.०५ | ९.२९ | ९.५२ | ९.६६ | १० | | |
| प्र. ६ | गरिबीको रेखामुनीको परिवार | प्रतिशत | १७.५० | १६.५ | १५.२५ | १४ | १३ | १२ | | |
| प्र. ७ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.५८ | ०.६० | ०.६२ | ०.६३ | ०.६५ | ०.६६ | | |
| प्र. ८ | गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ६२.८ | ६२.९ | ६३.१ | ६३.२ | ६३.४ | ६३.५ | | |
| प्र. ९ | सेवा क्षेत्रको वृद्धिदर | प्रतिशत | ५.८ | ६.०८ | ६.३६ | ६.६४ | ६.९२ | ७.२ | | |
| प्र. १० | आर्थिक रुपले सक्रिय जनशक्ति | प्रतिशत | ५५.७९ | ५६.६३ | ५७.४७ | ५८.३१ | ५९.१५ | ६० | | |

| १.१ कृषि क्षेत्र | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव १ | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन | प्रतिशत | २३.७ | २३.१ | २२.३ | २१.५ | २१ | २०.५ | फिदिम नगरपालिका, नगर कार्यपालिकाको कृषि पशुपन्छी शाखा, २०८१ | ▪ कृषि सामाग्री समयमा आपूर्ति हुने छ।<br>▪ कृषि पूर्वाधार विकासमा अन्तर सरकारी समन्वय हुने छ।<br>▪ दातृ निकाय र गैरसरकारी संस्थाहरुको निरन्तर सहयोग हुने छ।<br>▪ नगरपालिकाको कृषि बजेट बढेको हुने छ।<br>▪ बजार मूल्य स्थिर रहने छ।<br>▪ जलवायु परिवर्तन असर न्यून हुने छ।<br>▪ सरकारी, गैर सरकारी र समुदायको संलग्नता वृद्धि हुने छ। |
| प्रभाव २ | गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३६.७५ | ३७.६ | ३८ | ३८.५ | ३९ | ३९.५ | | |
| प्र. १ | कृषिमा संलग्न जनसङ्ख्या | प्रतिशत | ५७.३ | ५७.५ | ५७.७ | ५७.९ | ५८.१ | ५८.३ | | |
| प्र. २ | व्यवसायिक/अगुवा कृषक | सङ्ख्या | - | ३५ | ४० | ४५ | ५० | ५५ | | |
| प्र. ३ | सक्रिय ग्रामीण कृषि कार्यकर्ता | सङ्ख्या | - | २२ | २४ | २६ | २८ | ३० | | |
| प्र. ४ | सक्रिय व्यवसायिक कृषक समुह | सङ्ख्या | - | २५ | ३० | ३५ | ४० | ४५ | | |
| प्र. ५ | सक्रिय ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता | सङ्ख्या | - | १७ | १८ | १९ | २० | २१ | | |
| प्र. ६ | व्यवसायिक सीपमूलक तालिम लिएका | सङ्ख्या | - | १६४० | १७३० | १८२० | १९१० | २००० | | |
| प्र. ७ | कृषि सम्बन्धी तालिम लिएका | प्रतिशत | - | ६ | ६.१ | ६.२ | ६.३ | ६.४ | | |
| प्र. ८ | व्यवसायिक नर्सरी सञ्चालक | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| प्र. ९ | कृषि तथा पशुपालन फार्म | सङ्ख्या | ६७ | ७३ | ८० | ८७ | ९४ | १०० | | |
| प्र. १० | पकेट क्षेत्र विकास | सङ्ख्या | - | १० | १२ | १४ | १६ | १८ | | |
| प्र. ११ | कृषि सहकारी संस्था | सङ्ख्या | २९ | ३० | ३१ | ३३ | ३४ | ३५ | | |
| प्र. १२ | एग्रोभेट तथा कृषि सामाग्री पसल | सङ्ख्या | ६ | ८ | १० | १२ | १४ | १६ | | |
| प्र. १३ | दुग्ध चिस्यान तथा विक्री केन्द्र | सङ्ख्या | २१ | २२ | २३ | २४ | २५ | २६ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. १४ | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | - | ३ | ३ | ४ | ४ | ५ | | ▪ जनचेतना अभिवृद्धि हुने छ। |
| प्र. १५ | कोल्ड स्टोर | सङ्ख्या | - | ३ | ३ | ४ | ४ | ५ | | |
| प्र. १६ | कृषि गर्ने घरधुरी | प्रतिशत | ७२.८१ | ७३ | ७३.२५ | ७३.५ | ७३.७५ | ७४ | | |
| प्र. १७ | पशुपालन समूह | सङ्ख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| प्र. १८ | कृषि बाली बीमा | प्रतिशत | - | १० | २० | ३० | ४० | ५० | | |
| प्र. १९ | पशुपालन गर्ने घरधुरी | प्रतिशत | ६९.६२ | ७० | ७०.२५ | ७०.५ | ७०.७५ | ७१ | | |

**१.२ उद्योग, व्यापार तथा व्यवसाय**

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | गार्हस्थ उत्पादनमा उद्योग व्यवसायको योगदान | प्रतिशत | ५.१ | ५.२ | ५.३ | ५.४ | ५.५ | ५.६ | नपाको बजेट वक्तव्य, नगरपालिकाको प्रगति प्रतिवेदन | ▪ औद्योगिक ग्राम स्थापना हुने छ।<br>▪ हाटबजार व्यवस्थापन हुने छ।<br>▪ सीपमूलक तालिम लिने सङ्ख्यामा वृद्धि हुने छ।<br>▪ नगरपालिका औधोगिक तथा व्यापार नीति तर्जुमा हुने छ।<br>▪ उद्योग तथा व्यापार विकासमा अन्तर सरकारी समन्वय हुने छ।<br>▪ दातृ निकाय र गैरसरकारी संस्थाहरुको निरन्तर सहयोग हुने छ। |
| प्रतिफल १ | फर्निचर फिक्चर्स उद्योग | सङ्ख्या | ३७ | ३९ | ४१ | ४३ | ४५ | ४७ | | |
| प्र. २ | डेरी उद्योग | सङ्ख्या | २१ | २३ | २५ | २७ | २९ | ३१ | | |
| प्र. ३ | ढाका पस्मिना उद्योग | सङ्ख्या | १५ | १७ | १९ | २१ | २३ | २५ | | |
| प्र. ४ | उद्योग, व्यापार तथा व्यवसायबाट रोजगारी सृजना | सङ्ख्या | ८१५८ | ९००० | ९२२५ | ९५०० | ९७५० | १०००० | | |
| प्र. ५ | उद्यम विकास तालिम लिने युवा | सङ्ख्या | - | १५० | २०० | २५० | ३०० | ३५० | | |
| प्र. ६ | सीपमुलक तालिम लिने महिला | सङ्ख्या | - | १०० | १५० | २०० | २५० | ३०० | | |
| प्र. ७ | औधोगिक ग्राम | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | | |
| प्र. ८ | हाटबजार | सङ्ख्या | ५ | ५ | ६ | ६ | ७ | ७ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ९ | कुटानी पिसानी राईस मिल | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | ▪ बजार मूल्य स्थिर रहने छ।<br>▪ नगरपालिकामा लगानी गर्ने वातावरण सृजना हुने छ। |
| प्र. १० | व्यवसाय दर्ता | सङ्ख्या | १४३५ | १४७५ | १५१५ | १५५५ | १५९५ | १६३५ | | |
| प्र. ११ | औद्योगिक तथा व्यापार नीति तर्जुमा | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |

**१.३ पर्यटन**

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | पर्यटक आगमन (हजारमा) | सङ्ख्या | - | १३७ | १४० | १४३ | १४६ | १५० | नगरपालिकाको प्रगति प्रतिवेदन | ▪ निजी क्षेत्रको सहयोग हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य हुने छ।<br>▪ पर्यटन बोर्डको सहयोग हुने छ।<br>▪ पर्यटन क्षेत्रमा वित्तीय संस्थाको ऋण लगानी हुने छ।<br>▪ नगरपालिकाको पर्यटन नीति तर्जुमा हुने छ।<br>▪ स्तरिय होटलहरुको विकास हुने छ।<br>▪ पर्यटन सूचना केन्द्र स्थापना हुने छ। |
| प्रतिफल १ | पर्यटन क्षेत्रबाट रोजगारी सृजना | सङ्ख्या | - | ५० | ७५ | १०० | १२५ | १५० | | |
| प्र. २ | एकीकृत पर्यटन गुरुयोजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. ३ | स्थानीय स्तरका पर्यटकीय होटल तथा लज | सङ्ख्या | १५३ | १५६ | १५९ | १६२ | १६६ | १७० | | |
| प्र. ४ | व्यस्थित होमस्टे (स्थान) | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | | |
| प्र. ५ | प्रमुख गन्तव्य स्थल विकास | सङ्ख्या | - | ४ | ६ | ८ | १० | १२ | | |
| प्र. ६ | पर्यटन सूचना केन्द्र | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | | |
| प्र. ७ | कोसेली घर | सङ्ख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | | |
| प्र. ८ | पर्यटन गाईड तालिम | जना | - | १५ | २० | २५ | ३० | ३५ | | |
| प्र. ९ | मठ मन्दिर मर्मत, सम्भार र जिर्णोद्वार | सङ्ख्या | - | ३ | ४ | ५ | ६ | ७ | | |
| प्र. १० | पर्यटन पूर्वाधार (पार्क, पिकनिक स्पट र जलाधार पूर्वाधार विकास) | सङ्ख्या | - | ४ | ६ | ८ | १० | १२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ११ | पर्यटन क्षेत्रको डिपिआर | सङ्ख्या | - | ५ | ७ | ९ | १२ | १५ | | |
| प्र. १२ | पर्यटन प्रवर्द्धन, प्रचार प्रसार | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |

**१.४ बैंक, बित्तिय संस्था र सहकारी**

| नतिजा स्तर | नतिजा सूचक | इकाई | बर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | वाणिज्य तथा विकास बैंक | सङ्ख्या | २६ | २७ | २८ | २९ | ३० | ३१ | नगरपालिकाको प्रगति प्रतिवेदन बैंक तथा वित्तीय संस्थाको वार्षिक प्रतिवेदन | ▪ बैंक तथा वित्तीय संस्थाको सहयोग हुने छ।<br>▪ निजी क्षेत्रको सहयोग हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य हुने छ।<br>▪ नगरपालिकाको आर्थिक तथा वित्तीय नीति तर्जुमा हुने छ।<br>▪ सहकारीबाट उत्पादन क्षेत्रमा लगानी हुने छ।<br>▪ सहकारीका सञ्चालक तथा कर्मचारीहरुलाई तालिम प्रदान गरिएको हुने छ। |
| प्रभाव | बीमा, ईन्स्युरेन्स | सङ्ख्या | १७ | १७ | १८ | १८ | १९ | २० | | |
| प्रभाव | लघुवित्त संस्था | सङ्ख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| प्रभाव | सहकारी संस्था | सङ्ख्या | ५४ | ५६ | ५८ | ६० | ६२ | ६४ | | |
| प्रतिफल १ | बैंक तथा वित्तीय संस्थामा कम्तिमा एक जनाको खाता भएको परिवार | प्रतिशत | - | ५५ | ६० | ६५ | ७० | ७५ | | |
| प्र. २ | सहकारीको उत्पादन क्षेत्रमा लगानी | प्रतिशत | - | २० | २५ | ३० | ३५ | ४० | | |
| प्र. ३ | सहकारी तालिम | जना | - | १०० | ११० | १२० | १३० | १४० | | |
| प्र. ४ | रोजगारी | जना | ५६ | ६० | ६४ | ६८ | ७२ | ७६ | | |
| प्र. ५ | कोपमिसमा आवद्ध सहकारी | प्रतिशत | - | ८० | ८५ | ९० | ९५ | १०० | | |
| प्र. ६ | बचत तथा ऋण सहकारी | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| प्र. ७ | सहकारी अनुगमन तथा नियमन | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | | |

| २. सामाजिक क्षेत्र | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **२.१ शिक्षा** | | | | | | | | | | |
| **नतिजा स्तर** | **नतिजा सूचक** | **इकाई** | **वर्ष (२०७९/८** | **लक्ष्य** | | | | | **पुष्याईको आधार** | **अनुमान तथा जोखिम** |
| | | | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** | | |
| प्रभाव | साक्षरता | प्रतिशत | ८३.७ | ८४.५६ | ८५.४२ | ८६.२८ | ८७.१४ | ८८ | नगरपालिकाको प्रगति प्रतिवेदन<br>कोशी प्रदेशको आवधिक योजना<br>राष्ट्रिय जनगणना, २०७८<br>फिदिम नगरपालिकाको वार्षिक शैक्षिक प्रतिवेदन | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग हुने छ।<br>▪ अन्तर सरकार समन्वय हुने छ।<br>▪ साक्षरता वृद्धि हुने छ।<br>▪ शिक्षा गुरुयोजना निर्माण हुने छ।<br>▪ शैक्षिक पूर्वाधार निर्माण हुने छ।<br>▪ शिक्षक दरबन्दी पूर्ति हुने छ।<br>▪ शिक्षा पहुँचमा वृद्धि हुने छ।<br>▪ खुद भर्ना दरमा वृद्धि हुने छ।<br>▪ सिकाई दरमा वृद्धि हुने छ। |
| प्रतिफल १ | शिक्षा गुरुयोजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. २ | आधारभुत तहको खुद भर्ना दर (१-५) | प्रतिशत | ९५.६ | ९६.०८ | ९६.५६ | ९७.०४ | ९७.५२ | ९८ | | |
| प्र. ३ | आधारभुत तहको खुद भर्ना दर (६-८) | प्रतिशत | ९५.३ | ९५.६४ | ९५.९८ | ९६.३२ | ९६.६६ | ९७ | | |
| प्र. ४ | माध्यमिक तहको खुद भर्ना दर (९-१०) | प्रतिशत | ७४.१ | ७५.२८ | ७५.४६ | ७७.६४ | ७८.८२ | ८० | | |
| प्र. ५ | माध्यमिक तहको खुद भर्ना दर (११-१२) | प्रतिशत | ३४ | ३५.२ | ३६.४ | ३७.६ | ३८.८ | ४० | | |
| प्र. ६ | १०+२ सम्मको शैक्षिक उपलब्धि | प्रतिशत | १२.३९ | १३.३१ | १४.२३ | १५.१५ | १६.०८ | १७ | | |
| प्र. ७ | खुद प्रवेश दर | प्रतिशत | ९६.२ | ९६.५ | ९६.८ | ९७.१ | ९७.४ | ९७.७ | | |
| प्र. ८ | प्राविधिक शिक्षालय | सङ्ख्या | २ | २ | २ | २ | ३ | २ | | |
| प्र. ९ | सिकाई दरमा वृद्धि (आधारभूत १-५) | प्रतिशत | - | ७० | ७२ | ७४ | ७६ | ७८ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. १० | सिकाई दरमा वृद्धि (आधारभुत १-८) | प्रतिशत | - | ६४ | ६६ | ६८ | ७० | ७२ | | |
| प्र. ११ | शिक्षक तालिम | सङ्ख्या | -- | २५ | ३० | ३५ | ४० | ४५ | | |
| प्र. १२ | आधारभुत तहको उत्तीर्ण दर | प्रतिशत | | ७५ | ७९ | ८३ | ८७ | ९० | | |
| प्र. १३ | शिक्षकको पुदपूर्ति | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | | |
| प्र. १४ | नजिकको आधारभूत विद्यालयमा आधा घण्टाभित्र पहुँच भएका घरपरिवार | प्रतिशत | - | ९८.५ | ९८.७५ | ९९ | ९९.५ | १०० | | |
| प्र. १५ | नजिकको माध्यमिक विद्यालयमा एक घण्टाभित्र पहुँच भएका घरपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| **२.२ स्वास्थ्य तथा पोषण** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा स्तर** | **नतिजा सूचक** | **इकाई** | **वर्ष (२०८१/८** | **लक्ष्य** | | | | | **पुष्याईको आधार** | **अनुमान तथा जोखिम** |
| | | | | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** | | |
| प्रभाव | एक घण्टा भित्र स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका | ▪ सामुदायिक संघ संस्था र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | - | ७२ | ७३ | ७४ | ७५ | ७६ | को प्रगति प्रतिवेदन<br>HMIS Database<br>कोशी प्रदेशको आवधिक योजना,<br>राष्ट्रिय जनगणना, २०७८ | नागरिक समाजको सहयोग हुने छ।<br>▪ अन्तर सरकार समन्वय हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ।<br>▪ नगरपालिकाको स्वास्थ्य तथा पोषण सम्बन्धित नीति तर्जुमा हुने छ। |
| प्रतिफल१ | स्वास्थ्य गुरुयोजना निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. १ | मातृ मृत्युदर | जना | ० | ० | ० | ० | ० | ० | | |
| प्र. २ | नवजात शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | जना | २३ | २१ | १९ | १७ | १५ | १३ | | |
| प्र. ३ | पूर्ण खोपको दायरा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्र. ४ | आधारभुत अस्पताल | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ४ | | |
| प्र. ५ | स्वास्थ्य संस्थामा प्रसुती | प्रतिशत | १०२ | १०० | १०० | १०० | १०० | १०० | | |
| प्र. ६ | कम्तीमा एक पटक गर्भवती जाँच | प्रतिशत | ६६.४ | ६८.१२ | ६९.८४ | ७१.५६ | ७३.२८ | ७५ | | |
| प्र. ७ | प्रसुती सेवा र वर्थिङ सेन्टर | सख्या | ५ | ५ | ६ | ६ | ७ | ७ | | |
| प्र. ८ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा | प्रतिशत | २२.५ | २८ | ३३.५ | ३९ | ४४.५ | ५० | | |
| प्र. ९ | चौथो पटक गर्भ जाँच गराउने | प्रतिशत | ५३.२ | ५६.५६ | ५९.९२ | ६३.२८ | ६६.६४ | ७० | | |
| प्र. १० | परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | १०.७ | १२.२ | १३.७ | १५.२ | १६.७ | १८.२ | | |
| प्र. ११ | २० वर्ष मुनि गर्भपतन | प्रतिशत | ५० | ४५ | ४० | ३५ | ३० | २५ | | |
| प्र. १२ | भिटामिन "ए" प्राप्त गर्ने वालबालिका | प्रतिशत | ९८ | ९८.४ | ९८.८ | ९९.२ | ९९.६ | १०० | | |
| प्र. १३ | घुम्ती स्वास्थ्य शिविर | पटक | | १ | २ | ३ | ४ | ५ | | |
| प्र. १४ | बहिरंग सेवा प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | - | ८९.२५ | ९२.५ | ९५.७५ | ९८.५ | १०० | | |
| प्र. १५ | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | - | २४ | ३०.५ | ३७ | ४३.५ | ५० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. १६ | झाडा पखाला उपचार दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्र. १७ | बाल कुपोषण दर | प्रतिशत | ३.१ | २.८ | २.३ | २.० | १.७५ | १.५ | | |
| प्र. १८ | क्षयरोग उपचार सफल दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्र. १९ | स्वास्थ्य संस्थामा आधारभूत औषधीको उपलब्धता दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्र. २० | पोणण पुनर्स्थापना केन्द्र | सङ्ख्या | - | ३ | ३ | ४ | ४ | ५ | | |

**२.३ खानेपानी तथा सरसफाइ**

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुगेको घरपरिवार | प्रतिशत | ९८.६७ | ९८.९३ | ९९.२० | ९९.४७ | ९९.७३ | १०० | नगरपालिकाको प्रगति प्रतिवेदन<br>कोशी प्रदेशको आवधिक योजना<br>राष्ट्रिय जनगणना, २०७८ | ▪ उपभोक्ता समिति र नागरिक समाजको सहयोग हुने छ।<br>▪ अन्तर सरकार समन्वय र सहकार्य हुने छ।<br>▪ सङ्घीय र प्रदेश सरकारको सहयोग हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ। |
| प्रतिफल १ | खानेपानी तथा सरसफाइ गुरुयोजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्र. २ | पाईप मार्फत घर भित्रै खानेपानी पुगेको घरपरिवार | प्रतिशत | ६०.५ | ६७.४ | ७४.३ | ८१.२ | ८८.१ | ९५ | | |
| प्र. ३ | शौचालय भएको घरपरिवार | प्रतिशत | ९९.३४ | ९९.४७ | ९९.६० | ९९.७३ | ९९.८७ | १०० | | |
| प्र. ४ | फ्लस शौचालय भएको घरपरिवार | प्रतिशत | ७४.५४ | ७७.६३ | ८०.७२ | ६६ | ७५ | ९० | | |
| प्र. ५ | जनशक्ति तालिम (थप) | जना | - | २५ | ४० | ६५ | ८० | ९५ | | |
| प्र. ६ | खानेपानीको मुहान संरक्षण र सरसफाइ | प्रतिशत | - | ५० | ६० | ७० | ८० | ९० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ७ | मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | | ▪ एक घर एक धारा तथ शौचालयको व्यवस्था हुने छ।<br>▪ खानेपानीको मुहान संरक्षण हुने छ।<br>▪ नयाँ खानेपानी योजना निर्माण हुने छ।<br>▪ बजार क्षेत्रमा ढल सञ्जाल निर्माण हुने छ। |
| प्र. ८ | जनचेतना कार्यक्रम | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | | |
| प्र. ९ | खानेपानी योजना मर्मत कार्य | सङ्ख्या | - | ५ | ७ | ९ | ११ | १३ | | |
| प्र. १० | नयाँ खानेपानी योजना सम्भाव्यता अध्ययन, सर्भे तथा निर्माण | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | | |
| प्र. ११ | खानेपानी उपभोक्ता समिति क्षमता विकास तालिम | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | | |

**२.४ युवा तथा खेलकुद**

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| प्रभाव | युवा बेरोजगारी दर | प्रतिशत | ३.२ | २.८६ | २.५२ | २.१८ | १.८४ | १.५ | नगरपालिकाको प्रगति प्रतिवेदन<br>कोशी प्रदेशको आवधिक योजना<br>राष्ट्रिय जनगणना, | ▪ सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग हुने छ।<br>▪ अन्तर सरकार समन्वय हुने छ।<br>▪ दातृ संस्थाहरुको प्राविधिक र आर्थिक सहयोग निरन्तर हुने छ। |
| प्रतिफल १ | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | ६.५६ | ६.२४ | ५.९३ | ५.६२ | ५.३१ | ५ | | |
| प्र. २ | युवा क्लब, सञ्जाल | सङ्ख्या | - | ७ | ९ | ११ | १३ | १५ | | |
| प्र. ३ | वडा स्तरको खेलमैदान निर्माण | सङ्ख्या | - | ८ | १० | १० | १२ | १४ | | |
| प्र. ४ | कभर्ड हल निर्माण | सङ्ख्या | - | २ | २ | ३ | ३ | ४ | | |
| प्र. ५ | पालिका स्तरीय खेलमैदान | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | |
| प्र. ६ | माध्यमिक विद्यालयमा खेलकुद | प्रतिशत | | ४० | ५५ | ७० | ८५ | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक र सामाग्री | | | | | | | | २०७८ | ■ युवा बेरोजगारी दर घट्ने छ।<br>■ खेलमैदानहरुको पूर्वाधार निर्माण हुने छ।<br>■ युवा क्लब तथा सञ्जालमा वृद्धि हुने छ।<br>■ कभर्ड हल निर्माण हुने छ।<br>■ खेलकुद प्रतियोगिताको नियमित आयोजना हुने छ। |
| प्र. ७ | खेलकुद प्रतियोगिता आयोजना | सङ्ख्या | वार्षिक रुपमा | | | | | | | |
| प्र. ८ | खेलकुद प्रशिक्षण | सङ्ख्या | वार्षिक रुपमा | | | | | | | |
| प्र. ९ | क्लबहरुको क्षमता अभिवृद्धि | सङ्ख्या | - | ६ | ८ | १० | १२ | १४ | | |
| प्र. १० | शिक्षा, तालिम र रोजगारीबाट विमुख युवा | प्रतिशत | - | ३४ | ३२ | ३० | २८ | २६ | | |
| प्र. ११ | परम्परागत पेशाको संरक्षण एवम् आधुनिकीकरण | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | | |
| प्र. १२ | उद्यमशिलता विकास तालिम | सङ्ख्या | - | १० | २० | ३० | ४० | ५० | | |
| प्र. १३ | स्वरोजगार कोषमा युवा पहुँच | प्रतिशत | - | १२ | १४ | १६ | १८ | २० | | |

**२.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
